पूर्णाङ्क १९, वर्ष ९ अंक १

# महान्यायाधिवक्ताको कार्यालयको

# बुलेटिन

२०७७ साउन

**प्रकाशक**

## महान्यायाधिवक्ताको कार्यालय

सिंहदरबार, काठमाडौं

**संरक्षक**

मानननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल

**सल्लाहकारहरू**

नायब महान्यायाधिवक्ता श्री पद्मप्रसाद पाण्डेय

नायब महान्यायाधिवक्ता श्री नारायणप्रसाद पौडेल

नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला

नायब महान्यायाधिवक्ता डा. श्री टेकबहादुर घिमिरे

**समन्वय**

सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराई

**सम्पादन**

उपन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारी

**सहयोग**

नायब सुब्बा श्री चन्दनकुमार ठाकुर

# विषय – सूची


| क्र.स. | शीर्षक | पेज नं. |
|---|---|---|
| १. | रणनीतिक योजनाको मध्यावधि मूल्यांकन | ५ |
| २. | निर्णयहरु | |
| | १. कोभिड व्यवस्थापन सम्बन्धी निर्णयहरु | |
| | २. समन्वय समितिका निर्णयहरु | |
| | ३. व्यवस्थापन समितिका निर्णयहरु | |
| ३. | माननीय महान्यायाधिवक्ताज्यूको मन्तव्य र अन्तरवार्ता | |
| | १. न्यायाधीशहरुको राष्ट्रिय सम्मेलन, २०७५ को मन्तव्य | |
| | २. राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा कारागार सुधार तथा कैदीबन्दी व्यवस्थापन सम्बन्धी विषयको छलफलमा प्रस्तुत धारणा | |
| | ३. न्यायपालिकाको चौंथो रणनीतिक योजनाको सुभारम्भ समारोहको मन्तव्य | |
| | ४. न्याय परिषद्को २९ औं स्थापना दिवसको मन्तव्य | |
| | ५. कानून र विकास विषयक राष्ट्रिय सम्मेलनको उद्घाटन समारोहको मन्तव्य | |
| | ^= कानून व्यवसायी महिला राष्ट्रिय सम्मेलनको उद्घाटन समारोहको मन्तव्य | |
| | ७. बाल न्याय सम्बन्धी एक दिवसीय कार्यशालाको मन्तव्य | |
| | ८. अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको दोस्रो प्रादेशिक सम्मेलनको उद्घाटन समारोहको मन्तव्य | |
| | ९. छाउपडी सम्बन्धी वक्तव्य | |
| | **10. China Forum on International Legal Cooperation 2019** को मन्तव्य | |
| | ११. कानून द्वैमासिकमा अन्तर्वार्ता | |
| ४. | १. सरकारी वकीलको विशिष्टीकरण | |
| | २. विशिष्टीकृत सरकारी वकीलहरूको नामावली | |
| | ३. विशिष्टीकरण सम्बन्धी विषय र विशिष्टीकृत तालिममा सहभागी सरकारी वकीलहरुको विवरण | |
| ५. | प्रशिक्षण, विदेश भ्रमण, कार्यशाला, समुदायमा सरकारी वकील | |
| | १. प्रशिक्षण | |
| | २. कार्यशाला | |
| | ३. समुदायमा सरकारी वकील | |
| ६. | परिपत्र र निर्देशन | |
| ७. | विविध | |
| | १. संस्थागत सुधारका कार्यहरु र आगामी एक वर्षमा गरिने कार्यक्रमको रुपरेखा | |
| | २. सरकारी वकीलको छलफल श्रृंखला | |

३. महान्यायाधिवक्ताको कार्यालयबाट भएका प्रकाशनहरु

४. इन्टर्नको व्यवस्था

८. अनुसूचीहरु

२. महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयको दरबन्दी तालिका

# != dxfGofoflwjQmfsf] sfof{nosf] bf];|f] k~rjifL{o /0fgLlts of]hgfsf] dWofjlw d"Nof+sg

## != kl/ro

महान्यायाधिवक्ताको कार्यालयको कार्यसम्पादनलाई प्रभावकारी र नतिजामुखी बनाउन आर्थिक वर्ष २०६८/०६९ देखि योजनाबद्ध रूपमा संस्थागत सुधारका प्रयासहरूको थालनी भएको हो । प्रथम पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनको अनुभवसहित महान्यायाधिवक्ताको कार्यालयले संस्थागत सुदृढीकरण र व्यावसायिकता विकासमा केन्द्रित भई दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७३।०७४-२०७७।०७८) तर्जुमा गरी कार्यान्वयनको चरणमा रहेको छ । महान्यायाधिवक्ताको कार्यालयले सम्पादन गर्ने कार्यहरू प्रभावकारी र परिणाममुखी बनाई संविधान तथा कानूनद्वारा सुम्पिएका जिम्मेवारी राज्य, समाज र नागरिकको अपेक्षा अनुसार प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरूको विद्यमान वस्तुस्थितिको विश्लेषण गरी सवल र कमजोर (Strength and Weakness) पक्षहरू तथा अवसर र चुनौतीहरू (Opportunity and Threat) को पहिचान गरी संस्थागत सुदृढीकरणका लागि दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको तर्जुमा गरिएको हो । महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरूले जनताका अपेक्षा र संवैधानिक तथा कानूनी जिम्मेवारी अनुरूपको कार्य निश्चित समय सीमाभित्र सम्पादन गर्न सकियोस् भनी रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको हो ।

दोस्रो पञ्चवर्षीय रणनीतिक योजना दुई वर्ष पूरा भई तेस्रो वर्ष कार्यान्वयनको क्रममा रहेको अवस्थामा योजना कार्यान्वयनको मध्यावधि मूल्यांकन गरी सुधारका क्षेत्रहरुको पहिचान गर्ने उद्देश्यले यो मूल्यांकन प्रारम्भ गरिएको हो । मूल्यांकनको क्रममा तेस्रो वर्षको समेत कार्यान्वयन सम्पन्न भएको छ । यो तीन वर्षमा योजनाको कार्यान्वयनबाट हासिल भएका उपलब्धि र योजनाले प्रक्षेपण गरेका तर कार्यान्वयन हुन बाँकी रहेका कार्यक्रमहरुको मूल्यांकन गर्ने र बाँकी दुई वर्षमा गर्न सकिने रणनीति र क्रियाकलापहरु पहिचान गर्ने उद्देश्यले यो मध्यावधि मूल्यांकन गरिएको हो ।

मूल्यांकन गर्दा योजनाले प्रक्षेपण गरेका क्रियाकलापहरु मध्ये कार्य सम्पन्न भएकालाई ५ अंक (१०० प्रतिशत), कार्य अन्तिम चरणमा पुगेकोलाई ४ अंक (८० प्रतिशत), आंशिक कार्य प्रगति भएकोलाई ३ अंक (६० प्रतिशत), कार्य प्रारम्भ भएकोलाई २ अंक (४० प्रतिशत) र कार्य प्रारम्भ नै नभएको वा तयारीको क्रममा रहेकोलाई १ अंक (२० प्रतिशत) कायम गरी कार्य सम्पादनको अवस्थाको मूल्यांकन गरिएको छ । न्यायपालिकाको रणनीतिक योजनाको मूल्यांकनका लागि विगतदेखि नै अवलम्वन गरिएको यो विधिलाई महान्यायाधिवक्ताको कार्यालयको रणनीतिक योजनाको मूल्यांकनका लागि समेत अवलम्बन गरिएको हो ।

## @= of]hgfsf nIo / /0fgLltx?

**महान्यायाधिवक्ताको कार्यालयको** दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७३।०७४-२०७७।०७८) ले राखेका परिदृष्य, परिलक्ष्य, मूल्यहरु तथा लक्ष्य र रणनीतिहरु यसप्रकार रहेका छन् :

### योजनाको परिदृश्य

व्यावसायिक, प्रभावकारी र जनविश्वास प्राप्त संस्थाको रुपमा स्थापित भई कानूनको शासनको प्रबर्द्धन गर्नु महान्यायाधिवक्ताको कार्यालयको परिदृश्य हुनेछ ।

### योजनाको परिलक्ष्य

फौजदारी मुद्दाको अनुसन्धानमा नेतृत्वदायी भूमिका, स्वच्छ र प्रभावकारी अभियोजन तथा सुदृढ प्रतिरक्षा प्रणाली एवम् व्यावसायिक कानूनी राय प्रदान गर्ने संस्थाको रुपमा विकास गर्नु महान्यायाधिवक्ताको कार्यालयको परिलक्ष्य हुनेछ ।

### मूल्यहरु

स्वच्छ सुनुवाइ, कानूनको शासन, कानून र न्यायका मान्य सिद्धान्तको अवलम्वन, मानव अधिकार र वैयक्तिक स्वतन्त्रताको सम्मान संरक्षण र प्रबर्द्धन, सार्वजनिक हितको संरक्षण, पीडित मैत्री र न्यायमा पहुँच, व्यावसायिक स्वायत्तता र उन्मुक्ति, उत्तरदायित्व र जवाफदेहिता, निरन्तर सुधार र सिकाइ, नैतिकता र सदाचार, लैंगिक मैत्री र विविधताको सम्बोधन, समावेशिता ।

### योजनाका लक्ष्य र रणनीतिहरू

प्रस्तुत योजनामा चार वटा लक्ष्य निर्धारण गरिएको छ । उक्त लक्ष्य प्राप्त गर्नका लागि २९ वटा रणनीतिहरू र सोको कार्यान्वयनका लागि विभिन्न २१८ वटा क्रियाकलापहरू निर्धारण गरिएको छ :

**लक्ष्य १: सरकार वादी मुद्दाको अभियोजनलाई वस्तुगत र प्रभावकारी बनाउने,**

**लक्ष्य प्राप्तिका रणनीतिहरू**

- स्वच्छ सुनुवाइका आधारभूत मान्यता अनुरूप सरकारी वकीलको भूमिका प्रभावकारी बनाउने,
- शंकित (suspect) का आधारभूत अधिकारहरूको संरक्षण गर्ने,
- सरकार वादी मुद्दाको अनुसन्धानलाई वस्तुगत र प्रभावकारी बनाउन सरकारी वकीलको नेतृत्वदायी भूमिका स्थापित गर्ने,
- वस्तुगत प्रमाणका आधारमा अभियोजन गर्ने,
- न्यायमा पहुँच अभिवृद्धि गर्न पीडित र साक्षीको संरक्षण गर्ने,
- अभियोजन कार्यको प्रभावकारी अनुगमन गर्ने ।

**लक्ष्य २: सरकार वादी मुद्दा र रिटको प्रतिरक्षामा प्रभावकारी प्रतिनिधित्व गर्ने,**

**लक्ष्य प्राप्तिका रणनीतिहरू**

- मुद्दासँग सम्बन्धित साक्षी, प्रमाणको प्रस्तुती र परीक्षण प्रभावकारी रूपमा गर्ने,
- मुद्दाको मिसिल अद्यावधिक गर्ने,
- पुनरावेदन तथा निवेदन गर्ने नगर्ने सम्बन्धी प्रस्तावको सञ्चार एवं निर्णय प्रक्रिया स्वचालित बनाउने,
- सरकार वादी र सरकारको हक, हित र सरोकार रहेका मुद्दा र रिटमा प्रतिनिधित्व प्रभावकारी रूपमा गर्ने,

**लक्ष्य ३: सरकारी वकीलको पेशालाई व्यावसायिक बनाउने,**

**लक्ष्य प्राप्तिका रणनीतिहरू**

- सरकारी वकील तथा अन्य कर्मचारीको नियुक्ति, सेवा, शर्त सम्बन्धी कानूनको तर्जुमा गरी लागू गराउन पहल गर्ने,
- सरकारी वकीलहरूको स्वतन्त्रता र उन्मुक्तिको संरक्षण र सम्बर्द्धन गर्ने,
- सरकारी वकीलहरूलाई विषयगत विशिष्टीकरण गर्ने,
- कार्यबोझका आधारमा जनशक्ति व्यवस्थापन गर्ने,
- सरकारी वकील कार्यालयहरूमा कार्यरत कर्मचारीको क्षमता विकास गर्ने,
- कानूनी राय प्रदान गर्न संस्थागत क्षमता विकास गर्ने,
- क्षमता विकासका लागि निरन्तर सिकाइ विधि अवलम्बन गर्ने ।

**लक्ष्य ४: महान्यायाधिवक्ताको कार्यालय तथा मातहत सरकारी वकील कार्यालयहरूको संस्थागत सुदृढीकरण गर्ने ।**

**लक्ष्य प्राप्तिका रणनीतिहरू**

- महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरूको संगठनात्मक संरचना पुनरावलोकन गर्ने
- महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरूको भौतिक पूर्वाधार विकास गर्ने,
- सरकारी वकील कार्यालयहरूको कार्यसम्पादनलाई सूचना तथा सञ्चार प्रविधि पद्धतिमा आबद्ध गर्ने,
- सरोकारवालाहरूसँगको समन्वयलाई प्रभावकारी बनाउर्ने,
- महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरूबाट हुने सेवा प्रवाहलाई गुणस्तरीय बनाउने,
- महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयमा पुस्तकालय स्थापना र व्यवस्थापन गर्ने,
- मानव संशाधनको व्यवस्थापन र विकास गर्ने
- अभियोजन प्रशिक्षण केन्द्रको संस्थागत विकास गर्ने,
- अपराधशास्त्रीय अनुसन्धान केन्द्र स्थापना गरी संस्थागत गर्ने,

- अनुसन्धान तथा प्रकाशन महाशाखाको स्थापना र सुदृढीकरण गर्ने,
- सरकारी वकील कार्यालयको सुरक्षा व्यवस्था गर्ने
- योजना कार्यान्वयन संयन्त्र निर्माण र कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढ बनाउने ।

## #= of]hgf sfof{Gjogsf] cj:yf

प्रस्तुत योजनामा चार वटा लक्ष्य निर्धारण गरिएको छ । उक्त लक्ष्य प्राप्त गर्नका लागि २९ वटा रणनीतिहरू र सोको कार्यान्वयनका लागि विभिन्न २१८ वटा क्रियाकलापहरू निर्धारण गरिएको छ । योजना कार्यान्वयनको हालसम्मको अवस्था हेर्दा अपेक्षित प्रगति हुन नसकेको भए पनि उपलब्धि सन्तोषजनक नै रहेको देखिन्छ । चार वटा लक्ष्यहरुले निर्धारण गरेका रणनीतिहरुले प्रक्षेपण गरेका क्रियाकलापहरुबाट हासिल भएका प्रमुख कार्यहरु यसप्रकार रहेका छन् :

**लक्ष्य १ सँग सम्बन्धित**

- स्वच्छ सुनुवाइ सम्बन्धी स्रोत सामग्री प्रकाशन भएको छ ।
- स्वच्छ सुनुवाइ सम्बन्धी साइनपोष्टहरु तयार गरी सो मान्यताप्रति संस्थागत प्रतिबद्धता प्रकट भएको छ ।
- सरकारी वकीलको प्रशिक्षणमा स्वच्छ सुनुवाइ सम्बन्धी विषयलाई प्राथमिकतापूर्वक समावेश गरिएको छ ।
- सरकारी वकीलको सम्मेलन तथा अनुसन्धानकर्ता तथा अभियोजनकर्ताहरुको सम्मेलनमा स्वच्छ सुनुवाइको मान्यतालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने प्रतिबद्धता प्रकट गरिएको छ ।
- अर्धन्यायिक निकायको कार्य सम्पादन सम्बन्धी कानून बनाउन मस्यौदा सहितको सुझाव प्रस्तुत गरिएको छ ।
- शंकितका अधिकारको प्रत्याभूतिका लागि साइनपोष्ट प्रकाशन, कानून व्यावसायीसँगको भेटघाटको व्यवस्था, हिरासत कक्ष र कारागारको नियमित अनुगमन गर्ने समेतका कार्य भएकाछन् ।
- सरकारी वकीलको काम कारवाहीलाई उत्तरदायी बनाउन उजुरी तथा गुनासो व्यवस्थापन निर्देशिका जारी गरी कार्यान्वयनमा ल्याइएको छ ।
- स्थानीयस्तरमा समन्वय समितिको व्यवस्था गरी अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउने प्रयास गरिएको छ ।
- अभियोजन परीक्षण तथा कार्यालय अनुगमन सम्बन्धी निर्देशिका जारी गरी कार्य सम्पादनको अवस्थाको अनुगमनलाई व्यवस्थित बनाउने प्रयास गरिएको छ ।
- उपत्यकाका सरकारी वकील कार्यालयहरू र नमुना सरकारी वकील कार्यालयहरुमा सिसिटिभि जडान गरी महान्यायाधिवक्ताको कार्यालयबाट अनुगमन गर्ने कार्यको सुरुवात गरिएको छ ।
- अभियोजन नीति र अभियोजन मापदण्ड जारी गरी कार्यान्वयनमा ल्याइएको छ ।
- पीडित तथा साक्षी सहायता निर्देशिका जारी गरी पीडितलाई न्यायिक प्रक्रियामा सहयोग गर्ने आधार निर्माण गरिएको छ ।
- पीडितको अधिकारका बारेमा साइनपोष्ट प्रकाशित गरिएको छ । हेलो साक्षी कार्यक्रम सञ्चालन गरिएको छ । पीडित मैत्री व्यवहारसम्बन्धी प्रशिक्षण प्रदान गरिएको छ । विभिन्न १० जिल्लामा पीडित मैत्री कक्ष थप गरी करिब ६० जिल्लामा सो कक्ष स्थापना भएको छ । यसै वर्ष १० जिल्लाका पीडित मैत्री कक्षको स्तरउन्नति गरिएको छ ।
- विशेष प्रकृतिका मुद्दामा पक्षको गोपनीयता कायम राख्ने विषयमा सरकारी वकीलहरुलाई प्रशिक्षण प्रदान गरिएको छ ।

**लक्ष्य २ सँग सम्बन्धित**

- सरकारी वकीलहरुलाई साक्षी परीक्षणका बारेमा प्रशिक्षण प्रदान गरिएको छ ।
- हेलो साक्षी कार्यक्रम सञ्चालन गरी न्यायिक प्रक्रियामा अपराध पीडित तथा सरकारी पक्षका साक्षीको उपस्थितिका लागि सहजीकरण गरिएको छ ।
- सरकारी वकीलहरुलाई विधिविज्ञान सम्बन्धी प्रशिक्षण प्रदान गरिएको छ ।
- फौजदारी कसूरको अनुसन्धन अभियोजन र न्यायिक प्रक्रियमा सहयोग प्राप्त गर्न विधिविज्ञानसँग सम्बन्धित विज्ञहरुसँग समेत समन्वय कायम गर्ने प्रयास गरिएको छ ।

- सरकारी पक्षको प्रतिरक्षालाई प्रभावकारी बनाउन समन्वयका कार्यक्रमहरु सञ्चालन गरिएको छ । सबै तहमा समन्वय कायम गर्न संरचना निर्माण गर्नुका साथै सम्बद्ध निकायसँग समेत आग्रह गरिएको छ ।
- कार्यालयको अभिलेख व्यवस्थित गर्नका लागि दायरी कितावको नमुना उपलब्ध गराइएको छ ।
- मिसिलको विवरण अध्यावधिक गर्न मुद्दा व्यवस्थापन प्रणाली लागू गरी विद्युतीय अभिलेख व्यवस्थित गर्न थालनी गरिएको छ ।
- सरकारी वकीलहरुलाई बहस सीपसम्बन्धी प्रशिक्षण प्रदान गर्न थालिएको छ ।
- सरकारी वकीलको कार्य सम्पादनसँग सम्बन्धित नजिरहरु प्रकाशन गरिएको छ । सो नजिरलाई अध्यावधिक गर्ने कार्य भइरहेको छ ।
- लिखित जवाफ तयारी तथा प्रतिरक्षाका लागि विभिन्न तहमा समन्वय बैठक आयोजना गरिएको छ । केन्द्रीय तहमा केन्द्रीय तहका निकायहरुका फोकल पर्सनको विवरण तयार पारिएको छ ।

**लक्ष्य ३ सँग सम्बन्धित**

- सरकारी वकीलको सेवा शर्तसम्बन्धी कानूनको मस्यौदा तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको छ ।
- सरकारी वकीलको आचार संहिता, २०७५ जारी भई कार्यान्वयनमा ल्याइएको छ ।
- सरकारी वकीलको व्यासायिकतासम्बन्धी स्रोत सामग्री तयार गरिएको छ ।
- सरकारी वकीलको व्यावसायिकता र उन्मुक्ति सम्बन्धी विषय सरकारी वकीलको प्रशिक्षणमा समावेश गरिएको छ ।
- सरकारी वकीलको विशिष्टीकरणमा लागि मापदण्ड जारी गरी विभिन्न ७ वटा विषयमा पाठ्यत्रम स्वीकृत गरिएको छ । थप दुई विषयमा पाठ्यक्रम तयारीको क्रममा रहेको छ । संवैधानिक कानून, कर तथा राजस्व कानून, वैकिङ तथा वाणिज्य कानून र संगठित अपराध सम्बन्धी प्रशिक्षण सञ्चालन गरिएको छ ।
- कार्यबोझका आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी व्यवस्थापन गरिएको छ । संहिताले थप गरेको कार्यबोझका आधार नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण भइरहेको छ ।
- सरकारी वकील तथा कर्मचारीहरुलाई प्रशिक्षण प्रदान गर्ने कार्यलाई नियमित कार्यक्रमको रुपमा सञ्चालन गरिएको छ । खासगरी संहिता कार्यान्वयन र सूचना प्रविधि सम्बन्धी प्रशिक्षण प्राथमिकतापूर्वक प्रदान गरिएको छ ।
- कानूनी राय दिर्ग्दशन प्रकाशित भएको छ । कानूनी रायको विषय सरकारी वकीलको प्रशिक्षणमा समावेश गरिएको छ ।
- सरकारी वकीलको क्षमता विकासका लागि न्याय कानूनका विषयमा छलफल श्रृंखला प्रारम्भ गरिएको छ ।
- सरकारी वकीलको कार्यसम्पादनसँग सम्बन्धित विषयमा अन्य देशको अभ्यासको बारेमा जानकारी लिनका लागि वैदेशिक प्रशिक्षण तथा अध्ययन तथा अवलोकन कार्यक्रम विस्तार गर्ने प्रयास गरिएको छ ।

**लक्ष्य ४ सँग सम्बन्धित**

- सरकारी वकील कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी पुनरावलोकन गरिएको छ । संहिताले थप गरेको कार्यबोझका आधारमा नयाँ सर्वेक्षण भइरहेको छ ।
- महान्यायाधिवक्ताको कार्यालयको कार्य सञ्चालन निर्देशिका जारी भएको छ । सो निर्देशिका पुनरावलोकनको क्रममा रहेकोछ ।
- महान्यायाधिवक्ताको कार्याालयको भौतिक प्रोफायल तयार गरिएको छ । सो प्रोफायललाई अध्यावधिक गर्ने कार्य भइरहेको छ ।
- महान्यायाधिवक्ताको कार्यालयका लागि नयाँ भवन निर्माणको गुरुयोजना तयार गरी भवन निर्माण कार्य भइरहेको छ ।
- सरकारी वकील कार्यालयको भवन निर्माणका लागि मापदण्ड तयार गरी भवन निर्माणको कार्यलाई तिव्रतापूर्वक सञ्चालन गरिएको छ ।
- जिल्ला सरकारी वकील कार्यालय, काठमाडौं र विशेष सरकारी वकील कार्यालयको कार्यालय भवन निर्माणका लागि जग्गा प्राप्त भई भवन निर्माणको कार्य प्रारम्भ भएको छ ।
- विद्युत नियमित नभएका सरकारी वकील कार्यालयहरुमा वैकल्पिक उर्जाको प्रबन्ध गरिएको छ ।

- नयाँ बन्ने सरकारी वकील कार्यालय भवनहरुमा सरकारी वकीलको आवासको प्रबन्ध गरिएको छ ।
- यातायातको साधन पुगेका सरकारी वकील कार्यालयहरुमा सवारी साधन पुऱ्याउने कार्यक्रम अन्तिम चरणमा रहेको छ ।
- सबै सरकारी वकील कार्यालयमा आधारभूत विद्युतीय उपकरणको प्रबन्ध गरिएको छ ।
- सरकारी वकील कार्यालयका काम कारवाहीलाई सूचना प्रविधि पद्धतिमा आबद्ध गर्ने प्रयास गरिएको छ । विभिन्न विषयमा सफ्टवेयरहरु निर्माण गरी डाटा प्रविष्टिको कार्य भैरहेको छ । इ-एटर्नी कार्यक्रमको कार्यान्वयन भइरहेको छ । सरकारी वकील कार्यालयहरुलाई इन्ट्रानेटमा आबद्ध गर्ने कार्यक्रम रहेको छ ।
- कार्य सम्पादनमा सहजताका लाठिग सबै सरकारी वकीलहरुलाई ल्यापटप र इन्टरनेटको सुविधा उपलव्ध गराउने प्रयास गरिएको छ ।
- महान्यायाधिवक्ताको कार्यालयको बेवसाइटमा सरकारी वकीलको कार्य सम्पादनसँग सम्बन्धित सामग्रीहरु प्रकाशन गरिएको छ । सबै सरकारी वकील कार्यालयहरुले आफ्नो बेवसाइट सञ्चालनमा ल्याउने कार्यक्रम धेरैहदसम्म कार्यान्वयनमा आएको छ ।
- सबै तहका समन्वय समितिलाई क्रियाशील बनाउने प्रयास गरिएको छ । अनुसन्धानकर्ता र अभिमयोजनकर्ताको राष्ट्रिय सम्मेलन तथा प्रादेशिक सम्मेलन आयोजना गरी अपराध अनुसन्धान र अभियोजनको कार्यलाई समन्वयपूर्ण रुपमा सञ्चालन गर्ने वातावरण निर्माण गरिएको छ ।
- समुदायमा सरकारी वकील कार्यक्रम सबै कार्यालयहरुबाट सञ्चालन गरिएको छ ।
- मुख्य न्यायाधिवक्ताहरुसँगको कार्यशाला आयोजना गरी समन्वयको आधार तयार गरिएको छ ।
- विधिविज्ञान विज्ञ र सरकारी वकीलको राष्ट्रिय कार्यशाला आयोजना गरिएको छ ।
- पूर्व महान्यायाधिवक्ता तथा पूर्व नायब महान्यायाधिवक्ताहरुसँग सुझाव लिई संस्थागत सुधारका प्रयासहरु अगाडि बढाइएको छ ।
- उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीहरुलाई पुरस्कृत गर्ने परिपाटी संस्थागत गरिएको छ । पुरस्कार वितरणको मापदण्ड तयार गरिएको छ । एटर्नी अफ दि इयरको घोषणा प्रारम्भ गरिएको छ ।

**योजनाले प्रक्षेपण गरेको बजेट**

योजनाले आगामी पाँच वर्षका लागि योजना कार्यान्वयन गर्न ३ अर्व ८१ करोड ९० लाख ४५ हजार बजेट प्रक्षेपण गरेको **थियो ।**

**पहिलो वर्ष २०७३।०७४ का लागि योजनाले प्रक्षेपण गरेको रकम रु ८४,९२,७४,०००।- मध्ये करिव ५४ प्रतिशत रकम मात्र प्राप्त हुन सक्यो ।** सवारी साधन खरिदका लागि भएको निकाशाका अधारमा यो प्रतिशत देखिएको हो ।

**दोस्रो वर्ष २०७५४।०७५ का लागि प्रक्षेपित वार्षिक बजेट ८६ करोड ३४ लाख ९९ हजार मध्ये ३०.९४ प्रतिशत बजेट प्राप्त भयो ।**

**आर्थिक वर्ष २०७५।०७६ का लागि प्रक्षेपित वार्षिक बजेट ९२ करोड ५० लाख २४ हजार मध्ये ३१ करोड ८२ लाख ( ३४.३९) प्रतिशत) बजेट प्राप्त भएको थियो ।** त्यसका अतिरिक्त केही कार्यक्रमका लागि युएनडीपी, युनिसेफ लगायतका सहयोगी निकायहरूको सहयोगबाट योजनाले प्रक्षेपण गरेका केही कार्यक्रमहरु सम्पन्न भएका छन् । कतिपय कार्यक्रमहरू महान्यायाधिवक्ताको कार्यालयका जनशक्तिबाट विना बजेट पनि सम्पन्न गर्न सकिएको छ । चालु महान्यायाधिवक्ताको कार्यालयको निर्धारित बजेट सिलिङभित्र रही कार्यक्रम तयार गर्नु पर्ने भएकोले अपेक्षित रकम प्राप्त हुन नसकेको हो भने प्राप्त बजेट समयमा खर्च नसक्दा पनि बजेट बृद्धि हुन नसकेको अवस्था हो ।

**समग्रमा योजना कार्यान्वयनको अवस्था**

**लक्ष्य १: सरकार वादी मुद्दाको अभियोजनलाई वस्तुगत र प्रभावकारी बनाउने,**

| रणनीति नं. | कार्यान्वयन भएको | कार्य अन्तिम चरणमा पुगेको | आंशिक कार्य प्रगति भएको | कार्य प्रारम्भ भएको | कार्यान्वयन नभएको | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | ४ | १ | ० | १ | ० | ६ |
| २. | ५ | ० | १ | ० | १ | ७ |
| ३. | ३ | १ | ४ | १ | १ | १० |
| ४. | ४ | ० | ३ | १ | ० | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. | ७ | ० | १ | २ | २ | १२ |
| ६. | २ | ० | १ | १ | ० | ४ |
| जम्मा | २५ | २ | १० | ६ | ४ | ४७ |
| प्राप्त अंक | १२५ | ८ | ३० | १२ | ४ | १७९ |
| प्रतिशत | | | | | | ७६.१७ |

**लक्ष्य २: सरकार वादी मुद्दा र रिटको प्रतिरक्षामा प्रभावकारी प्रतिनिधित्व गर्ने,**

| रणनीति नं. | कार्यान्वयन भएको | कार्य अन्तिम चरणमा पुगेको | आंशिक कार्य प्रगति भएको | कार्य प्रारम्भ भएको | कार्यान्वयन नभएको | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | २ | ० | २ | ० | १ | ५ |
| २. | २ | ० | २ | १ | १ | ६ |
| ३. | ० | ० | ० | १ | ४ | ५ |
| ४. | ७ | ० | ३ | ० | ० | १० |
| जम्मा | ११ | ० | ७ | २ | ६ | २६ |
| प्राप्त अंक | ५५ | | २१ | ४ | ६ | ८६ |
| प्रतिशत | | | | | | ६६.१५ |

**लक्ष्य ३: सरकारी वकीलको पेशालाई व्यावसायिक बनाउने,**

| रणनीति नं. | कार्यान्वयन भएको | कार्य अन्तिम चरणमा पुगेको | आंशिक कार्य प्रगति भएको | कार्य प्रारम्भ भएको | कार्यान्वयन नभएको | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | १ | १ | ० | ० | १ | ३ |
| २. | ४ | ० | ० | ० | ० | ४ |
| ३. | ४ | ० | १ | ० | २ | ७ |
| ४. | २ | ० | ० | ० | २ | ४ |
| ५. | ४ | १ | ० | ० | ४ | ९ |
| ६. | ३ | १ | १ | ० | ० | ५ |
| ७. | १ | ० | २ | ० | १ | ४ |
| जम्मा | १९ | ३ | ४ | ० | १० | ३६ |
| प्राप्त अंक | ९५ | १२ | १२ | | १० | १२९ |
| प्रतिशत | | | | | | ७१.६६ |

**लक्ष्य ४: महान्यायाधिवक्ताको कार्यालय तथा मातहत सरकारी वकील कार्यालयहरूको संस्थागत सुदृढीकरण गर्ने ।**

| रणनीति नं. | कार्यान्वयन भएको | कार्य अन्तिम चरणमा पुगेको | आंशिक कार्य प्रगति भएको | कार्य प्रारम्भ भएको | कार्यान्वयन नभएको | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | २ | ० | ० | १ | ० | ३ |
| २. | ७ | १ | ४ | ० | १ | १३ |
| ३. | १ | २ | ३ | ० | २ | ८ |

| रणनीति नं. | कार्यान्वयन भएको | कार्य अन्तिम चरणमा पुगेको | आंशिक कार्य प्रगति भएको | कार्य प्रारम्भ भएको | कार्यान्वयन नभएको | जम्मा |
|---|---|---|---|---|---|---|
| ४. | १३ | ० | २ | ० | ० | १५ |
| ५. | ६ | ० | ३ | २ | ० | ११ |
| ६. | ४ | ० | १ | २ | १ | ८ |
| ७. | ४ | १ | ० | ० | ५ | १० |
| ८. | २ | ० | १ | ० | ८ | ११ |
| ९. | १ | ० | १ | २ | १ | ५ |
| १०. | ६ | ० | २ | ० | १ | ९ |
| ११. | ० | ० | ० | ० | २ | २ |
| १२. | ८ | ० | ० | ३ | ३ | १४ |
| जम्मा | ५४ | ४ | १७ | १० | २४ | १०९ |
| प्राप्त अंक | २७० | १६ | ५१ | २० | २४ | ३८१ |
| प्रतिशत | | | | | | ६९.९० |

**समग्रमा योजना कार्यान्वयनको अवस्था**

| लक्ष्य नं. | कार्यान्वयन भएको | कार्य अन्तिम चरणमा पुगेको | आंशिक कार्य प्रगति भएको | कार्य प्रारम्भ भएको | कार्यान्वयन नभएको | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | २५ | २ | १० | ६ | ४ | ४७ |
| २. | ११ | ० | ७ | २ | ६ | २६ |
| ३. | १९ | ३ | ४ | ० | १० | ३६ |
| ४. | ५४ | ४ | १७ | १० | २४ | १०९ |
| जम्मा | १०९ | ९ | ३८ | १८ | ४४ | २१८ |
| प्राप्त अंक | ५४५ | ३६ | ११४ | ३६ | ४४ | ७७५ |
| समग्र | | | | | | ७१.१० |

<u>द्रष्टव्य</u>

**अंक भार निर्धारण**

| रणनीति नं. | कार्यान्वयन भएको | कार्य अन्तिम चरणमा पुगेको | आंशिक कार्य प्रगति भएको | कार्य प्रारम्भ भएको | कार्यान्वयन नभएको |
|---|---|---|---|---|---|
| अंक भार | ५ | ४ | ३ | २ | १ |

## $= of]hgfsf] sfof{Gjogaf6 xfl;n ePsf pknlAwx?sf] ;dLIff

महान्यायाधिवक्ताको कार्यालयको पहिलो पञ्चवर्षीय योजनाको कार्यान्वयनको प्रभावकारिता उल्लेख्य नदेखिए पनि यो संस्थागत सुधारका लागि गरिएको निक्कै नै रचनात्मक कार्य थियो । सोही योजना कार्यान्वयनको पृष्ठभूमिलाई दृष्टिगत गरी यो दोस्रो योजना कार्यान्वयनमा आएको हो । योजना कार्यान्वयनबाट सरकारी वकीलको व्यावसायिकता विकास र कार्यालयको संस्थागत सुधारका लागि प्रशस्त कार्यहरु भएकाछन् । ती मध्ये प्रमुख कार्यहरुलाई यसप्रकार उल्लेख गर्न सकिन्छ :

## सरकार वादी मुद्दाको सफलतामा वृद्धि

सरकार वादी भएका मुद्दामा भएको कसुर कायम र सरकार उपर परेका रिट निवेदन खारेज भएको आधारमा सफलता प्रतिशत हेर्दा आर्थिक वर्ष २०७२/०७३ मा सफलता प्रतिशत ७०.०९ रहेको थियो । आर्थिक वर्ष २०७३/०७४ मा सफलता प्रतिशत ६८.००रहेको थियो । २०७४/०७५ मा सफलता प्रतिशत ७२.२८ रहेको छ । पछिल्लो आर्थिक वर्षको सफलता प्रतिशत हालसम्मको उच्च हो ।

## नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा प्रतिरक्षा गरेको विवरण

| | बहस पैरवी/प्रतिरक्षा | लगत | फछ्र्यौट | | | | बाँकी | कसूर ठहर प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | कसूर ठहर | सफाइ | मुल्तवी, अन्य | जम्मा | | |
| ०७३/०७४ | महान्यायाधिवक्ताको कार्यालय | ५६६० | १६३१ | ७२३ | १७ | २३७१ | ३२८९ | ६८.७९ |
| | उच्च सरकारी वकील कार्यालय | १३४४० | २६८२ | ४१८९ | १३ | ६८८४ | ६५५६ | ३८.९६ |
| | विशेष सरकारी वकील कार्यालय | २५०५ | ११२७ | २१२ | ४२ | १३८१ | ११२४ | ८१.६१ |
| | जिल्ला सरकारी वकील कार्यालय | ३९३१३ | १९०४९ | ४७७६ | १२७ | २३९५२ | १५३६१ | ७९.५३ |
| | कुल जम्मा | ६०९१८ | २४४८९ | ९९०० | १९९ | ३४५८८ | २६३३० | ७०.८० |
| ०७४/०७५ | महान्यायाधिवक्ताको कार्यालय | ४६८८ | ९८६ | ४४५ | ० | १४३१ | ३२५७ | ६८.९० |
| | उच्च सरकारी वकील कार्यालय | १३६८९ | ४०८७ | ४६१४ | ५९ | ८७६० | ४९२९ | ४६.६६ |
| | विशेष सरकारी वकील कार्यालय | २१९३ | ८२७ | १६३ | २२ | १०१२ | ११८१ | ८१.७२ |
| | जिल्ला सरकारी वकील कार्यालय | ४४९५७ | २१७९३ | ३८२१ | १५० | २५७६४ | १९१९३ | ८४.५९ |
| | कुल जम्मा | ६५५२७ | २७६९३ | ९०४३ | २३१ | ३६९६७ | २८५६० | ७४.९१ |

महान्यायाधिवक्ताको कार्यालय, मातहतका सरकारी वकील कार्यालयहरूमा आर्थिक वर्ष २०७३/०७४ मा नेपाल सरकार वादी भई वा प्रतिरक्षाका लागि दायर भएका एवं जिम्मेवारी सरी आएका मुद्दाहरूको कुल लगत ६५,५२७ मध्ये जम्मा ३६,९६७ अर्थात ५६.४१ प्रतिशत मुद्दाहरू फछ्र्यौट भएको देखिन्छ । फछ्र्यौट भएका मुद्दाहरू मध्ये २७,६९३ अर्थात ७४.९१ प्रतिशत कसूर ठहर भएको र ९,०४३ अर्थात २४.४६ प्रतिशत कसूरमा सफाइ भएको र २३१ अर्थात ०.६२ प्रतिशत मुद्दा मुल्तवी, मुद्दा फिर्ता वा अन्य तवरबाट फछ्र्यौट भएको तथ्याङ्कबाट देखिन्छ । महान्यायाधिवक्ताको कार्यालयमा रहेका कुल लगत मुद्दाहरू ५,६६० मध्ये २,३७१ फछ्र्यौट भएकोमा १,६३१ अर्थात् ६८.७९ प्रतिशत मुद्दामा कसूर ठहर भएको देखिन्छ । उच्च सरकारी वकील कार्यालयहरूमा रहेका कुल लगत १३,४४० मुद्दाहरू मध्ये ६,८८४ फछ्र्यौट भएकोमा २,६८२ अर्थात् ३८.९६ प्रतिशत मुद्दामा कसूर ठहर भएको देखिन्छ । विशेष सरकारी वकील कार्यालयमा रहेका कुल लगत २,५०५ मुद्दाहरू मध्ये १,३८१ फछ्र्यौट भएकोमा १,१२७ अर्थात् ८१.६१ प्रतिशत मुद्दामा कसूर ठहर भएको देखिन्छ । जिल्ला सरकारी वकील कार्यालयहरूमा रहेका कुल लगत ३९,३१३ मुद्दाहरू मध्ये २३,९५२ फछ्र्यौट भएकोमा १९,०४९ अर्थात् ७९.५३ प्रतिशत मुद्दामा कसूर ठहर भएको देखिन्छ ।

महान्यायाधिवक्ताको कार्यालय, मातहतका सरकारी वकील कार्यालयहरूमा आर्थिक वर्ष २०७४/०७६ मा नेपाल सरकार वादी भई वा प्रतिरक्षाका लागि दायर भएका एवं जिम्मेवारी सरी आएका मुद्दाहरूको कुल लगत ६५,५२७ मध्ये जम्मा ३६,९६७ अर्थात ५६.४१ प्रतिशत मुद्दाहरू फछ्र्यौट भएको देखिन्छ । फछ्र्यौट भएका मुद्दाहरू मध्ये २७,६९३ अर्थात ७४.९१ प्रतिशत कसूर ठहर भएको र ९,०४३ अर्थात २४.४६ प्रतिशत कसूरमा सफाइ भएको र २३१ अर्थात ०.६२ प्रतिशत मुद्दा मुल्तवी, मुद्दा फिर्ता वा अन्य तवरबाट फछ्र्यौट भएको तथ्याङ्कबाट देखिन्छ । मुद्दाहरूको फछ्र्यौट स्थितिलाई विश्लेषण गर्दा महान्यायाधिवक्ताको कार्यालयमा रहेका लगत मुद्दाहरू ४,६८८ मध्ये १,४३१ फछ्र्यौट भएकोमा ९८६ अर्थात् ६८.९० प्रतिशत मुद्दामा कसूर ठहर भएको देखिन्छ । उच्च सरकारी वकील कार्यालयहरूमा रहेका कुल लगत १३,६८९ मुद्दाहरू मध्ये ८,७६० फछ्र्यौट भएकोमा ४,०८७ अर्थात् ४६.६६ प्रतिशत मुद्दामा कसूर ठहर भएको देखिन्छ । विशेष सरकारी वकील कार्यालयमा रहेका कुल लगत २,१९३ मुद्दाहरू मध्ये १,०१२ फछ्र्यौट भएकोमा ८२७ अर्थात् ८१.७२ प्रतिशत मुद्दामा कसूर ठहर भएको देखिन्छ । जिल्ला सरकारी वकील कार्यालयहरूमा रहेका कुल लगत ४४,९५७ मुद्दाहरू मध्ये २५,७६४ फछ्र्यौट भएकोमा २१,७९३ अर्थात् ८४.५९ प्रतिशत मुद्दामा कसूर ठहर भएको देखिन्छ ।

## नेपाल  सरकार, सरकारी निकाय वा अधिकारी उपर दायर भएका रिट निवेदनमा प्रतिरक्षा गरेको विवरण

| आ.व | बहस पैरवी/प्रतिरक्षा | लगत | फछ्र्यौट | | | | बाँकी | रिट खारेज प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | खारेज | जारी | अन्य | जम्मा | | |
| ०७३/०७४ | महान्यायाधिवक्ताको कार्यालय | ५०४५ | ९५१ | ३२९ | ३२२ | १६०२ | ३४४३ | ५९.३६ |
| | उच्च सरकारी वकील कार्यालय | ४१५४ | १११७ | ९६६ | ४७४ | २५५७ | १५९७ | ४३.६८ |
| | जिल्ला सरकारी वकील कार्यालय | ७९७ | ३५२ | १३४ | ४ | ४९० | ३०७ | ७१.८४ |
| | **कुल जम्मा** | ९९९६ | २४२० | १४२९ | ८०० | ४६४९ | ५३४७ | ५२.०५ |
| ०७४/०७५ | महान्यायाधिवक्ताको कार्यालय | ४९१६ | ७७८ | ४१२ | २६५ | १४५५ | ३४६१ | ५३.४७ |
| | उच्च सरकारी वकील कार्यालय | ४५१६ | १८६९ | १०३७ | २९२ | ३१९८ | १३१८ | ५८.४४ |
| | जिल्ला सरकारी वकील कार्यालय | ८१० | ३५९ | १२१ | ५ | ४८५ | ३२५ | ७४.०२ |
| | **कुल जम्मा** | १०२४२ | ३००६ | १५७० | ५६२ | ५१३८ | ५१०४ | ५८.५१ |

महान्यायाधिवक्ताको कार्यालय, मातहतका सरकारी वकील कार्यालयहरूमा आर्थिक वर्ष २०७३/०७४ मा नेपाल सरकार उपर दायर भएका एवं जिम्मेवारी सरी आएका रिट निवेदनहरूको कुल लगत ९,९९६ मध्ये जम्मा ४,६४९ अर्थात् ४६.५० प्रतिशत रिट निवेदनहरू फछ्र्यौट भएको देखिन्छ । फछ्र्यौट भएका रिट निवेदनहरू मध्ये २,४२० अर्थात् ५२.०५ प्रतिशत रिट निवेदन खारेज भएको र १,४२९ अर्थात ३०.७४ प्रतिशत रिट निवेदन जारी भएको र ८०० अर्थात् १७.२१ प्रतिशत मुद्दा मुल्तवी, मुद्दा फिर्ता वा अन्य तवरबाट फछ्र्यौट भएको तथ्याङ्कबाट देखिन्छ । महान्यायाधिवक्ताको कार्यालयमा रहेका कुल लगत रिट निवेदनहरू ५,०४५ मध्ये १,६०२ फछ्र्यौट भएकोमा ९५१ अर्थात् ५९.३६ प्रतिशत रिट निवेदन खारेज देखिन्छ । उच्च सरकारी वकील कार्यालयहरूमा रहेका कुल लगत ४,१५४ रिट निवेदनहरू मध्ये २,५२७ फछ्र्यौट भएकोमा १,११७ अर्थात् ४३.६८ प्रतिशत रिट निवेदन खारेज भएको देखिन्छ । जिल्ला सरकारी वकील कार्यालयहरूमा रहेका कुल लगत ७९७ रिट निवेदनहरू मध्ये ४९० निवेदन फछ्र्यौट भएकोमा ३५२ अर्थात् ७१.८४ प्रतिशत रिट निवेदन खारेज भएको देखिन्छ ।

महान्यायाधिवक्ताको कार्यालय, मातहतका सरकारी वकील कार्यालयहरूमा आर्थिक वर्ष २०७४/०७५ मा नेपाल सरकार उपर दायर भएका एवं जिम्मेवारी सरी आएका रिट निवेदनहरूको कुल लगत १०,२४२ मध्ये जम्मा ५,१३८ अर्थात्५०.१६ प्रतिशत रिट निवेदनहरू फछ्र्यौट भएको देखिन्छ । फछ्र्यौट भएका रिट निवेदनहरू मध्ये ३,००६ अर्थात् ५८.५१ प्रतिशत रिट निवेदन खारेज भएको र १,५७० अर्थात्३०.५६ प्रतिशत रिट निवेदन जारी भएको र ५६२ अर्थात् १०.९४ प्रतिशत मुद्दा मुल्तवी, मुद्दा फिर्ता वा अन्य तवरबाट फछ्र्यौट भएको तथ्याङ्कबाट देखिन्छ । महान्यायाधिवक्ताको कार्यालयमा रहेका कुल लगत रिट निवेदनहरू ४,९१६ मध्ये १,४५५ फछ्र्यौट भएकोमा ७७८ अर्थात् ५३.४७ प्रतिशत रिट निवेदन खारेज देखिन्छ । उच्च सरकारी वकील कार्यालयहरूमा रहेका कुल लगत ४,५१६ रिट निवेदनहरू मध्ये ३,१९८ फछ्र्यौट भएकोमा १,८६९ अर्थात् ५८.४४ प्रतिशत रिट निवेदन खारेज भएको देखिन्छ । जिल्ला सरकारी वकील कार्यालयहरूमा रहेका कुल लगत ८१० रिट निवेदनहरू मध्ये ४८५ निवेदन फछ्र्यौट भएकोमा ३५९ अर्थात् ७४.०२ प्रतिशत रिट निवेदन खारेज भएको देखिन्छ ।

## नीतिगत प्रतिबद्धता

योजना कार्यान्वयनको विषयलाई नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेटमा भनिएको छ : **महान्यायाधिवक्ताको कार्यालयको रणनीतिक योजना कार्यान्वयन गर्दै सरकार वादी मुद्दाको अनुसन्धान र अभियोजनलाई थप प्रभावकारी बनाइने छ ।** योजना कार्यान्वयनका लागि यो सकारात्मक सन्दर्भ हो ।

## नियम, नीति तथा निर्देशिकाहरू

योजना कार्यान्वयनको क्रममा संस्थागत सुधारका लागि आधार वर्षको रुपमा यो अवधि व्यतित भएको देखिएको छ । अभियोजनमा स्तरीयता एवम् एकरूपता कायम गर्ने समेतको उद्देश्य राखी तयार गरिएको अभियोजन नीति र मार्गदर्शन स्वीकृत भई सबैलाई सञ्चार गरिएको छ । मुलुकी अपराध संहिता समेतका नयाँ कानूनहरू जारी भएको सन्दर्भमा उक्त नीति तथा मार्गदर्शनको पुनरावलोकन गर्ने कार्य प्रारम्भ भएको छ । यसका अतिरिक्त महान्यायाधिवक्ताको कार्यालयबाट देहाय बमोजिमका निर्देशिका र मापदण्डहरु जारी भएका छन् :

- महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयमा अतिरिक्त काम गरे वापत भत्ता उपलव्ध गराउने सम्बन्धी निर्देशिका, २०७५
- नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको बहस पैरवी, प्रतिरक्षा तथा कानूनी राय सम्बन्धी निर्देशिका, २०७५
- सरकारी वकील कार्यालयको निरीक्षण तथा अभियोजन परीक्षण निर्देशिका, २०७५

- पुस्तकालय व्यवस्थापन तथा संचालन निर्देशिका, २०७५
- उजुरी/गुनासो व्यवस्थापन निर्देशिका, २०७४
- समुदायमा सरकारी वकील कार्यक्रम सञ्चालन निर्देशिका, २०७४
- सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्त कार्यान्वयनको अनुगमन सम्बन्धी निर्देशिका, २०७५
- सरकारी वकीलको विशिष्टीकरण सम्बन्धी मापदण्ड, २०७५
- सरकारी वकील तथा कर्मचारीलाई पुरस्कार प्रदान गर्ने सम्वन्धी मापदण्ड, २०७५
- सरकारी वकील तथा सरकारी वकील कार्यालयमा कार्यरत कर्मचारीहरूको आचार संहिता, २०७५
- हिरासत अनुगमन सम्बन्धी निर्देशन, २०७३

सरकारी वकीलको कार्यसम्पादन सुधारका लागि विशेष निर्देशन र परिपत्रहरु जारी भएका छन् । यी दस्तावेजहरु सार्वजनिक पनि गरिएको छ । यद्यपि कार्यान्वयनको पक्षमा भने सरकारी वकीलहरुले थप क्रियाशीलता देखाउनु पर्ने आवश्यकता छ ।

**राष्ट्रिय योजनामा सम्बोधन**

चौधौं योजनामा समेत रणनीतिक योजना कार्यान्वयनका लागि प्रतिबद्धता प्रकट भएको छ । यी विषयले महान्यााायधिवक्ताको कार्यालयको संस्थागत सुधारमा सरकारको तर्फबाट सहयोग प्राप्त हुने अपेक्षा राख्न सकिन्छ । महान्यायाधिवक्ताको कार्यालयको वार्षिक कार्यक्रमलाई दोस्रो पञ्चवर्षीय रणनीतिक योजनासँग आबद्ध गरिएको छ । पन्ध्रौं योजनाको आधारपत्रमा प्रभावकारी अभियोजन, सुदृढ प्रतिरक्षालाई न्याय प्रणालीको लक्ष्यको रुपमा राखिएको छ । वस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित अपराध अनुसन्धान, अभियोजनर प्रतिरक्षा प्रणाली विकास गरी पीडित पक्ष र सरकारी पक्षका साक्षीको संरक्षण एवम् अपराध पीडितलाई न्याय दिई दण्डहीनताको अन्त्य गर्ने उद्देश्य लिइएको छ । अपराध अनुसन्धानमा वैज्ञानिक पद्धतिको प्रयोगलाई बढाउँदै लैजाने, विधिविज्ञान प्रयोगशालालाई प्रादेशिक तहमा विस्तार गर्ने, हेलो साक्षी कार्यक्रम, इ-एटर्नी कार्यक्रम, समुदायमा सरकारी वकील कार्यक्रम सञ्चालनमा ल्याइने र पीडित मैत्री कक्षको विस्तार गरिने कार्यनीति रहेको छ । साथै कार्यनीतिमा सरकारी वकील कार्यालयको संस्थागत क्षमता सुदृढ गरिने विषय समेत समावेश भएको छ । सरकारी वकीलको पेशालाई व्यावसायिक बनाई थप स्वायत्तता प्रदान गरिने, सरकारी वकीलको सेवा शर्तसम्बन्धी कानून तर्जुमा गरी विषयगत आधारमा सरकारी वकीलको विशिष्टीकरण गरिनेसमेतका विषय आधारपत्रको कार्यनीतिमा समावेश भएकाछन् । योजनाले अभियोजन पक्ष सुदृढ भई सरकार वादी मुद्दामा सफलताको दर वृद्धि हुने अपेक्षा राखिएको छ ।

**वार्षिक कार्ययोजना तयारी**

महान्यायाधिवक्ताको कार्यालय समेतका सबै सरकारी वकील कार्यालयहरुको वार्षिक कार्ययोजना स्वीकृत भई योजना कार्यान्वयन गरिएको छ । पहिलो दुई वर्षभन्दा यो वर्ष कार्यान्वयन कार्ययोजना तयार गर्ने कार्यमा सरकारी वकील कार्यालयहरुले उत्साह देखाएकाछन् । यद्यपि कार्यक्रम तय गर्ने र कार्यान्वयन गर्ने विषयमा भने अझै थप जागरुकता आवश्यक देखिएको छ ।

**मानव संशाधन विकास**

अभियोजन प्रशिक्षण केन्द्रबाटसरकारी वकीलको सेवामा नयाँ प्रवेश गर्ने अधिकृतहरूलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ ।मुलुकी अपराध (संहिता) ऐन, २०७४, फौजदारी कार्यविधि संहिता, २०७४ र फौजदारी कसूर ( सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ समेतका नयाँ कानूनहरूको कार्यान्वयनका लागि विभिन्न चरणमा सरकारी वकील र सहायक कर्मचारीहरुलाई प्रशिक्षित गरिएको छ । महिला तथा बालबालिकासँग सम्बन्धित कानूनी व्यवस्था र सोको कार्यान्वयनको विषयमा प्रशिक्षण कार्यक्रम सञ्चालन गरियो ।समावेशी समूहकासरकारी वकीलहरूको क्षमता विकासका लागि तीस कार्य दिनको क्षमता विकास प्रशिक्षण सञ्चालन गरियो । प्रशिक्षण प्रदायक निकायहरुसँग समन्वय गरी सरकारी वकीलको कार्य सम्पादनसँग सम्बन्धित विभिन्न विषयमा विषयगत प्रशिक्षण प्रदान गरिएको छ ।

**जनशक्ति व्यवस्थापन**

महान्यायाधिवक्ताको कार्यालय तथा सरकारी वकील कार्यालयहरुको दरबन्दीको संगठन तथा व्यवस्थापन सर्वेक्षण भई दरबन्दी स्वीकृत भएको छ । मुख्य न्यायाधिवक्ताको कार्यालयका लागि दरबन्दी स्वीकृत भई सकेको छ । गत वर्ष सरकारी वकीलको दरबन्दी ४९ जना र अन्य कर्मचारीहरूको दरबन्दी १४८ जना थप भएको छ । तर अझै पनि नयाँ संवैधानिक

तथा कानूनी व्यवस्थाको कार्यान्वयनको क्रममा महान्यायाधिवक्ताको कार्यालय र मातहतको समग्र संरचनाको पुनरावलोकन गर्नुपर्ने आवश्यकता देखिएको छ । यसका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति गठन भई कार्य प्रारम्भ भएको छ ।

## सूचना प्रविधिमा सुधार

इ-एटर्नीको अवधारणा कार्यान्वयनका लागि योजनाको पहिलो वर्षदेखि नै कार्यक्रम स्वीकृत भई बजेट प्राप्त भएको छ । **कार्य सम्पादनलाई प्रभावकारी बनाउन विभिन्न सफ्टवेयर निर्माण र कार्यान्वयन भएको छ ।** दुई वर्षदेखि मुद्दा व्यवस्थापन प्रणालीसम्बन्धी सफ्टवेयर लागू भएको छ । आगामी वर्षमा पनि सो कार्यक्रमलाई निरन्तरता प्रदान गरी सबै सरकारी वकील र कर्मचारीलाई कार्यालयले प्रयोगमा ल्याएको मुद्दा सम्बद्ध Case Managenent System (CMS) लगायतका सफ्टवेयरहरूको प्रभावकारी रूपमा प्रयोग गर्न सक्ने गरी प्रशिक्षित गर्ने अभियानको रुपमा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको छ । सबै सरकारी वकील कार्यालयका लागि आधारभूत कम्प्युटर उपकरणका लागि बजेट निकासा गरिएको छ । जसमा ल्यापटप, डेस्कटप, प्रिन्टर, इन्भर्टर, राउटर र आवश्यक फर्निचरहरुको एक सेट सबै सरकारी वकील कार्यालयमा रहेको छ । **इ-एटर्नी कार्यक्रम कार्यान्वयनका क्रममा प्रत्येक वर्ष विद्युतीय उपकरणहरू खरिद गरी आवश्यक व्यवस्थापन गरिएको छ । महान्यायाधिवक्ताको कार्यालय अन्तर्गत बनेका प्रमुख सफ्टवेयरहरुको विवरण यसप्रकार रहेकोछ :**

1. CMS (Case management system)2. AMS(Assets management system)
3. ERMS (Employee Record management system)4. CTS(Case tracking system)
5. WDS (Writ and defence system)6. LMS (Library management system)
7. Case list Management system 8. email Management system

**सूचना प्रविधि पद्धतिमा सरकारी वकीलको कार्य सम्पादनलाई आबद्ध गर्न सबै तहका जनशक्तिले निर्धारित सफ्टवेयरमा विवरण प्रविष्टी गरी इ एटर्नी कार्यक्रमलाई सफल र प्रभावकारी बनाउनु पर्ने आवश्यकता रहेको छ ।**

महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयलाई सूचना संचार प्रविधिमा आवद्ध गराउने उद्देश्यले आ.व. २०७३/७४, २०७४/७५ र २०७५/७६ मा गरी १३८ वटा Desktop, २८२ वटा Laptop, ९१ वटा External Harddrive, ८६ वटा Printer, लगायतका विद्युतिय सामाग्रीहरुको खरिद गरिएको थियो । सो अवधिमा Email System, Case Tracking System, Asset Management Sysetm, Unified Website, Writ and Defense Software र Case Management System (CMS) upgrade लगाएतका Software सँग सम्बन्धित क्रियाकलापहरु भएका थिए । यसरी हेर्दा ७७ वटै जिल्लामा Desktop / Laptop पुगेको भएता पनि One Attorney One Laptop भन्ने नारालाई कार्यान्वयन गर्न वढुवा भएका र नयाँ पदस्थापन भएका गरी ६५ जना सरकारी वकीलहरुलाई Laptop अपुग रहेको देखिन्छ । आ. व. २०७५/७६ मा महान्यायाधिवक्ताको कार्यालय लगायत १८ वटा उच्च सरकारी वकील कार्यालय र तराईका ३१ वटा जिल्ला गरी ५० वटा सरकारी वकील कार्यालयहरुलाई इन्ट्रानेटमा संजालीकरण गर्नेकार्य भई रहेको छ । सो संजालिकरण गर्ने कार्य सम्पन्न भए पछि सञ्चालनमा रहेका सफ्टवेर, सि सि क्यामेरा लगायतका डाटावेसहरु सोही Intranet Lease Line मार्फत सञ्चालन हुनेछ ।

## सम्मेलनहरू

२०७३ सालमा नेपालका सरकारी वकीलहरूको प्रथम राष्ट्रिय सम्मेलन र नेपालका अुनसन्धानकर्ता र अभियोजनकर्ताको प्रथम राष्ट्रिय सम्मेलन समेत गरी दुई वटा राष्ट्रिय सम्मेलन सम्पन्न भई घोषणापत्र जारी भएका थिए । ती घोषणापत्रले सरकारी वकीलको व्यावसायिकता विकास र संस्थागत सुधारका लागि समग्र फौजदारी न्याय प्रणालीमा सुधारको अपेक्षा राखेको थियो । गत वर्ष नेपाल प्रहरीको आयोजना र महान्यायाधिवक्ताको कार्यालयको समन्वयमा प्रहरी र सरकारी वकीलको प्रादेशिक सम्मेलन समेत सम्पन्न भएको थियो । यस वर्ष २०७५ पौष ८ गतेदेखि १० गतेसम्म काठमाडौंमा नेपालका सरकारी वकीलको राष्ट्रिय सम्मेलन सम्पन्न भएको छ । सम्मेलनले फौजदारी न्याय प्रणालीको सुधार र सरकारी वकीलको व्यावसायिकता विकास एवम् संस्थागत सुधारका लागि मार्गदर्शन गर्ने गरी घोषणापत्र जारी गरेको छ । सम्मेलनमा भएका छलफल र घोषणापत्रहरुले सम्बोधन गरेका विषय र मूल्यहरुलाई सबै तहबाट कार्यान्वयन गर्नु पर्ने आवश्यकताबोध गरिएको छ ।

## अनुसन्धान

योजनाको कार्यान्वयनको क्रममा महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकील कार्यालयको कार्य सम्पादनसँग सम्बन्धित विभिन्न विषयमा वर्षेनी अनुसन्धानमूलक अध्ययनहरु भएकाछन् । ती अध्ययन प्रतिवेदनका आधारमा

महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदनमा समस्या पहिचान गर्न र सुझाव प्रस्तुत गर्न समेत सहज भएको छ भने कार्य सम्पादनमा सुधार ल्याउनका लागि निर्देशन गर्नका लागि समेत आधार प्राप्त भएको छ । योजना अवधिमा भएका प्रमुख अनुसन्धानमूलक अध्ययनको विवरण यसप्रकार रहेको छ :

## २०७३।०७४ मा भएका अनुसन्धानमूलक अध्ययन

| क्र.सं. | विषय |
|---|---|
| १ | सरकारी वकीलको विषयगत विशिष्टीकरण गर्ने सम्बन्धी अध्ययन |
| २ | बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ ले परिभाषित गरेको कसूरको अनुसन्धान, अभियोजन र न्याय सम्पादनको अवस्था |
| ३ | सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण ऐन, २०६४ ले परिभाषित गरको कसूरको अनुसन्धान, अभियोजन र न्याय सम्पादनको अवस्था |
| ४ | विद्युतीय कारोबारसम्बन्धी ऐन, २०६३ ले परिभाषित गरेको कसूरको अनुसन्धान, अभियोजन र न्याय सम्पादनको अवस्था |
| ५ | संगठित अपराध सम्बन्धी कानूनको प्रभावकारिता सम्बन्धी अध्ययन |
| ६ | वन र वन्यजन्तु सम्बन्धी अपराधको अनुसन्धान र अभियोजन सम्बन्धी अध्ययन प्रतिवेदन |

## २०७४।०७५ मा भएका अनुसन्धानमूलक अध्ययन

| क्र.सं. | विषय |
|---|---|
| १ | अपराध अनुसन्धान र अभियोजनमा बाल न्यायसम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयनको अवस्थाको विश्लेषण |
| २ | कर तथा राजस्व सम्बन्धी मुद्दामा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त र दृष्टिकोणको अध्ययन |
| ३ | सरकारी प्रयोजनको लागि जग्गा अधिग्रहण सम्बन्धी कानून, प्रक्रिया र न्यायिक दृष्टिकोण समेत |
| ४ | विद्यमान फौजदारी कार्यविधि र फौजदारी कार्यविधि संहिता, २०७४ को तुलनात्मक अध्ययन तथा त्यसले सरकारी वकीलको भूमिकामा पारेका प्रभाव र अवलम्बन गर्नुपर्ने रणनीतिहरूको विषयमा अनुसन्धानमूलक अध्ययन |
| ५ | संवैधानिक विवादमा सर्वोच्च अदालतको दृष्टिकोण सम्बन्धमा अनुसन्धानमूलक अध्ययन |
| ६ | सरकार वादी मुद्दा नचल्ने सम्बन्धी महान्यायाधिवक्ताको कार्यालयका निर्णयहरूको अनुसन्धानमूलक अध्ययन |
| ७ | कर्मचारी सम्बन्धी विवादमा सर्वोच्च अदालतको दृष्टिकोण सम्बन्धमा |

## २०७५।०७६ मा भएका अनुसन्धानमूलक अध्ययनसम्बन्धी कार्यहरु

| क्र.सं. | विषय |
|---|---|
| १ | सार्वजनिक सम्पत्ति सम्बन्धी मुद्दाको अवस्था विषयक अध्ययन प्रतिवेदन |
| २ | मानव बेचविखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को प्रभावकारिता मूल्यांकन |
| ३ | भूमिसम्बन्धी कानून, नीति, नजीर र सान्दर्भिक सामग्रीहरुको सर्वेक्षण |
| ४ | सरकारी वकीलहरुको वैयक्तिक विवरण र सोको विश्लेषण -उत्तराधिकार योजना निर्माणका लागि आधारको रुपमा) |
| ५ | कार्यालय अनुगमन तथा अभियोजन परीक्षण सम्बन्धी एकीकृत प्रतिवेदन |
| ६ | हिरासत अनुगमनको एकीकृत प्रतिवेदन |
| ७ | पीडित मैत्री कक्षको अवस्था सम्बन्धी अध्ययन प्रतिवेदन |
| ८ | लागू औषधसम्बन्धी मुद्दामा सर्वोच्च अदालतको दृष्टिकोण |
| ९. | अपहरण सम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयनको अवस्था (सम्पन्न नभएको) |
| १० | स्वच्छ सुनुवाइ सम्बन्धी कानूनी व्यवस्था र सोको अभ्यास (सम्पन्न नभएको) |
| ११. | जवरजस्ती करणी सम्बन्धी मुद्दामा पीडितको वकपत्रको अवस्था (सम्पन्न नभएको) |
| १२. | बहुविवाह सम्बन्धी कसूरको अनुसन्धान, अभियोजन र न्याय सम्पादनको अवस्था |

| | |
|---|---|
| १३. | समन्वय समितिका निर्णयहरु र सोको कार्यान्वयनको अवस्था |

महान्यायाधिवक्ताको कार्यालयबाट गरिएका उल्लेखित अनुसन्धानमूलक कार्यले सरकारी वकीलहरुलाई अनुसन्धानमूलक कार्यमा सहभागिता जनाई नयाँ विषयमा खोजी गर्ने अवसर प्राप्त भएको छ भने सो विषयमा भएका नजीर एवम् सिद्धान्तहरुलाई एकीकृत गरी अन्य सरकारी वकीलहरु समक्ष सम्प्रेषण गर्दा त्यसले कार्य सम्पादनमा समेत सहयोग पुगेको छ । हालसम्म गरिएका अध्ययन अनुसन्धानहरुलाई विद्युतीय स्वरुपमा वेवसाइटमा अध्यावधिक गर्ने प्रयास गरिएको छ । फौजदारी न्याय प्रशासनमा सुधारका लागि सुझाव प्रस्तुत गर्न सकेमत त्यसले सहयोग पुर्‍याएको छ ।

**भौतिक निर्माण**

रणनीतिक योजनाले निर्धारण गरेका कार्यक्रम अनुसार कार्यबोझ बढी भएका जिल्लाहरूका भवन निर्माणलाई प्राथमिकतामा राखी नयाँ भवन निर्माण भइरहेको अवस्था छ । तुलनात्मक रुपमा अन्य कार्यक्रमभन्दा भवन निर्माणको कार्यले अपेक्षित नतिजा दिएको छ । योजना अवधिमा सरकारी वकील कार्यालयको भवन निर्माणका लागि कार्य गरिएको छ । हालको सरकारी वकील कार्यालयको भवन निर्माणको अवस्थालाई तल प्रस्तुत गरिएको छ ।

| क्र. सं. | विवरण | उच्च सरकारी वकील कार्यालय | जिल्ला सरकारी वकील कार्यालय |
|---|---|---|---|
| १ | नयाँ भवन | विराटनगर, जनकपुर, बाग्लुङ्ग, सुर्खेत, नेपालगञ्ज, जुम्ला (पुनर्निमाणबाट), तुलसीपुर | संखुवासभा, सुनसरी, दोलखा, सिन्धुपाल्चोक, तनहुँ, कास्की, स्याङजा, बाग्लुङ्ग, मुस्ताङ, पर्वत, म्याग्दी, रुपन्देही, बाँके, दैलेख, मुगु, अछाम, कञ्चनपुर, रसुवा, रामेछाप, धनकुटा, सोलुखुम्बु, लमजुङ, नुवाकोट, रोल्पा, ताप्लेजुङ, गुल्मी, धादिङ्ग र उदयपुर |
| २ | निर्माणको अन्तिम चरणमा रहेका | महान्यायाधिवक्ताको कार्यालयको भवन, हेटौंडा | झापा, , भोजपुर, बारा, अर्घाखाँची, प्युठान, बर्दिया, रुकुम पश्चिम, कैलाली बैतडी, बाजुरा कालिकोट, डडेल्धुरा, र दार्चुला **ओखलढुंगा, गोरखा, सिन्धुली र महोत्तरी (पुनर्निमाणबाट)** |
| ३ | निर्माणाधीन | इलाम, पोखरा | तेह्रथुम सिराहा, सर्लाही, रौतहट, धनुषा, सल्यान, मोरङ, हुम्ला (**पुनर्निमाणबाट**) |
| ४ | निर्माण प्रक्रियामा रहेका | बुटवल, विशेष सरकारी वकील कार्यालय काठमाडौं | पाँचथर, रौतहट, चितवन, दाङ, काठमाडौं |
| ५ | अव प्राथमिकतापूर्वक बनाउनु पर्ने भवन | बीरगञ्ज, पाटन, दिपायल, ओखलढुंगा | पर्सा, सप्तरी, डोटी, बझाङ, भक्तपुर र जाजरकोट |
| ६ | जग्गा व्यवस्थापन गर्नु पर्ने | पाटन, ओखलढुंगा | भक्तपुर, सप्तरी, जाजरकोट, नवलपरासी पूर्व, रुकुम पूर्व |
| ७ | अन्य सरकारी वकील कार्यालयहरू चालु अवस्थामा रहेका छन् । | | |

**आ.व. २०७४।०७५ मा उद्घाटन भएका भवनहरु ५**

उच्च सरकारी वकील कार्यालयहरू: नेपालगञ्ज, जुम्ला

जिल्ला सरकारी वकील कार्यालयहरू: रसुवा, रामेछाप, धनकुटा,

**आ.व.२०७५।०७६ मा उद्घाटन भएका भवनहरु ९**

उच्च सरकारी वकील कार्यालय तुल्सीपुर तथा जिल्ला सरकारी वकील कार्यालयहरू: सोलुखुम्बु, लमजुङ, नुवाकोट, रोल्पा, उदयपुर, गुल्मी, ताप्लेजुङ र धादिङ्ग

**यसै आ.व.मा निर्माण सम्पन्न हुने अवस्थाका भवनहरु १९**

महान्यायाधिवक्ताको कार्यालय

उच्च सरकारी वकील कार्यालय हेटौंडा

जिल्ला सरकारी वकील कार्यालयहरूः झापा, भोजपुर, बारा, अर्घाखाँची, प्युठान, बर्दिया, रुकुम पश्चिम, कालिकोट, डडेल्धुरा, कैलाली, वैतडी, बाजुरा र दार्चुला

ओखलढुंगा, गोरखा, सिन्धुली र महोत्तरी (पुनर्निमाणबाट)

**यस वर्ष निर्माणका लागि सहमति प्राप्त भएका भवनहरु ५**

**निर्माण प्रक्रीयामा रहेका** : उच्च सरकारी वकील कार्यालय बुटवल, विशेष सरकारी वकील कार्यालय काठमाडौं र जिल्ला सरकारी वकील कार्यालय काठमाडौं

**टेण्डर प्रकियामा रहेका** : जिल्ला सरकारी वकील कार्यालयहरू दाङ र चितवन

पाँच वर्षभित्र सबै सरकारी वकील कार्यालयहरूकोनयाँ भवन निर्माण सम्पन्न भइसक्ने गरी कार्यक्रम तर्जुमा गरिएको छ । सार्वजनिक खरिद प्रक्रियाको बारेमा पर्याप्त जानकारी नभएको तथा निर्वाचनका कारणले समयमा भवन निर्माण सम्बन्धी कार्य सम्पन्न हुन सकेका छैनन् । तसर्थ भवन निर्माण प्रक्रियाको बारेमा सरकारी वकीलहरूलाई अभिमुखीकरण गर्न र भवन निर्माणको प्रभावकारी अनुगमनको आवश्यकता देखिएको छ ।

**पीडितमैत्री कक्ष**

आर्थिक वर्ष २०७०/०७१ मा UNICEF नेपाल र Asia Foundation को आर्थिक सहयोगमा जिल्ला सरकारी वकील कार्यालयमा पीडित मैत्री कक्ष स्थापना गर्न शुरु भएको देखिन्छ । आ. व. २०७०/०७१ देखि आ. व. २०७५/०७६ सम्म झापा, मोरङ, धनुषा, रौतहट, पर्सा, दोलखा, कास्की, तनहुँ,म्याग्दी, पर्वत, अर्घाखाँची, रुपन्देही, बाजुरा, बझाङ, अछाम, डोल्पा, हुम्ला, कालीकोट, मुगु, जुम्ला, मकवानपुर, काभ्रेपलाञ्चोक, बाँके, कन्चनपुर, पाँचथर, इलाम, बाग्लुङ, बैतडी, चितवन, सर्लाही, महोत्तरी, डोटी, सोलुखुम्बु, उदयपुर, दाङ, दार्चुला, ललितपुर, भक्तपुर, गोरखा, स्याङजा, पाल्पा, नवलपरासी पश्चिम, सिराहा, रोल्पा, तेह्रथुम, संखुवासभा, सुनसरी, सिन्धुली, रामेछाप, काठमाडौ, धादिङ, मुस्ताङ, रसुवा, मनाङ, लमजुङ, गुल्मी, सल्यान, ताप्लेजुङ, दैलेख, धनकुटा, नुवाकोट, सप्तरी, जाजरकोट, सिन्धुपाल्चोक, बर्दिया, सुर्खेत, रुकुम पश्चिम, र कैलाली समेत गरि जम्मा ६९ जिल्ला सरकारी वकील कार्यालयहरुमा पीडित मैत्री कक्षहरु रहेका छन् ।

पुराना कार्यालय भवनमा पर्याप्त कक्ष नभएकोले , कार्यालय भवन निर्माणाधिन अबस्थामा रहेकाले र भर्खरै निर्माण सम्पन्न भई ब्यबस्थापन हुन नसक्दा आठ वटा जिल्ला सरकारी वकील कार्यालयहरु भोजपुर, खोटाङ, ओखलढुँगा, बारा, नवलपरासी पूर्व, कपिलवस्तु, रुकुम पूर्व र प्युठानमा पीडित मैत्री कक्षको स्थापना हुन सकेको छैन । यस आर्थिक वर्षमा स्तरोन्नती भएका १९ वटा पीडित मैत्री कक्षहरुमा उच्च सरकारी वकील कार्यालय, ईलाम र बाग्लुङ तथा जिल्ला सरकारी वकील कार्यालयहरुमा ताप्लेजुङ, झापा, सुनसरी, महोत्तरी, सिन्धुली, रामेछाप, दोलखा, बाग्लुङ, सिन्धुपाल्चोक, कपिलवस्तु, अर्घाखाँची, गुल्मी, म्याग्दी, पर्वत, दाङ, धादिङ र सुर्खेत रहेकाछन् ।

**सरकारी वकीलको विशिष्टीकरण**

सरकारी वकीलको व्यावसायिकता विकासका लागि थालनी गरिएको अर्को कार्यहो सरकारी वकीलको विशिष्टीकरण । महान्याायधिवक्ताको कार्यालयले सरकारी वकीलको विशिष्टीकरणका लागि मापदण्ड निर्धारण गरी विभिन्न ९ वटा विषयमा विशिष्टीकरणको प्रशिक्षणका लागि पाठ्यक्रम तयार भएको छ । ती विषयहरू यसप्रकार रहेकाछन् :

| | | |
|---|---|---|
| क. संवैधानिक कानून | ख. कर तथा राजस्व | ग. सेवा कानूनसम्बन्धी |
| घ. संगठित अपराध | ङ. वैंकिङ कानून | च. सार्वजनिक सम्पत्ति संरक्षण |
| छ. भ्रष्टाचार नियन्त्रण | ज. विद्युतीय अपराध नियन्त्रण | झ. लैंगिक तथा बाल न्याय |

२०७६ असार मसान्तसम्ममा संवैधानिक कानूनमा दुई वटा, राजस्व कानूनमा दुई वटा, वैंकिंग कानूनमा एउटा र संगठित अपराध निवारण कानूनमा एउटा गरी ६ वटा प्रशिक्षणबाट १४७ सरकारी वकील प्रशिक्षित भइसकेका छन् भने ५६ जनालाई विशिष्टीकरणको मापदण्ड बमोजिम व्यवस्थापन समितिबाट सूचीकृत समेत गरिएको छ ।

**नमुना सरकारी वकील कार्यालयको घोषणा**

प्रत्येक प्रदेशका एउटा जिल्ला सरकारी वकील कार्यालयलाई नमुना सरकारी वकील कार्यालयको रूपमा घोषणा गरी सो कार्यालयबाट प्रवाह गरिने सेवालाई प्रभावकारी र उदाहरणीय बनाउने कार्यक्रम अन्तर्गत प्रदेश नं १ को सुनसरी, प्रदेश नं. २ को धनुषा, प्रदेश नं. ३ को ललितपुर, गण्डकी प्रदेशको कास्की, प्रदेश नं. ५ को रुपन्देही, कर्णाली प्रदेशको सुर्खेत र सुदुर पश्चिम प्रदेशको कञ्चनपुरलाई नमुना सरकारी वकील कार्यालयको रुपमा विकास गरिएको छ । नमुना सरकारी वकील कार्यालयहरुका लागि १५ बुँदे कार्यादेश समेत दिइएको छ । नमुना कार्यालयहरुले कार्यादेश बमोजिम कार्य सम्पादनलाई प्रभावकारी बनाई सेवा प्रवाहलाई नमुनाको रुपमा सञ्चालन गर्नु पर्ने दायित्व छ । ती कार्यालयहरुको कार्य

सम्पादनमा सुधारका लागि ती कार्यालयहरुको प्रभावकारिता हेरी थप ७ वटा कार्यालयहरुलाई नमुना कार्यालयको रुपमा घोषणा गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउदै जानु उपयुक्त देखिएको छ ।

### कार्यालय अनुगमन

मातहतका कार्यालयहरुको कार्य सम्पादनको अवस्थाका बारेमा अनुगमन गर्न प्रारम्भ गरिएको छ । योजनाको पहिलो वर्षमा २६ वटा कार्यालयहरु अनुगमन भए । दोस्रो वर्ष विभिन्न ३० भन्दा बढी जिल्लाको अनुगमन गरिएको छ । यस वर्ष कार्यालय अनुगमनलाई अभियानको रुपमा लगिएको छ । हालै मात्र विभिन्न ९ वटा अनुगमन समूहले एकैचरणमा २६ जिल्लामा अनुसन्धान र अभियोजनको अनुगमन गरिएको छ । यो अनुगमनबाट सरकारी वकीलको कार्य सम्पादन खास गरी संहिताको कार्यान्वयनको अवस्थाको बारेमा जानकारी लिन सहयोग पुगेको छ भने कार्य सम्पादनमा सुधारका लागि मार्गदर्शन समेत प्रदान भएको छ ।

### सवारी साधनको अवस्था

सबै सरकारी वकील कार्यालयको भौतिक स्थितिलाई साधन सम्पन्न बनाउने प्रक्रियामा मोटरबाटोको सुविधा भएका सवै सरकारी कार्यालयमा चार पाङ्ग्रे सवारी साधनको व्यवस्था गर्न प्रयत्न गरिएको छ । यद्यपि भोजपुर, मनाङ, मुस्ताङ, डोल्पा, मुगु, हुम्ला, बाजुराका जिल्ला सरकारी वकील कार्यालयहरुमा मोटर पुर्‍याउन बाँकी नै छ । ती मध्ये हुम्ला र डोल्पामा कार्यालयकासम्मको सडकको पहुँच कायम हुन बाँकी नै छ ।

### प्रकाशन

नयाँ संवैधानिक व्यवस्थासँग तादम्यता कायम गर्न सरकारी वकील दिग्दर्शन पुनरावलोकन गरिएको छ । हालसम्म भएका अनुसन्धानका प्रतिवेदनहरूको सारसंक्षेप प्रकाशन भएको छ । मानव मर्यादा विरुद्धको अपराध नियन्त्रण सम्वन्धी कानूनी व्यवस्थाका बारेमा स्रोत पुस्तिका, जीउ ज्यान विरुद्धका अपराध र आर्थिक समाजिक अपराधको प्रवृतिगत अध्ययन लगायतका पुस्तकहरू प्रकाशन गरिएका छन् । सरकारी वकीलको कार्य सम्पादनसँग सम्वन्धित नजीरहरूको सारसंक्षेप तयार पारिएको छ । हिरासत अनुगमन प्रतिवेदन तथा सरकारी वकील कार्यालयको अनुगमनको एकीकृत प्रतिवेदन प्रकाशित गरी सरकारी वकीलहरू र सरोकारवाला निकायहरु समक्ष वितरण गरिएको छ ।सरकारी वकीलको व्यावसायिकता र स्वच्छ सुनुवाई सम्वन्धी स्रोत पुस्तिका तयार भएका छन् । मुलुकी अपराध संहिता तथा फौजदारी कार्यविधि संहितासम्बन्धी स्रोत सामग्री र संवैधानिक कानून स्रोत सामग्री प्रकाशित भएका छन् । कर तथा राजस्व सम्बन्धी र संगठित अपराध सम्बन्धी स्रोत सामग्रीको मस्यौदा तयार पारी विद्युतीय माध्यमबाट प्रकाशन गरिएको छ । प्रोसिक्युसन जर्नल नियमितरुपमा प्रकाशित छ । यसै वर्षदेखि अभियोजन जर्नल नामक नेपाली भाषाका अनुसन्धानमूलक लेख रचना समावेश भएको प्रकाशन प्रारम्भ भएको छ । सरकारी वकीलहरुको दक्षता विकास र कार्य सम्पादनमा सुधारका लागि प्रकाशन गरिएका यी सामग्रीहरुलाई कार्य सम्पादनसँग आबद्ध गर्न सकिएमा मात्र संस्थागत प्रयासको सार्थकता रहन्छ ।

### अध्ययन/अवलोकन भ्रमण

विगतमा अत्यन्त सीमित रुपमा मात्र प्राप्त हुने वैदेशिक अध्ययनको अवसरका क्रमशः विस्तार हुँदै आएको छ । सरकारी वकीलहरूले अन्य मुलुकहरूको अभ्यासको अवलोकन गर्ने प्रयास प्रारम्भ भएको छ ।

**आ.व. २०७३।०७४ मा भएको अवलोकन भ्रमण : २० जना**

**आ.व. २०७४।०७५ मा भएको अवलोकन भ्रमण : ४५ जना**

**आ.व. २०७५।०७६ मा भएको अवलोकन भ्रमणः ७७ जना**

वैदेशिक भ्रमणबाट अन्य मुलुकले अवलम्बन गरेका सफल अभ्यासहरुको बारेमा जानकारी लिई सुधारका कार्यहरु थालनी गर्न सहयोग पुगेको छ । सरकारी वकील तथा कर्मचारीहरुको कार्य सम्पादनमा उत्प्रेरित तुल्याएको छ । यो विषयलाई संस्थागत र वस्तुगत बनाउनका लागि मापदण्ड बनाएर अगाडि बढ्नु पर्ने आवश्यकता रहेको छ ।

योजना कार्यान्वयनबाट देखिएका उपलब्धिहरुको प्रारम्भिक सूचीकरण हेर्दा विगतको तुलनामा सुधारका कार्यहरुले गति लिन खोजेको देखिन्छ । यद्यपि सुधारको नतिजा प्रशिक्षणको संख्या वा भौतिक प्रगतिमा होइन कार्यसम्पादनमा सुधार गरी गुणात्मकता अभिबृद्धिबाट मापन गर्नु पर्दछ । जनताको आँखाबाट सरकारी वकीलको काम कारवाहीको मूल्यांकन गर्नु पर्दछ । सेवाग्राहीको सन्तुष्टिबाट यसको मूल्यांकन गर्नु पर्दछ । अदालतमा गरिएको गुणात्मक प्रतिनिधित्वबाट सुधारको मूल्यांकन गरिनु पर्दछ । यसरी हेर्दा कार्य सम्पादनको तहमा सुधारले पारेको प्रभावको छुट्टै मिहिन विश्लेषण आवश्यक छ ।

### अध्ययन, भ्रमण, तालिम गोष्ठी

महान्यायाधिवक्ताको कार्यालयबाट सरकारी वकीलहरुलाई समयसापेक्ष व्यावसायिक बनाई राख्न विदेश तथा स्वदेशमा उच्च अध्ययन एवम् सेवा समूहसँग सम्बन्धित तालिमको अवसर उपलब्ध गराइएको छ । जसको विवरण देहाय अनुसार रहेको छ।

**अन्तर्राष्ट्रिय अध्ययन, भ्रमण, तालिम गोष्ठी**

| क्र.सं. | आर्थिक वर्ष | सहभागी संख्या |
|---|---|---|
| १. | २०७३।०७४ | ४० |
| २. | २०७४।०७५ | ४३ |
| ३. | २०७५।०७६ | ७२ |

**राष्ट्रिय अध्ययन, भ्रमण, तालिम गोष्ठी**

| क्र.सं. | आर्थिक वर्ष | प्रशिक्षण कार्यक्रम | राजपत्रांकित | राजपत्र अनंकित | जम्मा |
|---|---|---|---|---|---|
| १. | २०७३।०७४ | सूचना प्रविधि सम्बन्धी अभिमुखीकरण कार्यक्रम | २५ | १७७ | २०२ |
| | | विधि विज्ञान सम्बन्धी | ४७ | ० | ४७ |
| | | अन्य | ४९४ | ३७ | ५३१ |
| | | **जम्मा** | **५६६** | **२१४** | **७८०** |
| २. | २०७४।०७५ | सूचना प्रविधि सम्बन्धी अभिमुखीकरण कार्यक्रम | ९४ | १३३ | २२७ |
| | | विधि विज्ञान सम्बन्धी | ४८ | ० | ४८ |
| | | संहिता कार्यान्वयन | ३५२ | २३८ | ५९० |
| | | अन्य | ४३० | २१३ | ६४३ |
| | | **जम्मा** | **९२४** | **५८४** | **१५०८** |
| ३. | २०७५।०७६ | सूचना प्रविधि सम्बन्धी अभिमुखीकरण कार्यक्रम | ७५ | १६१ | २३६ |
| | | विशिष्टिकरण | १५० | ० | १५० |
| | | विधि विज्ञान सम्बन्धी | ५० | ० | ५० |
| | | विशिष्ट अभिमुखीकरण | ९१ | ० | ९१ |
| | | बहसकला | २५ | ० | २५ |
| | | सेवाप्रवेश तालिम (रा.प.द्धितिय, तृतीय श्रेणी) | ५० | ० | ५० |
| | | अंग्रेजी भाषाको प्रशिक्षण | ५२ | ४५ | ९७ |
| | | बाल न्याय | १६५ | ० | १६५ |
| | | अन्य | ७० | ५२ | १२२ |
| | | **जम्मा** | **७२८** | **२५८** | **९८६** |

**अध्ययन बिदा**

आ.व. २०७२।०७३ मा २ जना सरकारी वकीलले अध्ययन बिदा लिएका र आ.व. २०७३।०७४ मा २ जना सरकारी वकीलले अध्ययन बिदा लिएका छन् ।

यसप्रकार महान्यायाधिवक्ताको कार्यालयको पञ्चवर्षीय रणनीतिक योजना लागू भए पश्चात् सरकारी वकील तथा सहायक कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यक तालिम प्रदान गरिएको र यसबाट सरकारी वकीलहरुको कार्यक्षमतामा अभिवृद्धि हुन पुगेको छ ।

**अनुगमन तथा निरीक्षण**

गत तीन आ. व. का महान्यायाधिवक्ताको कार्यालय र उच्च सरकारी वकील कार्यालयबाट मातहतका सरकारी वकील कार्यालयहरुमा भएका कार्यालय निरीक्षण एवम् कारागार तथा हिरासत अनुगमनको विवरण देहाय बमोजिम रहेको छ :

| आ.व. २०७३।७४ | | आ.व. २०७४।७५ | | आ.व. २०७५।७६ | |
|---|---|---|---|---|---|
| कार्यालय निरीक्षण तर्फ | कारागार तथा हिरासत अनुगमन | कार्यालय निरीक्षण तर्फ | कारागार तथा हिरासत अनुगमन तर्फ | कार्यालय निरीक्षण तर्फ | कारागार तथा हिरासत अनुगमन तर्फ |

| | | तर्फ | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मन्याकाबाट भएको संख्या | उसवकाबाट भएको संख्या | मन्याकाबाट भएको संख्या | उसवकाबाट भएको संख्या | मन्याकाबाट भएको संख्या | उसवकाबाट भएको संख्या | मन्याकाबाट भएको संख्या | उसवकाबाट भएको संख्या | मन्याकाबाट भएको संख्या | उसवकाबाट भएको संख्या | मन्याकाबाट भएको संख्या | उसवकाबाट भएको संख्या |
| २९ पटक | ३६ पटक | कारागार ४७ हिरासत ७६ | अप्राप्त | ४९ पटक | ४२ पटक | कारागार ३१ हिरासत ४२ | अप्राप्त | ५८ पटक | ४९ पटक | कारागार २४ र हिरासत ५३ | कारागार १ हिरासत ६ |

आ.व. २०७३।७४ मा कार्यालय निरीक्षणतर्फ, महान्यायाधिवक्ताको कार्यालयबाट मातहतका सरकारी वकील कार्यालयमा २९ वटा निरीक्षण भएको र उच्च सरकारी वकील कार्यालयहरुबाट आफु मातहतका सरकारी वकील कार्यालयमा ३६ वटा निरीक्षण भएका थिए । त्यसैगरी हिरासत तथा कारागार अनुगमन तर्फ महान्यायाधिवक्ताको कार्यालयबाट विभिन्न जिल्लाका ४७ कारागार र ७६ हिरासत अनुगमन गर्ने कार्य सम्पन्न भएका थिए । आ.व. आ.व. २०७४।७५ मा कार्यालय निरीक्षण तर्फ, महान्यायाधिवक्ताको कार्यालयबाट मातहतका सरकारी वकील कार्यालयमा गत आ.व. को भन्दा २० वटा बढी अर्थात ४९ वटा निरीक्षण भएको र उच्च सरकारी वकील कार्यालयहरुबाट आफु मातहतका सरकारी वकील कार्यालयमा ४२ वटा निरीक्षण भएका थिए । त्यसैगरी हिरासत तथा कारागार अनुगमन तर्फ महान्यायाधिवक्ताको कार्यालयबाट विभिन्न जिल्लाका ३१ कारागार र ४२ हिरासत अनुगमन गर्ने कार्य सम्पन्न भएका थिए । आ.व. २०७५।७६ मा कार्यालय निरीक्षणतर्फ, महान्यायाधिवक्ताको कार्यालयबाट मातहतका सरकारी वकील कार्यालयमा ५८ वटा निरीक्षण भएको र उच्च सरकारी वकील कार्यालयहरुबाट आफु मातहतका सरकारी वकील कार्यालयमा ४९ वटा निरीक्षण भएका थिए । त्यसैगरी हिरासत तथा कारागार अनुगमन तर्फ महान्यायाधिवक्ताको कार्यालयबाट विभिन्न जिल्लाका २४ कारागार र ५३ हिरासत अनुगमन गर्ने कार्य सम्पन्न भएका र विभिन्न उच्च सरकारी वकील कार्यालयले १ वटा कारागार र ६ वटा हिरासत अनुगमन गरेका थिए ।

## ५. योजना कार्यान्वयनमा देखिएका समस्याहरु र चुनौतीहरु

आर्थिक वर्ष २०६८/०६९ देखि २०७२/०७३ सम्मको प्रथम पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनको अनुभवसहित महान्यायाधिवक्ताको कार्यालयले संस्थागत सुदृढीकरण र व्यावसायिकता विकासमा केन्द्रित भई दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७३।०७४-२०७७।०७८) तर्जुमा गरी हाल तेस्रो वर्ष पूरा भई चौथो वर्षको कार्यान्वयनको चरणमा रहेको छ । योजना बनाउनु आफैमा ठूलो काम होइन । योजनाको महत्व त्यसको कार्यान्वयन र त्यसबाट प्राप्त हुने सुधारको स्थितिबाट निर्धारित हुन्छ । योजनाको कार्यान्वयनको अवस्थाका बारेमा पनि समीक्षा गरी योजनाको कार्यान्वयनबाट हासिल भएका उपलब्धि र योजनाले प्रक्षेपण गरेका तर कार्यान्वयन हुन बाँकी रहेका कार्यक्रमहरुको मूल्यांकन गर्ने र बाँकी दुई वर्षमा गर्न सकिने रणनीति र क्रियाकलापहरु पहिचान गर्ने उद्देश्यले यो समीक्षा गरिएको हो ।

**योजनाले प्रक्षेपण गरेका तर कार्यान्वयन हुन बाँकी कार्यक्रमहरू**

महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाले प्रक्षेपित गरेका कार्यक्रमहरू मध्ये हालसम्म सुरू नै नभएका कार्यक्रमहरू देहाय बमोजिम रहेका छन् :

| सि.नं. | लक्ष्य | रणनीति | क्रियाकलाप | कार्यान्वयन हुन नसेकेको क्रियाकलापहरु |
|---|---|---|---|---|
| १. | १ | २ | ७ | दोभाषेको सेवा प्रदान गर्ने सम्बन्धी कार्यविधि तयार गरी लागू गर्ने |
| २. | १ | ३ | ८ | गम्भीर प्रकृतिका फौजदारी मुद्दा र नवीनतम फौजदारी कानूनहरूको कार्यान्वयनमा सहजीकरण गर्न कार्यसञ्चालन कार्यविधि (एसओपी) तयार गरी प्रकाशन गर्ने |
| ३. | १ | ५ | १० | सरकारी साक्षीलाई दिइने दैनिक भ्रमण भत्ता सम्बन्धी निर्देशिका तयार गर्ने |
| ४. | १ | ६ | १ | महान्यायाधिवक्ताको कार्यालयको अभियोजन अनुगमन मूल्यांकन महाशाखालाई सुदृढ बनाउने |
| ५. | २ | १ | १ | साक्षी परीक्षण सम्न्बन्धी दिग्दर्शन तयार गर्ने |
| ६. | २ | २ | ३ | मुद्दाको वर्गीकरण, दायरी दर्ता, लगत कट्टा र मिसिल व्यवस्थापन सम्बन्धी निर्देशिका तयार गर्ने |
| ७. | २ | ३ | ३ | पुनरावेदन तथा निवेदन गर्ने, नगर्ने सम्बन्धमा मापदण्ड निर्माण गर्ने |

| सि.नं. | लक्ष्य | रणनीति | क्रियाकलाप | कार्यान्वयन हुन नसेकेको क्रियाकलापहरु |
|---|---|---|---|---|
| ८. | ३ | ३ | ६ | विद्यमान जनशक्तिको आँकलन गरी आवश्यक विषयहरूमा उच्च अध्ययनका लागि अध्ययन विदाको मापदण्ड तयार गर्ने |
| ९. | ३ | ३ | ७ | विदेशमा कानूनको उच्च शिक्षाका लागि पठाउने व्यवस्था गर्ने |
| १०. | ३ | ४ | ४ | जनशक्ति व्यवस्थापन र विकासका लागि योजना तर्जुमा गर्ने |
| ११. | ३ | ५ | ७ | संक्रमणकालीन न्यायमा सरकारी वकीलको भूमिका विषयमा प्रशिक्षण प्रदान गर्ने |
| १२. | ३ | ५ | ८ | संवैधानिक आयोगका सिफारिसको अभियोजन सम्बन्धमा सरकारी वकीलको क्षमता अभिवृद्धि गर्ने |
| १३. | ३ | ७ | २ | कानून तर्जुमा र न्यायिक दृष्टिकोणको बारेमा सरकारी वकीलहरु बीच मासिक छलफल गर्ने |
| १४. | ३ | ६ | ४ | कानूनी राय सम्बन्धमा सरोकारवाला निकायहरूसँग छलफल गर्ने |
| १५. | ४ | २ | १३ | स्वीकृत मापदण्ड बमोजिक सवारी साधनको व्यवस्थापन गर्ने |
| १६. | ४ | ३ | २ | महान्यायाधिवक्ताको कार्यालयमा सूचना प्रविधिको केन्द्रीय अभिलेख राख्ने र उपत्यका बाहिरको कुनै जिल्लामा सोको व्याकअप राख्ने |
| १७. | ४ | ३ | ७ | सरकारी वकीलको दैनिक तथा मासिक कार्यसम्पादनको अवस्था वेभसाइटमा अद्यावधिक गर्ने |
| १८. | ४ | ४ | २ | समन्वय समितिबाट भएका निर्णयहरूको एकीकृत अभिलेख तयार गरी कार्यान्वयनको समीक्षा गर्ने |
| १९. | ४ | ७ | १ | मानव संसाधन नीति बमोजिम मानव संसाधनका प्राप्ति, विकास र व्यवस्थापन गर्ने |
| २०. | ४ | ७ | ४ | मानव संसाधन विकासका लागि उत्तराधिकार योजना सहितको दीर्घकालीन नीीत तय गर्ने |
| २१. | ४ | ७ | २,६ | सरुवा र वैदेशिक भ्रमण मापदण्ड निर्धारण गर्ने |
| २२. | ४ | ७ | ९ | अन्तर्राष्ट्रिय क्षेत्रमा नेपाल सरकारको तर्फबाट प्रतिनिधित्व गर्न सक्ने सरकारी वकीलको समूह तयार गर्ने |
| २३. | ४ | ८ | १ | अभियोजन प्रशिक्षण केन्द्रलाई आवश्यक पर्ने पूर्वाधार, जनशक्ति, स्रोतसाधनको व्यवस्था गर्ने |
| २४. | ४ | ८ | ४ | सबै तहका सरकारी वकीलको तालिम आवश्यकता पहिचान गर्ने |
| २५. | ४ | ९ | ४ | अपराधशास्त्रीय अनुसन्धान केन्द्रमा सर्वेक्षण प्रतिवेदनका आधारमा जनशक्तिको व्यवस्था गरी आवश्यक पूर्वाधारको व्यवस्थापन गर्ने |
| २६. | ४ | १२ | ७ | त्रैमासिक रुपमा योजनाको समीक्षा गरी प्रतिवेदन प्रस्तुत गर्ने |

माथि उल्लेख गरिएका क्रियाकलापहरु योजनाको मध्यावधि मूल्यांकनको समय अवधिसम्म कार्य प्रारम्भ नै नगरिएका मुख्य मुख्य क्रियाकलापहरु हुन् । कार्यान्वयन नै हुन नसकेका यी क्रियाकलापहरु र कार्यान्वनय भएका क्रियाकलापहरु बाहेक यस अवधिमा नै कार्य गर्ने गरी योजनाले प्रक्षेपण गरेका केही क्रियाकलापहरु कार्यान्वयनको लागि प्रारम्भ भएका, केही क्रियाकलापहरु आंशिक कार्यान्वयन भएका र केही क्रियाकलापहरु कार्यान्वयनको अन्तिम चरणमा रहेका छन् ।

**योजनाले आँकलन गरेका जोखिम र त्यसले योजना कार्यान्वयनमा पारेको प्रभाव**

रणनीतिक योजनाको तीन वर्षे अवधिमा भएका काम कारवाहीको तथ्याङ्कबाट समग्र मुद्दाको सफलता प्रतिशत वृद्धि भए पनि अझै अपेक्षित नतिजा प्राप्त भएको देखिएको पाइदैन । तथापि यस अवधिमा सरकारी वकील र कर्मचारीहरुका लागि क्षमता विकासका लागि विषयगत प्रशिक्षण कार्यक्रम संचालन भएको छ । सरकारी वकीललाई विषयगत रुपमा विशिष्टीकरण गर्नका लागि मापदण्ड स्वीकृत गरी विभिन्न विषयका पाठ्यक्रम तयार भई विशिष्टीकरण गर्ने कार्य भएको

छ । महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरुको कार्यालय भवन निर्माणमा लागि जग्गाको बन्दोबस्त तथा भवन निर्माणको अवस्था योजनाले प्रक्षेपण गरे अनुसार रहेको अवस्था छ । सवारी साधनको व्यवस्थापन सन्तोषजनक रहेको अवस्था छ । क्रमशः सरकारी वकील र कर्मचारीहरुमा योजनाबद्ध रुपमा काम गर्ने सोच प्रारम्भ भएको छ । मूलतः महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरुमा कार्यरत महान्यायाधिवक्तादेखि कार्यालय सहयोगीसम्मका सरकारी वकील तथा कर्मचारीहरु महान्यायाधिवक्ताको कार्यालयको परिदृश्य, परिलक्ष्य एवं उद्देश्य आदिका सम्वन्धमा साझा दृष्टिकोणका साथ धेरै हदसम्म परिचित भएका छन् ।

प्रस्तुत रणनीतिक योजना कार्यान्वयनका सन्दर्भमा आउन सक्ने जोखिमको र त्यसले योजना कार्यान्वयनमा पार्ने प्रभाव समेतको आँकलन योजना तर्जुमाको क्रममा गरिएकोमा योजनाको तीन वर्षमा अवधिको मूल्यांकन गर्दा योजनाले प्रक्षेपण गरे अनुसारको स्रोत साधन र जनशक्ति परिचालनमा नै मुख्य समस्या रहेको पाइयो । सरोकारवालाहरुसँग सहकार्य र समन्वयका लागि केन्द्रीय सम्मेलन, प्रादेशिक सम्मेलन, कार्यशाला, छलफल, अन्तरक्रिया र समन्वय बैठक गरिएको र त्यसले समन्यव, सहकार्यमा सकारात्मक प्रभाव पारेको भए पनि अपेक्षित परिणाम दिन सकेको पाइएन । महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरुमा कार्यरत सरकारी वकील र कर्मचारीहरुले योजनाप्रति देखाउनु पर्ने अपनत्वभाव र सो अनुसार योजनाबद्ध रुपमा कार्य संचालन गर्नु पर्नेमा सो हुन सकेको पाइएन । योजना अवधिमा नयाँ कानूनका रुपमा संहिताहरु लागू भएको र त्यसले कार्य प्रकृतिमा पारेको प्रभाव अनुसार थप जनशक्ति परिचालन गर्नु पर्ने अवस्थामा पुरानै दरवन्दी र संगठन संरचना अनुसार कार्य संचालन गर्नु पर्ने बाध्यता रहेको अवस्था छ । योजनाले प्रक्षेपण गरेका क्रियाकलापहरु तोकिएको समयमा सम्पन्न गर्न नसक्दा ती क्रियाकलापहरु पछिल्ला अवधिमा थप हुँदै जाने समस्या योजना अवधिमा रह्यो । त्यसले योजना कार्यान्वयनमा जटिलता थप्दै गएको अवस्था छ ।

**योजनाको कार्यान्वयनको क्रममा पहिचान भएका समस्या तथा चुनौतीहरु**

रणनीतिक योजनाले प्रक्षेपण गरेका क्रियाकलापहरुको कार्यान्वयनबाट योजनाले निर्धारित गरेका लक्ष्य हासिल हुन सक्ने अवस्था हुन्छ । योजनाको कार्यान्वयनको अवस्थामा योजनाले प्रक्षेपित गरेका क्रियाकलापहरु संचालन गर्न आवश्यक स्रोत, साधन, जनशक्तिका साथै सरोकारवाला निकायहरुको सहयोग र साथ आवश्यक हुन्छ । यी अवस्थाहरुलाई सही रुपमा परिचालन र व्यवस्थापन गर्ने सक्षम जनशक्तिको पनि उत्तिकै भूमिका रहेको हुन्छ । प्रस्तुत योजनाको कार्यान्वयनको क्रममा देखिएका समस्या र चुनौतीहरुलाई देहाय बमोजिम उल्लेख गरिएको छ :

- योजना कार्यान्वयका लागि प्रक्षेपण गरिए बमोजिमको बजेट प्राप्त नहुनु स्वयंमा एउटा मुख्य समस्या रहेकोमा प्राप्त बजेट एवं स्रोत साधनहरूको वितरण र खर्च पनि योजनासँग र योजनाद्वारा निर्धारित प्राथमिकताहरूसँग आबद्ध तुल्याउन नसकिएको अवस्था समेत छ ।
- योजना कार्यान्वयनका लागि अत्यावश्यक रहने योजना प्रति नेतृत्व तह देखि तल्लो तहसम्मका जनशक्तिको स्वामित्वभाव रहनु पर्नेमा सोको अभाव देखिएको, योजना कार्यान्वयनका लागि आवश्यक पर्ने लगाव र क्षमताको अभाव देखिएको महसुस भएकोमा त्यसलाई यथोचित रुपमा सम्बोधन गर्नु पर्ने अवस्था देखिएको छ ।
- मुलुकी अपराध संहिताहरुको कार्यान्वयनसँगै महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरूमा कार्यबोझको अनुपातमा पर्याप्त संख्यामा जनशक्ति उपलव्ध हुन नसकेकोले कार्य सञ्चालन गर्न असहज भएको र प्रक्षेपण गरेका कार्यक्रमहरू समयमा र प्रभावकारी रूपमा सञ्चालन हुन नसकेको अवस्था छ ।
- सरकारी वकील कार्यालयबाट सम्पादन हुने कार्यमा प्रविधिको प्रयोग र कार्य संचालन र सेवा प्रवाहमा सुधार ल्याउने उद्देश्यले E–attorney कार्यक्रम अगाडि बडाइएको र त्यसका लागि आवश्यक सफ्टवेयरको निर्माण समेत गरिएकोमा ती सफ्टवेयरको प्रयोग गरी कार्यसम्पादनमा आबद्ध गर्नका लागि जनशक्तिलाई परिचालन गर्न नसकिएको अवस्था छ । सूचना र सञ्चार प्रविधिको प्रयोगको क्षेत्रमा वर्तमान अवस्थाको आंकलन र भविष्यको गन्तव्य निर्धारण गरी दीर्घकालिन, मध्यकालिन एवं अल्पकालिन कार्यक्रमका साथ अगाडि बढ्न नसकिएको अवस्था छ ।
- योजनामा प्रक्षेपित लक्ष्यहरूको प्राप्तिमा महान्यायाधिवक्ताको कार्यालयको मात्र एक्लो प्रयास पर्याप्त नहुने हुँदा सरोकारवाला निकायहरूबाट सकारात्मक सहयोग प्राप्त गर्नेतर्फ केही प्रयासहरु भएतापनि पर्याप्त रूपमा सम्वाद वा छलफल हुन नसकेका कारण अपेक्षित सहयोग लिन सकिएको छैन ।
- योजना कार्यान्वयनका लागि विशेष सीप र दक्षता आवश्यक पर्ने भएपनि योजना अवधिमा योजना कार्यान्वयनको जिम्मेवारीमा रहेका सरकारी वकील तथा कर्मचारीहरूका लागि योजना कार्यान्वयनसँग सम्बन्धित सीप र दक्षता विकासका लागि सीप हस्तान्तरण गर्नेतर्फ अपेक्षित प्रगति हुन सकेको देखिँदैन । सरकारी वकीलहरु नियमित मुद्दाको काम कारवाहीको कार्यबोझसँगै योजना कार्यान्वयनका लागि क्रियाशील हुनु पर्ने अवस्था छ ।

- प्रत्येक सरकारी वकील कार्यालयको आफ्नो कार्ययोजना तयार गरी सो अनुसार आफ्ना क्रियाकलापहरु संचालन गर्नु पर्दछ । तर, अधिकांश सरकारी वकील कार्यालयहरूले आफ्नो वार्षिक कार्ययोजना समयमा तयार गर्ने र सो बमोजिम कार्य संचालन गर्ने अभ्यास हुन सकेको छैन ।
- योजनाले प्रक्षेपण गरेका क्रियाकलापहरु निर्धारित समयावधिमा क्रियाकलापहरु संचालन गर्न नसक्दा योजनाले प्रक्षेपण गरेका क्रियाकलापहरु पछिल्ला वर्षहरुमा थपिँदै जाने हुँदा पछिल्ला वर्षहरुका क्रियाकलपाहरु समेत प्रभावित भएको अवस्था छ ।
- सरकारी वकील कार्यालयहरुबाट कार्यसम्पादनको क्रममा आई परेका कानूनी समस्याहरुलाई तत्कालै सम्बोधन गरी सहजीकरण हुन नसक्दा त्यसले समस्यामूलक कार्य लगायत अन्य दैनिक कार्यमा समेत असर पार्ने गरेकोमा आवश्यक कानूनी प्रवन्धको अभावमा कार्य संचालनमा समस्या परेको अवस्था छ ।
- अपराधको प्रवृत्ति, फौजदारी कानूनको कार्यान्वयनको अवस्था, विद्यमान दण्डनीतिको प्रभावकारिता लगायत अपराधका विभिन्न पक्षहरूको व्यवस्थित अध्ययन तथा अनुसन्धान गरी फौजदारी न्याय प्रणालीमा गरिनुपर्ने सुधार सम्बन्धी सुझाव दिन अपराधशास्त्रीय अनुसन्धान केन्द्रको सुदृढीकरणका लागि विज्ञसहितको छुट्टै जनशक्ति पूर्णकालीन रूपमा खटाउन आवश्यक रहेकोमा सो बमोजिमको व्यवस्था हुन नसकेको अवस्था छ ।
- अपराध अनुसन्धानमा संलग्न अनुसन्धान अधिकारी, अभियोजनमा संलग्न रहने सरकारी वकील तथा कर्मचारीहरूलाई अभिमुखीकरण गर्नका लागि अभियोजन प्रशिक्षण केन्द्रलाई पर्याप्त स्रोत, साधन र जनशक्तिको व्यवस्था गरी सुदृढीकरण गर्नु पर्नेमा सो हुन सकेको अवस्था छैन ।
- योजना कार्यान्वयन संयन्त्रको रूपमा महान्यायाधिवक्ताको कार्यालयमा रहेको योजना, अनुसन्धान तथा अनुगमन विभागलाई जिम्मेवारी दिइएकोमा योजना कार्यान्वयन र अनुगमनका लागि आवश्यक भौतिक एवं जनशक्तिको व्यवस्था नहुँदा यसले अपेक्षित भूमिका खेल्न सकेको अवस्था छैन । योजना कार्यान्वयनको निरन्तर अनुगमन र मूल्यांकनको कार्य हुन सकेको छैन । त्यसैगरी मातहतका सरकारी वकील कार्यालयहरुका योजना कार्यान्वयन संयन्त्रहरूको व्यवस्था गर्न र प्रभावकारिता वृद्धि गर्नसमेत सकिएको छैन । साथै ती विभाग, महाशाखा र उच्च सरकारी वकील कार्यालयहरुमा योजना कार्यान्वयन शाखामा पूर्णकालीन जनशक्ति तथा आवश्यक स्रोत साधनको व्यवस्थापन गर्न नसकिएको कारण योजना कार्यान्वयन, त्यसको अनुगमन र मूल्यांकनमा असर परेको छ ।

**समस्या समाधानका उपायहरु**

- रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने मुख्य आधार योजनाले प्रक्षेपण गरे अनुसार को बजेट विनियोजन हुनु पर्नेमा मूल्यांकन अवधिसम्म प्राप्त आर्थिक स्रोत अत्यन्तै न्यून रहेको अवस्थामा योजनाले प्रक्षेपण गरे अनुसारको बजेट विनियोजन हुनु पर्ने देखिन्छ ।
- योजना कार्यान्वयका लागि प्राप्त भएको बजेट एवं स्रोत साधनहरूको वितरण र खर्च गर्दा योजनासँग र योजनाद्वारा निर्धारित क्रियाकलापहरुमा प्राथमिकता क्रम अनुसार खर्च गर्ने अभ्यास गर्नु पर्ने अवस्था रहको छ ।
- योजना कार्यान्वयनका लागि योजना प्रति नेतृत्व तह देखि तल्लो तहसम्मका जनशक्तिको स्वामित्वभाव विकास गरी कार्य गर्नु पूर्व आवधिक रुपमा कार्य योजना बनाउने र सो बमोजिम कार्य संचालन गर्ने पद्धतिको विकास गर्नु पर्ने देखिन्छ ।
- मुलुकी अपराध संहिताहरुको कार्यान्वयनसँगै महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरूमा कार्यबोझको अनुपातमा आवश्यक संरचना र जनशक्तिको व्यवस्थापन गर्नु पर्ने अवस्था रहेको छ ।
- सरकारी वकील कार्यालयबाट सम्पादन हुने कार्यमा प्रविधिको प्रयोग गरी कार्य संचालन र सेवा प्रवाहमा सुधार ल्याउने उद्देश्यले E–attorney कार्यक्रमलाई कार्य प्रक्रियामा आबद्ध गर्न सो संचालन गर्ने जनशक्तिको व्यवस्थापन गर्नु पर्ने अवस्था छ ।
- योजनामा प्रक्षेपित लक्ष्यहरूको प्राप्तिमा सरोकारवाला निकायहरूबाट सकारात्मक सहयोग, साथ प्राप्त गर्नका लागि निरन्तर सम्वाद, सम्पर्कमा रहनु पर्ने र आपसी समन्वयबाट देखिएका समस्या हल गर्नेतर्फ योजना अवधिमा प्रारम्भ गरिएका सकारात्मक प्रयासहरुलाई निरन्तरता दिई कार्य परिणाममा जोड दिने गरी समन्वयात्मक सम्बन्ध विस्तार गर्नु पर्ने देखिन्छ ।
- योजना कार्यान्वयनका योजना बमोजिम कार्य संचालन गर्न योजना प्रतिको अपनत्व, समर्पणका साथै सो बमोजिमको विशेष सीप र दक्षता आवश्यक पर्ने हुँदा सरकारी वकील तथा कर्मचारीहरूका लागि योजना कार्यान्वयनसँग सम्बन्धित सीप र दक्षता विकासका लागि सीप हस्तान्तरणका कार्यक्रमहरु संचालन गर्नु पर्ने अवस्था रहको छ ।

- योजनाले प्रक्षेपण गरेका क्रियाकलापहरु निर्धारित समयावधिमा सम्पन्न गर्नका लागि नेतृत्व देखि सबै सरकारी वकील र कर्मचारी योजना बमोजिम परिचालित भई योजनाले प्रक्षेपण गरेकै अवधिमा क्रियाकलापहरु संचालन गर्ने अभ्यास गर्नु पर्ने अवस्था छ ।
- अपराधको प्रवृत्ति, फौजदारी कानूनको कार्यान्वयनको अवस्था, विद्यमान दण्डनीतिको प्रभावकारिता लगायत अपराधका विभिन्न पक्षहरूको व्यवस्थित अध्ययन तथा अनुसन्धान गरी फौजदारी न्याय प्रणालीमा गरिनुपर्ने सुधार सम्बन्धी सुझाव दिन अपराधशास्त्रीय अनुसन्धान केन्द्रको सुदृढीकरण गर्नु पर्ने अवस्था छ ।
- अपराध अनुसन्धानमा संलग्न अनुसन्धान अधिकारी, अभियोजनमा संलग्न रहने सरकारी वकील तथा कर्मचारीहरूलाई अभिमुखीकरण गर्नका लागि अभियोजन प्रशिक्षण केन्द्रलाई पर्याप्त स्रोत, साधन र जनशक्तिको व्यवस्था गरी सुदृढीकरण गर्नु आवश्यक छ ।
- योजनाले प्रक्षेपण नगरेका तर सरकारी वकील कार्यालयको सेवा प्रवाहसँग जोडिएका केही क्रियाकलापहरु (जस्तै: सरकारी वकीलहरुको राष्ट्रिय सम्मेलन, सरकारी वकील र अनुसन्धानकर्ता बीचको राष्ट्रिय सम्मेलन, नमुना सरकारी वकील कार्यालय, हेलो साक्षी कार्यक्रम आदि) पनि योजना अवधिमा सम्पन्न भएका छन् । ती क्रियाकलापहरुलाई योजनामा समावेश गरी निरन्तरता दिन उपयुक्त देखिन्छ ।
- महान्यायाधिवक्ताको कार्यालयमा योजना अनुगमन मूल्यांकन महाशाखा र उच्च सरकारी वकील कार्यालयहरुमा योजना कार्यान्वयन शाखाको स्थापना र पूर्णकालीन जनशक्ति तथा आवश्यक स्रोत साधनको व्यवस्थापन गरी योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु पर्ने अपरिहार्यता रहेको छ ।

रणनीतिक योजना कार्यसम्पादनलाई समय सारिणी, अनुमानयोग्य, योजनाबद्ध र परिणामुखी बनाउनका लागि पूर्व अनुमानित काम कारबाहीको खाका हो । योजना आफै कार्यान्वयन हुने होइन । योजना कार्यान्वयन गर्ने जनशक्तिबाट नै हो । योजना कार्यान्वयनका लागि मानव संसाधनले आफू अनुकूल योजनालाई लैजाने नभई योजना अनुसार आफू निर्देशित भई कार्य संचालन गर्नु अत्यावश्यक हुन्छ । योजनाबद्ध, अनुशासित र समस सारिणीमा रही कार्य गर्न अभ्यासरत हुनु पर्दछ । योजनाले निर्धारण गरेको लक्ष्य प्राप्तिका लागि त्यसले प्रक्षेपण गरेको रणनीति र क्रियाकलापहरु योजनाको भाषा अनुसार संचालन र कार्यान्वयन गर्नु पर्दछ । यसबाट नै हामीले योजना सफलतापूर्वक कार्यान्वयन गर्न सक्दछौं र त्यसले हामीलाई अपेक्षित परिणाम प्रदान गर्दछ । संस्थागत सुधारका लाीग गरिने प्रयास वैयक्तिक हितको विषय हुनु हुँदैन । त्यसको नतिजा कार्यसम्पादन सुधारबाट मूल्यांकन गरिनु पर्दछ । यसबाट हामीले सम्पादन गर्ने कार्य र सेवा प्रभावमा गुणात्मकता, विश्वसनीयता र स्तरीयता प्रदान गर्दछ । यसले सरकारी वकील कार्यालयबाट प्रदान गरिने सेवा प्रभावकारी भई सेवाग्राहीको सन्तुष्टिमा अभिवृद्धि हुन्छ । सरकारी पक्षको प्रभावकारी प्रतिनिधित्व र प्रतिरक्षा हुन जान्छ ।

## ६. रणनीतिक सुधारका क्षेत्रहरु

संस्थागत सुदृढीकरण र व्यवसायिकतामा केन्द्रित रही तय भएको यस दोश्रो पञ्चवर्षीय रणनीतिक योजनाले लिएको ४ बटा लक्ष्य परिपूर्तिका लागी २९ बटा रणनीतिहरु र २१८ बटा क्रियाकलापहरु निर्धारण गरिएको थियो । योजना कार्यान्वयनको तीन वर्षको अवधिको प्रगति समीक्षा गर्दा योजनाको लक्ष्य, उद्देश्य र रणनीतिमा कुनै परिवर्तन गर्नुपर्ने अवस्था देखिएन । तथापि देशको फौजदारी प्रशासनको मियोको रुपमा रहेको मुलुकी ऐनको प्रतिस्थापन भई मुलुकी अपराध संहिता, मुलुकी फौजदारी कार्यविधि संहिता लगायतका कानुनहरु कार्यान्वयनमा आएको बर्तमान परिप्रेक्ष्यमा ती कानूनहरुको प्रभावकारी कार्यान्वयन गर्दै न्याय प्रशासनमा सरकारी वकीलको भूमिका अझ प्रभावकारी बनाउन, महान्यायाधिवक्ताज्यूबाट पद बहाली भएपछि एक वर्षमा भएका संस्थागत सुधारका कार्यहरुको समीक्षा र सार्वजनिक भएको नयाँ कार्ययोजना एवम् मध्यावधि मूल्यांकनको छलफलबाट आएका सुझाव तथा महान्यायाधिवक्ताज्यूबाट संस्थागत सुधारका लागि प्राप्त सुझाव समेतका आधारमा रणनीतिक योजनाको कार्यान्वयन गर्दा बाँकी दुई वर्षमा देहायका विषय समेत समावेश गरी योजना कार्यान्वयन गर्नु उपयुक्त हुने देखिन्छ ।

| लक्ष्य नं | रणनीति नं | थप गर्न उपयुक्त हुने कार्यक्रम | कैफियत |
|---|---|---|---|
| १ | २ | १.प्यारोल र प्रोवेसन बोर्डको सचिवालय व्यवस्थापन र संचालन<br>२.सजाय सुझाव समितिको सचिवालय व्यवस्थापन र संचालन | |
| | ५ | १. अपराध पीडितको हक सम्बन्धी कानुनको कार्यान्वयन सम्बन्धी<br>२. बालसुधार गृहको विस्तारका लागि सहजीकरण<br>३. पीडित तथा साक्षी संरक्षण निर्देशिका पुनरावलोकन र कार्यान्वयन | |

| | | | |
|---|---|---|---|
| | | ४. पीडित संरक्षण सुझाव समितिको सचिवालय व्यवस्थापन<br>५. पीडित संरक्षण सुझाव संचालन निर्देशिका तयार गर्ने | |
| | ६ | १. अभियोजन नीतिको पुनरावलोकन<br>२.नमुना अभियोगपत्र तयारी<br>३. उत्कृष्ट अभियोगपत्र प्रकाशन<br>४. अभियोगपत्र लेखन सम्बन्धी तालिम<br>५. प्रमाण कानूनसम्बन्धी प्रशिक्षण | |
| २ | १ | १.प्रयोगशालाको स्तरोन्नती र विकास | |
| | २ | १.मिसिलको अभिलेख र धुल्याउने पद्दतिको व्यवस्थापन | |
| | ३. | १.दो.पा.,पुनरावेदन र निवेदन मस्यौदा तयारी सम्बन्धी तालिम | |
| | ४ | १.अदालतबाट जारी भएका आदेश र प्रतिपादन भएका सिद्धान्तको कार्यान्वयन | |
| ३ | ३<br>५ | विशिष्टीकरण तालिमको पूनर्ताजकी<br>१.मध्यस्थता सम्बन्धी प्रशिक्षण कार्यक्रम संचालन | |
| | ७ | १. मुलुकी संहिताको प्रभावकारी कार्यान्वयनका लागि तालिम संचालन<br>२. मौलिक हक सम्बन्धी कानुनको कार्यान्वयन सम्बन्धमा प्रशिक्षण<br>३. सजाय निर्धारण तथा कार्यान्वयन सम्बन्धी व्यवस्थाको सम्बन्धमा तालिम | |
| ४ | ३ | १.एकिकृत सूचना प्रविधि प्रणाली निर्माण<br>२.इन्ट्रानेट मार्फत सञ्जालीकरण गरिने<br>३. फौजदारी मुद्दाको अभिलेखलाई बैज्ञानिक र व्यवस्थित गर्न डाटा सेन्टरको स्थापना | |
| | ४ | १. समन्वय समितिको क्रियाशीलता<br>२.प्रहरीसँगको समन्वयमा संयूक्त रुपमा समुदायमा सरकारी वकील कार्यक्रम संचालन गर्ने<br>३. जातिय भेदभाव तथा छुवाछुत विरुद्धका जनचेतनामूलक कार्यक्रमहरु संचालन | |
| | ५ | १. सरकारी वकील कार्यालयको निरन्तर अनुगमन तथा अभियोजन परीक्षण<br>२. नमुना सरकारी वकील कार्यालयको प्रभाव मूल्यांकन र विस्तार<br>३. अनुगमन पद्दतिलाई समय सारिणीमा लैजाने र सोको प्रतिवेदन व्यवस्थित गर्ने<br>४. पत्रकार भेटघाट<br>५. महान्यायाधिवक्ताको कार्यालयमा हेल्पडेस्कको स्थापना | |
| | ६ | १.विद्युतीय माध्यमबाट पुस्तकालयमा पहुँच विस्तार गर्ने<br>२.पुस्तकालय पुस्तक तथा पाठ्यसामग्रीको वर्गीकरण तथा सूचीकरण गर्ने | |
| | ७ | १. इन्टरनेशनल एशोसिएशन अफ प्रोसिक्युटरमा क्रियाशीलता<br>२. कार्य सम्पादन करार<br>३. नेपाली भाषा लेखन तालिम<br>४. कार्यालय भवन निर्माण र सार्वजनिक खरिद प्रक्रिया विषयक तालिम | |

## ७. निष्कर्ष

महान्यायाधिवक्ताको कार्यालय संस्थागत सुधारका प्रयाससहित अगाडि बढेको छ । योजनाबद्ध रूपमा कार्य गर्न थालिएको छ । हिजोको तुलनामा सुधारका कार्यहरू अगाडि बढेका छन् । सुधार अरुले गरिदिने विषय होइन । हामी योजना कार्यान्वयनमा अभ्यस्त देखिएका छैनौं । आलोचना गरेर मात्र अबको संस्था अगाडि बढ्दैन । अब सबैले आ-आफ्नो

तहमा नेतृत्व लिनु पर्दछ । गुनासो व्यवस्थापन गर्नु पर्दछ । स्रोत साधन र अवसरको न्यायोचित वितरणले नै संस्थागत सुधारका लागि सहयोग गर्दछ । अव सुधारको कार्यमा प्रतिस्पर्धा गर्नु पर्दछ । नतिजामा सुधारका कार्यले अग्रसरता ल्याउनु पर्दछ । उपलव्ध स्रोत साधनको उचित उपयोग गर्नु पर्दछ । जनविश्वास आर्जन गर्नका लागि आचरण र व्यवहारमा सुधार हुन आवश्यक छ । संस्था भनेको सबै जनशक्तिको साझा योग हो । हाम्रो संस्था राम्रो बनाउने दायित्व पनि हामीसँगै छ । तसर्थ सुधारको प्रतिबद्धता सहित सरकारी वकीलको व्यावसायिकता विकास र सरकारी वकील कार्यालयको संस्थागत सुधारमा अग्रसर हुनु पर्दछ ।

## २. निर्णयहरु

## १. माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलज्यूको अध्यक्षतामा Corona virus (Covid-19) व्यवस्थापन गर्ने विषयमा भएका निर्णयहरु

### १. मिति २०७६।१२।०६ को निर्णय

**निर्णयहरु**

१. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५ तथा फौजदारी कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ को नियम २२ अनुसार अपराध अनुसन्धानको क्रममा शंकित व्यक्तिलाई कसूरको गम्भीरता र संवेदनशीलता एवम् निजलाई लागेको आरोपको प्रकृतिसमेतलाई विचार गरी धरौटी लिने वा हाजिर जमानीमा छाड्ने वा तारिखमा राख्ने गरी तत्काल कार्यान्वयन गर्न अनुसन्धान गर्ने निकायहरु र सरकारी वकील कार्यालयहरुलाई निर्देशिन दिन महान्यायाधिवक्ताको कार्यालय, प्रहरी प्रधान कार्यालय र सम्बन्धित केन्द्रीय निकायलाई लेखी पठाउने ।

२. फौजदारी कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ को नियम २५ अनुसार अपराध अनुसन्धानको क्रममा कसूरको गम्भीरता र संवेदनशीलता एवम् निजलाई लागेको आरोपको प्रकृतिसमेतलाई विचार गरी शंकित व्यक्तिलाइ पक्राउ नगरी अनुसन्धान गर्ने व्यवस्था कार्यान्वयन गर्न अनुसन्धान गर्ने निकायहरु र सरकारी वकील कार्यालयहरुलाई निर्देशिन दिन महान्यायाधिवक्ताको कार्यालय, प्रहरी प्रधान कार्यालय र अनुसन्धान गर्ने निकायका सम्बन्धित केन्द्रीय निकायलाई लेखी पठाउने ।

३. बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २७(१)(क) को दिशान्तर सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न अनुसन्धान गर्ने निकायलाई निर्देशन दिन प्रहरी प्रधान कार्यालय र सम्बन्धित केन्द्रीय निकायलाई लेखी पठाउने । सोही ऐनको दफा २७(१)(ख) बमोजिमको दिशान्तर सम्बन्धी व्यवस्था अझ प्रभावकारी रुपमा कार्यान्वयन गर्न सरकारी वकील कार्यालयहरुलाई निर्देशन दिन महान्यायाधिवक्ताको कार्यालयलाई लेखी पठाउने ।

४. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ अनुसार कैद वापत रकम लिई कैदबाट छाडिदिन सक्ने व्यवस्थाको कार्यान्वयनका लागि, बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६(५) अनुसार बालसुधार गृहमा रहेका बालबालिकाहरुलाई भएको सजाय स्थगन गर्न सकिने व्यवस्था कार्यान्वयनका लागि र सोही ऐनको दफा २७(१)(ग) को दिशान्तर सम्बन्धी व्यवस्था कार्यान्वयन गर्नका लागि आवश्यक प्रबन्ध गर्न सम्मानित सर्वोच्च अदालत र केन्द्रीय बाल न्याय समितिलाई अनुरोध गर्ने ।

५. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५९ अनुसार अदालतबाट फैसला भई सजाय ठेकिएका व्यक्तिका हकमा सजाय माफी दिने सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न सो संहिताको दफा १९७ (१)(छ) बमोजिम निर्देशिका समेत तत्काल जारी गरी लागू गर्न आवश्यक प्रबन्ध गर्न गृह मन्त्रालयलाई लेखी पठाउने ।

६. फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७ अनुसार कैद कट्टा हुन सक्ने कानूनी व्यवस्था तत्काल कार्यान्वयन गर्न र सो सम्बन्धी कानूनी व्यवस्थामा सुधार गर्न प्राथमिकतापूर्वक प्रक्रिया अगाडि बढाउन गृह मन्त्रालयलाई लेखी पठाउने ।

७. जेष्ठ नागरिक ऐन, २०६३ को दफा १२ को व्यवस्था र सोको कार्यान्वयनका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट नरध्वज गुरुङको रिट (नि.नं. ९९९८), हिमालयभक्त प्रधानांगको रिट (नि.नं. ९७४५) र पेम्बा गुरुङको रिट (नि.नं. १०२१९) मा भएको आदेशसमेतलाई दृष्टिगत गरी कैदमा रहेका जेष्ठ नागरिकलाई तत्काल कैद छुट दिने निर्णयका लागि गृह मन्त्रालयलाई लेखी पठाउने । साथै, जेष्ठ नागरिक ऐन, २०६३ को दफा १२ र सर्वोच्च अदालतबाट नरध्वज गुरुङको रिटमा भएको व्याख्यालाई समेत दृष्टिगत गरी कैद छुट नियमावली, २०७६ मा आवश्यक परिमार्जन गर्न गृह मन्त्रालयमा लेखी पठाउने ।

### २. मिति २०७७।०१।०४ को निर्णय

**निर्णयहरु :**

१. कोभिड १९ को महामारीको विषम परिस्थितिमा समेत जोखिममा रहेर पनि अपराध अनुसन्धान, अभियोजन र न्यायिक कारवाहीमा सहयोग, सहकार्य र समन्वय गर्ने कार्यमा क्रियाशील अपराध अनुसन्धान गर्ने अनुसन्धान अधिकारी, अभियोजन गर्ने सरकारी वकील, न्याय सम्पादनमा क्रियाशील माननीय न्यायाधीशहरु र सम्बद्ध कर्मचारीहरु समेत सबैमा हार्दिक धन्यवाद ज्ञापन गरियो ।

२. फौजदारी न्याय प्रशासनसँग सम्बद्ध पदाधिकारीहरुको उपस्थितिमा महान्यायाधिवक्ताको कार्यालयमा मिति २०७६ चैत्र ६ गते बसेको बैठकबाट भएको निर्णय कार्यान्वयनको अवस्था र हालसम्म बाल सुधार गृह, कारागार तथा हिरासत कक्षमा रहेका व्यक्तिहरुलाई थुना मुक्त गरिएको विषयमा समेत छलफल गरियो । बाल सुधार गृहमा रहेका बालबालिकाहरुलाई बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (५) बमोजिम अभिभावकको जिम्मा लगाउने समेतका उपायको अवलम्बन र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिम कैद वापत रकम बुझाउने व्यवस्थाको कार्यान्वयनबाट बाल सुधार गृह र कारागारको चाप कम गर्न सहयोग पुगेको देखिँदा उक्त प्रक्रियालाई निरन्तर अभ्यास गर्न सम्बद्ध निकायहरुलाई थप अग्रसर हुन लेखी पठाउने ।

३. कैदमा रहेका जेष्ठ नागरिकहरुलाई जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १२ बमोजिम उमेरको आधारमा कैद सजायमा छुट दिने सम्बन्धी व्यवस्थाको कार्यान्वियनका सम्बन्धमा गृह मन्त्रालयले माग गरेको कानूनी राय महान्यायाधिवक्ताको कार्यालयबाट पठाई सकिएको सन्दर्भमा सो व्यवस्थाको कार्यान्वयन प्रारम्भ भएको जानकारी कारागार व्यवस्थापन विभागबाट प्राप्त भयो । सो कानूनी व्यवस्थाको प्राथमिकतापूर्वक कार्यान्वयनका लागि गृह मन्त्रालयमा लेखी पठाउने ।

४. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५ तथा फौजदारी कसूर अनुसन्धान नियमावली, २०७५ को नियम २० र २५ बमोजिम अपराध अनुसन्धानको क्रममा रहेका अभियुक्तलाई बाध्यात्मक अवस्थामा बाहेक थुनामा नराखी अनुसन्धान गर्ने व्यवस्थालाई अझै प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन प्रहरी प्रधान कार्यालय र महान्यायाधिवक्ताको कार्यालयले मातहतका कार्यालयहरुलाई निर्देशन दिने ।

५. तत्काल पक्राउ नगरी नहुने प्रकृतिका कसूरमा अनुसन्धानका लागि पक्राउ गरिएका शंकितहरुलाई कोभिड १९ समेतको स्वास्थ्य परीक्षण गर्ने व्यवस्थालाई अनिवार्य गर्ने, स्वास्थ्य जाँच पश्चात कोभिड १९ को शंकास्पद देखिएका त्यस्ता व्यक्तिलाई हिरासतमा रहेका अरु थुनुवासँग सम्पर्कमा नआउने गरी छुट्टै राख्ने व्यवस्था गर्न मातहत कार्यालयलाई निर्देशन दिन प्रहरी प्रधान कार्यालय तथा अपराध अनुसन्धान गर्ने अन्य निकायका केन्द्रीय निकायमा लेखी पठाउने । अदालतमा अभियोग पत्र दर्ता भई थुनछेक हुन बाँकी भएका मुद्दाहरुमा अभियुक्तहरुको समेत तत्काल कोभिड १९ समेतको स्वास्थ्य परीक्षण गराउने व्यवस्थाका लागि अनुसन्धान गर्ने निकायहरुलाई निर्देशन गर्न प्रहरी प्रधान कार्यालय र अनुसन्धान गर्ने निकायका केन्द्रीय निकायलाई लेखी पठाउने ।

६. अदालत वा मुद्दा हेर्ने अधिकारीको फैसला वा आदेश अनुसार थुनामा राख्न कारागारमा पठाइएका व्यक्तिहरुको कोभिड १९ समेतको स्वास्थ्य परीक्षण प्रतिवेदनको प्रतिलिपिको अभिलेख राखी मात्र थुनामा राख्ने व्यवस्था गर्न कारागार व्यवस्थापन विभागमा लेखी पठाउने । सो कार्यका लागि सहजीकरण गर्न मातहत सरकारी वकील कार्यालयलाई महान्यायाधिवक्ताको कार्यालयले लेखी पठाउने ।

७. अपराध अनुसन्धान गर्ने प्रयोजनका लागि पक्राउ परेका व्यक्ति तथा अदालत वा मुद्दा हेर्ने निकाय वा अधिकारीको आदेशअनुसार थुनामा राख्न पठाउनु पर्ने व्यक्तिहरुलाई प्राथमिकतापूर्वक कोभिड १९ समेतको स्वास्थ्य परीक्षण गर्ने व्यवस्थाका लागि स्वास्थ्य संस्था वा अस्पतालहरुलाई आवश्यक समन्वय गर्न र निर्देशन दिनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाउने । प्रादेशिक अस्पतालहरुलाईसमेत सो कार्यमा सहयोग गर्नका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयहरुमा लेखी पठाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई अनुरोध गर्ने ।

८. कारागार तथा हिरासत कक्ष एवम् बाल सुधार गृहहरुमा कुनै पनि प्रकारको संक्रमणको प्रभाव पर्न नदिनका लागि आवश्यक सुरक्षा र सावधानीका उपायहरु अवलम्बन गरी मानवोचित व्यवहारको प्रत्याभूति गर्नका लागि आवश्यक प्रबन्ध गर्न र ती स्थानहरुमा संक्रमण विरुद्ध सचेतनामूलक र मनोसामाजिक परामर्श समेतका कार्यक्रम सञ्चालन गर्न महिला, बालबालिका तथा जेष्ठनागरिक मन्त्रालय, प्रहरी प्रधान कार्यालय र कारागार व्यवस्थापन विभागमा लेखी पठाउने ।

९. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६ को उपदफा (६), दफा १८४ र फौजदारी कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ को नियम २२ समेत बमोजिम अपराध अनुसन्धानका लागि गरिने प्रमाण संकलन तथा अभियुक्तको बयान, म्याद थप तथा अन्य काम कारवाही गर्दा सुरक्षित तवरले गर्ने, सामाजिक दुरी कायम गर्ने, विद्युतीय माध्यमबाट मिसिल कागजातको सम्प्रेषण गर्ने, सम्भव भएसम्म श्रव्यदृश्यको माध्यमबाट अभियुक्त वा थुनुवा उपस्थित गराउने लगायतका उपायहरु अवलम्बन गर्नका लागि महान्यायाधिवक्ताको कार्यालय, गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालय, कारागार व्यवस्थापन विभाग र अपराध अनुसन्धान गर्ने अन्य निकायहरुका केन्द्रीय निकायहरुलाई लेखी पठाउने । सो बमोजिम गर्न आवश्यक सहजीकरणका लागि सम्मानीत सर्वोच्च अदालतलाई अनुरोध गर्ने ।

१०. सम्मानित सर्वोच्च अदालतबाट जारी भएको मिति २०७७।१।१ को पत्र बमोजिम अदालतमा गरिने म्याद थप, थुनछेक वा बन्दी प्रत्यक्षीकरण समेतका विषयमा बहसका लागि सरकारी वकीलहरुले सम्बन्धित अदालतसँग समन्वय गरी सम्भव भएसम्म विद्युतीय माध्यमको प्रयोग गरी अदालतमा भिडभाड कम गर्न मातहत सरकारी वकील कार्यालयलाई महान्यायाधिवक्ताको कार्यालयबाट लेखी पठाउने ।

११. कोभिड १९ को महामारीलाई रोकथाम गर्ने प्रयोजनका लागि नेपालका अदालत, सरकारी वकील कार्यालय, प्रहरी कार्यालय लगायत अन्यत्र रहेका हिरासत कक्ष, कारागार र बाल सुधार गृहहरुमा आवश्यकता अनुसार Disinfection गराउने व्यवस्था हुन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाउने ।

## २. समन्यव समितिका निर्णयहरु

### १. मिति २०७६ साउन २९ को समन्वय समितिको निर्णय

**प्रस्तावहरुः**

१. अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको प्रादेशिक सम्मेलनको घोषणापत्र कार्यान्वयन सम्बन्धमा,
२. समुदायमा सरकारी वकील र समुदाय प्रहरी साझेदारी कार्यक्रम संयुक्त रुपमा सञ्चालन गर्ने सम्बन्धमा,
३. मुलुकी संहिता कार्यान्वयनको सम्बन्धमा अनुसन्धानकर्ता, सरकारी वकील र न्याय सम्पादन गर्ने अधिकारीहरुको राष्ट्रिय कार्यशालाको आयोजना गर्ने सम्बन्धमा,
४. नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलन आयोजना र अवधारणा पत्र स्वीकृत गर्ने सम्बन्धमा,
५. समन्वय समितिको कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा,
६. सरकार वादी फौजदारी मुद्दामा नमूना हस्ताक्षर तथा अन्य चीजबस्तुको परीक्षण बापतको खर्च सम्बन्धमा,
७. विविध ।

**निर्णयहरुः**

१. नेपाल प्रहरीको आयोजना र महान्यायाधिवक्ताको कार्यालयको समन्वयमा आ.व. २०७५÷०७६ मा सम्पन्न भएका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको प्रादेशिक सम्मेलनबाट पारित घोषणापत्रको बारेमा जानकारी भयो । उक्त सम्मेलनबाट मुलुकी अपराध संहिता समेतका नयाँ कानूनहरुको प्रभावकारी कार्यान्वयन तथा समसामयिक सुधारको माध्यमबाट समाजमा शान्ति र सुव्यवस्था कायम गर्ने, नागरिकका हक अधिकारको संरक्षण गर्ने, अपराध पीडितलाई न्याय र कसूरदारलाई सजाय दिलाई फौजदारी न्याय प्रशासन सुदृढ बनाउने, अनुसन्धानकर्ता प्रहरी, अभियोजनकर्ता सरकारी वकील र मेडिको लिगल विशेषज्ञहरुलाई व्यावसायिक रुपमा योग्य, दक्ष र इमान्दार बनाउने, प्रादेशिक रुपमा विधि विज्ञान प्रयोगशालाको स्थापना गर्ने लगायतका सान्दर्भिक तथा रुपान्तरणकारी योजनाहरु घोषणापत्रमा उल्लेख गरिएको पाइयो । तसर्थ घोषणापत्रमा समावेश भएका विषयहरुलाई व्यवस्थित रुपमा कार्यान्वयन गरेमा फौजदारी न्याय प्रशासनको प्रभावकारिता देखिने हुँदा समन्वय समितिको सचिवालयले घोषणापत्र कार्यान्वयन गर्नका लागि कार्ययोजना बनाई आगामी समन्वय समितिको बैठकमा प्रस्तुत गर्ने ।
२. समुदायमा सरकारी वकील कार्यक्रम सरकारी वकील कार्यालयहरुबाट र समुदाय प्रहरी साझेदारी कार्यक्रम नेपाल प्रहरीको विभिन्न कार्यालयहरुबाट सञ्चालन भई आएको छ । यी कार्यक्रमहरुलाई संयुक्त रुपमा सञ्चालन गरेमा यी कार्यक्रमहरुको प्रभावकारिता अभिवृद्धि हुने हुँदा महान्यायाधिवक्ताको कार्यालय र नेपाल प्रहरी मार्फत मातहत कार्यालयहरुबाट समुदायमा सरकारी वकील र समुदाय प्रहरी साझेदारी कार्यक्रम संयुक्त रुपमा सञ्चालन गर्ने, गर्न लगाउने । सो प्रयोजनका लागि महान्यायाधिवक्ताको कार्यालयले प्रहरी प्रधान कार्यालयसँग समन्वय गरी एक महिनाभित्र यस वर्ष भित्र सञ्चालन गरिने कार्यक्रमका लागि स्रोत सामग्री तयार गर्ने ।
३. मुलुकी अपराध संहिता समेतका नयाँ कानूनको कार्यान्वयनका सन्दर्भमा अपराध अनुसन्धान, अभियोजन र न्याय सम्पादनमा संलग्न जनशक्ति एवं अन्य सरोकारवालाको समेत सहभागितामा २०७६ कार्तिक मसान्तभित्र कार्यशाला आयोजना गर्ने ।
४. नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलन २०७६ साल मंसिर १३, १४ र १५ गते काठमाडौंमा आयोजना गर्ने । सो सम्मेलनको आयोजनाको लागि पेश भएको अवधारणा पत्र समेत परिमार्जन सहित स्वीकृत गरियो ।
५. समन्वय समितिको कार्य सञ्चालन कार्यविधि, २०७६ उपर छलफल भई परिमार्जन सहित पारित गरियो ।
६. सरकार वादी मुद्दामा नमूना हस्ताक्षर तथा अन्य चीजबस्तुको परीक्षण बापतको खर्च सम्बन्धमा छलफल भयो । राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति कार्य सञ्चालन नियमावली, २०६५ को नियम ७ बमोजिम

समितिले नमूना परीक्षण गरे वापत नेपाल सरकारको तर्फबाट परीक्षणाको लागि अनुरोध भई आउने केशहरु निशुल्क परीक्षण गरिनेछ भन्ने व्यवस्था रहेको देखियो । तसर्थ, निशुल्क परीक्षण हुने कानूनी व्यवस्था भएको हुँदा सो अनुसार निशुल्क परीक्षणका लागि राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, खुमलटारलाई अनुरोध गरी परीक्षण गर्न गराउन महान्यायाधिवक्ताको कार्यालय र नेपाल प्रहरी मार्फत मातहत कार्यालयलाई निर्देशन दिने।

७. विविध

क. पेश हुन आएको प्रहरी नायब निरीक्षक विजयदास बानिँयाको प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी झुलनप्रसाद यादब समेत भएको बारा जिल्लाको चोरी मुद्दामा तोकिएको हदम्याद गुज्रिन १ (एक) दिन मात्र बाँकी हुँदा प्रतिवेदन सहित सक्कल मिशिल जिल्ला सरकारी वकील कार्यालयमा पठाएको देखियो। हदम्याद कै विषयमा समितिको मिति २०७५।५।६ गतेको वैठकबाट हदम्याद समाप्त हुनुभन्दा केही दिन अगाडि मात्र मिशिल सरकारी वकील समक्ष पेश गरिन्छ भने सो कार्यलाई प्रभावकारी अनुसन्धान मान्न मिल्ने हुदैन, 'निरन्तर र प्रभावकारी अनुसन्धानतर्फ कार्य गर्न प्रहरी प्रधान कार्यालय मार्फत मातहतका अनुसन्धान इकाईहरुलाई निर्देशन दिने, अपराधको प्रतिवेदन प्राप्त भई सकेपछि समयमा अनुसन्धान भए नभएको विषयमा अनुगमन गरी समयमा कार्य सम्पादन गर्न मातहतका सरकारी वकील कार्यालयहरुलाई महान्यायाधिवक्ताको कार्यालयले निर्देशन दिने भन्ने निर्णय भई कार्यान्वयनका लागि लेखिएको थियो।त्यस्तै, यस समितिको मिति २०७६।१।१९ गते बसेको बैठकबाट समेत कानूनले तोकेको हदम्यादलाई संवेदनशील र सजग भई प्रयोग र परिपालना गर्न गराउन निर्देशन भएको थियो । हदम्याद सम्बन्धमा भएका उल्लिखित निर्णयहरु समेत यस बैठकमा पुनस्स्मरण गरियो । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३१ को उपदफा (२) मा थुनुवा नभएको मुद्दा भए सम्बन्धित कानूनको हदम्याद पुग्ने कम्तीमा पन्ध्र दिन अगावै र थुनुवा भएको मुद्दा भए मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने र अभियोग पत्र तयार गरी अदालतमा दायर गर्न लाग्ने समयलाई समेत ध्यानमा राखी मुद्दा दायर गर्ने दिनभन्दा सामान्यतया कम्तीमा तीन दिन अगाडि नै पठाउनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । उल्लिखित कानूनी व्यवस्था र यस समितिको पूर्व निर्णय बमोजिम गर्न गराउन महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालय मार्फत क्रमशः मातहत सरकारी वकील र प्रहरी कार्यालयलाई निर्देशन दिने ।

ख. विकास अमात्यको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी पदम राना मगर भएको सवारी ज्यान मुद्दा ( ललितपुर) मा निज प्रतिवादी उपर सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा (२) को अभियोग लगाई मुद्दा दायर गरिएकोमा निज प्रतिवादीको सवारी चालक अनुमति पत्र रहे नरहेको विषयमा अनुसन्धान भएको नदेखिएको, सवारी चालक अनुमती पत्र नभएको सम्बन्धमा र सवारी धनीलाई समेत अभियोजन नगरिएको सम्बन्धमा श्री ललितपुर जिल्ला अदालतको फैसलामा समेत उल्लेख भएको हुँदा सम्बन्धित अनुसन्धानकर्ता र अभियोजनकर्तालाई आवश्यक कारवाही गर्न महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयमा लेखी पठाउने ।

ग. स.प्र.ना.उ. जिवन के.सी. समेतको प्रतिवेदन जाहेरीले वादी नेपाल सरकार प्रतिवादी शेर ग्याल्वो घले समेत भएको राजश्व चुहावट सम्बन्धी मुद्दा (रसुवा) मा अनुसन्धानको क्रममा आफू समक्ष रहेका प्रतिवादीलाई अभियोग पत्रसाथ उपस्थित नगराई तारेख तोकी अदालतमा उपस्थित हुन भनी छाडेको देखियो । विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ ले स्पष्ट रुपमा बोलेको नदेखिए पनि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५ ले मुद्दा चलाउने भएमा त्यस्तो अवस्थामा निज उपस्थित हुने गरी निजको कागज गराउनु पर्ने, हाजिर जमानी दिने व्यक्तिले हाजिर जमानीमा छोडिएको व्यक्तिलाई अनुसन्धान अधिकारी वा सरकारी वकील कार्यालयमा तोकेको समयमा उपस्थित गराउनु पर्ने, तोकेको समयमा त्यस्तो मानिस उपस्थित नगराएमा हाजिर जमानी दिने व्यक्तिलाई अनुसन्धान गर्ने अधिकारीले पचास हजार रुपैँयासम्म जरिवाना गर्न सक्ने कानूनी व्यवस्था गरेको हुँदा सो प्रकृया पूरा गरी कार्य गर्न, गराउन अनुसन्धान गर्ने तथा अभियोजन गर्ने निकायहरुलाई निर्देशन दिने ।

घ. जबरजस्ती करणी मुद्दामा अनुसन्धान भई अभियोग लगाइएको व्यक्तिलाई अदालतको म्याद बमोजिम पक्राउ गरी पेश गर्दा निज व्यक्तिले अदालतमा बयान गर्दा अभियोगपत्रमा उल्लेख गरेको भन्दा फरक नाम र उमेर लेखाएको जानकारी हुन आयो । यसबाट अभियुक्तको पहिचानमा समस्या आई मुद्दाको कारवाहीमा असर पर्ने देखिन्छ । यस समितिको मिति २०७४।११।२५ गते बसेको बैठकले फौजदारी अपराधमा सो को सूचनादेखि अनुसन्धान र अभियोजनको तहसम्म प्रतिवादीको पहिचान खुलाउने तथा खुलाउन लगाई प्रभावकारी अनुसन्धान र अभियोजन सुनिश्चित गर्न, सरकारवादी फौजदारी मुद्दामा प्रतिवादीको पहिचान खुलाउनेतर्फ उच्च तह र जिल्ला तहको समन्वय समितिलाई समेत निर्देशन दिने, आरती पौडेल विरुद्ध जिल्ला सरकारी वकील कार्यालय, सुर्खेत समेत भएको बन्दीप्रत्यक्षीकरणको रिटमा व्यक्तिको एकीन गर्न सो व्यक्तिलाई चिने जानेका पीडित लगायतका मानिसबाट सनाखत गराउन सक्ने भनी व्याख्या भएको (सर्वोच्च अदालत वुलेटिन, २०७२ जेष्ठ, दोस्रो अंक) हुँदा पक्राउ परेको व्यक्तिको पहिचान एकीन हुने गरी अभिलेख राखी थुनामा राख्ने व्यवस्थाका लागि निर्देशन गरिएको थियो । यसरी पटक पटक उल्लिखित निर्देशन गरिएकोमा सो अनुसार गरे गराएको नपाइँदा अभियुक्तको वास्तविक पहिचान खुल्ने कागजातहरु संलग्न गरी सो बमोजिम मुद्दाको अनुसन्धान र अभियोजनको कारवाही गर्न गराउन सबै प्रहरी कार्यालय र सरकारी वकील कार्यालयलाई निर्देशन दिने ।

ङ. प्रहरी सहायक निरीक्षक रमेश प्रधानको प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी कालु राई भएको लागू औषध मुद्दा (सुनसरी) मा इलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट जारी भएका विभिन्न पत्रहरु (पक्राउ पुर्जी, बरामदी रखानतलाशी मुचुल्का), प्रहरी प्रतिवेदन, अनुसन्धान अधिकृत तोकिएको पत्र, थुनुवा पुर्जी लगायत) मा मिति सच्याएको देखियो । यसरी शंकास्पद रुपमा कागजातहरु सच्याउने परिपाटीले अनुसन्धान प्रणाली माथि नै प्रश्न उठ्न सक्ने भएकाले यस्ता कार्यलाई निरुत्साहन गर्नु पर्ने हुँदा यस सम्बन्धमा के कसो भएको हो छानवीन गरी आवश्यक कारवाही गर्न प्रहरी प्रधान कार्यालयमा लेखी पठाउने ।

च. प्रहरी नायब निरीक्षक भुवन राउतको प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी सन्तोष गिरी समेत भएको वन पैदावार अवैध रुपमा उत्खनन गरेको मुद्दा (मोरङ) मा प्रहरी प्रतिवेदक बकपत्र गर्न अदालतमा उपस्थित नभएको, उक्त विषय अदालतको फैसलामा समेत उल्लेख भएको र फैसला हुँदा अभियुक्तले कसूरबाट सफाई पाएको देखिन आयो । तसर्थ, के कसो भएको हो छानवीन गरी बकपत्रका लागि उपस्थित नहुने प्रहरी कर्मचारीलाई आवश्यक कारवाहीका लागि प्रहरी प्रधान कार्यालयमा लेखी पठाउने । यस समितिको मिति २०७५।०५।०६ मा बसेको बैठकबाट समेत यस विषयमा छलफल भई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १०१ तथा दफा ११२ मा रहेको कानूनी व्यवस्थाको अधिनमा रही तोकिएको दिन साक्षी उपस्थित गराई प्रमाण परीक्षणको कार्य गर्नु, गराउनु हुन प्रहरी प्रधान कार्यालय मार्फत मातहतका प्रहरी कार्यालय र महान्यायाधिवक्ताको कार्यालय मार्फत जिल्ला सरकारी वकील कार्यालयमा लेखी पठाउने भनी सोही अनुसार पत्राचार पनि गरिएको थियो । यस समितिमा सरकारी साक्षीको बकपत्र हुन नसकेको विषय पेश भई सो कार्यलाई सुधार गर्नका लागि निर्देशन गरी सकेको अवस्थामा पनि यो विषय उपर पुनस् छलफल गर्नु परेको हुँदा समितिको गंभिर ध्यानाकर्षण भएको छ । तसर्थ, यस विषयमा अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकील समेत सजग र संवेदनशील भई कार्य गर्न निर्देश गरिएको छ । साथै, उच्च, विशेष र जिल्ला सरकारी वकील कार्यालय तहका समन्वय समितिलाई ध्यानाकर्षण गराउन लेखी पठाउने ।

छ. वीरेन्द्रनगर E को जाहेरीले वादी नेपाल सरकार, प्रतिवादी वीरेन्द्रनगर C भएको जबरजस्ती करणी मुद्दा ( सुर्खेत) मा मिति २०७५।५।११ गते जाहेरी दर्ता भएकोमा २०७५।५।२७ गते मात्रै घटनास्थल मुचुल्का तयार गरेको भन्ने देखिन आयो । अनुसन्धानमा संकलन गर्नु पर्ने कागजातहरु ढिलो गरी तयार गरेमा Crime Scene स्पष्ट रुपमा नदेखिने र वारदातसँग सम्बन्धित प्रमाण लोप वा नाश हुने अवस्था रहन्छ । यस किसिमको अनुसन्धानलाई प्रभावकारी अनुसन्धान मान्न मिल्ने देखिँदैन । तसर्थ, अत्यन्त ढिलो गरी घटनास्थल मुचुल्का तयार गर्ने सम्बन्धित अनुसन्धान अधिकारीलाई आवश्यक कारवाही गर्न प्रहरी प्रधान कार्यालयमा लेखी पठाउने ।

ज. लागू औषध मुद्दामा बरामद भएको नमूना लागू औषध होइन भनी प्रयोगशालाको प्रतिवेदन प्राप्त भएको अवस्थामा पनि मुद्दा चलाउने प्रस्ताव सहित अनुसन्धान अधिकृतबाट मिशिलहरु प्राप्त भएको देखिन आयो । तसर्थ यस किसिमको कार्यले व्यक्तिलाई अनावश्यक हैरानी हुने र सो कार्यमा राज्यको स्रोत साधन समेत खर्च हुने अवस्था हुँदा सो तर्फ यस समितिको ध्यानाकर्षण भएको छ । यस किसिमका काम कारवाहीलाई आउँदा दिनहरुमा निरुत्साहित गर्न मातहतका कार्यालयहरुलाई ध्यानाकर्षण गराउने ।

झ. प्रहरी नायब निरीक्षक वसन्त श्रेष्ठ समेतको प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी टिकाराम कार्की समेत भएको अभद्र व्यवहार सम्बन्धी मुद्दा (संखुवासभा) मा कसै उपर किटानी जाहेरी नरहेकोमा प्रहरी प्रतिवेदनबाट मुद्दा उठान भई पीडित भनिएको व्यक्तिले नै प्रतिवादीहरु निर्दोष रहेको भनी कागज गरेको अवस्थामा समेत मुद्दा चलाउने राय सहितको अनुसन्धान प्रतिवेदन पेश हुन आएको देखियो । अभियोजनका लागि प्रमाणको अभाव रहेको र मुद्दाको कारवाही अगाडि बढाउने औचित्यता समेत नरहेको अवस्थामा मुद्दा चलाउने राय सहित अनुसन्धान प्रतिवेदन पेश गर्नु उचित देखिन आएन । तसर्थ सो तर्फ मातहतका प्रहरी कार्यालयहरुलाई ध्यानाकर्षण गराउन प्रहरी प्रधान कार्यालयमा लेखी पठाउने ।

## २. मिति २०७६।०८।२३ को समन्वय समितिको निर्णय

**प्रस्तावहरुः**

१. मुलुकी अपराध संहिता, २०७४ कार्यान्वयन गर्ने सम्बन्धमा ।
२. नेपाल प्रहरी र सरकारी वकीलको दोस्रो राष्ट्रिय सम्मेलन सम्बन्धमा ।
३. विविध ।

**निर्णयहरु**

१. मुलुकी अपराध संहिता, २०७४ कार्यान्वयनमा रहेको छ । यसले विभिन्न सामाजिक अपराधहरुलाई पनि समेटी सजायको व्यवस्था गरेको छ । यसै सन्दर्भमा मुलुकी अपराध संहिताको परिच्छेद १० ले भेदभाव तथा अन्य अपमानजन्य व्यवहार सम्बन्धी कसूर र सजायको व्यवस्था गरी कसूर गर्ने व्यक्तिबाट पीडित व्यक्तिलाई पुगेको क्षति वा पीडा वापत मनासिब क्षतिपूर्ति भराई दिनु पर्ने व्यवस्था समेत गरेको छ ।सोही व्यवस्था अन्तर्गत महिलाको रजस्वला वा सुत्केरीको अवस्थामा छाउपडीमा राख्न वा त्यस्तै अन्य कुनै किसिमका भेदभाव, छुवाछुत वा अमानवीय व्यवहार गर्नु वा गराउनु हुँदैन भनी अपराध संहिताले यस किसिमका कार्यहरुलाई निषेध गरी सजायको व्यवस्था गरेको अवस्था छ ।यस किसिमका अपराधजन्य कार्यहरु नेपालका विभिन्न भुभागमा भई रहेको सम्बन्धमा यस समितिको ध्यानाकर्षण भएको छायी र यस्तै प्रकृतिका अपराधहरुले व्यक्तिको मौलिक हक तथा मानव अधिकारको प्रचलनमा अवरोध सृजना गर्ने र सामाजिक तथा व्यक्तिगत जीवन र सुरक्षामा समेत नकारात्मक असर पार्ने हुन्छ ।यस किसिमका अपराधहरुको नियन्त्रणका लागि प्रभावकारी रुपमा अनुसन्धान र अभियोजन गरी कसूरदारलाई कानून बमोजिमको सजाय दिलाउन र पीडितलाई न्यायको महसुस गराउन अनुसन्धानकर्ता नेपाल प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुले सजग र सवेदनशील भई कार्य सम्पादन गर्नु पर्ने हुँदा मुलुकी अपराध संहिताले गरेका उल्लिखित कानूनी व्यवस्थाहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्न मातहतका प्रहरी कार्यालय र सरकारी वकील कार्यालयहरुलाई निर्देशन दिने । साथै देहाय बमोजिम गर्ने :

क. छाउपडी र अन्य भेदभाव तथा अपमानजन्य व्यवहारका विरुद्ध प्रदेश र स्थानीय तहका कार्यालयसँग समन्वयपूर्वक सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न अनुरोध गर्ने,

ख. छाउपडीका साथै भेदभाव तथा अपमानजनक व्यवहारका विरुद्ध प्रभावित क्षेत्रमा समुदायमा सरकारी वकील र समुदाय प्रहरी साझेदारी कार्यक्रम सञ्चालन गर्ने,

ग. सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला सरकारी वकील कार्यालयका प्रमुख र जिल्ला प्रहरी कार्यालयका प्रमुख रहेको एक संयन्त्र बनाई मुलुकी अपराध संहिताले परिभाषित गरेका सामाजिक

विभेद र भेदभाव तथा अपमानजनक व्यवहार विरुद्धका कानूनले गरेका व्यवस्थाका सम्बन्धमा देशव्यापी रुपमा सचेतनामूलक अभियान सञ्चालन गर्न गृह मन्त्रालयमा लेखी पठाउने ।

२. नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलन मंसिर १४, १५ र १६ गते गर्ने यस समितिबाट तय भएकोमा उक्त समयमा नेपालका विभिन्न स्थानमा उप चुनाव रहेको र मंसिर १५ देखि २५ गतेसम्म सार्क खेलकुद रहेका कारण मंसिर महिनामा सम्पन्न गर्न नकिएकाले आगामी पौष ४, ५ र ६ गते गर्ने गरी तय गरिएको छ ।स्वीकृत अवधारणापत्र बमोजिम विभिन्न समितिहरुमा जिम्मेवारी तोकी कार्य भई रहेको र सो अनुसारको तयारी अन्तिम चरणमा रहेको जानकारी भयो । सम्मेलन तयारीका बाँकी कामहरु समयमै सम्पन्न गरी राष्ट्रिय सम्मेलनलाई व्यवस्थित रुपमा सञ्चालन गर्न पहल गर्ने ।

३. विविध

(क) मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८ मा अनुसन्धान अधिकारी तोकेपछि त्यसको जानकारी सम्बन्धित सरकारी वकील कार्यालयलाई समेत दिनु पर्ने व्यवस्था भएकोमा मुद्दाका फाईलहरुबाट सो जानकारी सम्बन्धित सरकारी वकील कार्यालयमा दिने गरेको नदेखिएकोले उक्त कानूनी व्यवस्था अनुसार अनुसन्धान अधिकारी तोक्नासाथ सो को जानकारी सम्बन्धित सरकारी वकील कार्यालयलाई दिनका लागि प्रहरी प्रधान कार्यालयले अपराध अनुसन्धान गर्ने सम्पूर्ण प्रहरी युनिट (कार्यालयहरु) लाई निर्देशन दिने ।

(ख) केही घटनाका सम्बन्धमा लामो समयसम्म अनुसन्धान नगरी केवल अनुसन्धान अधिकृत मात्र परिवर्तन गर्ने कार्य गरी मुद्दाको हदम्याद समाप्त हुने अवस्था भएपछि अभियुक्तको मृत्यु पश्चात् अनुसन्धान प्रतिवेदन पेश गरेको सम्बन्धमा जानकारी हुन आयो ।वारदात घटेको १७ वर्षपछि प्रतिवादीको मृत्यु भएको र तत्पश्चात निज कसूरदारले वारदात घटाएको निष्कर्ष सहित कसूरदारको मृत्यु भएको भनी मुद्दा नचालाउने गरी अनुसन्धान प्रतिवेदन पेश भएको देखिन्छ । कसूर कायम गर्ने तर कसूरदारलाई निजको जीउज्यान हुँदासम्म कारवाही नगरी मृत्यु पछि मात्र मुद्दाको कारवाही अगाडि बढाउँदा दण्डहिनताले प्रश्रय पाउने र पीडितले न्याय नपाउने अवस्था हुँदा यस तर्फ अनुसन्धान र अभियोजनकर्ता सजग र संवेदनशिल हुनु पर्ने देखिन्छ । तसर्थ आगामी दिनमा यस्तो अवस्था हुन नदिन घटना घटनासाथ आवश्यक अनुसन्धान गरी प्रमाण संकलन गर्न प्रर्याप्त सजगता अपनाउन मातहतका प्रहरी र सरकारी वकील कार्यालयहरुलाई निर्देशन दिने ।

(ग) मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ र २ भित्र नपरेका मुद्दाको जाहेरी लिई अनुसन्धानको कारवाही गरेको सम्बन्धमा जानकारी हुन आयो। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले अनुसूची १ वा २ अन्तर्गतका मुद्दामा नेपाल सरकारलाई वादी कायम गरी मुद्दाको कारवाही चलाइने व्यवस्था रहेको छ । उक्त व्यवस्थालाई मध्यनजर गरी सरकारवादी मुद्दाको कारवाही गर्नु पर्ने जिम्मेवारी र दायित्व रहेको अवस्थामा अनुसूची १ वा २ अन्तर्गत पर्ने नदेखिएको अवस्थामा समेत जाहेरी लिई अनुसन्धान गरेकोले न्यायिक कारवाही अनिश्चित हुने र न्याय मर्न सक्ने अवस्था आउने हुँदा सोतर्फ सचेत रही कार्य सम्पादन गर्न प्रहरी र सरकारी वकीललाई निर्देशन दिने ।

(घ) परिवर्तित नाम थर हुम्ला ६७ (क) १ को जाहेरीले वादी नेपाल सरकार प्रतिवादी रत्न वुढाथोकी समेत भएको हुम्ला जिल्लाको सर्के गाँउ गा. पा. वडा नं. ६ मा घटेको मिति २०७६।४।२१ गतेको सामूहिक जबरजस्ती करणीको वारदातमा मिति २०७६।५।२६ गते हुम्ला जिल्ला अस्पतालबाट पीडित ६७ (क) को स्वास्थ्य परीक्षण हुँदा Hymen Intact र अन्य भागमा समेत सामान्य रहेको भन्ने प्रतिवेदन प्राप्त भएको देखिन्छ । सोही वारदातमा निजको भेरी अञ्चल अस्पतालबाट भएको स्वास्थ्य परीक्षणमा Old Hymen tear at 3 o'clock and 10 o'clock भन्ने परीक्षण प्रतिवेदनमा उल्लेख छ । उक्त प्रतिवेदनको फरक अवस्थाले मुद्दामा असर पर्ने र पीडितले न्याय पाउने वा नपाउने सम्बन्धमा सारभूत रुपमा फरक पर्ने अवस्था देखिँदा

आवश्यक छानविन गरी कारवाही गर्न स्वास्थ्य मन्त्रालयमा लेखी पठाउने र नेपाल मेडीकल काउन्सिललाई समेत जानकारी गराउने ।

## ३. मिति २०७६।११।४ गतेको समन्वय समितिको निर्णय

**प्रस्तावहरुः**

१. मुलुकी अपराध संहिता, २०७४ को कार्यान्वयन सम्बन्धमा ।
२. नेपाल प्रहरी र सरकारी वकीलको दोस्रो राष्ट्रिय सम्मेलनको घोषणापत्र कार्यान्वयन सम्बन्धमा ।
३. विविध ।

**निर्णयहरुः**

१. नेपाल सरकारका गृह सचिव श्री महेश्वर न्यौपानेज्यू र प्रहरी महानिरीक्षक श्री ठाकुरप्रसाद ज्ञवालीज्यूलाई वधाई ज्ञापन गर्दै यस समितिको सदस्यको रुपमा स्वागत गर्दछौं । समन्वय समितिलाई क्रियाशील र गतिशिल बनाउने तथा अपराध अनुसन्धान र अभियोजनलाई फौजदारी न्याय प्रशासनको दरिलो खम्बाको रुपमा स्थापित गराउन सकियोस भन्ने कामना समेत गर्दछौं ।

२. मुलुकी अपराध संहिता, २०७४ मिति २०७५।५।१ देखि कार्यान्वयनमा रहेको छ । संहिता कार्यान्वयनमा आए देखि यस समितिले प्रभावकारी समन्वयका लागि जोड दिँदै कार्यान्वयनका लागि सहजीकरण गरी रहेको छ । नेपाल प्रहरी र सरकारी वकीलहरुको कामलाई संयुक्त रुपमा अनुगमन गर्ने कार्य भएको छ । जबरजस्ती करणी तथा छाउपडी सम्बन्धमा कानूनी व्यवस्थालाई कार्यान्वियन गर्ने गराउने, कानूनले गरेको हदम्यादको व्यवस्था अनुसार कार्य गर्ने गराउने विषयका अतिरिक्त कानून र कार्यविधिको सापेक्ष नहुने कुनै कार्य उपर सम्बन्धित स्वास्थ्य परीक्षण गर्ने अधिकारी, अनुसन्धानकर्ता र अभियोजनकर्ता उपर कानून बमोजिम जवाफदेही बनाउने कार्य समेत गरिएको छ । संयुक्त अनुगमनबाट अनुसन्धान र अभियोजनमा देखिएका कमी कमजोरीहरुलाई सुधार गर्न कार्यस्थलमै सुझाव दिई सुधारको पहल गरिएको छ।मुलुकी अपराध संहिता समेतका कानूनहरुको प्रभावकारी कार्यान्वयनबाटै फौजदारी न्याय प्रशासनको उद्देश्य प्राप्त हुने हुँदा यसका लागि अनुसन्धान तथा अभियोजन गर्ने निकाय बीच प्रभावकारी समन्वय गर्न पहल गर्ने ।

३. नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलन २०७६ साल पौषको ४, ५ र ६ गते काठमाडौंमा सम्पन्न भएको छ । सम्मेलनले अनुसन्धान र अभियोजनको कार्यमा समन्वय र सहकार्यलाई संस्थागत गर्ने कुरामा जोड दिएको छ । नागरिक स्वतन्त्रताको संरक्षण, सार्वजनिक शान्ति र व्यवस्था कायम गर्ने, अनुसन्धान र अभियोजनका क्रममा नागरिकका संविधानप्रदत्त मौलिक हकहरुको हनन नहुनेतर्फ सचेत, सजग एवं प्रतिबद्ध रहने पुनःस्मरण गरिएको छ । मुलुकी संहिता समेतका कानून कार्यान्वयनमा साझा रुपमा तत्परताका साथ क्रियाशील रहेको र साझा रुपमा प्रशिक्षित गराइएको कुरामा जोड दिइएको छ । मुद्दाको आवश्यकता र व्यावहारिकतालाई हेरेर हिरासतमा राखी अनुसन्धान गरिने प्रण गरिएको छ । संहितालाई समय सापेक्ष र वढी कार्यान्वयनयोग्य बनाउन माग गरिएको छ । संहिता कार्यान्वयनका लागि आवश्यक नियम निर्देशिका तथा सजाय छुट दिने सम्बन्धी स्पष्ट मार्गदर्शनको आवश्यकतामा जोड दिइएको छ । अनुसन्धान र अभियोजनलाई व्यावसायीक बनाउन अपराध पीडित, साक्षी, नागरिक समाज, प्रमाण परीक्षण गर्ने निकाय लगायत सबै पक्षको सकारात्मक सहयोगको अपेक्षा गर्दै असहयोग गर्ने व्यक्ति र निकायलाई कानूनी दायरामा ल्याउन क्रियाशील हुने उल्लेख गरिएको छ । अनुसन्धान र अभियोजनलाई वैज्ञानिक, विद्युतीय तथा वस्तुगत प्रमाणको संकलन र प्रस्तुतीकरणका लागि प्रमाण ऐनको पुनरावलोकनको महसुस गरिएको छ । कार्यविधि संहिताले गरेका प्रमाण परीक्षण सम्बन्धी व्यवस्थाको कार्यान्वयनमा जोड दिइएको छ । जघन्य, संगठीत तथा जटिल अपराधको अनुसन्धानमा अण्डर कभर अप्रेशन लगायतका असल अभ्यासलाई नीतिगत, कानूनी र प्रविधिगत प्रबन्धमा जोड दिइएको छ । अपराधको गंभीरताका

आधारमा विद्यमान जनशक्तिलाई व्यवस्थापन गर्नु पर्ने आवश्यकता औंल्याइएको छ । विधिविज्ञान प्रयोगशालाको विस्तार र विकासका साथै मेडिको लिगल क्षेत्रलाई प्राथमिकतामा राखी संस्थागत व्यवस्थापन गर्नु पर्ने कुरामा जोड दिइएको छ । दण्ड प्रणालीका सुधारात्मक उपायहरु क्रियाशील गरिनु पर्ने आवश्यकता महसुस गरिएको छ । पीडित राहत कोषको स्थापना र संञ्चालनका लागि आवश्यक सबै प्रबन्ध गर्न माग गरिएको छ । बाल न्यायको मान्यताको प्रभावकारी कार्यान्वयन गर्न उच्च प्रतिबद्धता व्यक्त गरिएको र बाल सुधार गृहलाई पहुँचयोग्य र सुधार गृहका रुपमा विकास गर्न आवश्यकता रहेको उल्लेख गरिएको छ । अपराधको प्रवृत्तिमा परिवर्तन आएको कुनै घटना विशेषले राज्य व्यवस्थामा नकारात्मक प्रभाव पार्नसक्नेतर्फ संवेदशील रहेको र करणी, मानव बेचबिखन तथा ओसारपसार, रासायनिक चिज वस्तु प्रहार जस्ता अपराध विरुद्धका कानून कार्यान्वयनमा प्रभावकारिता आवश्यक रहेको महसुस गरिएको छ । छाउपडी जस्ता मानव मर्यादा विपरीतका कार्यलाई कानूनले दण्डनीय बनाई सकेको सन्दर्भमा सचेत नागरिकको अग्रसरता र कानून कार्यान्वयनमा प्रभावकारिता आवश्यक रहेको, कानूनी शिक्षाको प्रवर्द्धन गर्ने, अनुसन्धान र अभियोजनमा संलग्न अधिकारीलाई विषयगत विशिष्टीकरण गर्ने, अपराधको प्रवृत्तिगत विश्लेषणका लागि अपराधशास्त्रीय अनुसन्धान गरी फौजदारी कानूनको पुनरावलोकन गर्ने, सपुर्दगी र पारस्परिक कानूनी सहायतासम्बन्धी कानूनको कार्यान्वयन प्रभावकारी हुने गरी आवश्यक व्यवस्था गर्न, चेक सटही (चेक बाउन्स) का विषयलाई जिल्ला अदालतले हेरिने गरी पुनरावलोकन गर्नुपर्ने, साक्षी संरक्षण, अपराध पीडितको सुरक्षा र सहायता, मानव तस्करीलाई नियमन गर्ने व्यवस्था, अनुसन्धान, अभियोजन र न्याय सम्पादनको कार्यलाई विद्युतीय सञ्जालमा आवद्ध गर्न पहल गर्ने समेतका विषयहरुलाई घोषणापत्रले जोड दिएको हुँदा सो घोषणापत्रलाई कार्यान्वयन गर्न आवश्यक कार्यतालिका अर्को बैठकमा पेश गर्न सचिवालयलाई जिम्मेवारी दिने ।

४. विविध

नेपाल सरकारका निवर्तमान गृह सचिव श्री प्रेमकुमार राई र निवर्तमान प्रहरी महानिरीक्षक श्री सर्वेन्द्र खनालज्यूले यस समन्वय समितिको सदस्यको रुपमा पुऱ्याउनु भएको योगदानका लागि धन्यवाद दिन चाहन्छौं । साथै अवकाश पछिको जीवन सुखमय रहोस् भन्ने कामना समेत गर्दछौं ।

## ३. व्यवस्थापन समितिका निर्णयहरु

### १. मिति २०७६।०४।०३ को निर्णय

प्रस्तावहरु:

१. अपराध पीडित संरक्षण ऐन बमोजिमको क्षतिपूर्ति शुल्कको अभियोग दावी लिने सम्बन्धमा ।
२. एक वर्ष भन्दा बढी कैद सजाय हुने फौजदारी कसूर सम्बन्धी मुद्दामा थप सजायको मागदावी लिने सम्बन्धमा ।
३. अनुसन्धान तथा अभियोजन निर्देशिका तर्जुमा सम्बन्धमा ।
४. अभियोजन नीति तथा मार्गदर्शन पुनरावलोकन गर्ने सम्बन्धमा ।
५. भवन निर्माण योजना सम्बन्धमा ।
६. योजना सम्बन्धी अन्य ।

निर्णयहरु:

१. अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(३) ले कसूरदारलाई कैद र जरिवाना दुवै सजाय भएकोमा कैद वा जरिवाना मध्येबाट उपदफा (१) वा (२) बमोजिम हिसाब गर्दा जुन रकम बढी हुन्छ त्यति रकम क्षतिपूर्ति शुल्क बुझाउनु पर्ने भन्ने व्यवस्था गरेको छ । यस किसिमको क्षतिपूर्ति शुल्कको विषय मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ मा समावेश भएको देखिदैन । अनुसूचीमा समावेश नभएका कारणले सरकारी वकील कार्यालयहरुबाट सो किसिमको क्षतिपूर्ति शुल्को अभियोग मागदावी लिइएको देखिएन । दावी नलिएका कारण सो किसिमको कानूनी व्यवस्थाको प्रचलन र अभ्यासमा प्रभावकारिता आउन नसकेको हुँदा त्यस किसिमको क्षतिपूर्ति शुल्कको मागदावी लिई अभियोजन गर्न गराउन सरकारी वकील कार्यालयहरुलाई परिपत्र गर्ने ।
२. नेपालको संविधानको धारा १५२ को उपधारा २ ले एक वर्ष भन्दा बढी कैद सजाय हुने फौजदारी कसूर सम्बन्धी मुद्दा अदालत वा विशिष्टिकृत अदालत वा सैनिक अदालत वा न्यायीक निकाय वाहेक अन्य निकायको अधिकार क्षेत्रमा नपर्ने भन्ने व्यवस्था छ । एक वर्ष भन्दा कम कैद सजाय हुने मुद्दाहरु अर्ध न्यायीक निकायले हेर्ने गरी तोकिएको हुँदा त्यस प्रकृतिका मुद्दाहरुमा संलग्न अभियुक्त उपर मुलुकी अपराध संहिता, २०७४ को दफा ४४ बमोजिम थप सजायको मागदावी लिई मुद्दा दायर गर्दा कुन निकायमा मुद्दा दायर गर्ने कानूनतः स्पष्ट व्यवस्थाको रहेको देखिएन । तसर्थ यस अवस्थामा उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्थाका आधारमा थप दावी लिँदा एक वर्ष भन्दा बढी कैद सजाय हुन सक्ने देखिएमा सम्बन्धी जिल्ला अदालतमा मुद्दा दायर गर्न उपयुक्त हुने देखिएको हुँदा सोही बमोजिम गर्न गराउन जिल्ला सरकारी वकील कार्यालयहरुलाई परिपत्र गर्ने ।
३. अनुसन्धान तथा अभियोजन निर्देशिका तर्जुमा गरी अनुसन्धान तथा अभियोजनलाई थप व्यवस्थीत गराउन आवश्यक भएको हुँदा अनुसन्धान तथा अभियोजन निर्देशिका १५ दिन भित्र तर्जुमा गरी पेश गर्न सम्बन्धित समितिलाई निर्देशन दिने ।
४. अभियोजन नीति तथा मार्गदर्शन बनाई सो अनुसार कार्य भई रहेकोमा उक्त अभियोजन नीति तथा मार्गदर्शनलाई पुनरावलेकन गर्नु पर्ने आवश्यकता देखिएको हुँदा सो बमोजिम २०७६ साल साउन मसान्तभित्र पुनरावलोकन गरी पेश गर्न सम्बन्धित समितिलाई निर्देशन दिने ।
५. निमार्णाधिन कार्यालय भवनहरुको अवस्था सम्बन्धमा छलफल भयो । आ.व. २०७५।०७६ मा सरकारी वकील कार्यालयका १३ वटा भवनहरु उद्धाटन भई नयाँ भवनबाट कार्य सञ्चालन भई आएको छ। हाल २० वटा भवनहरु निर्माणको अन्तिम चरणमा रहेका छन् । ती निर्माणाधिन भवनहरुको निर्माणलाई नियमित ताकेता, अनुगमन गर्ने र भवनको लागि आवश्यक पर्ने आर्थिक, प्रशासनिक तथा आवश्यक देखिएका विषयमा महान्यायाधिवक्ताको कार्यालयबाट आवश्यक निर्देशन दिने ।
६. योजना सम्बन्धी अन्य

(क) सरकारी वकीलको कार्यालय व्यवस्थापन र अभियोग एवं मुद्दा मामिलाको प्रतिरक्षालाई प्रभावकारी बनाउन आवश्यक निर्देशन सहित परिपत्र गर्ने ।

(ख) सरकारी वकीलको विशिष्टिकरण सम्बन्धी प्रशिक्षणको लागि तयार पारिएको देहायका विषयको पाठ्यक्रम स्वीकृत गर्ने :

१. लैङ्गिक तथा बाल न्याय सम्बन्धी
२. साइबर अपराध नियन्त्रण सम्बन्धी

(ग) सरकारी वकीलको विषयगत विशिष्टीकरणका लागि यस अघि स्वीकृत भएको संगठित अपराध सम्बन्धी प्रशिक्षणको पाठ्यक्रमलाई १ महिना भित्र पुनरावलोकन गरी पेश गर्न देहायको समितिलाई जिम्मेवारी दिनेः

संयोजकः नायब महान्यायाधिवक्ता श्री नारायणप्रसाद पौडेल

सदस्यः सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठी

सदस्यः सहन्यायाधिवक्ता श्री ध्रुवकुमार चौहान

(घ) आ.व. २०७५।०७६ मा प्रत्येक प्रदेशबाट एउटा सरकारी वकील कार्यालयहरुलाई नमुना कार्यालयको रुपमा घोषणा गरी कार्यादेश दिइएकोमा सरकारी वकील कार्यालयको कार्यसम्पादनमा सुधारका सकारात्मक संकेतहरु देखिएको हुँदा यस वर्ष देहायका जिल्ला सरकारी वकील कार्यालयहरुलाई नमुना कार्यालयको रुपमा घोषणा गरी सो बमोजिमको कार्य सञ्चालन गर्न निर्देशन दिने ।

प्रदेश नं १ : झापा

प्रदेश नं २ : बारा

प्रदेश नं ३ : धादिङ

गण्डकी प्रदेश : तनहुँ

प्रदेश नं ५ : बाँके

कर्णाली प्रदेश : जुम्ला

सुदुरपश्चिम प्रदेश : दार्चुला

नमुना सरकारी वकील कार्यालयका लागि निर्धारित कार्यादेश बमोजिम कार्य संचालन भए नभएको सम्बन्धमा अनुगमन गरी मासिक रुपमा अनुमगन प्रतिवेदन व्यवस्थापन समितिमा पेश गर्ने जिम्मेवारी योजना अनुसन्धान तथा अनुगमन महाशाखालाई दिने ।

(ङ) सरकारी वकीलको कार्य सम्पादनलाई मार्गदर्शन गर्न फरक फरक मुद्दाहरु समावेश गरी कम्तीमा १० वटा नमुना अभियोजनपत्र तयार गरी महान्यायाधिवक्ताको कार्यालयको वेबसाइटमा राख्ने । सो कार्यका लागि देहायको समितिलाई १ महिनाभित्र नमुना अभियोगपत्र तयार गर्ने जिम्मेवारी दिने ।

संयोजकः सहन्यायाधिवक्ता श्री गीताप्रसाद तिम्सिना

सदस्यः उपन्यायाधिवक्ता श्री हरिप्रसाद रेग्मी

सदस्यः उपन्यायाधिवक्ता श्री विना दाहाल

(च) अभियोजन प्रशिक्षण केन्द्र सञ्चालनका लागि कार्यविधिको मस्यौदा तयार गरी एक महिनाभित्र पेश गर्न देहायको समितिलाई जिम्मेवारी दिनेः

संयोजकः सहन्यायाधिवक्ता श्री सूर्यराज दाहाल

सदस्यः उपन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारी

सदस्यः शाखा अधिकृत श्री रोशी भण्डारी

## २. २०७६।०५।१८ को निर्णय

प्रस्ताव नं. १. मिलापत्र गर्दा गराउँदाको प्रक्रिया सम्बन्धमा ।

निर्णय नं. १ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ ले व्यवस्था गरे बमोजिम मिलापत्र गर्ने कानूनी व्यवस्था गरेको सन्दर्भमा सो कानूनी व्यवस्थाका अधिनमा रही मिलापत्रको कारवाहीलाई एकरुपता ल्याउन यस कार्यालयबाट मिति २०७६।०२।२१ को व्यवस्थापन समितिबाट निर्णय भई सम्पूर्ण सरकारी वकील कार्यलयहरुलाई परिपत्र गरिएकोमा साविकको निर्णयको प्रकरण नं. ९ को सट्टा देहाय बमोजिमको प्रकरण ९, १० र ११ कायम गरी अन्यमा साविक बमोजिम नै गर्ने ।

१. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची(३ र अनुसूची(४ अन्तर्गतका कसूरका अतिरिक्त सर्वसाधारणको ठगी वा सर्वसाधारणको सम्पत्तिको हानि नोक्सानी वा वैदेशिक रोजगारी सम्बन्धी मुद्दामा मुद्दाका पक्षहरुको मञ्जुरीले जुनसुकै अवस्थामा मिलापत्र गर्न सकिने कानूनी व्यवस्था रहेको छ ।
२. प्रकरण नं. १ मा उल्लिखित मुद्दामा मिलापत्र गर्नका लागि प्रतिवादी र पीडित सहमत भएमा दुवै पक्षले सम्बन्धित सरकारी वकील कार्यालय समक्ष निवेदन दिन सक्नेछन् ।
३. प्रकरण नं. २ बमोजिम निवेदन परेमा सम्बन्धित सरकारी वकीलले प्रतिवादी र पीडितको पहिचान एकीन गरी मिलापत्र गर्न मनासिब देखिएमा उक्त निवेदन तथा प्रतिवादी र पीडित दुवैको सनाखत समेत गराई आफ्नो राय सहित सम्बन्धित मिसिल महान्यायाधिवक्ता समक्ष पठाउनु पर्नेछ ।
४. सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयले मिलापत्रका लागि मिसिल सहित महान्यायाधिवक्ता समक्ष पठाउँदा सो को जानकारी उच्च सरकारी वकील कार्यलयलाई समेत दिनु पर्नेछ ।
५. प्रकरण नं., ३ बमोजिम प्राप्त भएको मिलापत्र सम्बन्धी निवेदनमा महान्यायाधिवक्तबाट मिलापत्र गराउने आदेश भएमा सो आदेश कार्यान्वयनका लागि सम्बन्धित सरकारी वकील कार्यालयले मुद्दा हेर्ने अधिकारी समक्ष मिलापत्रका लागि सम्पूर्ण कागजात सहित निवेदन दिनु पर्नेछ ।

६. मिलापत्रका लागि सम्बन्धित उच्च सरकारी वकील कार्यालय तथा महान्यायाधिवक्ताको कार्यालय समक्ष निवेदन पर्न आएमा उक्त निवेदन आवश्यक कारवाहीका लागि सम्बन्धित सरकारी वकील कार्यालयमा पठाउनु पर्नेछ ।
७. प्रकरण नं. ६ बमोजिम प्राप्त निवेदन उपर सम्बन्धित सरकारी वकील कार्यालयले माथि उल्लिखित प्रक्रिया अनुसार कारवाही अगाडि बढाउनु पर्नेछ ।
८. प्रचलित कानून बमोजिम संरक्षकको रोहवर राख्नु पर्ने प्रकृतिका मुद्दामा संरक्षक राखी पेश गरेको निवेदन उपर मात्र कारबाही अगाडि बढाउनु पर्नेछ ।
९. एक भन्दा बढी संख्यामा प्रतिवादी भएका मुद्दाका हकमा मिलापत्र प्रयोजनका लागि सम्पूर्ण प्रतिवादी उपस्थित नभए पनि मिलापत्र गर्न सहमत हुने प्रतिवादीहरुले सबै प्रतिवादीहरुको तर्फबाट पीडितलाई चित्त बुझाएमा मात्र मिलापत्रको प्रकृया अगाडि बढाउन सकिनेछ ।
१०. एक भन्दा बढी संख्यामा पीडित भएका मुद्दाका हकमा पीडित भएमा निज वा निजको मृत्यु भएमा वा वेपत्ता भएको खुल्न आएमा निजको कानून बमोजिमको हकवाला तथा पीडित उपस्थित हुन नसक्ने भएमा निजको सहमति भएको मञ्जुरीनामा लिई निजको नजिकको हकवाला उपस्थित हुन आएमा पनि मिलापत्रको प्रकृया अगाडि बढाउन सकिनेछ ।
११. प्रकरण नं. १ को मुद्दामा दोहोऱ्याई पाउँ भन्ने निवेदन परेको वा पुनरावलोकनको लागि निवेदन परेको अवस्था भएमा अदालतबाट निस्सा वा अनुमति हुने आदेश भएको अवस्थामा मात्र मिलापत्रको प्रक्रियालाई अगाडि बढाउन सकिनेछ ।

## ३. मिति २०७६।०५।२२ को निर्णय

प्रस्ताव नं. १, सरकारी वकील कार्यालयमा अभ्यासवृत्ति (Intern) गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको निर्देशिका, २०७६ को स्वीकृति सम्बन्धमा ।

निर्णय नं. १, प्रस्ताव नं. १ को सम्बन्धमा अभ्यासवृत्ति गर्ने विद्यार्थीले गर्नु पर्ने काम, त्यसको अनुगमन र पालना गर्नु पर्ने आचरणलाई आवश्यक व्यवस्थापन गरी अभ्यासवृत्ति (Intern) गराउने कार्यलाई संस्थागत, सुव्यवस्थित र नियमित बनाउनको लागि मस्यौदा गरिएको सरकारी वकील कार्यालयमा अभ्यासवृत्ति (Intern) गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको निर्देशिका, २०७६ उपर छलफल भई परिमार्जन सहित स्वीकृत गर्ने ।

## ४. २०७६।०८।१२ को निर्णय

प्रस्तावहरु :

१. सरकारी वकीलको विशिष्टिकरण सम्बन्धी पाठ्यक्रम स्विकृत गरी प्रकाशन गर्ने सम्बन्धमा,
२. उपत्यकाका सरकारी वकील कार्यालयहरुको अनुगमन तथा अभियोजन परीक्षण प्रारम्भिक प्रतिवेदन उपर छलफल सम्बन्धमा,
३. विशेष तथा काठमाडौं जिल्लाका सरकारी वकील कार्यालयको भवन निर्माणका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने सम्बन्धमा,
४. भ्रष्टाचार सम्बन्धी र कर्मचारी विषयका मुद्दामा कानून व्यावसायीलाई सेवा करारमा लिने सम्बन्धमा,
५. सम्पत्ति शुद्धीकरण सम्बन्धी विषयमा आधारभूत प्रशिक्षण प्रदान गर्ने सम्बन्धमा,
६. कारागार तथा हिरासत अनुगमनको एकीकृत प्रतिवेदन प्रकाशन गर्ने सम्बन्धमा,
७. कसूरको अनुसन्धान नियमावली, २०७५ पुनरावलोकन गर्ने सम्बन्धमा,
८. महान्यायाधिवक्ताको कार्यालयको स्थापना दिवस समारोह आयोजना गर्ने सम्बन्धमा,
९. नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलन तयारीका कामहरुको बारेमा समीक्षा सम्बन्धमा,

निर्णयहरु :

१. सरकारी वकीलको विशिष्टीकरण सम्बन्धी पाठ्यक्रमलाई पुनरावलोकन गरी पेश भए बमोजिम सो पाठ्यक्रम स्वीकृत गरिएको छ । एकीकृत पाठ्यक्रम प्रकाशन गरी सरकारी वकीलहरु समक्ष पुऱ्याउने प्रबन्ध गर्ने ।
२. यस कार्यालयबाट २०७६ साल असोज महिनामा भएको उपत्यकाका सरकारी वकील कार्यालयको कार्यालय अनुगमन तथा अभियोजन परीक्षणको प्रारम्भिक प्रतिवेदनबारे छलफल गरियो । प्रतिवेदनमा औंल्याएका विषयमा सुधार गर्न सम्बन्धित कार्यालयलाई जानकारी गराउने प्रयोजनका लागि सम्बन्धित कार्यालय प्रमुखहरुसमेतको उपस्थितिमा अर्को बैठकमा छलफल गर्ने ।

३. विशेष सरकारी वकील कार्यालय, काठमाडौं तथा जिल्ला सरकारी वकील कार्यालय, काठमाडौंको भवन निर्माणका लागि अर्थ मन्त्रालयबाट समेत सहमति प्राप्त भएको सन्दर्भमा यस कार्यालयबाट पुनरावलोकन गर्न लगाएको नक्सा तथा लागत अनुमान समेतको विवरण शहरी विकास तथा भवन निर्माण विभागलाई पठाई उक्त भवन निर्माणका लागि आवश्यक प्रक्रिया अगाडि बढाउनका लागि सो विभागमा लेखी पठाउने । उक्त भवन निर्माणका लागि आवश्यक पर्ने रकम सोही विभागका नाममा निकाशा गरी दिन अर्थ मन्त्रालयमा लेखी पठाउने ।

४. महान्यायाधिवक्ताको कार्यालयमा भ्रष्टाचार सम्बन्धी मुद्दा र कर्मचारी सम्बन्धी मुद्दा हेर्ने अनुभवी सरकारी वकीलको अभाव रहेको र कार्यबोझ समेत अधिक रुपमा बृद्धि भएको सन्दर्भमा सो विषमया सरकारी पक्षको प्रतिनिधित्व र प्रतिरक्षामा अनुभव हासिल गरेका दुई जना कानून व्यवसायीलाई सेवा करारमा लिनु पर्ने देखिँदा सो प्रयोजनका लागि आवश्यक पर्ने बजेट निकाशाका लागि अर्थ मन्त्रालयमा माग गरी पठाउने ।

५. सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दाको कार्यबोझ बढ्दै गएको सन्दर्भमा सरकारी वकीलहरुलाई सो विषयमा प्राथमिकतापूर्वक प्रशिक्षण दिनु पर्ने आवश्यकता रहेको छ । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागसमेतसँग समन्वय गरी चार समूहमा सरकारी वकीलहरुलाई ६ दिवसीय आधारभूत प्रशिक्षण दिनका लागि पाठ्यक्रम समेत तयार गरी सो प्रशिक्षण सञ्चालनका लागि आवश्यक पर्ने रकम अर्थ मन्त्रालयमा माग गरी पठाउने ।

६. आ.व. २०७५।२०७६ मा यस कार्यालयबाट भएको कारागार तथा हिरासत अनुगमनको एकीकृत प्रतिवेदनलाई सम्पादन गरी प्रकाशन गर्ने र सम्बन्धित निकायमा प्रतिवेदन पठाउने व्यवस्था गर्ने ।

७. कसूरको अनुसन्धान नियमावली, २०७५ लाई मुलुकी संहिता कार्यान्वयनका लागि बनेका अन्य नियम, निर्देशिकासँग मेल खाने गरी पुनरावलोकन गरी १५ दिनभित्र व्यवस्थापन समितिमा पेश गर्न सहन्यायाधिवक्ता श्री लोकराज पराजुलीको संयोजकत्वमा उपन्यायाधिवक्ता श्री हरिप्रसाद रेग्मी र शाखा अधिकृत श्री संगिता थोकर रहेको नियमावली पुनरावलोकन समिति गठन गरी जिम्मेवारी दिने ।

८. २०७६ साल पौष ८ गते महान्यायाधिवक्ताको कार्यालयको स्थापना दिवसको अवसरमा उपत्यकाका सरकारी वकीलहरु तथा महान्यायाधिवक्ताको कार्यालयका कर्मचारीह? समेतको सहभागितामा काठमाडौंमा स्थापना दिवस समारोह आयोजना गर्ने । सो कार्यक्रमको विस्तृत कार्ययोजना तयार गरी अर्को बैठकमा पेश गर्ने ।

९. नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलन तयारीका लागि भएका कामहरुको बारेमा समीक्षा गरियो । सो सम्मेलनको तयारीका लागि थप कामहरु प्राथमिकतापूर्वक अगाडि बढाउने ।

## ५. मिति २०७६।०९।०६ को निर्णय

प्रस्तावहरु

१. सरकारी वकीलका लागि सजाय निर्धारण मार्गदर्शन स्वीकृत गर्ने सम्बन्धमा,

२. अनुसन्धाकर्ता नेपाल प्रहरी र अभियोजनकर्ता सरकारी वकीलको दोस्रो राष्ट्रिय सम्मेलन, २०७६ को प्रस्तावित घोषणापत्रमा छलफल गर्ने सम्बन्धमा,

३. कार्यालय तथा कर्मचारी पुरस्कृत गर्ने सम्बन्धमा,

४. उत्कृष्ट कार्यालय छनोट गर्ने सम्बन्धमा,

निर्णयहरु

१. सरकारी वकीलका लागि सजाय निर्धारण मार्गदर्शन तयार गरी पेश गर्न गठित समितिले मार्गदर्शनको मसौदा तयार गरी पेश हुन आएको हुँदा प्रस्तावित मार्गदर्शन उपर छलफल गरियो । छलफलबाट उठेका विषयहरुलाई समावेश गरी स्वीकृत गर्ने ।

२. अनुसन्धानकर्ता नेपाल प्रहरी र अभियोजनकर्ता सरकारी वकीलको दोस्रो राष्ट्रिय सम्मेलन, २०७६ को प्रस्तावित घोषणापत्रमा छलफल गरियो ।

३. सरकारी वकील तथा कर्मचारीलाई पुरस्कार प्रदान गर्ने सम्बन्धी मापदण्ड, २०७५ को दफा ३ ले महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरुको कार्य सम्पादनलाई गुणस्तरीय एवं प्रतिस्पर्धी बनाउन सरकारी वकील तथा कर्मचारीहरुलाई कार्य सम्पादनमा उत्प्रेरित गर्नका लागि प्रत्येक वर्ष देहाय बमोजिमको पुरस्कार प्रदान गरिने भन्ने व्यवस्था गरे बमोजिम देहाय बमोजिमका सरकारी वकील तथा कर्मचारीलाई देहाय बमोजिमको पुरस्कार प्रदान गर्ने ।

सर्वोत्कृष्ट वर्ष सरकारी वकील (एटर्नी अफ दि इएर) (एक जना)

१. सहन्यायाधिवक्ता श्री मुरारीप्रसाद पौडेल, विशेष सरकारी वकील कार्यालय, काठमाडौ

उत्कृष्ट सरकारी वकील र कर्मचारी पुरस्कार (दश जना)

१. जिल्ला न्यायाधिवक्ता श्री लक्ष्मण उपाध्याय घिमिरे, जिल्ला सरकारी वकील कार्यालय, रुपन्देही

२. उपन्यायाधिवक्ता श्री सुदीपकुमार दंगाल, महान्यायाधिवक्ताको कार्यालय, सिंहदरबार, काठमाडौं

३. जिल्ला न्यायाधिवक्ता श्री मोना सिंह, जिल्ला सरकारी वकील कार्यालय, ललितपुर
४. सहायक जिल्ला न्यायाधिवक्ता श्री प्रमोद भट्टराई, जिल्ला सरकारी वकील कार्यालय, भोजपुर
५. सहायक जिल्ला न्यायाधिवक्ता श्री गणेशजी शाह, जिल्ला सरकारी वकील कार्यालय, सल्यान
६. नायब सुब्बा श्री पुष्पा पाण्डे, जिल्ला सरकारी वकील कार्यालय, खोटाङ
७. नायब सुब्बा श्री भुवन दाहाल, उच्च सरकारी वकील कार्यालय, पोखरा
८. खरिदार श्री बद्रीप्रसाद यादव, जिल्ला सरकारी वकील कार्यालय, सप्तरी
९. हलुका सवारी चालक श्री पन्ना महर्जन, महान्यायाधिवक्ताको कार्यालय, सिंहदरबार, काठमाडौं
१०. कार्यालय सहयोगी श्री धनवीर सिंह भाट, जिल्ला सरकारी वकील कार्यालय, कञ्चनपुर

४. उत्कृष्ट कार्य सम्पादन गर्ने उच्च सरकारी वकील कार्यालयहरु तथा जिल्ला सरकारी वकील कार्यालयहरु मध्येबाट उत्कृष्ट कार्यालय छनोट गरी सरकारी वकील कार्यालयहरुलाई उत्प्रेरित गर्ने कार्यक्रम रहेको हुँदा सो बमोजिम जिल्ला सरकारी वकील कार्यालय, झापालाई उत्कृष्ट कार्यालय छनोट गर्ने ।

## ६. मिति २०७६।१०।०३ को निर्णय

प्रस्तावहरु:

प्रस्ताव नं. १ तोकिएका विशिष्टकीकरण सम्बन्धी विषयमा विशिष्टिकृत हुने सरकारी वकीलको सूचिकृत गर्ने।

निर्णयहरु:

निर्णय नं १ सवैधानिक कानून, राजस्व सम्बन्धी कानून, सगठित अपराध निवारण सम्बन्धी कानून, विद्युतीय अपराध निवारण कानून सम्बन्धी विषयका विशिष्टीकरण सम्बन्धी तालिममा सहभागी भई विशिष्टीकरण सम्बन्धी मापदण्डमा पर्नु भएका देहाय बमोजिमका सरकारी वकीललाई देहायका विषयमा विशिष्टीकृत सरकारी वकीलको रुपमा सूचिकृत गरी प्रमाणपत्र प्रदान गर्ने ।

(क) संवैधानिक कानून
उपन्यायाधिवक्ता श्री सन्तोष शर्मा

(ख) राजस्व कानून
१. शाखा अधिकृत श्री नगेन्द्र लम्साल
२. सहायक जिल्ला न्यायाधिवक्ता श्री सविता शर्मा

(ग) संगठित अपराध निवारण कानून
१. उपन्यायाधिवक्ता श्री राजेन्द्र सिंह भण्डारी
२. उपन्यायाधिवक्ता श्री विना दाहाल
३. जिल्ला न्यायाधिवक्ता श्री मोना सिंह
४. उपन्यायाधिवक्ता श्री संगिता न्यौपाने

(ङ) विद्युतीय अपराध निवारण कानून
१. जिल्ला न्यायाधिवक्ता श्री शम्भु गौतम
२. जिल्ला न्यायाधिवक्ता श्री लक्ष्मण उपाध्याय घिमिरे
३. जिल्ला न्यायाधिवक्ता श्री अशोकराज रेग्मी
४. जिल्ला न्यायाधिवक्ता श्री गुरुप्रसाद वाग्ले
५. सहायक जिल्ला न्यायाधिवक्ता श्री निमा घिमिरे
६. सहायक जिल्ला न्यायाधिवक्ता श्री विनोदलाल श्रेष्ठ
७. सहायक जिल्ला न्यायाधिवक्ता श्री स्वतन्त्र न्यौपाने

## ७. मिति २०७६।१०।२७ को निर्णय

प्रस्तावहरु:

१. International Associations of Prosecutors (IAP) को 11th ASIA & PACIFIC
२. REGIONAL CONFERENCE आयोजना (Host) गर्ने सम्बन्धमा,

निर्णयहरु:

१. International Associations of Prosecutors (IAP) को Executive Committee ले 7 IAP regions का लागि late 2020 and 2024 मा Regional Conference आयोजना (Host) गर्नका लागि १२।१३।२०१९ (२०७६ मंशिर २७ गते) मा आवेदन खुल्ला गरेको जानकारी भयो।सो बमोजिम 11th ASIA & PACIFIC REGIONAL

CONFERENCE आयोजना गर्नका लागि सदस्य संगठनको हैसियतले महान्यायाधिवक्ताको कार्यालयले उक्त सम्मेलन आयोजना गर्न उपयुक्त ठानी IAP सँग प्रारम्भिक अनुरोध गरेकोमा Office of the Attorney General of Nepal ले यस किसिमको प्रादेशिक सम्मेलनका लागि आवश्यक शर्तहरु सामान्यतः पूरा गरेको भनी IAP ले सम्मेलन आयोजना गर्ने आवेदन (Official Bid) सहित वास्तविक र स्पष्ट प्रारम्भिक तयारी योजना र प्रारम्भिक बजेट समेत तयार गरी पठाउन अनुरोध गरेको सम्बन्धमा बैठकमा जानकारी भयो । महान्यायाधिवक्ताको कार्यालय, नेपाल उक्त संगठनको सदस्य रहेको, नेपालले २०२० लाई भ्रमण वर्षका रुपमा मनाउने कार्यक्रम रहेको, यस किसिमको सम्मेलन नेपालमा आयोजना गरेमा न्याय र कानूनको क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा महान्यायाधिवक्ताको कार्यालयको छवी उच्च हुने र नेपाल भ्रमण वर्ष २०२० मनाउने नेपालको कार्यक्रम प्रवर्द्धन हुने भएकाले IAP सँग सहकार्य गरी उक्त संगठनको विधान बमोजिम महान्यायाधिवक्ताको कार्यालयले सन् २०२० मा काठमाडौंमा IAP को 11th ASIA & PACIFIC REGIONAL CONFERENCE आयोजना गर्ने।उक्त सम्मेलन आयोजना गर्नका लागि IAP मा आवेदन (Official Bid) गर्ने, प्रारम्भिक तयारी योजना र बजेट समेत तयार गरी पठाउने।उक्त सम्मेलनको आयोजना गर्नका लागि महान्यायाधिवक्ताको कार्यालयले आवेदन (Official Bid) गर्ने, प्रारम्भिक तयारी योजना र बजेट समेत तयार गर्ने तथा सम्मेलनको आवश्यक व्यवस्थापन गर्न देहाय बमोजिमको ११ (एघार) सदस्यीय एक सम्मेलन आयोजक समिति गठन गर्ने ।

१. नायब महान्यायाधिवक्ता श्री पद्म प्रसाद पाण्डे - संयोजक
२. सहन्यायाधिवक्ता श्री श्याम कुमार भट्टराई - सदस्य
३. सहन्यायाधिवक्ता श्री संजिवराज रेग्मी - सदस्य
४. सहन्यायाधिवक्ता श्री लोकराज पराजुली - सदस्य
५. सहन्यायाधिवक्ता श्री खेमराज ज्ञवाली - सदस्य
६. उपन्यायाधिवक्ता श्री ज्ञानप्रसाद भुसाल - सदस्य
७. शाखा अधिकृत श्री रोशी भण्डारी - सदस्य
८. शाखा अधिकृत श्री शिशिर लामिछाने - सदस्य
९. शाखा अधिकृत श्री आश्मा खड्का - सदस्य
१०. शाखा अधिकृत श्री प्रभात क्षेत्री - सदस्य
११. प्रतिनिधि, परराष्ट्र मन्त्रालय - सदस्य

## ८. मिति २०७६।१२।०२

प्रस्तावहरुः

१. बालसुधार गृहको अनुगमन गर्न मुख्य न्यायाधिवक्ताहरुलाई निर्देशन दिने,
२. नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको कसूर ठहरको अवस्थाको मूल्याङ्कन गरी सुधारका उपाय सहित प्रतिवेदन पेश गर्न कार्यदल गठन गर्ने,
३. सरकार वादी फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनको अवस्थाका बारेमा छलफल कार्यक्रम संचालन गर्ने,
४. महान्यायाधिवक्ताको कार्यालयको ७० औं स्थापना दिवसमा स्मारिका प्रकाशन गर्ने ।

निर्णयहरुः

१. प्रस्ताव नं. १ मा छलफल गर्दा बाल सुधार गृहको उचित व्यवस्थापनका लागि आफ्नो प्रदेश अन्तर्गत बाल सुधार गृहको आवश्यक अनुगमन गरी महान्यायाधिवक्ता समक्ष सुझाव सहित प्रतिवेदन पेश गर्न तथा बाल सुधार गृहमा राखिएका बालबालिकाले न्यूनतम बाल अधिकारको उपभोग गर्न पाउने गरी बाल सुधार गृहको भौतिक, आर्थिक तथा अन्य व्यवस्थापन गर्न प्रदेश सरकार मार्फत आवश्यक पहल गर्न सात वटै प्रदेशका मुख्य न्यायाधिवक्ताज्यूहरुलाई माननीय महान्यायाधिवक्ताज्यूबाट निर्देशन दिने।
२. प्रस्ताव नं. २ मा छलफल गर्दा नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको कसूर ठहरको अवस्थाको मूल्याङ्कन गरी सुधारका उपायहरु एक महिना भित्र प्रस्तुत गर्न देहायको कार्यदललाई जिम्मेवारी दिनेः(

देहाय

| | |
|---|---|
| नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला | संयोजक |
| सहन्यायाधिवक्ता श्री लोकराज पराजुली | सदस्य |
| सहन्यायाधिवक्ता श्री सूर्यराज दाहाल | सदस्य |
| उपन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारी | सदस्य |
| शाखा अधिकृत श्री शिव वाग्ले | सदस्य सचिव |

३. प्रस्ताव नं. ३ मा छलफल गर्दा सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनको अवस्थाका बारेमा महान्यायाधिवक्ताको कार्यालय र प्रही प्रधान कार्यालयका उच्च अधिकारीहरुको सहभागिता रहने गरी छलफल कार्यक्रम आयोजना गर्ने

४. प्रस्ताव नं. ४ मा छलफल हुँदा महान्यायाधिवक्ताको कार्यालयको ठण औं स्थापना दिवशको अवसरमा महान्यायाधिवक्ताको कार्यालयको ऐतिहासिक विकासक्रम र संस्थागत सुधारका साथै फौजदारी न्याय प्रशासनसँग सम्बन्धित विषयमा सामग्री तयार गरी प्रकाशन गर्ने प्रयोजनका लागि देहायको सम्पादन समितिलाई जिम्मेवारी दिने:

देहाय

| | |
|---|---|
| नायब महान्यायाधिवक्ता श्री पद्मप्रसाद पाण्डेय | संयोजक |
| सहान्यायाधिवक्ता श्री श्यामकुमार भट्टराई | सदस्य |
| सहन्यायाधिवक्ता श्री संजीबराज रेग्मी | सदस्य |
| सहन्यायाधिवक्ता श्री लोकराज पराजुली | सदस्य |
| सहन्यायाधिवक्ता श्री रमादेवी पराजुली | सदस्य |

## ९. मिति २०७७।०३।१६ को निर्णय

प्रस्तावहरु

१. राय प्रतिक्रिया पठाउने सम्बन्धमा

२. कार्यविधि तयार गर्ने सम्बन्धमा

निर्णयहरु

१. प्रस्ताव नं. १ मा राष्ट्रिय विधि विज्ञान प्रयोगशाला सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा उपर छलफल भयो । सो छलफलमा उठेका विषयहरु समावेश गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई राय प्रतिक्रिया उपलब्ध गराउने ।

२. प्रस्ताव नं. २ मा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४ को उपनियम (६) ले निर्देश गरे बमोजिम महान्यायाधिवक्ताको कार्यालयमा रहने महाशाखा, शाखा र केन्द्रको कार्य विभाजन सम्बन्धी कार्यविधिको मस्यौदा तयार गरी यस समिति समक्ष पेश गर्न तपसिल बमोजिमको कार्यदल गठन गर्ने ।

तपसिल

| | |
|---|---|
| सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराई | संयोजक |
| सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मी | सदस्य |
| सहन्यायाधिवक्ता श्री लोकराज पराजुली | सदस्य |

## ३. माननीय महान्यायाधिवक्ताज्यूको मन्तव्य, अन्तरवार्ता

## १. नेपालका न्यायाधीशहरुको राष्ट्रिय सम्मेलन, २०७५ को समुद्घाटन समारोहमा माननीय महान्यायाधिवक्ता श्री अग्निप्रसाद खरेलले दिनु भएको शुभकामना मन्तव्य

**मिति २०७५।१२।२०**

समारोहका प्रमुख अतिथि सम्माननीय राष्ट्रपतिज्यू,

विशिष्ट अतिथि सम्माननीय प्रधानमन्त्रीज्यू,

समारोहका अध्यक्ष सम्माननीय प्रधानन्यायाधीशज्यू,

उपस्थित विशिष्ट अतिथिज्यूहरु,

सहभागी माननीय न्यायाधीशज्यूहरु, पर्यवेक्षकज्यूहरु

पत्रकारहरु, भद्र महिला तथा सज्जनबृन्द ।

नेपालका न्यायाधीशहरुको यो गरिमामय सम्मेलनको भव्य समुद्घाटन समारोहमा मन्तव्य प्रकट गर्ने अवसरका लागि हार्दिक आभार प्रकट गर्दछु । सम्मेलनले तय गरेको नारा मुताविक सम्मेलन सफल बनोस् र सम्मेलनले पारित गर्ने घोषणापत्रले नेपालको न्याय प्रणाली र समग्र न्यायालयको श्रीवृद्धमा योगदान पुऱ्याउन सकोस् भन्ने अपेक्षासहित सम्मेलनको पूर्ण सफलताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

नेपालको संवैधानिक इतिहास र लोकतान्त्रिक शासन व्यवस्थासँग सापेक्षरुपमा न्यायिक इतिहासको विकास हुँदै आएको यथार्थ हामी सबै सामु छर्लङ्ग छ । धेरै अग्रज न्यायकर्मीहरुको समर्पण र निष्ठाबाट नै न्यायालयको यो धरोहर खडा भएको हो । यो निष्ठाको धरोहरलाई अझ अग्लो र बलियो बनाउने मात्र जिम्मेवारी हामीसँग रहेको छ । गतिशीलता दिनु पर्ने दायित्व हामीसँग छ । यो घडीमा मुलुक संवैधानिक रुपान्तरणको नयाँ अध्यायमा प्रवेश गरेको छ । संविधान कार्यान्वयनको नयाँ परिवेश छ । शासन प्रणालीले नयाँ जग हाल्ने क्रममा छ । संघीयता आफैमा हाम्रा लागि नयाँ अभ्यासको रुपमा रहेको छ । राजनीतिक एवम् संवैधानिक परिवर्तन र परिवर्तित व्यवस्थालाई सँस्थागत गर्ने क्रममा राज्यको सबै निकाय र शासकीय प्रबन्धका सबै सरोकारवाला पक्षको सजगतापूर्वक संयमपूर्ण, समन्वयात्मक र सकारात्मक योगदानको अपेक्षा राखिन्छ । हामी पनि अहिले सोही चरणमा रहेका छौं ।

संविधानको संरक्षक र नागरिक स्वतन्त्रताको पहरेदार निकायको रुपमा कानूनको शासन प्रबर्द्धन गर्ने दिशामा विगतदेखि नै न्यायालयले निर्वाह गरेको भूमिका सदैव स्मरणीय रहेको छ । संवैधानिक परिवर्तन भई न्यायिक अधिकारको विशिष्टीकरण र विकेन्द्रीकरण भएको सन्दर्भमा सो अधिकारको सार्थक प्रयोगको अपेक्षा वैधानिक अपेक्षाको दायराभित्र पर्दछ । संवैधानिक मूल्य र संविधानले आत्मसात गरेका मूल भावना एवम् संविधान निर्माणको पृष्ठभूमिले नै हामीलाई सुखद र परिकल्पित गन्तव्यमा पुऱ्याउन सक्दछ ।

नेपालको कानून प्रणालीमा मुलुकी अपराध संहिता समेतका नयाँ कानूनहरुले नयाँ अध्यायको प्रारम्भ गरेका छन् । निक्कै लामो समयको प्रयत्नपछि जारी भएका यी संहिताहरु मुलुकको सामाजिक संविधानको रुपमा रहेका छन् । कार्यान्वयनको यो ८/९ महिनाको अवधिमा संहिताहरुले आत्मसात गरेका नयाँ मूल्य मान्यता र विषयहरुको कार्यान्वयनको क्रममा केही सकारात्मक परिसूचकहरु पनि देखिन थालेका छन् । केही समस्या र चुनौती पनि देखिएका छन् । स्रोत साधन र पूर्वाधारको अभाव वा विभागीय धारणा वा दृष्टिकोणको आग्रहबाट माथि उठेर नयाँ कानूनको कार्यान्वयनबाट नयाँ सामाजिक परिवेश निर्माण गर्नु पर्ने दायित्व हामीसँग छ । त्यसैले अव आरोप प्रत्यारोपबाट कुनै विन्दुमा पुग्न सकिँदैन । अव कानून कार्यान्वयनमा रचनात्मक प्रतिस्पर्धा गर्ने दिशामा क्रियाशील होऔं । नयाँ कानूनको कार्यान्वयनमा यस्ता विषय स्वभाविक मानी अपराध अनुसन्धान, अभियोजन र न्याय सम्पादन प्रक्रियामा सबै साझेदार निकायहरुले कानूनले बोकेको मूल्य अनुरुप अगाडि जान सक्ने गरी साझा प्रयासको आवश्यकता छ ।

राजनीतिक रुपान्तरणको प्रक्रियामा भएका विगतमा भएका विभिन्न परिघटनाहरुलाई संक्रमणकालीन न्यायका मान्य सिद्धान्त र स्वीकृत मापदण्डका आधारमा टुंगोमा पुऱ्याउनु पर्ने संवैधानिक प्रबन्ध, न्यायिक मार्गनिर्देशन र राजनीतिक प्रतिबद्धताको कार्यान्वयन मार्फत दिगो शान्तिको अवधारणा हासिल गर्ने निरन्तर प्रयास निष्कर्षतर्फ अघि बढेको व्यहोरा सबैमा विदितै छ । यसलाई तार्किक निष्कर्षमा पुऱ्याउन सबै पक्षको संयमतापूर्ण र सकारात्मक सहयोगको अपेक्षा राखिएको छ ।

लोकतान्त्रिक शासन व्यवस्थाको प्रभावकारी कार्यान्वयन र संविधानवादका सिद्धान्तको व्यावहारिक प्रयोगका लागि संविधानले स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायपालिकाको परिकल्पना गरेको छ । यथार्थमा न्यायिक स्वतन्त्रताले निर्भयताको अपेक्षा राख्दछ । यो यसभित्र कुनै राग, द्वेष, आशक्ति, स्वार्थ वा आग्रह जस्ता विषय अटाउँदैनन्, जसले न्यायालयको गरिमा र साखलाई नै चुनौती दिने गर्दछन् । सतहमा गरिने न्यायालय एवम् न्यायकर्मी विरुद्धका फितला टिप्पणीहरुले व्यावसायिक नैराश्यतामात्र पैदा गर्दैन, न्याय प्रणालीको उच्च धरोहरप्रति नै जटिल प्रश्न उठाउने गर्दछ । त्यसैले न्यायालयप्रतिको जनविश्वासलाई अकिञ्चन रुपमा कायम राख्नु, अझ सोको प्रबर्द्धन गर्नु हामी सबैको परम दायित्व भित्र पर्दछ ।

न्यायालय भित्रैबाट र यसका सरोकारवाला निकायहरुबाट न्यायिक स्वतन्त्रताको जगेर्ना गर्न र न्यायिक जनविश्वास विस्तार गर्न सकारात्मक क्रियाशीलता आवश्यक पर्दछ । स्वार्थपरक दृष्टिकोणका शिकार भएका धृतराष्ट्रको अवसानको महाभारतको प्राचीन गाथाबाट सिकेको पाठलाई हामीले शासकीय व्यवहारमा निरन्तर स्मरण गरिरहनु पर्ने अवस्था छ । न्यायाधीश नियुक्तिको विषयमा पनि बस्तुगत र भरोषायुक्त आधारहरु पहिचान गरौं । उत्तराधिकारको विश्लेषण होइन । गुणवत्ताको मूल्यांकन गरौं । न्यायिक जिम्मेवारी निर्वाह गर्ने क्रममा भएका अस्वभाविक र विचलनयुक्त कार्यहरु न्यायिक स्वतन्त्रताको आवरणमा संरक्षित हुन दिनु हुँदैन भन्नेमा कसैको पनि विमति रहँदैन । रहनु हुँदैन ।

नेपालको न्यायिक इतिहासमा बेलाबखतमा प्रकट भएका केही अनपेक्षित घटनाक्रमहरु इतिहासको कालखण्डमा विलुप्त हुने गरी अगाडि बढ्नु पर्ने र किमार्थ त्यस्तो परिवेशको पुनरावृत्ति नहुने गरी न्यायालय भित्रका र यसका सरकोरावाला निकायहरु क्रियाशील हुनु पर्ने आवश्यकता देखिएको छ । यो अवसरमा न्यायिक अनुशासनको उच्चतम् अभ्यास अन्य निकायका लागि समेत अनुकरणयोग्य हुन सकोस् भन्ने अपेक्षा राख्दछु ।

न्यायक्षेत्रको महत्वपूर्ण सरोकारवाला निकाय महान्यायाधिवक्ताको कार्यालयको तर्फबाट न्यायपालिकाको यश वृद्धिमा सदैव साथ, सहयोग, समर्थन र रचनात्मक योगदानरहने प्रतिबद्धता प्रकट गर्दछु । न्यायालयबाट पनि आफ्नो कार्यालयको सुधारका लागि यस्तै पारस्पारिकताको अपेक्षा राखेको छु ।

सीमित सरकारको अवधारणाभित्र राज्यका सबै अंग, निकायहरु संवैधानिक सीमामा रहनु पर्दछ भन्ने विषयमा कुनै विवाद हुनु हुँदैन । सबै निकायहरु संवैधानिक परिधिभित्र उत्तरदायी र जवाफदेही हुनु पर्दछ । शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलनको सिद्धान्तले संवैधानिक परिसीमालाई किटान गरिदिएको छ । कुनै पनि निकायलाई यो अवधारणा विपरीत कार्य गर्ने स्वच्छन्दता प्राप्त हुन सक्दैन भनी न्यायालयले बारम्बार प्रकट गरेको दृष्टिकोण स्वयं न्यायपालिकाकालागि पनि उत्तिकै कठोरतापूर्वक लागू हुने मानिन्छ । सम्पूर्ण राज्य संयन्त्र यो संवैधानिक सिद्धान्तले बोकेको अन्तर्यबाट निर्देशित हुनुपर्ने मान्यतामा अविचलित हुनु पर्दछ ।

सार्वजनिक सम्पत्ति संरक्षणको विषय सबैको साझा चासो, सरोकार र दायित्वको विषय हो । अपवादको रुपमा न्यायिक प्रक्रियामा आइपुगेका यस्ता विषयको कोही पनि पक्ष र विपक्ष हुनु हुँदैन भन्ने मान्यतामा हामी सबैले साझा धारणा विकास गर्नु अपरिहार्य छ । यस्तै मानकका आधारमा कुनै पनि संस्था वा संरचना उपर विश्वास अविश्वासको आधारशीला निर्माण हुने गर्दछ । यो प्राविधिकपनभन्दा माथि उठेको विषय हो । यसले औचित्यताको समेत खोजी गर्दछ । यो स्वभाविक छ कि कुनै पनि अंगको नेतृत्वले आफ्नो गर्विलो इतिहासको अपेक्षा राख्दछ । तर इतिहासले अपेक्षा हैन कर्म हेर्दछ भन्ने पाठ समयले हामीलाई राम्ररी सिकाएर गएको छ ।

न्याय, शान्ति र विकास एक अर्कामा अन्योन्याश्रित रहेका छन्, यी राज्य व्यवस्थाको गतिशीलताका द्योतक हुन् । विकासका क्रियाकलाप र स्रोत परिचालनको विषय प्राविधिक विषय मात्र होइन । राज्यको जिम्मेवारी र विश्वासनीयताको विषय पनि हो । यसले पार्ने दीर्घकालीन प्रभावको आँकलन गर्नु अपरिहार्य हुन जान्छ । कुनै एकांकी दृष्टिकोण बोकेर राज्य व्यवस्थाको सञ्चालन सम्भव हुँदैन । कानून र दण्ड व्यवस्था सही कार्य गर्नेका लागि साधक र गलत कार्य गर्नेका लागि बाधक हुन् । त्यसैले विकास प्रक्रिया सञ्चालनसम्बन्धी कानूनको कार्यान्वयन र व्याख्यामा यो मान्यतालाई आत्मसात गरिने विश्वास गरिन्छ ।

सुरक्षाको प्रत्याभूति बेगर स्वतन्त्रताको उपभोग गर्न सहज हुदैन भन्ने संसारले सिकाएको पाठ हामीले पनि ग्रहण गर्नु उपयुक्त हुन्छ । सार्वजनिक शान्ति र व्यवस्थाको प्रभाव समग्र शासकीय प्रबन्धभित्र पर्दछ । यो विषय सरकारको जिम्मेवारीको विषय त हो तर यसको संवेदनशीलतालाई साझा दायित्वको रुपमा आत्मसात गर्नुपर्ने आवश्यकता देखिएको छ ।

न्यायिक सक्रियताले नेपालको कानून प्रणालीको प्रगतिशील रुपान्तरणमा पुऱ्याएको योगदान कसैले अवमूल्यन गर्न सक्ने अवस्थामा छैन । संकटको समयमा पनि न्यायालयले निर्वाह गरेको अभिभावकीय भूमिका गर्वका साथ स्मरण गर्न सकिने अवस्था छ । कतिपय त्यस्ता फैसला र आदेशहरु अन्तर्राष्ट्रिय जगतमा पनि चर्चाका विषय बनेको हामी सबैलाई जानकारी छ । न्यायिक आत्मसंयमका अन्तरनिहित सीमालाई दृष्टिगत गरेर नै न्यायिक सक्रियताको प्रयोग सान्दर्भिक र

सफल भएको विगत हामीसँग रहेको छ । कोरा कल्पनावादी दृष्टिकोण वा पुरातनवादी मनोविज्ञानबाट कानूनका अक्षरहरुले जीवन्तता पाउन मुस्किल हुन्छ । त्यसैले यथार्थवादी मूल्य बोकेर कार्यक्षेत्रमा क्रियाशील हुने आदर्शतालाई अंगीकार गरौं भन्ने प्रस्ताव गर्न चाहन्छु ।

अन्त्यमा, छिटो, छरितो र प्रभावकारी न्याय प्रणालीको निर्माणमा लागि न्यायालयबाट गरिने सुधारका कार्यहरुमा महान्यायाधिवक्ताको कार्यालयको सधैं सकारात्मक भूमिका रहने पुनः प्रतिबद्धता प्रकट गर्दछु । यो सम्मेलनले समग्र न्यायिक क्षेत्रको सुधारका लागि मार्गदर्शन गर्नेछ र नेपालको न्यायिक इतिहासमा यो सम्मेलन एउटा अवस्मरणीय अवसरको रुपमा चित्रित हुनेछ भन्ने अपेक्षा राख्दै विदा चाहन्छु ।

## @= संघीय संसद प्रतिनिधि सभा राज्य व्यवस्था तथा सुशासन समितिको मिति २०७७०३।३० को बैठकमा कारागार सुधार तथा कैदीबन्दी व्यवस्थापन सम्बन्धी विषयको छलफलमा माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलबाट प्रस्तुत धारणा

१. नेपालको संविधान र सरकारी वकील सम्बन्धी नियमावली, २०७७ ले महान्यायाधिवक्तालाई सुम्पिएको जिम्मेवारी बमोजिम महान्यायाधिवक्ता स्वयम् र मातहतका सरकारी वकीलहरुबाट नियमित रुपमा कारागार तथा हिरासत अनुगमन गरी सुधारका लागि नेपाल सरकार समक्ष प्रतिवेदन प्रस्तुत गरी सरोकारवाला निकायहरुसँग समेत सुझाव कार्यान्वयनका लागि आवश्यक छलफल र सहजीकरण गर्ने गरिएको छ । उक्तप्रतिवेदनमा मुलतः देहायका विषयहरु समेटिने गरिएको छ :

- अनुगमनको विवरण, कारागार, बाल सुधार गृह तथा हिरासत कक्षको अवस्था
- अनुगमनबाट देखिएका सकारात्मक पक्षहरु,
- कारागार, बाल सुधार गृह एवं हिरासत कक्षका समस्याहरु,
- तीसमस्या समाधानका लागि सुझावहरु,

२. कोभिड-१९ को सन्दर्भमा कारागार तथा हिरासतको अवस्थाका सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालयबाट विभिन्न १८ वटा टोली परिचालन गरी सबै प्रदेशका विभिन्न कारागार, बाल सुधार गृह तथा हिरासत कक्षको अनुगमन गरिएको छ। सो अनुगमनबाट देखिएको अवस्था यसप्रकार रहेको छ :

- अनुगमन गरिएका कतिपय कारागार तथा बाल सुधार गृह र हिरासत कक्षमा कोभिड १९ को संक्रमणबाट सुरक्षित हुनका लागि सावधानीका उपायहरु प्राथमिकतापूर्वक अवलम्बन गरिएको देखियो ।
- प्रायःजसो कारागार तथा बाल सुधार गृहमा स्वास्थ्यकर्मीको उपस्थिति रहेको छैन । यो समयमा विशेष प्राथमिकतामा राखी स्वास्थ्यकर्मीको सेवा उपलव्ध हुने व्यवस्था गर्नु पर्नेछ ।
- स्वास्थ्य सुरक्षाका उपायहरु अझै प्रभावकारी रुपमा अवलम्बन गरिनु पर्ने आवश्यकता छ । मास्क, स्यानिटाइजर, पञ्जा, साबुन पानी लगायतका स्वास्थ्य सुरक्षा सामग्रीको थप व्यवस्थापन गर्नु पर्नेछ ।
- क्षमताभन्दा बढी कैदी बन्दी राख्नु पर्ने बाध्यता र कारागार, बाल सुधार गृह र हिरासत कक्षको भौतिक अवस्थाले स्वास्थ्य जोखिम बढाएको छ ।
- स्वास्थ्य जोखिम र सावधानीका उपायहरुका बारेमा सचेतनामूलक कार्यक्रम र मनोपरामर्श सेवाको आवश्यकता देखिएको छ ।
- दैनिक रुपमा कारागार तथा हिरासत कक्ष र भेटघाट कक्षलाई स्यानिटाइज गर्नु आवश्यक छ। त्यसैगरी कैदी बन्दीलाई अदालत तथा अस्पताल लैजाँदाको सवारी साधनलाई स्यानिटाइज गर्नका लागि समेत आवश्यक सामग्रीको प्रबन्ध गर्नु पर्ने देखिएको छ ।
- जेष्ठ नागरिकहरुलाई कानूनले दिएको सुविधा प्रयोग गर्ने तर्फ प्राथमिकतापूर्वक निर्णय होस् भन्ने सरोकारवालाहरुको अपेक्षा राखेको पाइयो ।

अनुगमनको क्रममा बाल सुधार गृहमा आधारभूत पुस्तकालयको समेत व्यवस्था नभएको देखिएको हुँदा आगामी एक महिनाभित्र महान्यायाधिवक्ताको कार्यालयको प्रयासमा सबै बाल सुधार गृहमा पुस्तकालयको स्थापना गर्ने कार्यक्रम राखिएको छ ।

यो विषयमा एकीकृत प्रतिवेदन तयार गरी यथाशक्य चाँडो नेपाल सरकार समक्ष प्रस्तुत गरिने छ ।

३. कोभिड-१९ को सन्दर्भमा कारागार, बाल सुधार गृह तथा हिरासत कक्षमा सावधानी अपनाउनका लागि फौजदारी न्याय प्रशासनका सबै सरोकारवाला निकायका उच्च तहका अधिकारीहरुको मिति २०७६।१२।०६ र २०७७।१।४ मा बैठक बसी हिरासत, बाल सुधार गृह र कारागारमा थुनवा/कैदी बन्दीको व्यवस्थापन सम्बन्धमा विभिन्न निर्णय गरी कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाइएको थियो ।

४. सर्वोच्च अदालतको पूर्ण बैठकले समेत महान्यायाधिवक्ताको कार्यालयमा भएको बैठकको उक्त निर्णयको सान्दर्भिक विषय कार्यान्वयनका लागि सम्बन्धित अदालतहरुलाई पत्राचार गरेको थियो । सो बमोजिम मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिम विभिन्न अदालतबाट २२४ जनाभन्दा बढी बन्दी थुना मुक्त भएको जानकारी प्राप्त भएको छ । त्यसैगरी बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (५) बमोजिम बाल सुधार गृहबाट २२८ जना बालबालिका छुटी गएको जानकारी प्राप्त भएको छ ।

५. कैदमा रहेका जेष्ठ नागरिकहरुलाई जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १२ र सर्वोच्च अदालतबाट भएको फैसला समेतका आधारमा कैद छुट दिने प्रक्रिया कार्यान्वयनमा ल्याउनका लागि गृह मन्त्रालयमा लेखी पठाइएको छ ।सो विषयमा गृह मन्त्रालयबाट माग भएको राय महान्यायाधिवक्ताको कार्यालयबाट प्रदान गरिसकिएको हुँदा उक्त विषयमा कार्यान्वयनको प्रक्रियामा गृह मन्त्रालयका पदाधिकारीबाट विवरण प्रस्तुत हुने अपेक्षा छ ।

६. फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले गरेका दण्डका सुधारात्मक व्यवस्थाको कार्यान्वयनका बारेमा महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदनमा देहायको विषय उल्लेख भएको छ :
**दण्ड सजायको सुधारात्मक व्यवस्थाको कार्यान्वयन :** ***फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले गरेका व्यवस्था बमोजिम प्रोवेशन, प्यारोल, सामुदायिक सेवा जस्ता दण्ड सजाय कार्यान्वयनका सुधारात्मक उपायहरुको कार्यान्वयनका लागि आवश्यक पर्ने पूर्वाधार निर्माण र नियम निर्देशिकाको तर्जुमा गरी ती व्यवस्थाहरु कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ । सो ऐनको दफा ३८ ले गरेको व्यवस्था बमोजिम महान्यायाधिवक्ताको अध्यक्षतामा रहेको सजाय सुझाव समितिलाई दण्ड नीति समेतका विषयमा सुझाव दिने जिम्मेवारी रहेकोमा सो समितिमा विज्ञ समेतको छुट्टै सचिवालयको व्यवस्था र आवश्यक बजेटको व्यवस्था हुनुपर्ने देखिन्छ ।***

सम्मानित सर्वोच्च अदालतबाट समेत उक्त ऐनका कानूनी प्रावधानहरु कार्यान्वयनका लागि मिति २०७७।१।१७ मा भएको आदेश भएको सन्दर्भमा नेपाल सरकारबाट उक्त ऐनको कार्यान्वयनका लागि आवश्यक कानूनी र भौतिक पूर्वाधार प्राथमिकतापूर्वक तयार गर्नु पर्ने आवश्यकता रहेको छ । सो सन्दर्भमा उक्त ऐनको दफा ३८ बमोजिमको संघीय प्रोवेसन तथा प्यारोल वोर्ड र दफा ४६ बमोजिमको सजाय सुझाव समितिमा नेपाल सरकारबाट तोकिने सदस्यहरु हालैमात्र मनोनयन भई आएकोले ती समितिहरुलाई अव क्रियाशील गराइने व्यहोरा अनुरोध गर्दछु । सोही ऐनको दफा ४९ बमोजिम नेपाल सरकारले नियुक्त गर्नु पर्ने वा तोक्नु पर्ने प्रोवेसन अधिकृत वा प्यारोल अधिकृत यथाशीघ्र तोकी कार्यान्वयनमा ल्याउनु पर्ने आवश्यकता छ ।

७. आजको न्याय प्रशासनले दण्डशास्त्रमा सुधारात्मक मान्यतालाई अंगीकार गरेको छ । हाम्रो कानून प्रणाली पनि सोही दिशातर्फ लक्षित रहेको छ । कानूनले अंगीकार गरेका मान्यतालाई व्यवहारमा रुपान्तरण गरी तिनको सार्थक अभ्यास गर्नु पर्ने आवश्यकता छ । कारागारमा रहेका कैदी बन्दीहरुलाई मानवोचित व्यवहार हुने वातावरण निर्माण गर्नु पर्दछ । बन्दी गृहहरुलाई सुधार गृहको रुपमा रुपान्तरण गर्न र कारागारमा रहेका कैदी बन्दीहरुलाई उद्यमशीलताको अभ्यास गरी उत्पादकत्व अभिवृद्ध गर्ने दिशामा क्रियाशील गराउनका लागि पनि अव प्राथमिकतामा कार्यक्रम सञ्चालन गर्नु पर्ने आवश्यकता रहेको छ ।

८. कारागार ऐन, २०१९ लाई प्रतिस्थापन गरी नयाँ कारागार ऐन तर्जुमाको प्रक्रिया अगाडि बढेको विषय सकारात्मक रहेको छ । सो विधेयकले महान्यायाधिवक्तालाई कैदी बन्दीहरुको मानव अधिकारको संरक्षण गर्ने हेतुले कारागार निरीक्षण गरी निर्देशन दिन आवश्यक देखिएका विषयमा कारागार प्रशासनलाई निर्देशन दिन सक्ने र त्यसरी निरीक्षण गरिएका कारागारहरुका सन्दर्भमा वार्षिक प्रतिवेदन तयार गरी नेपाल सरकार तथा प्रदेश सरकारलाई उपलब्ध गराउने समेतका व्यवस्था प्रस्ताव भएको देखियो । सो विधेयकको दफा ४८ को उपदफा (३) मा समावेश भएको सजाय माफी वा कम नहुने व्यवस्थाको खारेजीका लागि सम्मानित समिति समक्ष निवदेन प्रस्तुत भएको देखियो । आफूलाई चासो र सरोकार पर्ने कानून निर्माणको प्रक्रियामा सुझावहरु प्रस्तुत गर्ने असल अभ्यासको विकास भएको रुपमा यो निवेदनलाई लिनु पर्दछ । विगतदेखि अभ्यास हुँदै आएको कारागारभित्र विशेष जिम्मेवारी वापत कैदी बन्दीहरुले पाउने कैद कट्टाको सुविधाका सम्बन्धमा विगतको कानूनी व्यवस्था तथा त्यसको अभ्यासले पारेको प्रभाव र दायित्वसमेतलाई विचार गरी सम्मानित संसदले विधायिकी बुद्धिमता प्रयोग गरी निर्णय गर्नु उपयुक्त हुन्छ ।

९. सम्मानित समितिको जानकारीका लागि महान्यायाधिवक्ताको कार्यालयबाट तयार पारिएको हिरासत तथा कारागार अनुगमन प्रतिवेदन, २०७६ र महान्यायाधिवक्ताको कार्यालयमा २०७६।१२।६ र २०७७।१।४ मा बसेको हिरासत, बाल सुधार गृह र कारागारमा थुनुवा/कैदी बन्दीको व्यवस्थापन सम्बन्धमा भएको निर्णयको प्रतिलिपि एवम् सम्मानित सर्वोच्च अदालतबाट मिति २०७७।१।१७ मा भएको आदेशको प्रतिलिपिसमेत यसैसाथ प्रस्तुत गरिएको छ ।

## ३. माननीय महान्यायाधिवक्ता अग्नि प्रसाद खरेलज्यूले न्यायपालिकाको चौंथो पञ्चवर्षीय रणनीतिक योजनाको सुभारम्भ समारोहमा प्रस्तुत गर्नु भएको मन्तव्य

**मिति २०७६।०३।३१**

सम्माननीय प्रधानन्यायाधीशज्यू,

माननीय मन्त्रीज्यूहरु,

माननीय न्यायाधीशहरु,

न्यायपरिषद्का सदस्य,

नेबाएका अध्यक्षज्यू,

माननीय मुख्य न्यायाधीश तथा मुख्य रजिष्ट्रारज्यू,

कानून आयोगका अध्यक्षज्यू,

नेपाल सरकारका सचिवज्यूहरु तथा पत्रकारहरु,

उपस्थित सम्पूर्ण सहभागीज्यूहरु

संविधान र कानूनले दिएको जिम्मेवारी र न्यायालयका सेवाग्राही वा न्यायका आकांक्षीहरुले राखेका अपेक्षा परिपूर्ति गर्नका लागि योजनाबद्ध विकास प्रक्रिया मार्फत न्यायालयले हासिल गरेको उपलब्धिहरु भौतिक रुपमा गणनायोग्य देखिएका छन् । योजना कार्यान्वयनबाट भौतिक पूर्वाधारको विकास भएको छ । जनशक्तिको दक्षता विकासका लागि कार्यक्रम सञ्चालन भएका छन । अवसरको मात्रा वृद्धि भएको छ । प्रविधिको व्यापक रुपमा प्रयोग भएको छ । यो क्रममा कानूनको पनि आधुनिकीकरण भएको छ । योजनाबद्ध विकासको थालनी हुनुभन्दा अगाडि र आजको अवस्था तुलनायोग्य छैन । योजना कार्यान्वयनबाट न्यायपालिकाको संस्थागत सुधार उल्लेख्य योगदान देखिएको छ । समय तालिका अनुसार काम भएको छ । मुद्दाको फछ्र्यौटको गतिमा सुधार आएको छ । संस्थागत सुधारको यो प्रयास र हासिल भएका सुधारहरु न्यायिक सुधारको आधा पाटो मात्रै हो । अब सेवाग्राहीलाई सन्तुष्ट बनाउने गरी बाँकी आधा पाटोमा समेत ध्यान पुऱ्याउनुपर्ने आवश्यकता देखिएको छ ।

न्यायालय विश्वासको संस्था (इन्टिच्युट अफ फेथ) हो । यसको सफलताको मापन मुद्दाको फछ्र्यौट संख्या वा प्रतिशतबाट भन्दा जनविश्वास र समर्थनबाट गरिन्छ । अचेल धेरैजसो विवादहरु न्यायपालिकाबाट टुङ्गो लगाउनुपर्ने अवस्था आएको छ । खासगरी संविधानले अपेक्षा गरेका शासन व्यवस्थाको रुपान्तरण र मुलुकी संहिताले राखेका न्यायप्रणालीको रुपान्तरणको नेतृत्वदायी भूमिका न्यायालयले गर्नु परेको छ । यो अवस्थामा न्यायिक सुशासनको प्रवर्धन अपेक्षाकृत बढी हुनु पर्दछ । अदालतले मुद्दाको फछ्र्यौट त गर्नुपर्छ नै तर मूलतः  न्याय सम्पादन गर्नुपर्छ । लगतमुखी न्यायपालिका भन्ने आरोप किमार्थ लागू हुँदैन, लाग्नु दिनु हुँदैन । न्याय मर्दा सिर्फ न्याय मात्रै मर्दैन त्यसप्रतिको आस्था र विश्वास पनि कमजोर हुँदै जान्छ भन्नेतर्फ उच्च सतर्कता अपनाउनुपर्ने अवस्था सिर्जना भएको छ ।  अब न्यायपालिकाले सेवाग्राहीको सन्तुष्टि सर्वेक्षण गर्नुपर्छ । अब हामीले हाम्रो कामहरुको प्रभावकारी मूल्याङ्कन गरिनुपर्छ । समग्र न्याय प्रशासनको सुधारका लागि न्यायपालिकाको सुधार मात्रै पर्याप्त हुँदैन । यसका साझेदारी र सहयोगी निकायले पनि सुधारको प्रयास अगाडि बढाउनु पर्दछ ।

महान्यायाधिवक्ताको कार्यालयले पनि योजनाबद्ध विकासको प्रक्रियामा आफूलाई समाहित गरेको छ । महान्यायाधिवक्ताको कार्यालयलले लागू गरेको प्रथम रणनीतिक योजनाको कार्यान्वयनबाट उल्लेख्य उपलब्धि हाँसिल गर्न सकेको थिएन । त्यसैले सहभागितामूलक रुपमा दोस्रो रणनीतिक योजना तयार गरियो । यतिखेर हामी यसको मध्यावधि मूल्याङ्कनको चरणमा छौं । सुधारका कार्यलाई द्रुतता प्रदान गर्ने चरणमा छौं । केही सकारात्मक सोचहरु देखिएका छन् । हामी संस्थागत सुधारको माध्यमबाट कार्यसम्पादनलाई प्रभावकारी बनाउने दिशातर्फ केन्द्रित छौं । तर यो निकै जटिल कार्य रहेको अनुभूति भएको छ । महान्यायाधिवक्ताको कार्यालय संस्थागत सुधारका साथै सरकारी वकीलको विशिष्टीकरण गर्ने प्रक्रियामा अगाडि बढेको छ । जनशक्तिको विकास र विशिष्टीकरणबाट मात्र प्रभावकारी प्रतिनिधित्व गर्न सकिने बुझाइ छ ।

न्यायपालिकाको चौंथो पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनमा महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकील कार्यालयबाट अपेक्षित सहयोग हुने प्रतिबद्धता व्यक्त गर्दछु । महान्यायधिवक्ताको कार्यालयको रणनीतिक योजना कार्यान्वयनका लागि समेत न्याय प्रशासनका साझेदार निकायहरुमा यस्तै पारस्परिकताको अपेक्षा गरिएको छ ।

यतिखेर न्याय प्रशासनको सुदृढीकरणका लागि सबै साझेदार निकायहरुको साझा रणनीतिक दृष्टिकोण निर्माण हुनुपर्ने आवश्यकता महसुस भएको छ । यो विषयमा सहकार्य गर्न महान्यायाधिवक्ताको कार्यालय तयार छ । आफ्नो तर्फबाट समन्वय गर्ने दिशामा कुनै पनि कसर बाँकी राखिने छैन ।

न्यायापालिकाको प्रस्तुत चौथो योजनाले मुद्दा व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाई निर्धारित समयसीमाभित्र मुद्दाको टुङ्गो लगाउने, न्याय सम्पादनको कार्यमा प्रविधिको प्रयोग गर्ने, संवैधानिक इजलासको व्यवस्थापनमा सुधार गर्ने, अदालतबाट भएका आदेश तथा फैसलाहरुको विज्ञहरुबाट गुणस्तर अध्ययन गराउने, विशिष्टीकृत न्याय प्रणालीको सुदृढीकरण गर्ने र सर्वसाधारण खासगरी कमजोर वर्गको न्यायमा पहुँच बढाउने दिशामा योजनाले परिकल्पना गरेको कायक्रमको प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेमा अदालतबाट सम्पादन हुने सेवाको गुणस्तरीयता र प्रभावकारिता देखिने अवस्था हुन सक्दछ । अन्तमा, **न्यायपालिकाको स्वतन्त्रता, न्यायिक सुशासन हाम्रो प्रतिबद्धता** भन्ने आदर्श वाक्यसहित सबैका लागि न्याय सुनिश्चित गर्ने परिप्रेक्ष्यका साथ जारी भएको न्यायपालिकाको चौंथो पञ्चवर्षीय रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि हार्दिक शुभकामना प्रकट गर्दछु ।

## ४.माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलले न्याय परिषद्को २९ औं स्थापना दिवसको अवसरमा दिनु भएको मन्तव्य

**मिति २०७६।०९।०३**

न्यायपरिषदको २९ औ वार्षिक दिवसको उपलक्ष्यमा न्याय क्षेत्रका प्रबुद्ध व्यक्तिहरुको समुपस्थितिमा आयोजित यो गरिमामय समारोहमा मन्तव्य व्यक्त गर्ने अवसरका लागि हार्दिक आभार प्रकट गर्दछु । यो अवसरमा म न्याय परिषद्को स्थापना र उन्नयनमा योगदान दिने अग्रजहरुलाई हार्दिकतापूर्वक स्मरण गर्दछु । न्यायपालिकाको स्वतन्त्रताको संरक्षण र सम्बर्द्धन गर्ने पवित्र ध्येयले न्याय परिषद्को स्थापना भएको विषयमा हामी सबै परिचित छौं । यसका लागि सतत् प्रयत्न गर्ने अग्रजहरुको प्रयास र व्यावहारिक अभ्यासमा हामीले गरेका कामको लेखाजोखा इतिहासले गर्नेछ भन्ने विश्वास प्रकट गर्दछु । इतिहासको आफ्नै विशिष्टता हुन्छ । अपवादलाई बाहेक गर्ने हो भने इतिहास सत्यको उद्घोषक हो ।

नेपालको संवैधानिक इतिहास हेर्दा वर्तमान संविधान जनताको व्यापक सहभागितामा बनेको संविधान हो । धेरै ठूलो राजनीतिक परिवर्तन पछि जारी भएको यो संविधानले लोकतन्त्रका मूल्य मान्यताहरुलाई आत्मसात गरेको छ । मुलुकको अनुहार फेर्न खोज्ने हजारौं नागरिकको निस्वार्थ योगदानको रुपमा यो संविधान जारी भएको यथार्थ प्रति हामी सबै परिचित नै छौं । शासन व्यवस्थामा सारभूत परिवर्तनका साथै यो संविधानले न्यायपालिकालाई रुपान्तरण गर्ने अभिप्रायले विभिन्न पक्षमा परिवर्तन गरेको छ । खासगरी संवैधानिक इजलासको प्रबन्धले न्यायिक विशिष्टीकरणको अवधारणालाई अंगीकार गरेको छ । उच्च अदालतले सवै प्रकारका रिट क्षेत्राधिकार प्राप्त गरेका छन् । जिल्ला अदालतले पुनरावेदन सुन्ने जिम्मेवारी प्राप्त गरेको छ । न्याय परिषद्को प्रारम्भिक संरचनामा समेत परिवर्तन भएको छ । म यतिखेर संविधान निर्माणको क्रममा स्वतन्त्र र समक्ष न्यायपालिकाको निर्माणका लागि संविधानसभामा भएका बहस र छलफलहरु स्मरण गरिरहेको छु । न्यायिक स्वतन्त्रताको पक्षमा प्रकट भएका आफ्ना धारणाहरुप्रति अझै पनि अविरल प्रतिबद्धता प्रकट गर्दछु ।

संविधान कार्यान्वयनका प्रारम्भिक वर्षहरुमा संवैधानिक विधिशास्त्रका लागि न्यायालयको सुविचारित योगदान अपेक्षा गरिन्छ । न्यायालयका रचनात्मक व्याख्या संवैधानिक गतिशीलताका लागि पनि आधारको रुपमा रहन्छन् । संविधानले प्रत्याभूत गरेका नागरिक स्वतन्त्रताको संरक्षण एवम् सार्वजनिक शान्ति सुरक्षा कायम गर्ने विषयका बीच सन्तुलन कायम गर्दै न्यायालयले अभिभावकत्वको भूमिका निर्वाह गर्नुपर्ने अवस्था छ । सुरक्षा बेगरको स्वतन्त्रता र स्वतन्त्रता बेगरको सुरक्षाको लोकतन्त्रमा कुनै अर्थ हुँदैन भन्नेमा हामी सबै स्पष्ट नै छौं । संविधान जारी भएको चौथो वर्ष पूरा भएको सन्दर्भमा हामीले संविधानले रुपान्तरण गरी थप गरिदिएका न्यायिक जिम्मेवारीको अभ्यास कसरी गर्‍यौं भनी समीक्षा गर्ने समय भएको छ । म न्यायिक नेतृत्व समक्ष संविधानको कार्यान्वयनको बारेमा न्यायालयको भूमिकाको बस्तुगत समीक्षा गर्न सादर अनुरोध गर्दछु ।

न्यायाधीशको नियुक्ति र प्रशासन गर्ने संवैधानिक जिम्मेवारी पाएको न्याय परिषद् उमेरजन्य हिसाबले पनि अब बयस्कताको उत्कर्षमा पुगेको छ । यस बीच परिषद्का काम कारवाहीको बारेमा सबै खालका टिप्पणी र समाचारहरु सार्वजनिक भएकाछन् । राम्रा निर्णयको प्रशंसा भएको छ । निर्णय राम्रा हुन नसक्दा आलोचना पनि भएको छ । प्रश्न आलोचना र प्रशंसाभन्दा संवैधानिक जिम्मेवारी र संविधानप्रतिको उत्तरदायित्वको नै हो । न्यायाधीश नियुक्तिका लागि संविधानले निर्धारण गरेका स्पष्ट आधारहरु व्यवहारिक रुपमा कार्यान्वयन हुने बैधानिक अपेक्षा सरोकारवाला सबैमा रहनु स्वाभाविक हो । पछिल्ला समयमा भएका न्यायाधीश नियुक्तिमा न्याय सेवाका अधिकृतहरु मध्येबाट जेष्ठता समेतका संविधानमा उल्लिखित अक्षर र भावनाको कार्यान्वयन भए नभएको समीक्षा हुने र यो विषयको गम्भीरताका बारेमा संविधानले अभिभावकत्व सुम्पिएका निकाय र पदाधिकारीबाट उचित मूल्यांकन हुनेछ भन्ने विश्वास प्रकट गर्दछु । राज्यका अरु अंग निकायलाई संवैधानिक अनुशासनको कसीमा परीक्षण गर्ने न्यायपालिकाका काम कारवाहीहरु जनताको आँखाबाट निरन्तर परीक्षण भइरहेका हुन्छन् । त्यसैले न्याय क्षेत्रमा क्रियाशील सबै पक्षले आस्था र विश्वासको धरोहरकोरुपमा निसंकोच अंगीकार गर्न सक्ने गरी न्यायक्षेत्रका काम कारवाहीहरु सञ्चालित हुनु पर्ने न्यायिक मान्यता हो । म न्याय परिषद्सँग अझै बढी त्यस्तो अपेक्षा र आशा प्रकट गर्दछु ।

निश्चय नै न्याय प्रशासनका काम कारवाहीहरु कहिल्यै आन्तरिक विषय हुँदैनन् । निःसन्देह रुपमा त्यस्ता काम कारवाहीको सबैले पारख गरिरहेका हुन्छन् । न्यायको सत्व निष्ठामा हुन्छ, जसले न्यायालयप्रतिको जनविश्वासलाई अड्याएर राखेको हुन्छ । अनुशासित र मर्यादित आचरण र व्यवहारले नै निष्ठालाई अविचलित बनाउँदछ । इतिहास रहरले बन्दैन । निष्ठाको धरोहरले निर्माण गरेको नेपालको न्यायिक इतिहासलाई भावि पुस्ताले उत्तिकै आदरपूर्वक स्मरण गर्न सक्ने गरी हस्तान्तरण गर्नु पर्ने जिम्मेवारी हामीमा रहेको छ । हामी सबै त्यो जिम्मेवारीमा सफल हुन सकौं भनी न्याय परिषद्को स्थापना दिवसको अवसरमा सम्पूर्ण न्यायकर्मीहरु खास गरी नेतृत्व तहका पदाधिकारीज्यूहरुलाई हार्दिक शुभकामना प्रकट गर्दछु ।

न्यायपालिकाको स्वतन्त्रता लोकतन्त्रको आदर्श विभूषण हो । यसलाई अक्षुण्ण राख्ने र हरसम्भव उन्नयन गर्ने अभिलाषाका साथ हाम्रो कार्यसम्पादन निर्देशित हुनु पर्दछ भन्ने आम नागरिकले राखेको अपेक्षा पूरा गर्न न्याा‍य क्षेत्रका सबै पक्षको सकारात्मक प्रतिवद्धता र साझा योगदान आवश्यक पर्दछ । फौजदारी न्याय प्रशासनको एउटा आधार स्तम्भको् रुपमा रहेको महान्यायाधिवक्ताको कार्यालय र सम्पूर्ण सरकारी वकीलहरु उक्त कार्यमा निःशर्त रुपमा अनवरत योगदान गर्न तत्पर रहेका कुरा यहाँहरु सबैमा सविनय अनुरोध गर्दछु ।

न्यायमा पहुँच कायम गरी सामाजिक न्यायको अभिवृद्ध गर्ने संबैधानिक दायित्व पूरा गर्न न्याय प्रशासनका कर्ताहरु सवै त्यसतर्फ परिलक्षित हुन जरुरी छ । खासगरी पीडित केन्द्रीत न्याय प्रणालीको विकास गर्नु हामी सवैको साझा दायित्व हो । स्वच्छ सुनुवाइको प्रबर्द्धन गर्दै सवैका लागि न्याय भन्ने आदर्शलाई व्यवहारमा रुपान्तरण गर्नु आजको आवश्यकता हो । न्यायिक अम्बुड्स्म्यानको रुपमा रहेको न्याय परिषद्ले गर्ने काम कारबाही यतिखेर सवैको चासो र सरोकारको विषय भएको छ । सार्वजनिक आँखाबाट गरिने मूल्यांकनमा परिषदले संवैधानिक दायित्वमा आफूलाई खरोरुपमा उतार्न सक्नु पर्दछ । केही समय परिषद्को सदस्यको रुपमा काम गर्दा यसको जिम्मेवारी निक्कै नै बोझिलो भएको अनुभूति यहाँ प्रस्तुत गर्न चाहन्छु ।

संवैधानिक दायित्वको विषय संविधान र कानूनका अक्षरहरुसँगै नैतिक मान्यताले परिवेष्ठित रहेको हुन्छ । न्यायकर्मीहरुका लागि नैतिक आदर्शको पालना आत्मस्वीकृतिको विषय हो । कुनै कोणबाट पनि नैतिक धरातलमा प्रश्न उठ्ने अवस्था सृजना हुने अवस्था आउन नदिन निरन्तर प्रयत्नशील रहनुपर्ने हाम्रा अग्रजले सिकाएको पाठ क्षणिक स्वार्थ भन्दा धेरै उँचो रहेको छ । म न्याय क्षेत्रमा कार्यरत सबै पक्षलाई उक्त मान्यता र दर्शनलाई जीवनमा अनुप्राणित गर्न हार्दिक आह्वान गर्दछु ।

विषयगत विशिष्टीकरण आजको ज्वलन्त आवश्यकता हो । सबै विषयमा सबै जानकार हुन सम्भव छैन । नयाँ नयाँ कानून बनेका छन् । नयाँ नयाँ विवादहरु प्रकट भइरहेका छन् । अब न्याय सम्पादन कार्यलाई प्रभावकारी बनाउन संरचनागत विशिष्टीकरणको पुरातन मान्यताले सम्भव छैन । यो अवसरमा म न्यायाधीशहरुको प्रशासन र व्यवस्थापन गर्ने न्याय परिषदले न्यायाधीशहरुलाई विषयगत आधारमा विशिष्टीकृत गर्दै लानुपर्ने आवश्यकता औंल्याउन चाहन्छु । सरकारी वकीलहरुलाई विषयगत विशिष्टीकरण गर्ने अभ्यास प्रारम्भ भएको निवदेन गर्दै यसबाट सकारात्मक प्रभाव पर्न थालेका अनुभव समेत म यो गरिमामय समारोहमा सहर्ष प्रस्तुत गर्दछु । प्रशस्त समस्याका बीचबाट पनि महान्यायाधिवक्ताको कार्यालयलाई जनविश्वास प्राप्त संस्थाको रुपमा स्थापना गर्नका लागि प्रयत्नशील रहेको व्यहोरा अनुरोध गर्दछु । सुधारको प्रारम्भिक चरणमा देखिएका सकारात्मक नतिजाले उत्साह थप गरेको हुँदा यसलाई अझ बढी विस्तार गर्न हामी क्रियाशील रहेका छौं । न्याय क्षेत्रका जनशक्तिका लागि आकर्षक संस्थाको रुपमा महान्यायाधिवक्ताको कार्यालयलाई विकास गर्ने हाम्रो लक्ष्यमा यहाँहरु सबैको रचनात्मक साथ सहयोग आवश्यक रहेको व्यहोरा अनुरोध गर्दछु । न्यायाधीश नियुक्तिमा सरकारी वकीलको सांकेतिक सहभागिताले महान्यायाधिवक्ताको कार्यालयमा दक्ष जनशक्ति परिचालन र व्यवस्थापन गर्न सहयोग पुगेको व्यहोरा सबैमा जानकारीका लागि अनुरोध गर्दछु ।

अन्त्यमा, न्याय परिषद्को स्थापना दिवसको अवसरमा यहाँहरु सबैमा हार्दिक शुभकामना प्रकट गर्दै विदा चाहन्छु । धन्यवाद ।

## ५. सर्वोच्च अदालत वार एशोसिएशनको आयोजनामा भएको कानून र विकास विषयक राष्ट्रिय सम्मेलनको उद्‌घाटन समारोहमा माननीय महान्यायाधिवक्ताज्यूबाट प्रस्तुत भएको मन्तव्य

२०७६ साल पुस ११ गते १:३० बजे

हिमालय होटल, कुपण्डोल, ललितपुर ।

उदघाटन समारोहका अध्यक्षज्यू,

प्रमुख अतिथि सम्माननीय प्रधान न्यायाधीशज्यू,

अतिथिज्यूहरु,

नेपाल वार एशोसिएशनका अध्यक्षज्यू,

वरिष्ठ अधिवक्ता तथा अधिवक्ताज्यूहरु,

विभिन्न निकायका प्रतिनिधिज्यूहरु,

सम्मेलनका सहभागीज्यूहरु,

पत्रकार तथा मिडियाका प्रतिनिधिज्यूहरु,

महिला तथा सज्जनवृन्द ।

सर्वोच्च अदालत वार एशोसिएशले कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय तथा UNDP को सहकार्यमा आयोजना गरेको कानून र विकास विषयक दुई दिने सम्मेलनको समुद्‌घाटन समारोहमा मन्तव्य प्रकट गर्ने अवसरका लागि आयोजकप्रति हार्दिक आभार प्रकट गर्दछु । कानून र विकासको अन्तरसम्बन्ध र यसको महत्वको सन्दर्भमा विकास र अर्थ व्यवस्था सम्बन्धी संवैधानिक तथा कानूनी संरचना, विकास र मानव अधिकारको सम्बन्ध, निजी क्षेत्रको भूमिका, शासकीय व्यवस्था र विकास लगायतका विषयहरुमा हुन लागि रहेको यो सम्मेलनले कानून र विकासको अन्तरसम्बन्धको बुझाइ र सरोकारवालाको भूमिकामा स्पष्टता आउने अपेक्षा सहित सम्मेलनको पूर्ण सफलताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

कार्यक्रमको प्रारुप हेर्दा प्रदेशस्तरमा गरिएका यस किसिमको छलफलबाट निकालिएको निष्कर्षलाई यस राष्ट्रिय सम्मेलनमा प्रस्तुत गर्ने, अनुभवन र विचारको आदानप्रदान गर्ने र यो विषयलाई राष्ट्रिय महत्वको विषयको रुपमा प्रचार प्रसार गर्ने उद्देश्यसहित यो सम्मेलन आयोजना भएको पाएको छु । नागरिकको प्रत्यक्ष सरोकार रहेको यो विषयमा सहभागितामूलक रुपमा सम्मेलनको आयोजना गर्ने सर्वोच्च अदालत वार एशोशिएसनले गरेको यो कार्य सह्रानीय र स्तुत्य रहेको छ ।

कानून र विकासको अवधारणा पछिल्लो समयमा विकास भएको अन्तरसम्बन्धित विषय हो । हामी सबैलाई जानकारी छ कि कानून साध्य होइन साधन हो । कानून कुनै पनि मुलुकको राजनीतिक, आर्थिक, सामाजिक विकासको आधार हो भन्ने मान्यता अभियानको रुपमा विकास भयो । परम्परागत रुपमा कानूनलाई प्रशासन सञ्चालन गर्ने औजारको रुपमा लिइन्थ्यो । पछिल्लो समयमा कानून विकास र सम्वृद्धको आधारको रुपमा रहेको छ । नेपालको कानूनी इतिहासले पनि यो कथनलाई सम्पुष्टि गर्दछ । हाम्रा आँखा अगाडि विकासलाई परिभाषित गर्ने र सञ्चालित गर्ने कानूनहरु निर्माण भएका छन् ।

कानून र विकासको अभियानलाई पश्चिमी सम्भताको देन मानिन्छ । यद्यपि पूर्वीय दर्शन र अभ्यासमा पनि विकासलाई कानूनले नियमन गरेको पाइन्छ । पछिल्लो समयमा विकास भएको दिगो विकासको अवधारणा र पूर्वीय नीति र दर्शनले आत्मसात गरेका मान्यता मिल्दाजुल्दा छन् । दिव्य उपदेशमा उल्लिखित धारणाहरुले शासनमा दिगो विकासको अवधारणालाई आत्मसात गर्न मार्गदर्शन गरको मान्न सकिन्छ ।

कानून र विकासको अन्तरसम्बन्धको आधार मुलुकका नागरिकको चेतना सापेक्ष हुन्छ । नागरिकको चेतनाको स्तर विस्तार हुँदै जाँदा विकासका क्रियाकलापहरुले सार्थक नतिजा दिँदै जान्छन् भन्ने अभ्यासबाट स्थापित भएको छ । विगतमा विकासलाई सरकारको दायित्वको रुपमा लिइन्थ्यो । कानून पनि सोही अनुसार निर्माण भएको थियो । सरकारको भूमिका पनि सोही अनुसार परिभाषित भएको थियो । राज्य नियन्त्रित विकासलाई लोकतान्त्रिक अभ्यासले नागरिक नियन्त्रित बनाई दिएको छ । त्यसैले विकासमा नागरिक सहभागिताका लागि कानूनहरु बनेकाछन् । उदाहरणका रुपमा सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन, २०६४ लाई लिन सकिन्छ । सो ऐनले मानव अधिकार र दिगो विकासलाई सार्वजनिक प्रशासन सञ्चालनका मूल्यको रुपमा अंगीकार गरेको छ ।

विकास सकारात्मक परिवर्तनका लागि हो । यसले आर्थिक वृद्धि र आर्थिक विकासलाई समेटेको हुन्छ । यसले राजनीतिक, संस्कृति, सामाजिक पक्षलाई समेत समेटेको हुन्छ । मानव अधिकारको सुनिश्चिता तथा प्रत्याभूति पनि यसका अभिन्न विषयहरु हुन । कानूनले सामाजिक तथा आर्थिक परिवर्तनलाई नै आत्मसात गरेको हुन्छ । विकासका लागि कानून आवश्यक हुन्छ र कानूनले विकासका लागि सहजीकरण गर्दछ । यिनै विषयमा सकारात्मक परिवर्तन ल्याउन सन् १९६० को दशकदेखि विकास साझेदारहरुको अगुवाइमा कानून र विकासको अन्तरसम्बन्धलाई प्राज्ञिक विषयकै रुपमा ल्याइएको थियो जसले ८० को दशकमा उच्च प्राथमिकता र समर्थन पाएको देखिन्छ ।

कानून सामाजिक परिवर्तनको औजार हो । हाम्रो अभ्यासले पनि यो विषय स्थापित गरिदिएको छ । कानून आफैमा विकासको एक अभिन्न भाग हो । यसले आविश्कार र नवप्रवर्तनलाई सहजीकरण गरेको हुन्छ । कानून र विकास एक आपसमा अन्तरसम्बन्धित आर्थिक, राजनीतिक, सामाजिक विषय हुन् । विकासका कार्यहरुलाई कानूनद्वारा व्यवस्थित गरिएमा यसको अन्तरसम्बन्धले समाज, क्षेत्र र राष्ट्रको विकास हुन संभव हुने कुरामा यो विज्ञ समूह जानकार नै छ ।

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने उद्देश्य लिएको छ । समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय उद्देश्यमा केन्द्रित भई पन्ध्रौं पञ्चवर्षीय योजनासमेत कार्यान्वयनमा आएको छ । नेपालको संविधानले विकास र मानव अधिकारको सम्बन्धलाई जोड्न विभिन्न ३१ वटा मौलिक हकको व्यवस्था गरेको छ । ती मौलिक हक कार्यान्वयन सम्बन्धी विभिन्न कानूनहरु बनी कार्यान्वयनमा रहेका छन् । संविधानले विकासलाई संस्थागत गर्न राजनीतिक, सामाजिक तथा साँस्कृतिक र आर्थिक उद्देश्य लिएको छ । ती उद्देश्यहरु हासिल गर्न विकास सम्बन्धी नीतिगत प्रबन्ध समेत छ । त्यसैगरी संघीय शासन प्रणालीलाई संस्थागत गरी लोकतन्त्रका लाभहरुलाई नजिकबाट वितरण गर्न तीन तहको राज्य संरचना क्रियाशील भएका छन् । राज्यको स्रोत साधनको उपयोग समानुपातिक रुपमा गर्ने संवैधानिक उदघोष् रहेको छ । यी लगायतका व्यवस्थाले नेपालको विकास व्यवस्थापनलाई अगाडि बढाउन सकिने मार्गहरु प्रशस्त गरी दिएको छ । अब कार्यान्वयन गर्नु पर्ने हामी सबैको जिम्मेवारी र उत्तरदायित्व रहेको छ । सबै तहका संरचनाले निर्माण गर्नुपर्ने कानूनले विकासको यो अवधारणालाई आत्मसात गर्नुपर्ने देखिन्छ ।

सहस्राब्दी विकास लक्ष्य तथा दिगो विकास लक्ष्यलाई पनि नेपालले समर्थन गरी सोही अनुसारका नीतिगत, कानूनी तथा संस्थागत व्यवस्थाहरु गरिएको छ । खासगरी मानव अधिकारका तेस्रो पुस्ताका अधिकारहरुलाई विकाससँग जोडिएको हुँदा ती अधिकारहरुलाई नेपालको संविधानले नीतिगत प्रतिबद्धता प्रकट गरी सोही अनुसारको कानूनी वातावरणको संयोजन गरेको छ । विकासलाई दिगो, समतामूलक, समावेशी र सन्तुलित बनाउने र वातावरणीय संरक्षण हुने गरी कार्य गर्न सकिएमा विकासले दिगो रुप लिने र मानव अधिकारको प्रवर्धन हुने विश्वास लिन सकिन्छ ।

मानव अधिकारको संरक्षण र प्रत्याभूतिका लागि नेपालले राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा प्रतिबद्धता जनाएको विषय हो । नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार लगायत मौलिक हक तथा मानव अधिकारको प्रत्याभूती नेपालको संविधानले गरेको छ । विकासका आयामहरुमा सुधार नल्याई मानव अधिकार र मौलिक हकको कार्यान्वयन हुन सक्दैन । मुलुकको एक्लो प्रयासबाट मात्र विकास योजना सञ्चालन गर्न सम्भव देखिदैन । वैदेशिक सहयोग र लगानी यसका लागि अपरिहार्य छ । लगानीकर्ता र कामदारको सुरक्षाका साथै लगानीमैत्री वातावरण विद्यमान भएमा नेपालमा वैदेशिक लगानी भित्रिने र विकासका कार्यहरु अगाडि बढ्ने निश्चित छ । यस सम्बन्धमा समेत यस सम्मेलनमा छलफल भई निचोड निस्कने छ ।

विकास निर्माणका विषय न्यायीक निकायसँग पनि उत्तिकै जोडिएको हुन्छ । विकास सम्बन्धी विवादहरु विभिन्न अदालत तथा विवाद समाधान गर्ने वैकल्पिक संयन्त्रहरुमा विचाराधीन रहेका छन् । विकासको अगुवाइ सरकारले गरे पनि यो सरकारको स्वार्थ वा हितको विषय नभई सार्वजनिक हितको विषय हुन्छ । त्यसैले विकासका कार्यक्रमहरु प्रत्यक्षत नागरिक हक, हित विपरित भएको अवस्थामा बाहेक न्यायिक हस्तक्षेपका विषय हुदैनन् । सार्वजनिक हितका लाग भनी आउने विवादको अन्तर्य र प्रभावको बारेमा विचार गरेर नै प्रक्रिया अगाडि बढ्नु पर्दछ । यो विषयमा सक्रियतासँग संयमताको समेत पालनाको अपेक्षा गरिन्छ । विकासलाई नीति र कानूनले अवरोध गरेको हो की लगानीकर्ता तथा निकायको स्वार्थले अवरोध पुऱ्याएको हो सोतर्फ विकासप्रेमी र सरोकारवाला सबै सचेत हुनु पर्दछ । यस विषयमा सम्मेलनले सरोकारवाला सबैलाई उचित दिशानिर्देश गर्नेछ भन्ने मेरो अपेक्षा रहेको छ ।

विधिशास्त्रीय दृष्टिकोणबाट कानून व्यवसायीले सामाजिक अभियन्ताको रुपमा कार्य गर्नु पर्दछ । यो सम्मेलनलाई यसैको एक पाटोका रुपमा बुझेको छु । अब कानून व्यवसायमा व्यावसायिकता प्रदर्शन गरेमा मात्र कानूनी प्रणालीको विकास हुने सबैमा जानकारी भएकै विषय हो । यसतर्फ बार र कानून व्यवसायी मित्रहरुको विशेष ध्यान जान जरुरी देख्दछु । सर्वोच्च अदालत बार एशोसिएशनको यो प्रयास त्यसैको कडीको रुपमा रहेको पाएको छु ।

नेपालको संविधानले पनि विकासलाई मार्गदर्शन गर्न राज्यका निर्देशक सिद्धान्त र नीतिमा मूलभूत विषयहरु उल्लेख गरेको छ । संविधानलाई सार्वजनिक नीतिको स्रोत मानिन्छ । कानूनको पनि कानून मानिन्छ । संविधानले परिकल्पना गरेको सम्वृद्धको गन्तव्य हासिल गर्नका लागि कानूनको आधुनिकीकरण गरिनु पर्दछ । म यो गरिमामय समारोहमा सम्मेलनका सहभागीहरु समक्ष तीन वटा आग्रह गर्न चाहन्छु :

पहिला आग्रह हो : कानूनको आधुनिकीकरण बेगर विकासका आधुनिक आयामहरु समावेश गर्न सकिँदैन । त्यसैले विकासलाई द्रूतता दिने गरी कानूनको आधुनिकीकरणको आवश्यकतालाई बस्तुगत आधारमा पहिचान गरी नीति निर्मातासम्म प्रस्तुत गर्ने आधार निर्माणमा योगदान दिन सकिने वातावरण निर्माण गरौं ।

दोस्रो आग्रह : विकास र कानूनको अन्तरसम्बन्धलाई अन्य मुलुकले विकास गरेको प्राज्ञिक अभ्यास समेतलाई दृष्टिगत गरी नेपालका नीति निर्माता र प्राज्ञिक क्षेत्रका बीचमा कार्यान्वयनयोग्य बौद्धिक विषयको रुपमा विकास गरौं । यसलाई औपचारिक शिक्षासँग समेत आबद्ध गरौं ।

तेस्रो आग्रह : विकासलाई सञ्चालन तथा निमयन गर्न बनेका कानूनले लिएका उद्देश्यको मिहिन विश्लेषण गरी ती कानूनहरुको कार्यान्वयनलाई प्रभावकारी बनाउन सामाजिक अभियन्ताको रुपमा कानून व्यावसायीहरुको जिम्मेवारी निर्धारण गरौं । सार्वजनिक हित र नागरिक स्वतन्त्रताको समन्वय गरौं ।

अन्त्यमा, संविधान, कानून तथा विकासका पक्षमा योगदान गर्ने अग्रज कानून व्यवसायीहरुको योगदानको स्मरण गर्न चाहन्छु र उहाँहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । कानून व्यवसायीको संख्या भन्दा पनि यसको गुणात्मकता अभिवृद्धि र विशिष्टताको विकासले कानून व्यवसायको उन्नयन हुने हुँदा यसतर्फ अग्रसर हुनु पर्ने मेरो अपेक्षा छ । औद्योगिक क्षेत्र, मानव अधिकार र लैङ्गिक न्यायका लागि समानता, अविभेद र सशक्तीकरण जस्ता विषयहरुको सकारात्मक हस्तक्षेपले नै विकासलाई पक्षपोषण गर्ने हुँदा यी विषयमा सम्मेलनमा महत्वपूर्ण छलफल हुने विश्वास लिएको छु । यो सम्मेलनले विकासका पक्षसँग जोडिएका संवैधानिक व्यवस्था, कानून, संस्थागत संयन्त्र, व्यवस्थापकीय पक्षहरु, सरोकारवालाको भूमिका तथा सुधार सम्बन्धमा घनीभूत छलफल गरी मार्गहरु प्रशस्त गर्ने अपेक्षा गरेको छु । कानून र विकाससँग जोडिएको क्षेत्रलाई सबल बनाउन कोषेढुगा सावित हुनेछ भन्ने अपेक्षा राख्दै विदा चाहन्छु ।

धन्यवाद ।

## ^= कानून व्यवसायी महिला राष्ट्रिय सम्मेलनको उद्घाटन समारोहमा माननीय महान्यायाधिवक्ताज्यूबाट प्रस्तुत भएको शुभकामना मन्तव्य

**मिति २०७६।०५।२०**

उद्घाटन समारोहका सभापतिज्यू,

समारोहका प्रमुख अतिथि सम्माननीय प्रधान न्यायाधीशज्यू,

उपस्थित विशिष्ट पदाधिकारीज्यूहरु, कानून व्यवसायी मित्रहरु,

भद्र महिला तथा सज्जनवृन्द ।

नेपाल वार एशोसिएशनको आयोजना र सुनसरी वार एकाईको आतिथ्यतामा आयोजित अठ्ठाइसौं कानून व्यवसायी महिला राष्ट्रिय सम्मेलनमा आमन्त्रण गर्नु भएकोमा आयोजकप्रति हार्दिक आभार प्रकट गर्दछु र यो सम्मेलनको पूर्ण सफलताका लागि कामना गर्दछु । विगतका यस्तै सम्मेलनमा यहाँहरुसँग सहभागी भएको क्षण स्मरण गर्दै यसपटक यहाँहरुसँग सहभागिता र सहकार्य गर्ने निक्कै ठूलो अवसर गुमाएको महसुस भइरहेको व्यहोरा अनुरोध गर्दछु ।

समावेशी राज्य व्यवस्था निर्माणका लागि एउटा सुखद तथ्यांक कानून व्यवसायीहरुको संख्यामा देखिएको छ । महिला कानून व्यवसायीमा वरिष्ठ अधिवक्ता २८ जना र अधिवक्ता २५३४ ले प्रमाणपत्र प्राप्त गर्नु भएको नेपाल कानून व्यवसायी परिषद्को अभिलेखबाट देखिएको छ । वर्षेनी महिला कानून व्यवसायीहरुको संख्या बढिरहेको छ । पछिल्लो समयमा नेपाल कानून व्यवसायी परिषद्ले सञ्चालन गरेको अधिवक्ताको परीक्षामा महिला सहभागीहरुले निरन्तर सर्वोत्कृष्ट स्थान हासिल गरेको यहाँहरु सबैमा विदितै छ । कानून अध्ययन गर्ने छात्राहरुको संख्या अहिले धेरै छ । त्योभन्दा बढ्ता अनुशासित, मर्यादित र व्यवसायिक रुपमा प्रस्तुत भएको अनुभव गरिएको छ । अब सँगसँगै गुणात्मक क्षमता अझ बढी विकास गरी व्यावसायिक प्रतिस्पर्धामा अझ अगाडि आउन म हार्दिक आह्वान गर्दछु । नेपाल कानून व्यवसायी परिषद्ले उक्त कार्यमा सहजीकरण गर्ने प्रतिबद्धता समेत प्रकट गर्दछु । पछिल्लो समयमा न्याय सेवामा पनि महिला सहभागिता उत्साहजनक रुपमा बढेको छ । सरकारी वकीलको सेवामा पनि महिला सहभागितामा उल्लेख्य वृद्ध भएको छ । महिला तथा बालबालिकासँग सम्बन्धित मुद्दाको अभियोजन र प्रतिरक्षा एवम् प्रतिनिधित्वलाई प्रभावकारी बनाउन यसले सहज तुल्याउँदै आएको सकारात्मक अनुभव म यहाँहरुसँग साट्न चाहन्छु ।

स्वतन्त्र, सक्षम र विश्वासिलो न्यायपालिकाको स्थापनाका लागि कानून व्यवसायीहरुले निर्वाह गरेका विगतको भूमिका स्मरणयोग्य छ । कुनै पनि प्रकारका विकृतिविसंगति र संक्रमणबाट न्यायपालिकालाई सुरक्षित राख्न नेपाल वार एशोसिएसन र अग्रज कानून व्यवसायीहरुले उल्लेख्य योगदान गर्नु भएको छ । राज्य व्यवस्थामा आचरण र अनुशासनका बन्धन छिनाउने अधिकार कसैमा पनि रहँदैन । संविधान र कानूनले दिएका अधिकारहरु व्यक्तिगत स्वार्थ वा लाभमा प्रयोग हुनु हुदैन । हुन दिनु हुँदैन । खास गरी न्यायपालिकाको शुद्धता र स्निग्धताको संरक्षण र प्रबर्द्धन गर्ने न्यायपालिकाको प्रयासमा कानून व्यवसायीहरु र सरकारी वकीलहरुको सकारात्मक योगदान आवश्यक पर्दछ । अनुशासित र निष्ठावान् कानून व्यवसायीहरुबाट मात्र यो सम्भव हुन्छ । वैयक्तिक स्वार्थ, राजनीतिक पूर्वाग्रह र भिडतन्त्रले व्यावसायिक जीवनमा ल्याउन सक्ने विचलनप्रति सावधान रहन म सबै कानून व्यवसायी मित्रहरुमा हार्दिक आग्रह गर्दछु । प्रतिष्ठा आर्जन गर्न वर्षौंको साधना आवश्यक पर्ने र आर्जित प्रतिष्ठा समाप्त पार्न एउटा घटना वा परिवेश पर्याप्त हुने इतिहासलाई स्मरण गर्न म सबैमा विशेष निवदेन गर्दछु । व्यावसायिक अनुशासन र आचरणका नियमहरुको कठोरतापूर्वक पालना गरी कानून व्यवसायलाई मर्यादित बनाउन सबैको साझा क्रियाशीलताको आवश्यकता पर्दछ । नेपाल कानून व्यवसायी परिषद्को अभिलेखमा कुनै पनि महिला कानून व्यवसायी कारवाहीमा परेको अभिलेख नदेखिएको सुखद समाचार पनि म यहाँहरु समक्ष सम्प्रेषण गर्दछु । व्यावसायिक जीवनमा यहाँहरुले देखाउनु भएको यो निष्ठाको उच्च प्रशंसा गर्दछु ।

नेपालको कानून प्रणाली रुपान्तरण गर्ने मुलुकी संहिताहरु कार्यान्वयनमा आएको एक वर्ष पुगेको छ । महिला अधिकारको संरक्षण र लैगिक न्यायका दृष्टिले पनि ती संहिताहरु विगतको तुलनामा आधुनिक र प्रगतिशील रहेकाछन् । संहिताले आत्मसात गरेका नयाँ विषयमा आम नागरिकलाई सूचित गर्ने अभियन्ताको भूमिका कानून व्यवसायीहरुले निर्वाह गर्नु पर्दछ । सामाजिक संविधानको रुपमा रहेका यी संहिताका व्यवस्थाहरुको उद्देश्यपरक अभ्यासमा थप अध्ययन, लगन र मेहनतको आवश्यकता छ । यो अवसरमा यो सम्मेलनले ती संहिताको कार्यान्वयनको पक्षमा समेत छलफल गरी सुधारका लागि सुझाव दिनेछ भन्ने अपेक्षा राख्दछु ।

परिवर्तित संवैधानिक र कानूनी व्यवस्थाको सन्दर्भमा कानूनी शिक्षामा समेत सुधार गर्नु पर्ने आवश्यकता देखिएको छ । कानूनी शिक्षाको गुणस्तरियतासँग कानूनकर्मीको गुणस्तर पनि जोडिएको हुन्छ । त्यसैले नयाँ पुस्तालाई कानून क्षेत्रमा आकर्षित गर्न र सक्षम कानूनकर्मीहरुको उत्पादन गर्नका लागि कानून विश्वविद्यालयको स्थापना गर्न मैले

महान्यायाधिवक्ता एवम् नेपाल कानून व्यवसायी परिषद्को अध्यक्षको रुपमा निरन्तर पहल गरिरहेको छु । नेपाल सरकारको पन्धौ योजनाले समेत यो विषयलाई सम्बोधन गरेको व्यहोरा म सबैमा अनुरोध गर्दछु । म नेपाल वार एशोसिएसनलाई समेत कानूनी शिक्षाको विकासका लागि क्रियाशील हुन हार्दिक आग्रह गर्दछु ।

कानून व्यवसायीको जिम्मेवारी पेशागत व्यावसायिकतामा मात्र सीमित छैन । सामाजिक रुपान्तरणका लागि समेत अभियन्ताको रुपमा काम गर्नु पर्ने नागरिक समाजको अगुवाको भूमिका पनि निर्वाह गर्नु पर्ने हुन्छ । खास गरी महिला सशक्तीकरण, लैंगिक विभेद र असमानताको विरुद्धमा समाजलाई जागरुक बनाउन र अधिकारमुखी अवधारणाको विकास गराउनका लागि महिला कानून व्यवसायीहरुले ज्योतिपून्जको रुपमा योगदान गर्ने समय आएको छ । विगतमा परम्परागत सामाजिक व्यवस्था भित्रको जटिल परिवेशमा पनि सानो संख्यामा रहेका केही अग्रज महिला कानून व्यवसायीहरुले निर्वाह गरेको अगुवा भूमिकालाई म हार्दिकतापूर्वक स्मरण गर्दछु । तुलनात्मक रुपमा अग्रजले कोरेको गोरेटोमा यात्रा गर्न यहाँहरुलाई अलि सहज छ । लोकतान्त्रिक परिवेश र समाजको आधुनिकीकरणले पनि सुधारका कार्य गर्न सजिलो भएको छ । यद्यपि जटिलताका सीमारेखाहरु अझै पनि कायमै छन् । यहाँहरुको दृढ इच्छाशक्तिले नै ती जटिलता पन्छाउन सकिन्छ । यो अवसरमा म सम्पूर्ण महिला कानून व्यवसायीहरुलाई सामाजिक रुपान्तरणको बाहकको रुपमा क्रियाशील हुन आग्रह गर्दछु ।

अन्त्यमा, पूर्वनिर्धारित कार्यतालिकाका कारण कार्यक्रममा उपस्थित हुन असमर्थ भएकोमा क्षमा याचना गर्दछु । पुनः एकपटक **मानव अधिकार र लैंगिक न्यायका लागि समानता, अविभेद र सशक्तीकरण** भन्ने मूल नाराका साथ सम्पन्न हुन लागेको यो राष्ट्रिय सम्मेलनको सफलताको कामना गर्दछु ।

धन्यवाद ।

(अग्निप्रसाद खरेल)

महान्यायाधिवक्ता

# ७. केन्द्रीय बाल न्याय समितिको आयोजनामा भएको बाल न्याय सम्बन्धी एक दिवसीय कार्यशालामा माननीय महान्यायाधिवक्ताज्यूले प्रस्तुत गर्नु भएको मन्तव्य

**मिति २०७६।०७।०१**

सम्माननीय प्रधान न्यायाधीशज्यू,

कार्यक्रमका सहभागीज्यूहरु

बालबालिकाको हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरी बालबालिका सम्बन्धी ऐन, २०७५ जारी भई उक्त ऐन कार्यान्वयनमा आएको एक वर्ष पुग्न लागेको अवसरमा आयोजित यो कार्यशालाले बाल न्यायको प्रबर्द्धनमा भविष्यपरक दृष्टिकोण विकास गर्नेछ भन्ने अपेक्षा राख्दछु।

फौजदारी कानूनको कार्यान्वयनको क्रममा कानूनको द्वन्द्वमा परेका बालबालिकाहरु भएका मुद्दाको अनुसन्धान, अभियोजन र न्याय सम्पादन प्रक्रियामा देखिएका प्रवृत्तिको बारेमा समीक्षा गर्ने समय आएको छ। बालबालिका संलग्न भएका मुद्दाको अनुसन्धान, अभियोजन र न्यायसम्पादन प्रक्रियामा बालबालिकाको सर्वोत्तम हित कायम गर्नु पर्ने दायित्व पालनामा हामी सबै केन्द्रित हुनु पर्नेछ। बालबालिकाको उमेर निर्धारणका लागि बाल न्याय कार्यविधिले स्पष्ट मार्गदर्शन गर्दागर्दै अझै पनि अनुसन्धानको क्रममा आवश्यक प्रमाण संकलन गरी अभियोजन गर्नु पर्ने कार्यमा थप सुधार गर्नु पर्ने आवश्यकता देखिएको छ। बालबालिका सम्बन्धी कानूनको कार्यान्वयनलाई प्रभावकारी बनाउन बाल न्याय सम्बन्धी धेरै प्रशिक्षणहरु सञ्चालन भए पनि फौजदारी न्याय प्रशासनमा अझै बालमैत्री व्यवहार र बाल मनोविज्ञान अनुकूलका काम कारवाही सम्पादन हुन नसकेको अवस्थालाई गम्भीर रुपमा लिनु पर्दछ। आपराधिक दायित्व व्यहोर्नु नपर्ने नाबालकले गरेको कसूरमा पीडितलाई कसरी न्याय दिने भन्ने विषय आफैमा पनि थप पेचिलो छ र यसमा स्पष्टता आवश्यक छ।

बाल सुधार गृहको समुचित विस्तार हुन नसक्दा बालबालिकाहरु संलग्न भएका मुद्दाको अनुसन्धान तथा न्याय सम्पादन प्रक्रियामा गम्भीर प्रभाव परेको छ र भएका बाल सुधार गृहमा पनि पूर्वाधारको अवस्था कमजोर देखिएको छ। निश्चय नै बाल सुधार गृहहरु औपचारिकताका लागि स्थापना भएका होइनन् र यिनलाई वास्तविक सुधार गृहको रुपमा विकास गर्नका लागि प्राथमिकतापूर्वक कार्य गर्नु पर्ने आवश्यकता छ। त्यसैगरी कसूरमा संलग्न बालबालिकाको पुनर्स्थापनाका लागि थप प्रयास अपेक्षित रहेको छ। बाल न्याय प्रशासनका सबै सरोकारवाला निकायका उच्च तहका प्रतिनिधिहरुको सहभागिता रहेको त्यो कार्यशालाले यस विषयमा स्पष्ट मार्गदर्शन गर्ने गरी निष्कर्ष निकाल्ने विश्वास प्रकट गर्दछु।

पछिल्लो समयमा यसक्षेत्रमा महान्यायाधिवक्ताको कार्यालयले केही प्रयासहरु प्रारम्भ गरेको छ। बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ जारी भएपछि ती कानूनले समावेश गरेका विषयहरुमा केन्द्रित भई सरकारी वकील तथा अपराध अनुसन्धानमा संलग्न रहने प्रहरी अधिकृतहरुलाई अभिमुखीकरण गर्न प्रारम्भ गरिएको र यसलाई यो वर्षको कार्यक्रममा पनि निरन्तरता दिइएको छ।

सरकारी वकील कार्यालयको सेवा प्रवाहलाई प्रभावकारी बनाउनका लागि प्रत्येक प्रदेशमा दुई वटा जिल्ला सरकारी वकील कार्यालयलाई नमुना सरकारी वकील कार्यालयको रुपमा विकास गरिएको छ। महान्यायाधिवक्ताको कार्यालय, उपत्यकाका सबै सरकारी वकील कार्यालयहरु र नमुना सरकारी वकील कार्यालयहरुमा महिला तथा बालबालिका एकाइको व्यवस्था गरी कार्य सम्पादनलाई प्रभावकारी बनाउने प्रयत्न गरिएको छ।

सरकारी मुद्दाको प्रभावकारी अभियोजन र सुदृढ प्रतिरक्षाका लागि सरकारी वकीलको व्यावसायिकता विकासका लागि महान्यायाधिवक्ताको कार्यालयले प्राथमिकतापूर्वक कार्य सम्पादन गरिरहेको र सरकारी वकीललाई विषयगत आधारमा विशिष्टीकरण गर्ने प्रक्रिया प्रारम्भ गरिएको छ। विभिन्न ९ वटा विषयमा विशिष्टीकरणका लागि प्रशिक्षणको पाठ्यक्रम तयार गरिएको र लैंगिक तथा बाल न्याय सम्बन्धी विषयमा विशिष्टीकरणका लागि पाठ्यक्रम तयार भइसकेको र सो विषयको यसै वर्ष प्रशिक्षण प्रदान गर्ने कार्यक्रम रहेका छ।

बालबालिका संलग्न मुद्दामा पक्षको गोपनियता कायम गर्ने विषयलाई प्राथमिकतापूर्वक कार्यान्वयन गर्नका लागि सबै सरकारी वकील कार्यालयहरुलाई मार्गदर्शन गरिएको र सोको कार्यान्वयनको अवस्थाको बारेमा अनुगमन गर्ने कार्य प्रारम्भ गरिएको छ। न्याय सम्पादनमा तीनै चरणमा यो विषयमा थप संवेदनशीलता विकास हुनु पर्ने आवश्यकता देखिएको छ।

बाल अदालतको स्थापनाका लागि विगतदेखि नै बालबालिका सम्बन्धी ऐनले गरेको व्यवस्था हालसम्म कार्यान्वयनमा आउन नसकेको र बाल इजलासको अभ्यास तदर्थ व्यवस्था मात्र हो। यसलाई दिगो रुपमा सम्बोधन गर्नु पर्ने आवश्यकता छ। बालबालिकाले अपराध गर्दैनन्। तिनलाई कसूरदार मानिँदैन। उनीहरुलाई कसूरको पटक गणना गरिदैन। त्यसैले सुधारका कार्यक्रमहरु सञ्चालन गर्नु पर्दछ। बाल न्यायको यो अवधारणालाई व्यवहारमा रुपान्तरण गर्नका लागि मनोसामाजिक परामर्शको व्यवस्थालाई प्रभावकारी बनाउनु पर्ने आवश्यकता रहको छ। मनोसामाजिक परामर्शका लागि

विज्ञको व्यवस्था र परामर्श कक्षको प्रबन्ध तत्कालीन आवश्यकता हुन् र अपराध विरुद्दमा सचेतनाको अभिवृद्धिका लागि दीर्घकालीन दृष्टिकोण राखी सुधारका प्रयास प्रारम्भ गर्नु पर्ने आवश्यकता रहेको छ । औपचारिक शिक्षा तथा अनौपचारिक शिक्षा दुवैमा अपराध विरुद्धको चेतना र नैतिक शिक्षाको विस्तार आवश्यक भएको छ ।

संयुक्त राष्ट्रसंघीय बाल अधिकार सम्बन्धी महासन्धिको पक्ष राष्ट्रको रुपमा सो महासन्धिका व्यवस्था कार्यान्वयन गर्नु हाम्रो दायित्व हो र बाल अधिकार र न्याय सम्बन्धी संवैधानिक एवम् कानूनी प्रतिबद्धता अनुसार हाम्रो न्यायसम्पादन प्रक्रियामा सुधार गर्न सकियो भने मात्र अन्तर्राष्ट्रिय मञ्चमा व्यक्त भएको प्रतिबद्धताको सार्थकता रहन्छ । अब दोष पन्छाएर आफू चोखो हुने मनोरोगबाट मुक्त होऔं र आफूले गरेका सकारात्मक प्रयासका लागि गर्व गरौं । आउने पुस्ताका लागि बाटो कोर्ने जिम्मेवारी हामीसँग छ र अर्को पुस्तालाई मार्गदर्शन गर्ने अभिभावकीय भूमिका पनि हामीसँगै छ । तसर्थ यो कार्यशालाले बाल न्यायको क्षेत्रमा सकारात्मक योगदान गर्न सकोस् भन्ने कामना गर्दै कार्यशालाबाट प्राप्त निष्कर्षलाई कार्यान्वयन गर्ने महान्यायाधिवक्ताको कार्यालयको तर्फबाट प्रतिबद्धता प्रकट गर्दछु । धन्यवाद ।

## ८. अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको दोस्रो प्रादेशिक सम्मेलनको उद्घाटन समारोहका प्रमुख अतिथि माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलज्यूले दिनु भएको उद्घाटन मन्तव्य

अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको दोस्रो प्रादेशिक सम्मेलनको उद्घाटन समारोहका अध्यक्षज्यू
नेपाल सरकारका सचिवज्यूहरु
नायब महान्यायाधिवक्ताज्यू
आमन्त्रित अतिथिज्यूहरु र सहभागी सरकारी वकील तथा प्रहरी कर्मचारीहरु ।

नेपालको फौजदारी न्याय प्रशासनको इतिहास नयाँ रुपमा अगाडि बढिरहेको छ । फौजदारी कानूनको आधुनिकीकरणले न्याय प्रशासनमा नविनता प्रदान गरेको छ । राजनीतिक व्यवस्थाको रुपान्तरणका लागि नयाँ संविधान जारी भएसँगै आर्थिक सामाजिक व्यवस्थामा परिवर्तन गर्दै मुलुकी संहिताहरु जारी भएका हुन् । संहिता कार्यान्वयनको एक वर्षको अवधि पुग्न लागेको समयमा महान्यायाधिवक्ताको कार्यालयको समन्वयमा नेपाल प्रहरीले यो प्रादेशिक सम्मेलनको आयोजना गरेको छ । **सुदृढ फौजदारी न्याय प्रशासनको आधार, अनुसन्धानकर्ताको सरोकार** मूल नाराका साथ आयोजना गरिएको यो सम्मेलनले अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुलाई अपराध अनुसन्धान तथा अभियोजन कार्यमा खास गरी मुलुकी संहिताको कार्यान्वयनमा एकरुपता कायम गर्न सहयोग पुऱ्याउने छ भन्ने विश्वास व्यक्त गर्दछु । यो रचनात्मक कार्य गर्ने नेपाल प्रहरीको अग्रसरताकालागि हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

मुलुकी अपराध संहिता र मुलुकी फौजदारी कार्यविधि संहिता समेतका संहिताबद्ध नयाँ कानूनको कार्यान्वयनका लागि पूर्वतयारीदेखि हालसम्म पनि महान्यायाधिवक्ताको कार्यालय र नेपाल प्रहरीले समन्वयपूर्वक गरेका प्रयासले सकारात्मक सन्देश दिएको छ । गत वर्षको सरकारी मुद्दाको सफलता प्रतिशत वृद्धका लागि समेत यसले सहयोग पुऱ्याएको मान्न सकिन्छ । महान्यायाधिवक्ताको कार्यालयको वार्षिक प्रतिवेदनले सरकारी मुद्दाको सफलताको प्रतिशत ७२.२८ प्रतिशत पुगेको देखिएको छ । यो सफलता प्रतिशत हालसम्म कै उच्च हो । यद्यपि यसमा अझै सुधार गर्न सबै पक्ष क्रियाशील हुनु पर्ने आवश्यकता छ । सबै तहका समन्वय समितिलाई क्रियाशील बनाउन सकियो भने सरकारी मुद्दाको सफलता अझ वृद्धि हुन सक्ने अवस्था रहन्छ ।

लोकतान्त्रिक शासन व्यवस्थामा समाज लोकतान्त्रिक संस्कृतिमा आउनु पर्दछ । राज्यका सबै अवयवहरु पनि लोकतान्त्रिक ढाँचामा रुपान्तरित हुनु पर्दछ । निश्चय नै राजनीति परिवर्तन पछि राज्य व्यवस्थाप्रति जनताका अपेक्षाहरु बढेका छन् । महत्वाकांक्षा पनि बढेका छन् । नागरिकहरुको चेतनाको स्तर पनि बढेको छ । अधिकारमुखी अवधारणा विकास भएको छ । चेतना र अधिकारको यो अभिवृद्धिसँगै अपराध अनुसन्धान, अभियोजन र न्याय सम्पादन प्रक्रियामा नागरिक सहभागिता र निगरानी पनि बढेको छ । त्यसैले अव अपराध अनुसन्धान र अभियोजनलाई बैज्ञानिक र वस्तुगत प्रमाणमा आधारित बनाउनु पर्ने दायित्व बढेको छ । यो हाम्रो जिम्मेवारी पनि हो र यो अवसर पनि हो ।

मुलुकी अपराध संहिता र मुलकी फौजदारी कार्यविधि संहिताको कार्यान्वयनसँग मौलिक हक कार्यान्वयनसम्बन्धी कानूनहरु जोडिएकाछन् । खास गरी अपराध पीडितको हक र बालबालिका सम्बन्धी ऐनले गरेका व्यवस्था मुताविक अपराधको अनुसन्धान र अभियोजन कार्य अगाडि बढाउनु पर्ने कानूनी दायित्व हामीसँग रहेको छ । नयाँ कानूनहरुले दिएका जिम्मेवारी पूरा गर्नका लागि अनुसन्धान तथा अभियोजनको क्षेत्रका थप जनशक्ति आवश्यक देखिएको छ । संख्यात्मक आवश्यकताका साथै जनशक्तिको क्षमता विकासमा समेत गुणात्मक परिवर्तन गर्नु पर्ने आवश्यकता छ । बर्षेनी बढ्दै गएको कार्यबोझका अलावा संहिता कार्यान्वयनको क्रममा थप भएका कामहरु सम्पादन गर्नका लागि हाल कायम भएको जनशक्ति न्यून मात्र होइन अपर्याप्त नै रहेकोछ । कार्यबोझको समुचित व्यवस्थापन गर्न सकिएन भने अन्ततोगत्वा त्यसले कार्य सम्पादनको स्तरलाई नकारात्मक प्रभाव पार्दछ । अहिलेदेखि नै विशेष सजगता र सावधानीका साथ जनशक्ति विकास गर्न र भैरहेका जनशक्तिलाई उत्प्रेरित गर्न सरकारी वकील र प्रहरीको नेतृत्व साझा रुपमा क्रियाशील हुनु पर्ने समय आएको छ ।

संहिताको अभ्यासको सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयबाट भएको संयुक्त अनुगमनले केही सकारात्मक सन्देश दिएको छ भने केही समस्याहरु पनि पहिचान गरिएको छ । खासगरी सजाय छुट सम्बन्धी व्यवस्थाको अभ्यासमा अनुसन्धानकर्ताबाट सिफारिस भई आएको देखिएको छैन । सो सम्बन्धमा सिफारिस गर्ने स्पष्ट आधारको अभाव रहेको भनी प्रतिक्रिया प्राप्त भएको छ । बालबालिका संलग्न मुद्दामा अभिभावकको जिम्मा लगाउने वा संघ संस्थामा पठाउने अभ्यासलाई समेत कार्यान्वयनमा ल्याउन सकेको देखिएको छैन ।अर्को तर्फ बालबालिका र पीडितको उमेर एकीन गर्ने विषयमा पनि नयाँ बालबालिका ऐन र बाल न्याय सम्पादन कार्यविधि नियमावलीका व्यवस्थाको कार्यान्वयन गर्न विशेष सचेतता अपनाउनु पर्ने आवश्यकता देखिएको छ ।

प्रतिवादीको पहिचान एकीन गर्न सहयोग पुग्ने आधिकारिक कागज प्रमाण बेगर नै अभियोग लगाउने अभ्यासले पटक पटक पहिचानको सम्बन्धमा प्रश्न उठ्ने गरेको छ । यो विषयमा न्यायालयले टिप्पणी गरिसक्दा पनि हामीले कार्य सम्पादनमा उल्लेख्य सुधार गर्न सकेको अवस्था छैन । अपराध अनुसन्धानमा वैज्ञानिक र वस्तुनिष्ठ प्रमाणको प्रशंग अझै

ज्वलन्त छ । सावितीमुखी वयानमा आधारित अपराध अनुसन्धान भन्ने आरोपलाई अब खण्डन गर्न सक्नु पर्दछ । अपराध अनुसन्धानमा प्रमाण संकलन गरिने हो, सिर्जना गरिदैन भन्ने प्रमाण कानूनको अवधारणा कहिल्यै पुरानो हुन सक्दैन भन्ने तर्फ सबैको विशेष ध्यान पुग्नेछ भन्ने अपेक्षा छ । समयमा अनुसन्धान सम्पन्न गर्ने विषय अर्को महत्वपूर्ण सुधारको क्षेत्र हो । प्रतिवादी पक्राउ नपरेको अवस्थामा समेत अनुसन्धानलाई उत्तिकै प्राथमिकतामा राखी प्रमाण संकलन गर्ने र समयमा नै त्यस्ता मुद्दा चल्ने नचल्ने निर्णय हुनु पर्ने आवश्यकता पनि देखिएको छ ।

प्रमाण संकलनमा प्राथमिकतापूर्वक विशेषज्ञको सेवा लिने, समयमा वैज्ञानिक परीक्षण प्रतिवेदन प्राप्त गर्ने, प्रतिवेदनमा स्पष्ट नभएको विषयमा विशेषज्ञबाट स्पष्ट गराउने दिशामा अनुसन्धान र अभियोजनको चरणमा थप अग्रसरता आवश्यक देखिएको छ । वैज्ञानिक परीक्षणलाई प्रभावकारी बनाउनका लागि महान्यायाधिवक्ताको कार्यालयको अग्रसरतामा नेपाल सरकारले यस वर्षको बजेटमा सबै प्रदेशमा प्रयोगशालाको विस्तार र यसै वर्ष दुई वटा प्रयोगशालाको स्थापनाको विषय कार्यान्वयनमा आएपछि सम्भवतः यो विषय केही सहज हुन सक्ने अपेक्षा राख्न सकिन्छ ।

कानूनले बाटो दिँदादिँदै पनि सामान्य प्रकृतिका जरिवाना मात्र हुने कसूरको अनुसन्धानमा प्रतिवादीलाई धरौटी वा तारिख वा जमानतमा राख्ने व्यवस्थाप्रति अभ्यस्त हुन सकेको देखिएको छैन ।

अनुसन्धानबाट मुद्दा चलाउनका लागि पर्याप्त आधार कारण नभएका वा प्रमाण नभएका मुद्दा पनि मुद्दा चलाउने राय प्रकट गर्ने अभ्यास निरन्तर कायम भएको देखिएको छ । मुद्दा चल्ने नचल्ने निर्णयका लागि महान्यायाधिवक्ताको कार्यालयमा आएका मिसिल हेर्दा कतिपयमा अनुसन्धान कै समयमा म्याद समाप्त भइसकेको पाइएको छ । अनुसन्धानकर्ताको दायित्वसरकारी वकील कार्यालयमा राय पेश गरेपछि र अभियोजनकर्ताको दायित्व अदालतमा अभियोगपत्र दायर गरेपछि सम्पन्न हुन्छ भन्ने मान्यतालाई खण्डन गर्दै मुद्दाको अन्तिम निर्णयसम्म पनि अनुसन्धानकर्ता र अभियोजनकर्ताको दायित्व रहन्छ भन्ने अभ्यास विकास गर्न सक्नु पर्दछ । यो विषय एकापसमा दोष पन्छाउने वा आरोप लगाउने विषय होइन । मुद्दाको सफलतामा साझा सरोकार प्रकट गर्ने विषय हो । त्यसैले प्रमाणमा आधारमा चल्ने मुद्दा मात्रै चलाऔं । नचल्ने मुद्दा नचलाऔं । अपराध अनुसन्धानमा कुनै पनि प्रकारको आग्रह नराखौं । आफूले गरेको कामको जिम्मेवारी लिन सक्ने आधार र कारण सहित अभियोजनको निर्णय गरौं । यसले निश्चय नै सरकारी मुद्दाको सफलता बढाउन सहयोग गर्दछ ।

अपराध अनुसन्धानका लागि म्याद थप गर्दा आधार कारण खुलाउन नगरेको, सरकारी वकीलले समेत यो विषयलाई औपचारिकताको रुपमा मात्र लिएको, नियमावलीमा निर्धारण गरिएको ढाँचालाई आधार लिई आधार र कारण बेगर म्याद थप माग गर्ने अभ्यासमा सुधारको आवश्यकता रहेको छ । जरुरी पक्राउ पुर्जीको अभ्यास र सो को अनुमोदनमा समेत सही रुपमा अभिलेखबद्ध हुन नसक्दा बन्दी प्रत्यक्षीकरणको रिटमा पटक पटक त्यस्ता विषय उठाइएको भए पनि कार्य सम्पादनमा उल्लेख्य सुधार आउन नसकेको विषयलाई गम्भीरतापूर्वक लिन आग्रह गर्दछु । कसूरको गम्भीरताका आधारमा सजाय निर्धारण हुने भएकोले अपराध अनुसन्धान देखि नै सो विषयमा विशेष ध्यान पुऱ्याउनु पर्ने देखिएको छ । स्वभाविक रुपमा कसूरको मात्रा अनुसार जति कठोर सजाय छ त्यति नै प्रमाणको पर्याप्तताको आवश्यकता पर्दछ । मुलुकी संहिताले परिकल्पना गरेको वैज्ञानिक र बस्तुगत अनुसन्धान र अभियोजनका लागि संस्थागत क्षमता र जनशक्ति विकासका लागि राज्यले प्राथमिकतापूर्वक लगानी बढाउनु पर्ने आवश्यकता छ । हामी यो विषयमा औचित्य सिद्ध गर्न सक्ने आधारसहित बस्तुगत रुपमा अगाडि बढ्नु पर्ने देखिएको छ । अब नेपाल प्रहरीको अनुसन्धान कार्यमा संलग्न रहने जनशक्तिमा कानून अध्ययन गरेका व्यक्ति समेत रहनु पर्ने अवस्था देखिएको छ ।

निक्कै लामो समयको प्रयासपछि जारी भएका संहिताले गरेका कानूनी सुधारका विषयहरु कानून प्रणाली र समग्र फौजदारी न्याय प्रशासनको आधुनिकीकरण गर्ने दिशामा उन्मुख छन् । संहिताले समेटेका प्रत्येक दफाले बोकेका मूल्य अनुसार यसलाई कार्यान्वयन गर्नु पर्ने दायित्व र अवसर हामीसँग छ । कानूनी व्यवस्थाहरु फगत औपचारिकताका लागि बनाइदैनन् । बनाइनु पनि हुँदैन । कानून आफैमा स्वेच्छाचारी र निरंकुश नभएसम्म त्यसलाई विनाशर्त कार्यान्वयन गर्नु पर्ने दायित्व कानून कार्यान्वयन एकाइको हो । कानूनले जहिले पनि असल नियतलाई संरक्षण गर्दछ र बद्नियतलाई दण्डित गर्दछ । फौजदारी न्यायको यो आधारभूत मान्यतालाई हामीले निशंकोच आत्मसात गर्नु पर्दछ । लोकतान्त्रिक शासन व्यवस्थामा कानूनी प्रबन्धहरु कुनै पनि खराव कामको रक्षा कवच हुँदैनन् । हुनु पर्दछ भनी कसैले दावी गर्ने अधिकार पनि रहदैन ।

महान्यायाधिवक्ताको कार्यालयले प्रारम्भ गरेको सरकारी वकीलको विशिष्टीकरणको प्रक्रियाले दिएको सकारात्मक नतिजालाई नेपाल प्रहरीले पनि अनुसन्धानकर्ताको विकासका लागि अनुकरण गरोस् भन्ने सुझाव दिन चाहन्छु । प्रहरीले गरेको संस्थागत विशिष्टीकरणको अभ्यासलाई महान्यायाधिवक्ताको कार्यालयले समेत अनुकरण गर्नेछ ।

मुलुकको सुशासनको मापन गर्ने एउटा परिसूचक अपराधको नियन्त्रण पनि हो । विश्वव्यापीकरणको प्रभावले आर्थिक सामाजिक जीवनमा ल्याएको परिवर्तनसँग अपराधको स्वरुप र तरिकामा परिवर्तन आएको छ । नयाँ नयाँ प्रकृतिका अपराधहरु विकास भइरहेका छन् । यो विषयलाई सम्बोधन गर्न अपराधको वेशलाइन सर्वेक्षण गरी फौजदारी कानूनमा सुधारका लागि सुझाव दिनका लागि समेत महान्यायाधिवक्ताको कार्यालय र नेपाल प्रहरीले सहकार्य गर्नुपर्ने आवश्यकता देखिएको छ । आगामी दिनमा त्यसतर्फ हाम्रा कार्यक्रमहरु लक्षित हुनु पर्दछ ।

शान्ति सुरक्षा कायम राख्ने र अपराध नियन्त्रण गर्ने कार्य राज्यको एकाधिकारको विषय हो । एकलौटी अधिकारक्षेत्रको विषय हो । तर यसमा हुने कुनै पनि प्रकारका त्रुटी वा जानी न जानी गरिने लापरवाही वा जानी जानी गरिने बद्नियतले सिंगो राज्य व्यवस्थाप्रति नै नकारात्मक प्रभाव पार्न सक्दछ । विगतमा भएका केही अपराधजन्य घटनामा देखिएका केही अपवादमूलक कार्यले पारेको प्रभावको बारेमा हामी सबै परिचित नै छौं । त्यस्ता घटनाहरु अपवादको रुपमा पनि दोहोरिन दिनु हुँदैन ।

सुरक्षा र स्वतन्त्रता लोकतान्त्रिक शासन व्यवस्थामा उत्तिकै महत्वका विषय हुन् । सुरक्षा बेगरको स्वतन्त्रता र स्वतन्त्रता बेगरको सुरक्षा आफैमा अपूर्ण हुन्छन् । यो दृष्टिकोणले सुरक्षा संवेदनशीलतालाई ग्रहण गर्नु पर्दछ । कुनै पनि रुपको आलोचना वा टिप्पणीले संस्थागत सुधारका लागि मार्गदर्शन नै गर्दछ । तर त्यसका पनि सीमा हुन्छन् । परिधि हुन्छन् । दायरा हुन्छन् । त्यसलाई कुनै कोणबाट पनि उलंघन गर्ने प्रयास गरिनु हुँदैन । राज्य कमजोर बनाएर कोही पनि बलियो हुन सक्दैन । यो तहको संवेदनशीलता सबै पक्षबाट विचार गरिने विश्वास प्रकट गर्दछु । त्यसैले वैयक्तिक स्वतन्त्रताको नियन्त्रण गर्नु राज्यको अपवादमूलक विषय हो । संविधान र कानूनले निर्धारण गरेको सीमा र संवेदनशीलता कँही कतैबाट पनि उल्लंघन गरिनु हुँदैन । खासगरी सरकारले नागरिकको अभिभावकीय जिम्मेवारी लिएको सन्दर्भमा नागरिकको स्वतन्त्रता नियन्त्रण गर्ने विषयलाई उत्तिकै संवेदनशीलतापूर्वक अवलम्बन गरिने छ भन्ने ठानेको छु ।अपराध अनुसन्धानकर्ताहरुले समेत यो विषयलाई गम्भीरतापूर्वक लिनु पर्दछ ।

पछिल्लो समय कसूरका प्रकार बढेका छन् । कसूरदारको संख्या पनि बढेको छ । कसूरको प्रकृति र प्रबृत्ति फेरिएको छ । मुलुकी संहिताले विगतको भन्दा बढी सजाय गर्ने र धेरै अवधि थुनामा राख्नु पर्ने व्यवस्था गरेको छ । तर कारागारको क्षमता त्यसको तुलनामा अपेक्षित रुपमा विस्तार हुन सकेको छैन । क्षमताभन्दा दोव्वर थुनुवा राख्नु पर्ने बाध्यात्मक अवस्थामा प्रहरी प्रशासन रहेको देखिएको छ । हिरासतमा रहेका व्यक्ति उपर मानवोचित व्यवहार भए नभएको सम्बन्धमा अनुगमन गर्ने जिम्मेवारी संविधानले सुम्पिएको हुँदा म आफैले स्थलगतरुपमा कारागार र हिरासतको अनुगमनमा जाँदा प्रहरीको हिरासत कक्षको स्तरोन्नति गरिनु पर्ने देखिएको छ । यद्यपि पछिल्ले समयमा बनेका कतिपय भवनहरुमा भने हिरासत कक्षको अवस्था राम्रो पनि देखिएको छ ।

बालबालिका संलग्न भएका मुद्दामा अनुसन्धानको क्रमदेखि नै संवैदनशीलतापूर्वक बाल मैत्री व्यवहार गरिनु पर्दछ । नयाँ बालन्याय सम्पादन कार्यविधि नियमावली जारी भएको छ । तपाईहरु सबै बाल न्यायको अवधारणा र कानूनी व्यवस्था एवम् न्यायिक अभ्यासप्रति परिचित हुन अग्रसर हुनुहुनेछ भन्ने अपेक्षा राख्दछु । बाल सुधार गृह  तथा बाल संरक्षण गृहको विस्तारका लागि सरोकारवाला निकायहरुसँग महान्यायाधिवक्ताको कार्यालयले सहजीकरण गरिरहेको छ । प्रहरी मेरो साथी कार्यक्रम र समुदायमा सरकारी वकील कार्यक्रम मार्फत अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरु समुदायमा जाने अभ्यासले सकारात्मक सन्देश दिएको छ । खासगरी फौजदारी कानूनको प्रचार प्रसार गर्ने माध्यमको रुपमा यी कार्यक्रमलाई अझै विस्तार गर्नु पर्ने देखिएको छ । यी कार्यक्रमहरुलाई संयुक्त रुपमा सञ्चालन गर्ने नवीन अभ्यासको प्रारम्भ गर्दा झनै राम्रो हुन सक्दछ ।

अपराध अनुसन्धानलाई प्रभावकारी बनाउन पछिल्लो समयमा नेपाल प्रहरीले गरेका प्रयासहरु सकारात्मक रहेका छन् । साइवर ल्याव र साइवर व्यूरोको स्थापना, लागू औषध नियन्त्रण व्यूरोको क्रियाशीलता, मानव बेचविखन नियन्त्रण व्यूरोको स्थापना लगायतका प्रयासहरुले अपराध अनुसन्धानमा विशिष्टीकृत एकाइहरु निर्माण भएको देखिन्छ । केन्द्रीय अनुसन्धान व्यूरो (सीआइवी) ले देखाएको सक्रियता पनि प्रशंसायोग्य रहेको छ । संस्थागत क्षमता विकाससँगै अपराध अनुसन्धानमा क्रियाशिल रहने जनशक्तिलाई पनि विशिष्टीकरण गर्दै लैजानु पर्ने तर्फ अव प्रयास प्रारम्भ गरिनु पर्दछ । महान्यायाधिवक्ताको कार्यालयले सरकारी वकीलहरुलाई विषयगत आधारमा विशिष्टीकरण गर्ने प्रक्रिया प्रारम्भ गरेको छ । संवैधानिक कानून, संगठित अपराध निवारण कानून, राजस्व कानून र  बैंकिङ् कानून समेतका विषयमा प्रशिक्षण सञ्चालन भई सकेका छन् । व्यावसायिकता विकास गर्ने गराउने कुरामा संस्थागत प्रयास र सम्बन्धित जनशक्तिको अग्रसरता दुवै अपरिहार्य हुन्छन् ।

उत्प्रेरित र प्रोत्साहित जनशक्ति नै संस्थागत विकासका आधारशीला हुन् । अपराध अनुसन्धान र अभियोजनको जिम्मेवारी रहेका प्रहरी र सरकारी वकीलहरुलाई आफ्नो कार्य जिम्मेवारीप्रति गर्व गर्ने र प्रोत्साहित रुपमा कार्य गर्न सक्ने वातावरण निर्माण गर्न दुवै सँस्थाहरुले साझा प्रयास गर्नु पर्ने आवश्यकता छ । सरकारी वकीलहरुको सेवालाई निजामती कर्मचारीभन्दा भिन्न व्यावसायिक सेवाको रुपमा विकास गर्दै "**व्यावसायिक सरकारी वकील बनाउने कार्यमा**"महान्यायाधिवक्ताको कार्यालयको तर्फबाट विशेष प्रयास भइरहेको व्यहोरा यहाँहरु सबैमा जानकारी गराउन चाहन्छु ।

संविधानले अपराध पीडितको हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ । मुलुकी अपराध संहिता र मुलुकी फौजदारी संहिता एवम् अपराध पीडित संरक्षण ऐनले पनि अपराध अनुसन्धानदेखि न्याय सम्पादन प्रक्रिया एवम् फैसला कार्यान्वयनमा समेत पीडितको सहभागिता रहने व्यवस्था गरेको छ । राज्यले अपराध पीडितप्रति गरेको यो प्रतिबद्धतालाई व्यवहारमा रुपान्तरण गर्ने प्राथमिक जिम्मेवारी अनुसन्धानकर्ता र अभियोजनकर्तामा रहेको छ । यो दायित्वलाई कुनै पनि

कारण देखाएर पन्छाउन मिल्दैन । साँच्चिकै पीडितले विश्वास गर्ने वातावरण निर्माण गरी न्याय सम्पादन प्रक्रियाप्रति पीडितको भरोसा र विश्वास जगाउने जिम्मेवारी हामीले निर्वाह गर्नु पर्नेछ ।

तीन वर्षअघि सम्पन्न भएको नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको पहिलो राष्ट्रिय सम्मेलनले सहकार्य र समन्वयको कार्यलाई अगाडि बढाउन सहयोग पुगेको महान्यायाधिवक्ताको कार्यालयको सँस्थागत अनुभूति म सबैमा साट्न चाहन्छु । आगामी आर्थिक वर्षमा अनुसन्धानकर्ता र अभियोजनकर्ताको दोस्रो सम्मेलन गर्ने गरी प्रारम्भिक काम भइरहेको व्यहोरा समेत जानकारी गराउन चाहन्छु । अपराध अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन नेपाल प्रहरीसँग सरकारी वकीलको समन्वय र सहकार्यको निरन्तरताको समेत कामना गर्दछु ।

अन्त्यमा,

प्रमुख अतिथिको रुपमासम्मेलनको उद्घाटन गर्ने अवसरका लागि नेपाल प्रहरीलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । सम्मेलनमा छलफल गर्न समावेश भएका विषयहरु अपराधको अनुसन्धान र अभियोजनलाई प्रभावकारी दिशामा लक्षित छन् । सम्मेलनका सहभागीहरुले कार्यक्षेत्रमा आइपरेका समस्या र चुनौतीका बारेमा खुलेर छलफल गरी सुधारका लागि उपयुक्त प्रस्तावहरु पारित गर्नु हुनेछ भन्ने अपेक्षा राख्दै सम्मेलनको पूर्ण सफलताको कामना गर्दछु ।

२०७६ साल जेठ ३१ गते, काठमाडौं ।

## ९. छाउपडी वक्तव्य सम्बन्धमा

मुलुकी अपराध संहिता, २०७४ कार्यान्वयनमा रहेको छ । यसले विभिन्न सामाजिक अपराधहरुलाई पनि समेटी सजायको व्यवस्था गरेको सन्दर्भमा मुलुकी अपराध संहिताले भेदभाव तथा अन्य अपमानजन्य व्यवहार सम्बन्धी कसूर र सजायको व्यवस्था गरी कसूर गर्ने व्यक्तिबाट पीडित व्यक्तिलाई पुगेको क्षति वा पीडा वापत मनासिब क्षतिपूर्ति भराई दिनु पर्ने व्यवस्था समेत गरेको छ । सोही व्यवस्था अन्तर्गत महिलाको रजस्वला वा सुत्केरीको अवस्थामा छाउपडीमा राख्न वा त्यस्तै अन्य कुनै किसिमका भेदभाव, छुवाछुत वा अमानवीय व्यवहार गर्नु वा गराउनु हुँदैन भनी यस किसिमका कार्यहरुलाई निषेध गरी सजायको व्यवस्था गरेको अवस्था छ । यस किसिमका अपराधजन्य कार्यहरु नेपालका विभिन्न भूभागमा भई रहेको हुँदा यी र यस्तै प्रकृतिका अपराधहरुले व्यक्तिको मौलिक हक तथा मानव अधिकारको प्रचलनमा अवरोध सृजना गर्ने र सामाजिक तथा व्यक्तिगत जीवन र सुरक्षामा समेत नकारात्मक असर पार्ने हुन्छ । यस किसिमका अपराधहरुको नियन्त्रणका लागि राज्यका संरचना तथा सरोकारवालाको साथ सहयोग भएमा कसूरदारलाई कानून बमोजिमको सजाय दिलाउन र पीडितलाई न्यायको महसुस गराउन सकिने विश्वास गर्न सकिन्छ । छाउपडी र अन्य भेदभाव तथा अपमानजन्य व्यवहारका विरुद्ध प्रदेश र स्थानीय तहका कार्यालयसँग समन्वयपूर्वक सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न अनुरोध गर्ने, छाउपडीका साथै भेदभाव तथा अपमानजनक व्यवहारका विरुद्ध प्रभावित क्षेत्रमा समुदायमा सरकारी वकील र समुदाय प्रहरी साझेदारी कार्यक्रम सञ्चालन गर्ने, सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला सरकारी वकील कार्यालयका प्रमुख र जिल्ला प्रहरी कार्यालयका प्रमुख रहेको एक संयन्त्र बनाई मुलुकी अपराध संहिताले परिभाषित गरेका सामाजिक विभेद र भेदभाव तथा अपमानजनक व्यवहार विरुद्धका कानूनले गरेका व्यवस्थाका सम्बन्धमा देशव्यापी रुपमा सचेतनामूलक अभियान सञ्चालन गर्ने भनी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९४ बमोजिमको समन्वय समितिबाट निर्णय भएको छ । मिति २०७६।०९।०७ मा माननीय महान्यायाधिवक्ताज्यूको अध्यक्षता तथा नेपाल सरकारका गृह सचिवको उपस्थिति र छाउपडी प्रभावित क्षेत्रका सुरक्षा निकाय तथा सरकारी वकीलहरु समेतको सहभागितामा महान्यायाधिवक्ताको कार्यालयमा बैठक बसी उक्त समन्वय समितिको निर्णय कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त भएको छ । सो निर्णय कार्यान्वयन गरी गराई व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने मौलिक हक तथा मानव अधिकारको प्रचलन गर्ने गराउने कार्यमा राज्य तथा सरोकारवाला सबैको जिम्मेवारी रहेको हुन्छ । तसर्थ यस किसिमका भेदभाव, छुवाछुत वा अमानवीय व्यवहारका कार्यहरुलाई कानूनी दायरामा ल्याउने कार्यमा सरोकारवाला सबैले सहयोग गरी दिनु हुन हार्दिक अनुरोध छ ।

२०७६ पुष ७ गते ।

## 10. China Forum on International Legal Cooperation 2019 मा माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलज्यूले प्रस्तुत गर्नु भएको मन्तव्य

Distinguished Guests,

Ladies & Gentlemen,

It is my great pleasure and honour to be a part of this important event, China Forum on International Legal Cooperation 2019, and to speak in this forum.

The relations between Nepal and the People's Republic of China are age old and deep-rooted, initiated by the exchange and visit of Nepali and Chinese monks and scholars. The exchange of visits at various levels and sectors has further strengthened our relations and people-to-people contacts. Bearing all these things in mind, I deem our participation in this forum will further deepen bilateral legal cooperation.

Successful implementation of BRI requires cooperation and collaboration between the legal fraternities of Nepal and China. It is mainly because of two reasons: a) firstly, the BRI will bring several cross-border issues, such as issues related to bilateral investment/trade, protection of the intellectual property rights, regulations of bodies and so on, which can be resolved only through the collaboration of legal fraternity of two countries; and b) secondly, by the help of Chinese cooperation, China can help to strengthen the capacity of the Nepali legal fraternity, which falls under the broader mandate of BRI, and also would aid Nepali side to address the pressing issues that may come with the implementation of BRI.

Ladies & Gentlemen,

We recall with great pleasure the state visit of Chinese President to Nepal on 12 to13 October 2019. In the Joint Statement issued during President Xi Jinping's visit to Nepal, both the countries stressed to take the BRI as an important opportunity to deepen mutually beneficial cooperation in all fields.

During the visit, Nepal and China signed 20 treaties / agreements / MoUs / letters of exchange, which included Memorandum of Understanding between the Office of the Attorney General, Nepal and the Supreme People's Procuratorate of the People's Republic of China.

It is our pleasure to inform that China is the largest source of Foreign Direct Investment (FDI) in Nepal. China has topped in FDI pledges to Nepal in the last three years, with the growing investment pledges from the Chinese companies. In this backdrop, I would now like to briefly highlight about issue of 'regulation of the investment conduct of the enterprises'.

While speaking about the regulation of the investment conduct of the enterprises, two relevant issue must be covered – one, 'host country treatment to the investments'; and another, 'investors' conduct in the host country'.

In regard to the first issues, that is, host country treatment to the investments, I deem that host country should provide following matters:

1. Fair and equitable treatment to the investment.
2. Special measures to protect the investment.
3. Access to domestic capital and market.
4. Facility of repatriation of profit etc.

In regard to the second issue, that is, investors' conduct in the host country, I deem that following matters should be considered:

1. Investment should strictly comply with all the legal and administrative requirements of the host country.
2. Investment should not have negative impacts upon the environmental, cultural and social aspects of the host country.
3. Investment should be done by adhering to the principles of sustainable development.

Ladies and Gentlemen,

While encouraging the foreign investment under the BRI framework, we also should be mindful that the investment should be regulated in order to ensure sustained economic, social and diplomatic gains, along with fostering relations between the investing and host country.

It is also relevant here to mention that only recently over two dozen Nepali laws and policies have been revised in a bid to attract and regulate the investments in Nepal. This will indeed be an aid to foreign investment under the BRI framework.

Finally, the Office of the Attorney General looks forward to future collaboration and cooperation, which will not only deepen the Nepal-China legal cooperation making joint contributions to Belt and Road Initiative, but also strengthen Nepal-China bilateral relations.

Thank you for your kind attention.

## ११. माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलसँग कानून द्वैमासिकका सम्पादकले लिनु भएको अन्तर्वार्ता

**(कानून द्वैमासिक, अंक १३४ वैशाख २०७६)**

### १. महान्यायाधिवक्ताको रुपमा कार्य गर्दा नेपालको फौजदारी न्याय प्रशासन कस्तो पाउनु भयो ?

म ३४ वर्षदेखि न्यायिक अभ्यासमा क्रियाशील रहेको कारण महान्यायाधिवक्ता हुनुभन्दा अगावै फौजदारी न्याय प्रशासनको बारेमा धेरथोर जानकारी राख्दथेँ । महान्यायाधिवक्ताको रुपमा क्रियाशील हुँदा भने फौजदारी न्याय प्रशासनको अन्तर्यका बारेमा थप जानकारी भयो । समग्र राज्य व्यवस्थाको सुधार गर्नका लागि फौजदारी न्याय प्रशासनलाई प्रभावकारी बनाउनु पर्ने आवश्यकता मैले हिजोदेखि नै बोध गरेको विषय थियो । आफू संलग्न भएपछि यो क्षेत्रमा आधुनिकीकरण गर्नु पर्ने महसुस भएको छ । स्वभावैले महान्यायाधिवक्ताले त्यसको नेतृत्वदायी भूमिका निर्वाह गर्नु पर्ने अवस्था छ । म त्यो जिम्मेवारी निर्वाहका लागि क्रियाशील रहेको छु ।

### २. स्वतन्त्र रुपमा वकालत गर्दा र महान्यायाधिवक्ताको रुपमा कार्य गर्दा कस्तो खालको भिन्नता अनुभूत गर्नु भयो ?

निश्चय नै दुवै क्षेत्र वकालत नै हुन् । तर प्रतिनिधित्वको सबाल भिन्न हुने नै भयो । प्रतिरक्षी कानून व्यावसायीको भूमिकामा वकालत गर्दा पक्षको प्रतिनिधित्व हुन्थ्यो । जित हारको सरोकार हुन्थ्यो । राजनीतिक सम्बद्धताका आधारमा पनि प्रतिनिधित्व गर्नुपर्ने अवस्था पर्दथ्यो । तर सरकारी पक्षको प्रतिनिधित्व र फौजदारी न्याय प्रशासनको सन्दर्भमा महान्यायाधिवक्ताले गर्ने निर्णयमा त्यो भन्दा भिन्न अवस्था रहन्छ । यहाँ जित हार भन्दा न्यायको पक्षमा निर्णय गर्नु पर्ने हुन्छ । जित हार भन्दा कानूनको शासनको सन्दर्भ बढी महत्वपूर्ण हुने गर्दछ । मलाई सार्वजनिक सरोकार र हितको पक्षमा काम गर्नु पाउने छुट्टै अवसर मिलेको छ । संविधान र कानूनले बोकेका मूल्य कार्यान्वयन गर्ने क्रममा तथ्य र प्रमाण एवम् न्यायिक मूल्य र सिद्धान्तले मार्गदर्शन गरे बमोजिम काम गर्दाको एउटा फरक सन्तुष्टि अनुभव गरिरहेको छु । यहाँ राजनीतिक सम्बद्धताका आधारमा निर्णयमा पुग्ने अवस्था नै हुँदैन । प्रणाली आफैले पनि यो स्थान दिएको देखिदैन । खास गरी फौजदारी न्याय प्रशासनमा राजनीतिलाई कतैबाट जोड्न दिनु हुँदैन भनेर नै म आफू क्रियाशील रहेको छु ।

### ३. कानून मन्त्री भई कार्य गर्दा र नेपाल राज्यको महान्यायाधिवक्ताको भएर कार्य गर्दा कस्तो खालको अनुभूति सँगाल्नु भएको छ ?

सिद्धान्ततः यी दुवै कार्यकारी पद हुन् । यद्यपि कानून मन्त्रीको जिम्मेवारी र महान्यायाधिवक्ताको भूमिका कतिपय अवस्थामा समान र कतिपय अवस्थामा निक्कै भिन्न रहेको छ । म संविधान जारी भएपछि कार्यान्वयनको क्रममा कानून मन्त्रीको जिम्मेवारीमा आएको थिएँ । संविधान कार्यान्वयन गर्न आवश्यक कानूनहरु निर्माण गर्नु पर्ने, संविधानले बोकेको मूल्य अनुसार संविधान कार्यान्वयनको वातावरण बनाउनु पर्ने विशेष जिम्मेवारी थियो । संविधान निर्माण प्रक्रियामा सक्रिय विधायक रहेको नाताले मलाई त्यो कार्य गर्न सहज भएको थियो । कानून मन्त्रीको भूमिका राजनीतिक प्रकृतिको पनि रहन्छ नै । त्यो पद राज्यको नीति निर्माणमा सक्रिय हुने राजनीति पद थियो । विधि निर्माणको नेतृत्वदायी भूमिका निर्वाह गर्नु पर्दथ्यो । यद्यपि न्याय प्रशासनको सुधारका लागि कानून मन्त्रीको क्रियाशीलता आवश्यक पर्दछ । महान्यायाधिवक्ता त्यो भन्दा भिन्न संवैधानिक पदको रुपमा रहेको छ । यो संसदले बनाएको कानून प्रभावकारी रुपमा कार्यान्वयन गर्नु पर्ने जिम्मेवारी पाएको छ । निश्चय नै यसले व्यावसायिकता खोज्दछ । यसले फौजदारी न्याय प्रशासनमा नेतृत्वदायी जिम्मेवारी खोज्दछ । राज्यका सबै अंगहरु बीचमा समन्वयकारी भूमिका पनि अपेक्षा राख्दछ । एकै समयमा राज्यका तीनै अंग कार्यपालिका, न्यायापालिका र विधायिकासँग काम गर्नु पर्ने जिम्मेवारी संविधानले नै दिएको छ । सरकारको प्रमुख कानूनी सल्लाहकारको भूमिकाले कार्यपालिकासँग जोड्दछ । सरकारी पक्षको प्रतिनिधित्व र न्याय सेवा आयोगको जिम्मेवारीले न्यायपालिकासँग जोड्दछ । संसद वा समितिमा उपस्थित भई राय सल्लाह प्रकट गर्न पाउने संवैधानिक जिम्मेवारीले व्यवस्थापिकासँग जोड्दो रहेछ । यद्यपि सारमा कानून मन्त्री भनौं वा महान्यायाधिवक्ता मूलतः मुलुकमा कानूनको शासन कायम राख्न क्रियाशील रहनु पर्ने समान दायित्व भएका राज्यका विशेष जिम्मेवार पद हुन् । यो दृष्टिले भने यिनमा समानता पनि अनुभूत गरेको छु ।

### ४. सरकारी मुद्दाहरु असफल हुनुका कारणहरु के के रहेछन् ?

सार्वजनिक रुपमा टिप्पणी सुनिन्छ : सरकारी मुद्दाको सफलता न्यून छ । तर सरकारी मुद्दाको सफलताको अवस्था निराजाजनक भने छैन । यसै वर्ष ७२.२८ प्रतिशत मुद्दा सफल भएको देखिएको छ । यो सफलता हालसम्मकै उच्च हो । यद्यपि जुनरुपमा सरकारी पक्ष संलग्न भएका मुद्दामा सफलता प्राप्त हुनुपर्ने हो, अपेक्षित सफलता प्राप्त हुन सकेको छैन । कुनै एउटा कारणले सरकारी मुद्दाको सफलता प्रभावित भएको होइन । सरकारी मुद्दाको सफलतामा सुधार गर्न धेरै विषयमा सुधार गर्नु पर्ने आवश्यकता छ । वस्तुगत र वैज्ञानिक आधारमा मुद्दाको अनुसन्धान र अभियोजन, साक्षी प्रमाणको पर्याप्तता, पीडित तथा साक्षीबाट पर्याप्त सहयोग, अवधारणागत रुपमा स्पष्ट र व्यावसायिक अभियोजनकर्ता,

प्रमाणका आधारमा मुद्दा चल्ने नचल्ने तथा पुनरावेदन गर्ने नगर्ने निर्णय र न्यायिक कार्यसम्पादनमा स्वच्छता जस्ता विषयले सरकारी मुद्दाको सफलता निर्धारण गर्दछ । यी कारणहरुलाई उपयुक्त तवरले व्यवस्थापन गर्दै सफलता वृद्धि गर्ने प्रयासमा महान्यायाधिवक्ताको कार्यालय क्रियाशील रहेको छ । कानूनी सुधार एउटा महत्वपूर्ण आधार हो तर यसका लागि फौजदारी न्याय प्रशासनमा क्रियाशील जनशक्तिको क्षमता विकास र आवश्यक पूर्वाधार निर्माण नगरी सुधारको अपेक्षा राखेर मात्र केही नतिजा आउन सक्दैन । कुनै एक्लो निकाय वा पदाधिकारीलाई जिम्मेवार बनाएर मात्र पनि दायित्व पूरा हुन सक्दैन । यसका लागि सरकार र फौजदारी न्याय प्रशासनका सरोकारवाला निकायहरुको साझा प्रयास, प्रयत्न र लगन आवश्यकता पर्दछ ।

## ५. सरकारी वकीलको संस्थागत सुधार र व्यावसायिकता विकास गर्नेतर्फ तपाईको के योजना रहेको छ ?

विगतदेखि नै सरकारी वकीलको सँस्थागत विकासका लागि प्रयास हुँदै आएको रहेछ । अग्रज महान्यायाधिवक्ताहरुले पनि आ-आफ्नो कार्यकालमा केही न केही योगदान दिनु भएकै रहेछ । यद्यपि नयाँ संवैधानिक तथा कानूनी व्यवस्थाको कार्यान्वयनको क्रममा सरकारी वकीलको जिम्मेवारी अनुसार यो संस्थाको भूमिकामा सुधार ल्याउनका लागि थप प्रयत्न गर्नुपर्ने आवश्यकता देखिएको छ । सरकारी मुद्दाको सफलता वृद्धिका लागि अपराध अनुसन्धानदेखि नै सुधार गर्नु पर्ने आवश्यकता छ । सरकारी वकीलको संस्थागत सुधार र व्यावसायिकता विकासका लागि पदबहालीसँगै कार्ययोजना सहित सुधारका कार्यहरु प्रारम्भ गरेको छु । सरकारी पक्षका साक्षीहरुको उपस्थितिका लागि हेलो साक्षी कार्यक्रम सञ्चालन गरिएको छ । सरकारी वकील कार्यालयहरुको सेवा प्रवाहलाई प्रभावकारी बनाउन प्रत्येक प्रदेशमा एउटा सरकारी वकील कार्यालयलाई नमुना सरकारी वकील कार्यालयको रुपमा विकास गरिएको छ । अपराध अनुसन्धान र अभियोजनको अवस्थाको बारेमा महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयबाट अनुगमन गरिएको छ । कार्य सम्पादनको आन्तरिक पक्षलाई व्यवस्थित तुल्याउन विभिन्न नीति निर्देशिकाहरु बनेका छन् । सहभागितामूलक निर्णय प्रक्रिया अवलम्बन गरिएको छ । कुनै पनि रुपमा राजनीतिक प्रभाव र आग्रहलाई कार्य सम्पादनमा प्रवेश गर्न दिइएको छैन । सरकारी वकीलको व्यावसायिकता विकासलाई केन्द्रमा राखेर सेवा शर्त सम्बन्धी कानूनको मस्यौदा तयार गरी सरकार समक्ष प्रस्तुत गरिएको छ । सरकारी वकीलको आचार संहिता पुनरावलोकन गरी नयाँ आचार संहिता जारी गरिएको छ । सोको कार्यान्वयनको अनुगमन प्रारम्भ गरिएको छ । असल काम गर्नेलाई उत्साहित तुल्याउन पुरस्कृत गरिएको छ । यसै वर्षदेखि सर्वोत्कृष्ट सरकारी वकीललाई वर्ष सरकारी वकील पुरस्कार (एटर्नी अफ दि इयर) घोषणा गरिएको छ । कार्य सम्पादन सन्तोषजनक नभएकालाई विशेष जिम्मेवारी दिइएको छैन । कतिपय सरकारी वकील तथा कर्मचारीहरुको कार्य सम्पादनका सम्बन्धमा छानविन गरिएको छ । सरकारी वकीलहरुलाई व्यावसायिक बनाउन विशिष्टीकरणको प्रक्रिया अगाडि बढाइएको छ । संवैधानिक कानून, कर तथा राजस्व कानून, संगठित अपराध र बैंकिङ कानूनमा करिव १०० जना सरकारी वकीलहरुलाई विशिष्ट प्रशिक्षण प्रदान गरिएको छ । नयाँ कानूनी प्रबन्धका बारेमा प्रशिक्षणलाई नियमित प्रक्रियाको रुपमा अगाडि लगिएको छ । अन्यत्रका सफल अभ्यासहरुको बारेमा सरकारी वकीललाई परिचित तुल्याउन वैदेशिक अध्ययन अवलोकनका अवसरमा विस्तार गरिएको छ । महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने प्रयास गरिएको छ । सुधारलाई निरन्तरता दिने रणनीति अवलम्बन गरिएको छ । सुधारका यी प्रयासको जगमा सरकारी पक्षको प्रतिनिधित्व र प्रतिरक्षालाई प्रभावकारी बनाउने उद्देश्य रहेको छ । यसैक्रममा इन्टरनेशनल एशोसिएसन अफ प्रोसिक्युटरको सदस्यता प्राप्त भएको छ । हिरासत तथा कारागार अनुगमनको कार्यलाई अभियानको रुपमा सञ्चालन गरी सुधारका लागि सम्बन्धित निकायलाई अग्रसर तुल्याएको छ । पीडित राहत कोषको क्रियाशीलता र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनको कार्यान्वयनका लागि आवश्यक प्रबन्ध गर्न सहजीकरण गरिरहेको छु । संस्थागत सुधारका यी प्रयासहरुबाट कार्य सम्पादनमा सकारात्मक प्रभावको अपेक्षा गरेको छु ।

## ६. महान्यायाधिवक्ता कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाभित्र के के विषय समेटिएका छन् ?

महान्यायाधिवक्ताको कार्यालयको कार्यसम्पादनलाई प्रभावकारी र नतिजामुखी बनाउन आर्थिक वर्ष २०६८/०६९ देखि योजनाबद्ध रूपमा संस्थागत सुधारका प्रयासहरूको थालनी गरेको रहेछ । प्रथम पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनको अनुभवसहित महान्यायाधिवक्ताको कार्यालयले संस्थागत सुदृढीकरण र व्यावसायिकता विकासमा केन्द्रित भई दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७३।०७४-२०७७।०७८) तर्जुमा गरी कार्यान्वयनको चरणमा रहेको छ । महान्यायाधिवक्ताको कार्यालयले सम्पादन गर्ने कार्यहरू प्रभावकारी र परिणाममुखी बनाई संविधान तथा कानूनद्वारा सुम्पिएका जिम्मेवारी राज्य, समाज र नागरिकको अपेक्षा अनुसार प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरूको विद्यमान वस्तुस्थितिको विश्लेषण गरी सवल र कमजोर (Strength and Weakness) पक्षहरू तथा अवसर र चुनौतीहरू (Opportunity and Threat) को पहिचान गरी संस्थागत सुदृढीकरणका लागि दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको तर्जुमा गरिएको हो । मूलतः योजनाले सरकार वादी मुद्दाको अभियोजनलाई वस्तुगत प्रमाणमा आधारित बनाउने, सरकारी पक्षको प्रभावकारी प्रतिरक्षा गर्ने,

सरकारी वकीलको सेवालाई व्यावसायिक बनाउने र महान्यायाधिवक्ताको कार्यालय तथा सरकारी वकील कार्यालयहरुको संस्थागत सुधार गर्ने लक्ष्य राखेको छ । सो लक्ष्य हासिल गर्न विभिन्न २९ वटा रणनीतिहरु र २१८ वटा क्रियाकलापहरु निर्धारण गरिएको छ । महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरूले जनताका अपेक्षा र संवैधानिक तथा कानूनी जिम्मेवारी अनुरूपको कार्य निश्चित समय सीमा भित्र सम्पादन गर्न सकियोस् भनी रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको हो । दोस्रो पञ्चवर्षीय रणनीतिक योजना दुई वर्ष पुरा भई तेस्रो वर्ष कार्यान्वयनको क्रममा रहेको छ । तेस्रो वर्ष समेत करिव दुई तिहाई समय समाप्त भएको छ । योजनाको कार्यान्वयनको अवस्थाका बारेमा पनि समीक्षा गरी योजनाको कार्यान्वयनबाट हासिल भएका उपलब्धि र योजनाले प्रक्षेपण गरेका तर कार्यान्वयन हुन बाँकी रहेका कार्यक्रमहरुको मूल्यांकन गर्ने र बाँकी दुई वर्षमा गर्न सकिने रणनीति र क्रियाकलापहरु पहिचान गर्ने उद्देश्यले यो मध्यावधि मूल्यांकन गर्ने कार्य भैरहेको छ । योजना कार्यान्वयनको अवस्था हेर्दा कुल २१८ क्रियाकलाप मध्ये १३१ वटा (६०.०९ प्रतिशत) कार्यान्वयन भएको, ३९ वटा (१७.८९ प्रतिशत) आंशिक कार्यान्वयन भएको र ४८ वटा (२०.०१ प्रतिशत) कार्यान्वयन नभएको अवस्था देखिएको छ । आगामी दुई वर्षका लागि रणनीतिहरु पुनरावलोकन गरी नयाँ रुपमा योजना कार्यान्वयन गरिने कार्यक्रम रहेको छ । योजना कार्यान्वयनबाट महान्यायाधिवक्ताको कार्यालयको कार्य सम्पादनमा सकारात्मक सूचकहरु देखिएका छन् । सुधारका क्रियाकलापहरु योजनाबद्ध रुपमा सम्पन्न भइरहेका छन् । सरकारी वकीलको क्षमता विकास र संस्थागत सुधारका कार्यहरु सञ्चालन भइरहेका छन् । यसले संस्थालाई नयाँ जीवन दिएको अनुभूति सबैले गरेको पाएको छु ।

**७. महान्यायाधिवक्ताको रुपमा कार्यरत रहँदा सरकारी वकीलका समस्याहरु के कस्ता रहेको पाउनु भयो ?**

सरकारी वकीलको पद सरकारी कर्मचारी अझ भनौ निजामती कर्मचारीको कार्य सम्पादन प्रक्रियाभन्दा नितान्त फरक छ । यो व्यावसायिक पद हो । यो पदले विशेष ज्ञान, सीप, दक्षता खोज्दछ नै । त्यसका अतिरिक्त अध्ययनमा निरन्तरता र अनुभवको समेत अपेक्षा राख्दछ । ठूलो संख्यामा रहेका प्रतिरक्षी कानून व्यावसायीहरुबाट विकास भएका वरिष्ठ वकीलहरुसँग प्रतिष्पर्धात्मक रुपमा प्रस्तुत हुनका लागि सरकारी वकील आफैमा व्यावसायिक र उत्प्रेरित हुनु पर्दछ । यसका लागि राज्यले पनि सोही दृष्टिकोणले सरकारी वकीललाई विकास गर्नुपर्ने आवश्यकता देखिएको छ । कार्यबोझको तुलनामा सरकारी वकीलको जनशक्ति कम भएका कारण अधिक कार्यबोझले किचिएको अवस्था छ । समान योग्यता र सँगै सेवा प्रवेश गरेका न्यायालयका जनशक्तिको भन्दा सेवा, सुविधा र अवसरमा भएको न्यूनताले सरकारी वकीलको सिंगो संगठन प्रभावित भएको देखिएको छ । सरकारी पक्षको प्रतिनिधित्वमा सम्बन्धित सरकारी निकायबाट आवश्यक कागजात र सूचना प्राप्त हुन नसक्दा सरकारी वकीललाई इजलासमा उभिन मुस्किल परेको पनि देखिएको छ । अर्कोतिर कानूनी प्रक्रियालाई पालना नगरी गरिने कतिपय निर्णयको प्रतिरक्षा गर्न आफैमा जटिल देखिएको छ । कानूनले गरेका नयाँ नयाँ व्यवस्थाहरुको बारेमा अवधारणागत र सोको अभ्याससँग परिचित हुन नसक्दा सो विषयका विवादमा प्रतिनिधित्व गर्न असहज हुने गरेको अवस्था पनि देखिएको छ । यस्ता समस्याहरु समाधान गर्न महान्यायाधिवक्ताको जिम्मेवारी प्राप्त गरेको दिन देखि नै क्रियाशील रहेको छु ।

**८. प्रदेशमा रहनु भएका मुख्य न्यायाधिवक्तासँगको अन्तरसम्बन्धबारे बताइदिनु हुन्छ कि ?**

संविधानले संघीय सरकारको प्रमुख कानूनी सल्लाहकारका अतिरिक्त महान्यायाधिवक्तालाई अभियोजनको अन्तिम निर्णय गर्ने जिम्मेवारी समेत दिएको छ भने मुख्य न्यायाधिवक्तालाई प्रदेश सरकारको कानूनी सल्लाहकारको जिम्मेवारी दिएको छ । मुख्य न्यायाधिवक्ता महान्यायाधिवक्ताको मातहतमा रहने र सो कार्यालयको कर्मचारीको व्यवस्था महान्यायाधिवक्ताले गर्नु पर्ने संवैधानिक व्यवस्था रहेको छ । सो अनुसार महान्यायाधिवक्ताको हैसियतमा सबै प्रदेशका मुख्य न्यायाधिवक्ताहरुसँग समन्वयपूर्ण सम्बन्ध विकास गर्ने र कार्य सम्पादनका लागि सहजीकरण गर्ने प्रयास प्रारम्भ देखि नै गरिरहेको छु । संविधानले दिएको जिम्मेवारी बमोजिम मुख्य न्यायाधिवक्ताको कार्यालयका लागि आवश्यक दरबन्दी स्वीकृत गरी उपलब्ध भए सम्म कर्मचारी परिचालन गरेको छु । मुख्य न्यायाधिवक्ता र महान्यायाधिवक्ताको अन्तरसम्बन्धको बारेमा राष्ट्रिय कार्यशाला आयोजना गरी अन्तर सम्बाद चलाएको छु । सरकारी वकीलहरुको राष्ट्रिय सम्मेलनमा मुख्य न्यायाधिवक्ताहरुसँग सहभागी भई छलफल गर्ने वातावरण निर्माण गरिएको थियो । फौजदारी कानूनको विषय संघीय सरकारको एकलौटी कार्यक्षेत्रमा संविधानले किटानीपूर्वक राखिदिएको र अभियोजनको अधिकार महान्यायाधिवक्ता एवम् मातहतका सरकारी वकीलबाट अभ्यास गर्ने संवैधानिक एवम् कानूनी जिम्मेवारी बमोजिम सरकारी वकीलको संगठन संरचना क्रियाशील रहेको अवस्था छ । मुख्य न्यायाधिवक्ताको जिम्मेवारी प्रदेश सरकार प्रति रहने, प्रदेश सरकारको प्रतिनिधित्व र प्रतिरक्षामा क्रियाशील हुनु पर्ने सो पदको भूमिका महान्यायाधिवक्ता र मातहतका सरकारी वकीलसँग जोडिने व्यवस्था नै रहेको छैन । समन्वय र सहकार्यको अवधारणालाई भने महान्यायाधिवक्ताको संवैधानिक एवम् कानूनी जिम्मेवारी बमोजिम उदारतापूर्वक व्यवहार भएको छ । मुख्य न्यायाधिवक्तालाई संविधानले दिएको जिम्मेवारीको स्वायत्तताको म सँधै सम्मान गर्दछु र संवैधानिक व्यवस्थाको पालनामा त्यस्तै पारिस्परिकताको अपेक्षा राख्दछु ।

## ९. नेपाल बार काउन्सिलको अध्यक्षको हैसियतले सो काउन्सिललाई सुदृढीकरण गर्न के के योजनाहरु रहेका छन् ?

कानून व्यावसायीहरुको निमामक निकायको रुपमा रहेको नेपाल कानून व्यावसायी परिषदको अध्यक्षको जिम्मेवारी महान्यायाधिवक्ताको रहेको छ । सो जिम्मेवारी बमोजिम परिषद्का पदाधिकारीहरुको सहयोगमा परिषद्मा केही सुधारका कार्यहरु प्रारम्भ गरिएको छ । परिषद्बाट लिइने परीक्षालाई मर्यादित बनाउने प्रयत्न छ । आचार संहिताको पालनालाई विशेष प्राथमिकता प्रदान गरिएको छ । अनुशासनहीन कार्य गरेको भनी कानून व्यावसायी उपर परेका उजुरीको प्राथमिकतापूर्वक छानविन गरी दोषी देखिएको अवस्थामा कारवाही प्रक्रिया अगाडि बढाइएको छ । कानून व्यावसायीहरुको क्षमता विकास कार्यक्रमहरुलाई प्राथमिकतापूर्वक अगाडि बढाइएको छ । सरकारी वकीलहरुमा विशिष्टीकृत प्रशिक्षणले पारको सकारात्मक प्रभावलाई दृष्टिगत गरी कानून व्यावसायीहरुलाई समेत विशिष्टीकरण गर्दै लैजाने गरी पाठ्यक्रम तयारीको प्रक्रिया अगाडि बढाइएको छ । यसै वर्षदेखि नेपाली भाषामा समेत जर्नल प्रकाशन गर्ने तयारी भैरहेको छ । विशेष योगदान गर्ने कानून व्यावसायीहरुलाई सम्मान गर्ने अभ्यासलाई निरन्तरता प्रदान गरिएको छ । कानून व्यावसायीहरुको अभिलेखलाई व्यवस्थित गर्ने प्रयास प्रारम्भ गरिएको छ ।

## १०. तपाई महान्यायाधिवक्ता भएपछि मुलुकी संहिताहरु लागू भएकाछन् । संहिता कार्यान्वयनको अवस्था कस्तो रहेको छ ? अभियोजन गर्दा केही कठिनाइ पैदा भएको छ छैन ? बताई दिनुहुन्छ कि ?

निश्चय नै निक्कै लामो प्रयासपछि संहिताबद्ध कानूनको रुपमा मुलुकी संहिताहरु जारी भएका हुन् । यी संहिताहरुले फौजदारी तथा देवानी न्याय प्रशासनलाई मात्र प्रभाव पारेका छैनन् । सिंगो सामाजिक व्यवस्था र न्याय व्यवस्थामा नयाँ युगको प्रवेश गराएकाछन् । नेपालको कानून प्रणालीलाई रुपान्तरण र आधुनिकीकरण गरेका छन् । नयाँ मूल्य र मान्यताहरु अंगीकार गरेका छन् । कुनै पनि परिवर्तनकारी अध्यायको प्रारम्भ सरल र सहज हुँदैन । हिजो हिडिरहेको बाटो परिवर्तन गरी नयाँ बाटोमा यात्रा गर्दाको अनुभव हामी सबैसँग धेरथोर रहेकै छ । यो प्रणाली परिवर्तनको क्रममा पनि त्यस्तै अनुभव भएको छ । संयोग नै मान्नु पर्दछ कि यी संहिताहरु व्यवस्थापिका संसदमा विचाराधीन हुँदा विधायक र कानून मन्त्रीको भूमिकामा सहभागी हुने मौका मिलेको थियो । संहिता लागू हुने समयमा म संहिता कार्यान्वयन गर्नु पर्ने जिम्मेवारीमा आइपुगेँछु । त्यसैले मेरो प्राथमिकता संहिता कार्यान्वयनमा पर्‍यो । न्यायालयले पनि अग्रसरता जनायो । प्रहरीको नेतृत्वले पनि तत्परता देखायो । सरकारी वकीलहरुले संहिता कार्यान्वयनमा उत्साह मात्र देखाएनन् । अग्रसरता पनि देखाए । मलाई नेतृत्व गरेर संहिता कार्यान्वयन गराउन सहज भयो । संहिता सम्बन्धी आवश्यक प्रशिक्षण अभियानको रुपमा सञ्चालन गरियो । आवश्यक नियम निर्देशिकाहरु प्राथमिकतापूर्वक तयार भए । धेरैले संहिता कार्यान्वयनमा शंका प्रकट गरेका थिए । तर त्यो शंका निराधार भयो । मुलुक नयाँ युगमा प्रवेश गर्‍यो । कानून व्यावसायीहरुले पनि उत्साहका साथ संहिता कार्यान्वयनको विषयलाई स्वागत गर्नु भयो । अब संहिता कार्यान्वयनको एक वर्ष पुग्न लागेको छ । कार्यान्वयनको क्रममा देखा परेको समस्याहरुलाई समन्वयपूर्णरुपमा समाधान गर्दै अगाडि आएको अवस्था छ । नयाँ कानून, नयाँ परिवेश, नयाँ अभ्यास र नयाँ प्रणालीको कार्यान्वयन गर्दा आउने समस्याहरुलाई स्वभाविक रुपमा लिई समाधान गरिएको छ । अपराध अनुसन्धानलाई प्रभावकारी बनाउन समन्वय समितिलाई क्रियाशील तुल्याइएको छ । संहिता कार्यान्वयनको क्रममा आइपर्ने समस्या समाधान गर्न सहजीकरण समितिको व्यवस्था गरी महान्यायाधिवक्ताको कार्यालयबाट मार्गदर्शन गरिएको छ । कार्यान्वयनको अनुगमन समेत प्रारम्भ गरिएको छ । संहिता कार्यान्वयनको क्रममा कानूनी व्यवस्थामा देखिएका धेरै अस्पष्टताहरु संशोधनको माध्यमबाट समाधान भइसकेकाछन् । कार्यान्वयनको क्रममा परिस्कारको सम्भावना सँधै रहन्छ । परिस्कार कहिले कानूनमा गर्नु पर्दछ । कहिले कार्य सँस्कृतिमा ।

## ११. मुलुकी अपराध संहिता, २०७४ लागू भएपछि विरोधका आवाजहरु पनि सुनिए । खासगरी चिकित्सकहरुबाट धेरै विरोध भयो । सो विषयमा यहाँको के भनाइ रहेको छ ?

लोकतन्त्रमा आफ्ना धारणा, भनाइ र टिप्पणी राख्न पाउने अधिकार सबैमा रहन्छ । तर त्यो वस्तुगत हुनुपर्दछ । स्वार्थपरक हुनु हुँदैन । कानूनी व्यवस्थाको परिवर्तनसँग कतिपय विषय नयाँ कसूरका रुपमा परिभाषित हुन सक्छन् । कतिपय विषय कसूरको रुपमा नरहन पनि सक्छन् । कुन कसूर भयो कि भएन भन्नु भन्दा त्यस्तो विषय सार्वजनिक हितको दृष्टिले जायज भयो कि भएन भनेर टिप्पणी गर्नु पर्दछ । समाज र कानून एक अर्काका परिपूरक हुन् । सामाजिक गतिशीलताका लागि कानूनको आवश्यकता पर्दछ र सामाजिक चेतले नै कानूनलाई कार्यान्वयनयोग्य बनाँउदछ । मुलुकी संहिताका व्यवस्थालाई पनि सोही रुपमा लिनु पर्दछ । जहाँसम्म चिकित्सकहरुको विरोधको प्रसंग छ । अब त्यो विषयलाई कानूनले सम्बोधन गरिसकेको छ र  यो विषय टुंगो लागिसकेको छ । यद्यपि बद्नियतपूर्वक इलाज गर्ने कार्यलाई हिजोको कानूनी व्यवस्थाले पनि छुट दिएको विषय भने थिएन । बद्नियतपूर्वक अपराधको अनुसन्धान र अभियोजन गर्नेलाई पनि कानूनले कसूरको रुपमा परिभाषा गरेको छ । यसको अर्थ कानूनको विरोध गर्ने होइन । कानूनले परिभाषित गरे बमोजिमको बद्नियतपूर्वक कार्य नगर्ने हो । बद्नियतपूर्वक गरेको कार्यको पनि कानूनले संरक्षण गर्नु पर्छ भनी कुनै सम्भ समाजले भन्न सक्दैन । भन्न मिल्दैन ।

**१२. महान्यायाधिवक्ताको कार्यालयको भवन निर्माण भइरहेको देखिएको छ । अन्यत्र पनि सरकारी वकील कार्यालयहरु बनिरहेको सुनिएको छ । सो विषयमा केही भन्नु हुन्छ कि ?**

वि.स. २०२९ सालमा निर्माण भएको महान्यायाधिवक्ताको कार्यालय २०७२ सालको भूकम्प पछि रातो स्टिकर लागेको भवनमा परिणत भएछ । म आउनु भन्दा अगावै सो भवनको गुरुयोजना तयार भई निर्माणको कार्य अगाडि बढाउने नीतिगत प्रबन्ध भएको रहेछ । म आएपछि भवन निर्माणको प्रक्रिया अगाडि बढाउन सम्बद्ध निकायहरुसँग पहल गरेँ । ७२ करोडभन्दा माथिको लागतमा सो भवन निर्माणको कार्य अगाडि बढेको छ । २०७५ साल असोज २४ गते शिलान्यास भएको सो भवन दुई वर्ष छ महिनाभित्र तयार हुने गरी निर्माण कार्य भैरहेको छ । आगामी ५० वर्षका लागि आँकलन गरी सो भवन बनाइएको छ । अन्यत्र पनि सरकारी वकील कार्यालयका भवनहरु निर्माण भइरहेका छन् । म आफैले ११ वटा भवन उद्घाटन गरिसकेको छु । हाल महान्यायाधिवक्ताको कार्यालय सहित ३८ वटा भवनहरु निर्माणको क्रममा रहेकाछन् । आगामी वर्षमात्र १८ वटा भवनहरु निर्माण सम्पन्न हुने क्रममा रहेकाछन् । यसै बीच विशेष सरकारी वकील कार्यालय, काठमाडौं र जिल्ला सरकारी वकील कार्यालय, काठमाडौका लागि स्वास्थ्य मन्त्रालयको नजिक रहेको जग्गा प्राप्त भई भवन निर्माणको प्रक्रिया अगाडि बढेको छ । सबै सरकारी वकील कार्यालयमा सरकारी वकीलको आवास सहितको भवन निर्माण गरिएको छ । आगामी चार वर्षभित्र सबै सरकारी वकील कार्यालयहरु आफ्नो उपयुक्त भवनमा रहने गरी योजनाबद्ध रुपमा भौतिक निर्माणको कार्य अगाडि बढाइएको छ । सरकारी वकील कार्यालयलाई जग्गा उपलव्ध गराउने र भवन निर्माणका लागि स्रोत उपलव्ध गराउने दिशामा सरकारको तर्फबाट प्राप्त सहयोगका लागि म आभार प्रकट गर्दछु ।

**१३. केही समय अगाडि सरकारी वकीलहरुको सम्मेलन भएको थियो । सो सम्मेलनको उद्धेश्य के रहेको थियो ?**

२०७३ सालमा महान्यायाधिवक्ताको कार्यालयको स्थापना दिवस पारेर सरकारी वकीलहरुको पहिलो राष्ट्रिय सम्मेलन भएको थियो । सो सम्मेलनले प्रत्येक दुई वर्षमा सरकारी वकीलको सम्मेलन आयोजना गर्ने घोषणा गरको रहेछ । सो सम्मेलनले सरकारी वकीलको संगठनलाई सरोकारवालासँग चिनाउन, आफ्नो भूमिका र जिम्मेवारीबारे बुझाउन निक्कै नै सहयोग पुऱ्याएको रहेछ । मैले पनि सो सम्मेलनलाई निरन्तरता दिएको हुँ । मुलुकी अपराध संहिता, मुलुकी फौजदारी कार्यविधि संहिता र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन समेतका नयाँ कानूनी व्यवस्थाका बारेमा सरकारी वकीलहरूलाई अभिमुखीकरण गर्न र ती कानूनहरूको कार्यान्वयनका लागि साझा धारणा विकास गर्न उपयोगी हुने अपेक्षाका साथ सो सम्मेलन आयोजना गरिएको थियो । महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनको समीक्षा गर्न र सुधारका क्षेत्रहरू पहिचान गर्न समेत सो सम्मेलनले सघाउ पुऱ्याउने विश्वास लिइएको थियो । महान्यायाधिवक्ताको कार्यालयको संस्थागत सुधार, जनशक्ति व्यवस्थापन तथा भौतिक पूर्वाधारको अवस्थाको समीक्षा गर्दै भावी योजना र कार्यक्रमका लागि मार्गदर्शन गर्न यो सम्मेलनले ठोस आधार प्रदान गर्ने अपेक्षा राखिएको थियो । सरकारी वकील कार्यालयबाट सम्पादन गरिने काम कारबाही र प्रदान गरिने सेवालाई प्रभावकारी बनाई जनविश्वासिलो र भरोषायुक्त संस्थाको रूपमा विकास गर्न आवश्यक उपायहरू पहिचान गर्ने उपयुक्त थलोको रूपमा यो सम्मेलन रहने विश्वासका साथ सम्मेलन आयोजना गरिएको थियो । देशभरका करिव ३५० जना सरकारी वकील सहभागी र सरोकारवाला निकायका करिव १०० जनाभन्दा बढी प्रतिनिधिले सो सम्मेलनमा सहभागिता जनाएका थिए । सम्मेलनले आफ्नो उद्धेश्य अनुरुप सरकारी वकीलको कार्य सम्पादनका विषयमा ३० बुँदे घोषणापत्र जारी गरेको छ । घोषणापत्रमा समावेश भएका विषयले सरकारी वकीलको कार्य सम्पादन र व्यावसायिकता विकासमा सुधार ल्याउन सहयोग पुगेको महशुस भएको छ । यस अर्थमा सम्मेलन सार्थक बनेको छ । आगामी वर्ष अनुसन्धानकर्ता नेपाल प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलन आयोजना गर्ने कार्यक्रम राखिएको छ । यसबाट संहिता कार्यान्वयन समेतका अपराध अनुसन्धान र अभियोजनमा समन्वयपूर्वक कार्य सम्पादन गर्ने पर्यावरण निर्माण गर्न सहयोग पुग्ने अपेक्षा राखिएको छ । गत वर्षदेखि प्रहरी र सरकारी वकीलको प्रादेशिक सम्मेलन समेत प्रारम्भ गरिएको छ । सबै सम्मेलनहरु औपचारिकतामा भन्दा कार्य सम्पादनमा सुधार ल्याउने साझा थलोको रुपमा विकास भएका छन् ।

**१४. सरकारी वकीलहरुबाट न्यायाधीशको पदमा नियुक्तिको विषयमा पटक पटक असन्तुष्टिका आवाजहरु सुनिन्छन् । तपाई महान्यायाधिवक्ताको रुपमा आएपछिको न्यायाधीशको नियुक्तिमा सरकारी वकीलको सहभागितालाई कुनरुपमा मूल्यांकन गर्नु भएको छ ?**

न्यायाधीश सम्मानित पद हो । मर्यादित पद हो । तर सबै न्यायाधीश नै हुनु पर्दछ भन्ने चाहिँ होइन । हाम्रै अभ्यासमा न्यायाधीश नियुक्ति भएर पनि जिम्मेवारीमा नगएका कानून व्यावसायीहरुका उदाहरणहरु छन् । यद्यपि सरकारी वकीलमा न्यायाधीशप्रतिको रुचि र लगाव छैन भन्दा मैले सत्य कुरा नगरेको मानिन्छ । म महान्यायाधिवक्ताको रुपमा आएपछि भएका न्यायाधीशका नियुक्तिमा पनि सीमित सरकारी वकीलको समावेश भएका छन् । तर मेरो प्रयास सरकारी वकीलहरुलाई ठूलो संख्यामा न्यायाधीशमा जाने वातावरण निर्माण गर्ने भन्दा सरकारी वकीलहरुलाई सरकारी वकील कै रुपमा रहने र अझ मर्यादित बनाउने दिशामा वातावरण निर्माण गर्ने कार्यमा केन्द्रित छ । सरकारी वकीलको सेवा

व्यावसायिक प्रकृतिको पेशा हो । यसका सेवा सुविधाहरु अन्य मुलुकको अभ्यास समेतलाई विचार गरी पुनरावलोकन गरिनु पर्दछ भन्ने मान्यता लिएर प्रयासरत रहेको छु । सरकारी वकीलको कार्यसम्पादनका लागि अनुभवजन्य जनशक्तिको आवश्यकता पर्दछ । त्यसका लागि न्यायाधीश समान हुने गरी उमेरको हद निर्धारण गर्नु पर्ने आवश्यकता रहेको छ । राम्रो सरकारी वकील बनाउन र पेशाप्रति उत्प्रेरित बनाउन सरकारी वकीलको व्यावसायिकता अभिवृद्धि गर्नु आवश्यक देखिएको छ । विशिष्टीकरण गर्नु पर्ने आवश्यकता देखिएको छ । कार्य सम्पादनमा व्यावसायिक स्वतन्त्रताको प्रत्याभूति गर्नु आवश्यक छ । राज्यले सरकारी वकीलको जिम्मेवारीको गहनतालाई सही रुपमा बुझ्ने हो भने यो सेवालाई विशिष्ट व्यवहार गरिनु पर्दछ ।

**१५. सरकारी वकील कार्यालयको काम कारवाहीलाई सूचना प्रविधिको प्रयोग गर्ने तथा अभियोजन प्रणालीलाई सूचना प्रविधिमा आबद्ध बनाउने कार्यमा महान्यायाधिवक्ताको कार्यालयले के कस्ता प्रयास गरेको छ ?**

सूचना प्रविधिको प्रयोग विना कुनै पनि संस्थाले गर्ने काम कारवाही प्रभावकारी हुन सक्दैन । सरकारी वकील कार्यालयमा सूचना प्रविधिको प्रयोगलाई व्यवस्थित गराउने प्रयास विगत तीन चार वर्ष अघिदेखि शुरु गरिएको रहेछ । यसलाई इ एटर्नी कार्यक्रम अन्तर्गत सञ्चालनमा ल्याइएको छ । यस अन्तर्गत अभिलेखहरुलाई विद्युतीय प्रणालीमा अभिलेखीकरण गरिएको छ । सबै सरकारी वकील कार्यालयमा इन्टरनेट सेवाको पहुँच व्यवस्थित गरिएको छ । महान्यायाधिवक्ताको कार्यालयका सबै सरकारी वकीलहरुको निवासमा समेत इन्टरनेट सेवा जडान गरिएको छ । कार्यालयका काम कारवाहीहरुलाई सूचना प्रविधिमा आबद्ध गर्न सबै सरकारी वकील कार्यालयहरुमा मुद्दा व्यवस्थापन प्रणाली (सिएमएस) सफ्टवेयर निर्माण गरी प्रयोगमा ल्याइएको छ । यसमा सबै सरकारी वकील कार्यालयहरुले गर्ने अभियोजनसम्बन्धी विवरणहरु प्रविष्ट गर्ने व्यवस्था छ । सबै कर्मचारीहरुको अफिसियल इमेल निर्माण गरी सरकारी काममा प्रयोग गरिएको छ । प्रत्येक सरकारी वकीललाई ल्यापटप उपलब्ध गराउने नीति कार्यान्वयन गरिएको छ । गत वर्ष उपत्यकाका सरकारी वकील कार्यालय र नमुना सरकारी वकील कार्यालयहरुमा सिसि टिभि जडान गरी अनुगमन गर्ने कार्य थालनी गरिएको छ । यसै वर्ष ५० वटा सरकारी वकील कार्यालयहरुलाई इन्ट्रानेट प्रणालीमा जोड्ने कार्य अन्तिम चरणमा पुगेको छ । सूचना प्रविधिको प्रयोग व्यवस्थित गर्न गरिएका यी प्रयासहरुले सरकारी वकीलको व्यावसायिकता विकासमा मद्धत पुग्ने र कार्य सम्पादनमा सकारात्मक नतिजा ल्याउने अपेक्षा राखिएको छ । महान्यायाधिवक्ताको कार्यालको नयाँ भवनमा डाटा सेन्टर स्थापना गरी सूचना प्रविधि पद्धतिलाई थप आधुनिकीकरण गर्ने कार्यक्रम रहेको छ ।

**१६. हालै कारवाहीमा परेका आयुक्तका सम्बन्धमा तपाइले दिएको राय पछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कारवाहीको दायरा बढ्यो भन्ने टिप्पणी सुनिन्छ । यसमा यहाँको धारणा के रहेको छ ?**

महान्यायाधिवक्ताको कार्यालयले कानूनी राय दिनु पर्ने संवैधानिक जिम्मेवारी बमोजिम संविधान र कानून बमोजिम राय माग गर्ने र प्रदान गर्ने कार्य नियमित कार्य हो । कानूनी रायले कसैको क्षेत्राधिकार वा दायरा बढाउने वा घटाउने कार्य गर्दैन । कानूनका सबै विद्यार्थीलाई जानकारी भएको विषय हो की क्षेत्राधिकार कानूनले निर्धारण गरेको हुन्छ । महान्यायाधिवक्ताको कार्यालयबाट दिइएका रायहरु पनि सोही संवैधानिक परिसीमाभित्र रहेका हुन्छन् । कानूनको अगाडि समानता र समान संरक्षणको सिद्धान्त आफैमा भेदभाव विरोधी मान्यता हो । संवैधानिक सीमाभित्र रही समान रुपमा कानून लागू हुन्छ भन्ने मान्यताका आधारमा दिइएको रायलाई हेरेर आयोगको कारवाहीको दायरा बढेको जस्तो लागेको हुन सक्छ । यो बुझाइमा हुने अन्तर मात्र हो ।

**१७. महान्यायाधिवक्ताको हैसियतले थप केही भन्न चाहनु हुन्छ कि ?**

मेरो प्राज्ञिक जगतलाई आग्रह छ : न्यायिक जनशक्तिको उत्पादनमा गुणस्तरीयता आवोस् । यसका लागि कानून विश्वविद्यालयको आवश्यकता देखिएको छ । पन्ध्रौं योजनाको आधारपत्रमा यो विषय समावेश भएको छ । सम्बन्धित क्षेत्रले अग्रसरता जनाओस् । प्रादेशिक तहमा कानून क्याम्पसको विस्तार भई अध्ययनमा सहज पहुँच कायम होस् ।मेरो अर्को आग्रह छ : वैज्ञानिक र वस्तुगत प्रमाणमा आधारित अनुसन्धानका लागि विधि विज्ञान प्रयोगशालाको स्वायत्तता, स्तरोन्नति र प्रादेशिक तहमा विस्तारको आवश्यकता रहेको छ । यो विषय पनि पन्ध्रौं योजनाको आधारपत्रमा समावेश भएको छ । सम्बन्धित निकायले नेतृत्वदायी भूमिका निर्वाह गरोस् । सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने दिशामा कुनै पनि निकाय वा पदाधिकारीको मतभिन्नता नहोस् । यो विषयलाई यान्त्रिक रुपमा नहेरियोस् । न्यायालय लगायतका सबै सरोकारवाला निकायहरु यसमा सजग हुन आवश्यक छ । उत्तरदायी हुन सकुन् । विश्वासिला हुन सकुन् । कानूनको शासन कायम गर्ने दिशामा सबैको साझा दृष्टिकोण बनोस् । संविधानद्वारा नागरिकलाई प्रदान गरिएको वैयक्तिक हक र संविधानद्वारा व्यक्तिहरुलाई प्रदान गरिएको विकाससम्बन्धी हकको बीचमा सन्तुलित दृष्टिकोण हुनु जरुरी छ । नागरिक स्वतन्त्रता र सार्वजनिक सुरक्षालाई विकल्पको रुपमा चयन गर्नु पर्ने अवस्था नआओस् । सार्वजनिक हितको संरक्षणमा सबै पक्षको उत्तिकै चासो, सरोकार र योगदान रहोस् । निर्देशित रुपमा होइन, स्वार्थपरक रुपमा होइन, स्वतःस्फूर्तरुपमा अन्तरहृदयबाट संविधान र कानूनको परिधिभित्र रही न्यायको खोजी गरौं । हाम्रो सभ्यता हामीले नै निर्माण गर्ने हो । हाम्रो इतिहास हामीले नै रच्ने हो ।

## ४. सरकारी वकीलको विशिष्टीकरण

### १.सरकारी वकीलहरूको लागि सञ्चालित विशिष्टीकरण प्रशिक्षणमा विशिष्टिकरण तालिमको विवरण

| सि.नं. | विशिष्टीकृत विषय | प्रशिक्षण प्रदान गर्ने निकाय | प्रशिक्षण मिति | सहभागी संख्या |
|---|---|---|---|---|
| १. | संवैधानिक कानून | राष्ट्रिय न्यायिक प्रतिष्ठान | २०७५।४।२० देखि २०७५।५।५ सम्म | २२ |
| २. | राजस्व तथा कर कानून | राष्ट्रिय न्यायिक प्रतिष्ठान | २०७५।८।३ देखि २०७५।८।१९ सम्म | २५ |
| ३. | संगठित निवारण कानून | राष्ट्रिय न्यायिक प्रतिष्ठान | २०७५।११।१२ देखि २०७५।११।२८ सम्म | २५ |
| ४. | बैङ्किक कानून | अभियोजन प्रशिक्षण केन्द्र | २०७६/०१/१९ देखि २०७६/०२/०५ सम्म | २६ |
| ५. | राजस्व तथा कर कानून | अभियोजन प्रशिक्षण केन्द्र | २०७६/०२/०६देखि २०७६/०२/२२सम्म | २६ |
| ६. | संवैधानिक कानून | अभियोजन प्रशिक्षण केन्द्र | २०७६/०२/२३ देखि २०७६/०३/१३ सम्म | २६ |
| ७. | संगठित निवारण कानून | अभियोजन प्रशिक्षण केन्द्र | २०७६/०५/२३ देखि २०७६/०६/१० सम्म | २४ |
| ८. | विद्युतीय अपराध निवारण कानून | राष्ट्रिय न्यायिक प्रतिष्ठान | २०७६/०७/१७ देखि २०७६/०८/०३ सम्म | २३ |
| ९. | सार्वजनिक सम्पत्ति संरक्षण कानून | अभियोजन प्रशिक्षण केन्द्र | २०७६/१०/२२ देखि २०७६/११/११ सम्म | २७ |
| १०. | लैंगिक न्याय तथा बाल न्याय | अभियोजन प्रशिक्षण केन्द्र | २०७६/१०/०५ देखि २०७६/१०/१९ सम्म | २३ |
| ११. | सेवा कानून | अभियोजन प्रशिक्षण केन्द्र | २०७६/०२/२५ देखि २०७७/०३/१९ सम्म | ५३ |
| १२. | भ्रष्टाचार निवारण कानून | अभियोजन प्रशिक्षण केन्द्र | २०७६/०३/१४ देखि २०७७/०३/३१ सम्म | ५१ |

## २. विशिष्टीकृत सरकारी वकीलहरूको नामावली

### (क) संवैधानिक कानून

१. सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराई
२. सहन्यायाधिवक्ता डा. श्री गोपीचन्द्र भट्टराई
३. सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मी
४. सहन्यायाधिवक्ता श्री खेमराज ज्ञवाली
५. सहन्यायाधिवक्ता श्री लोकराज पराजुली
६. सहन्यायाधिवक्ता श्री रमादेवी पराजुली
७. सहन्यायाधिवक्ता श्री हरिप्रसाद जोशी
८. सहन्यायाधिवक्ता श्री सूर्यराज दाहाल
९. सहन्यायाधिवक्ता श्री उद्धवप्रसाद पुडासैनी
१०. सहन्यायाधिवक्ता श्री चन्द्रकान्त खनाल
११. जिल्ला न्यायाधिवक्ता श्री हरिप्रसाद रेग्मी
१२. उपन्यायाधिवक्ता श्री घनश्याम ओझा
१३. उपन्यायाधिवक्ता श्री मोहनसागर बस्याल
१४. जिल्ला न्यायाधिवक्ता श्री प्रकाश कोइराला
१५. जिल्ला न्यायाधिवक्ता श्री यामबहादुर बानियाँ
१६. उपन्यायाधिवक्ता श्री राजेन्द्रसिंह भण्डारी
१७. उपन्यायाधिवक्ता श्री खेमराज भट्ट
१८. उपन्यायाधिवक्ता श्री गोपाल लामिछाने
१९. उपन्यायाधिवक्ता श्री सन्तोष शर्मा
२०. उपन्यायाधिवक्ता श्री बुद्धिलाल श्रेष्ठ
२१. जिल्ला न्यायाधिवक्ता श्री मोना सिंह
२२. उपन्यायाधिवक्ता श्री टीकाभूषण घिमिरे
२३. उपन्यायाधिवक्ता श्री देवेन्द्रराज आर्चाय
२४. जिल्ला न्यायाधिवक्ता श्री लोकबहादुर कटुवाल
२५. जिल्ला न्यायाधिवक्ता श्री युवराज महत
२६. उपन्ययायाधिवक्ता श्री सुवासकुमार भट्टराई
२७. सहायक जिल्ला न्यायाधिवक्ता श्री सीतादेवी सुवेदी
२८. शाखा अधिकृत श्री कमला काफ्ले

### (ख) राजस्व सम्बन्धी कानुन

१. नायब महान्यायाधिवक्ता श्री नारायणप्रसाद पौडेल
२. नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला
३. सहन्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल
४. सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मी
५. सहन्यायाधिवक्ता श्री ध्रुवकुमार चौहान
६. सहन्यायाधिवक्त श्री अच्युतमणि न्यौपाने
७. उपन्यायाधिवक्ता श्री कृष्णमोहन कोइराला
८. उपन्यायाधिवक्ता श्री नारायणबहादुर थापा
९. उपन्यायाधिवक्ता श्री हरिशंकर ज्ञवाली
१०. उपन्यायाधिवक्ता श्री मोहनसागर बस्याल
११. जिल्ला न्यायाधिवक्ता श्री प्रकाश कोइराला
१२. जिल्ला न्यायाधिवक्ता श्री केशवप्रसाद पन्त
१३. उपन्यायाधिवक्ता श्री चन्द्रकुमार पोखरेल
१४. उपन्यायाधिवक्ता श्री पुण्यप्रसाद सापकोटा
१५. जिल्ला न्यायाधिवक्ता श्री लोकबहादुर कटुवाल
१६. उपन्यायाधिवक्ता श्री टेकराज भुसाल

१७. शाखा अधिकृत श्री अञ्चन भट्टराई
१८. सहायक जिल्ला न्यायाधिवक्ता श्री सविता शर्मा
१९. शाखा अधिकृत श्री बद्रीकुमार कार्की
२०. शाखा अधिकृत नगेन्द्र लम्साल

**(ग) संगठित अपराध निवारण**

१. सहन्यायाधिवक्ता श्री हरिप्रसाद जोशी
२. सहन्यायाधिवक्ता श्री दमनसिंह विष्ट
३. जिल्ला न्यायाधिवक्ता श्री यदुनाथ शर्मा
४. जिल्ला न्यायाधिवक्ता श्री कृष्णराज पन्त
५. उपन्यायाधिवक्ता श्री राजेन्द्रसिंह भण्डारी
६. जिल्ला न्यायाधिवक्ता श्री बालकृष्ण वाग्ले
७. जिल्ला न्यायाधिवक्ता श्री मोना सिंह
८. जिल्ला न्यायाधिवक्ता श्री कृष्णचन्द्र पाण्डे
९. उपन्यायाधिवक्ता श्री रोमाकान्त ज्ञवाली
१०. उपन्यायाधिवक्ता श्री संगिता न्यौपाने (ढुंगेल)
११. उपन्यायाधिवक्ता श्री विना दाहाल

**(घ) बैकिङ तथा वाणिज्य कानून**

१. सहन्यायाधिवक्ता श्री रामकुमार थापा
२. उपन्यायाधिवक्ता श्री दयाशंकर अधिकारी
३. जिल्ला न्यायाधिवक्ता श्री उमाकान्त पौडेल
४. जिल्ला न्यायाधिवक्ता श्री तिलकबहादुर कार्की
५. उपन्यायाधिवक्ता श्री केशवराज चपाई
६. उपन्यायाधिवक्ता श्री सुवासकुमार भट्टराई

**(ª) विद्युतीय अपराध निवारण कानून**

१. जिल्ला न्यायाधिवक्ता श्री शम्भु गौतम
२. जिल्ला न्यायाधिवक्ता श्री लक्ष्मण उपाध्याय घिमिरे
३. जिल्ला न्यायाधिवक्ता श्री अशोकराज रेग्मी
४. जिल्ला न्यायाधिवक्ता श्री गुरुप्रसाद वाग्ले
५. सहायक जिल्ला न्यायाधिवक्ता श्री निमा घिमिरे
६. सहायक जिल्ला न्यायाधिवक्ता श्री विनोदलाल श्रेष्ठ
७. सहायक जिल्ला न्यायाधिवक्ता श्री स्वतन्त्र न्यौपाने

५. प्रशिक्षण/विदेश भ्रमण/कार्यशाला कार्यक्रम/समुदायमा सरकारी वकील कार्यक्रम

## १. सरकारी वकील तथा राजपत्र अनंकित कर्मचारीहरुका लागि संचालित प्रशिक्षण

### १.१ सरकारी वकीलहरुका लागि प्रशिक्षण

| सि.नं | मिति | विषय | स्थान | सहभागी संख्या | आयोजक | सहयोग |
|---|---|---|---|---|---|---|
| १. | २०७६ साल श्रावण १२ गते देखि भाद्र १८ गते सम्म (३० दिने) | क्षमता विकास | काठमाडौं | ५ | अभियोजन प्रशिक्षण केन्द्र | |
| २. | २०७६ साल कार्तिक १८ देखि २१ दिन सम्म (४ दिने) | दो.पा. एवम् वेरितको आदेश वदर गरी पाउन दिने निवेदन सम्बन्धी | काठमाडौं | २२ | अभियोजन प्रशिक्षण केन्द्र | |
| ३. | २०७६ साल मंसिर १ र २ गते (२ दिने) | दो.पा. एवम् वेरितको आदेश वदर गरी पाउन दिने निवेदन सम्बन्धी | काठमाडौं | २४ | अभियोजन प्रशिक्षण केन्द्र | |
| ४. | २०७६ साल पौष ६ र ८ गते (२ दिने) | दो.पा. एवम् वेरितको आदेश वदर गरी पाउन दिने निवेदन सम्बन्धी | काठमाडौं | २२ | अभियोजन प्रशिक्षण केन्द्र | |
| ५. | २०७६ साल पौष २४ र २५ गते | दो.पा. एवम् वेरितको आदेश वदर गरी पाउन दिने निवेदन सम्बन्धी | काठमाडौं | ५७ | अभियोजन प्रशिक्षण केन्द्र | |
| ६. | २०७५।१२।२० र २१ गते | बाल न्याय तथा लैंगिक न्याय सम्बन्धी | काठमाडौं | ३३ | अभियोजन प्रशिक्षण केन्द्र | UNICEF |
| ७. | २०७६।०२।०२ र ३ गते | बाल न्याय तथा लैंगिक न्याय सम्बन्धी | काठमाडौं | ३२ | अभियोजन प्रशिक्षण केन्द्र | UNICEF |
| ८. | २०७६ साल असोज ६ र ८ गते | बाल न्याय तथा लैंगिक न्याय सम्बन्धी | काठमाडौं | २६ | अभियोजन प्रशिक्षण केन्द्र | UNICEF |
| ९. | २०७६ साल असोज १२ र १४ गते | बाल न्याय तथा लैंगिक न्याय सम्बन्धी | काठमाडौं | २६ | अभियोजन प्रशिक्षण केन्द्र | UNICEF |
| १०. | २०७६ साल मंसिर १५ देखि २५ गतेसम्म | अंग्रेजी भाषा सम्बन्धी तालिम ( Advanced Training on English Language) | काठमाडौं | २० | अभियोजन प्रशिक्षण केन्द्र | NEPAL ENGLISH LANGUAGE TEACHERS' ASSOCIATION (NELTA) |
| ११. | २०७६ पौष १६ देखि पौष २९ गतेसम्म | अंग्रेजी भाषा सम्बन्धी तालिम ( Advanced Training on English Language) | काठमाडौं | २५ | अभियोजन प्रशिक्षण केन्द्र | NEPAL ENGLISH LANGUAGE TEACHERS' ASSOCIATION (NELTA) |
| १२. | मिति २०७५।११।५ देखि २०७५।११।१४ सम्म | सेवा प्रवेश सम्बन्धी | काठमाडौं | १८ | अभियोजन प्रशिक्षण केन्द | |
| १३. | २०७६ साल भाद्र ८ देखि १३ गते सम्म (६ दिने) | विधि विज्ञान सम्बन्धी आधारभूत तालिम | काठमाडौं | २९ | अभियोजन प्रशिक्षण केन्द | |

## १.२. राजपत्र अनंकित कर्मचारीहरुका लागि प्रशिक्षण

| सि.नं | मिति | विषय | स्थान | सहभागी संख्या | आयोजक | सहयोग |
|---|---|---|---|---|---|---|
| १. | मिति २०७५।१२।९ देखि २०७५।१२।११ सम्म | सूचना प्रविधि सम्बन्धी ३ दिवसीय अभिमुखीकरण कार्यक्रम | नेपालगञ्ज | २६ | अभियोजन प्रशिक्षण केन्द्र | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |

## २. विदेश भ्रमण

| सि.नं. | भ्रमण गर्ने पदाधिकारीहरु | आयोजक देश | मिति | सम्म |
|---|---|---|---|---|
| १. | महान्यायाधिवक्ता श्री अग्नी प्रसाद खरेल | किर्गिस्तान | २०१९ अक्टोबर १ | १ |
| २. | महान्यायाधिवक्ता श्री अग्निप्रसाद खरेल, सहन्यायाधिवक्ता गिता प्रसाद तिम्सीना | भारत | २०१९ अगष्ट २६-२८ | २ |
| ३. | महान्यायाधिवक्ता श्री अग्नी प्रसाद खरेल, नायब महान्यायाधिवक्ता श्री पद्म प्रसाद पाण्डे | ब्राजिल र अर्जेनटिना | २०१९ सेप्टेम्बर १२-१३<br>२०१९ सेप्टेम्बर १५-१९ | २ |
| ४. | नायब महान्यायाधिवक्ता श्री खगराज पौडेल, श्री नारायणप्रसाद पौडेल, श्री विश्वराज कोइराला, उपन्यायाधिवक्ता श्री ज्ञानप्रसाद भुसाल | अमेरिका | २०१९ जुलाइ २०-२९ | ४ |
| ५. | सहन्यायधिवक्ता श्री सुर्यराज दाहाल, शाखा अधिकृत श्री रोशी भण्डारी | फ्रान्स | २०१९ नोभेम्बर १९-२२ | २ |
| ६. | सहन्यायधिवक्ता श्री रमादेवी पराजुली,श्री हरिप्रसाद जोशी, श्री शंकर खत्री, श्री खडानन्द गौतम उपन्यायाधिवक्ता श्री लक्ष्मीनारायण दाहाल, श्री विमल थापा, रत्नप्रकाश गिरी, द्रोणदत्त पौडेल, श्री कृष्णचन्द्र पाण्डे | चिन | २०१९ नोभेम्बर ९-११ | ९ |
| ७. | का.मु. सहन्यायाधिवक्ता श्री मोहनसागर बस्याल, उपन्यायाधिवक्ता श्री कृष्णचन्द्र पाण्डे, श्री सिताराम अर्याल, श्री एकराज अधिकारी, श्री रोमाकान्त ज्ञवाली, शाखा अधिकृत श्री विमल गौतम | जापान | २०२० फेब्रुअरी १९-२७ | ६ |
| ८. | उपन्यायाधिवक्ता श्री दिपक भण्डारी, श्री शम्भुकुमार बस्नेत, विश्वास सुनुवार, शाखा अधिकृत श्री श्यामहरी अधिकारी, श्री कृष्णबहादुर वली | भारत | २०१९ अगष्ट १९-२४ | ५ |
| ९. | उपन्यायाधिवक्ता श्री हरिहर पौडेल, कैलाश खत्री क्षेत्री, श्री प्रकाश मरासिनी, श्री रवी न्यौपाने सहायक जिल्ला न्यायाधिवक्ता श्री सन्तोषराज कटुवाल | भारत | २०१९ अक्टोबर २१-२६ | ५ |
| १०. | जिल्ला न्यायाधिवक्ता श्री बालकृष्ण वाग्ले, श्री कृष्णा भण्डारी, भोलानाथ निरौला शाखा अधिकृत श्री ठाकुर प्रसाद बास्ताकोटी, विजयराज घिमिरे | भारत | २०१९ डिसेम्बर २-७ | ५ |
| ११. | मुख्यन्यायाधिवक्ता श्री दिपेन्द्र झा, श्री राजेन्द्र घिमिरे, उपन्यायाधिवक्ता श्री राजनराज घिमिरे, श्री घनश्याम ओझा, श्री दयाशंकर अधिकारी, जिल्ला न्यायाधिवक्ता श्री विमला रेग्मी, श्री बद्रीप्रसाद नेपाल, कृष्णबटु भण्डारी, श्री उत्तमबहादुर थापा, श्री कृष्णप्रसाद बराल, सहायक जिल्ला | भारत | २०१९ अगष्ट २५-३१ | १२ |

| | | | | |
|---|---|---|---|---|
| | न्यायाधिवक्ता श्री रुकमेडा पोखरेल, शाखा अधिकृत श्री आनन्दप्रसाद शर्मा | | | |
| १२. | जिल्ला न्यायधिवक्ता श्री उमाकान्त पौडेल, सहायक जिल्ला न्यायाधिवक्ता श्री नुमराज खनाल शर्मा | इन्डोनेसिया | २०२० मार्च १०-१३ | २ |
| १३. | जिल्ला न्यायाधिवक्ता श्री लोकबहादुर कटुवाल, श्री दशरथ पंगेनी, श्री भिमप्रसाद भुर्तेल, सहायक जिल्ला न्यायाधिवक्ता श्री कर्ण बहादुर बुढा क्षेत्री | चीन | २०१९ नोभेम्बर २२ देखि डिसेम्बर ५ | ४ |
| १४. | सहन्यायाधिवक्ता श्री गीताप्रसाद तिम्सिना | दक्षिण कोरिया | २०१९ अक्टोबर २८ देखि नोभेम्बर १ | १ |
| १५. | उपन्यायाधिवक्ता श्री पदमबहादुर कार्की | थाइल्याण्ड | २०२० जनवरी १२-२१ | १ |
| १६. | सहायक जिल्ला न्यायाधिवक्ता श्री लालप्रसाद लामिछाने | चिन | २०१९ नोभेम्बर ९-२९ | १ |
| १७. | सहन्यायाधिवक्ता श्री मुरारी प्रसाद पौडेल, उपन्यायाधिवक्ता श्री यादवप्रसाद पौडेल, उपसचिव श्री ऋद्धिनाथ निरौला, उपसचिव श्री मुकुन्दहरी पौडेल, जिल्ला न्यायाधिवक्ता श्री प्रकाश बहादुर भण्डारी, टिकाभुषण घिमिरे, सुवर्णमान बनेपाली, सरेन्द्रराज काफ्ले, टेकबहादुर थापा, नवराज पराजुली, खेमराज भट्ट,शाखा अधिकृत श्री निराजन पाण्डे, केदारकुमार अधिकारी, भक्ती उपाध्याय, सरिता पोखरेल, संगिता ठोकर | चिन | २०१९ सेप्टेम्बर २-११ | १६ |
| १८. | जिल्ला न्यायाधिवक्ता श्री दशरथ गौतम, सहायक जिल्ला न्यायाधिवक्ता श्री भानदेव जोशी | थाइल्याण्ड | २०१९ सेप्टेम्बर २४-२७ | |
| १९. | उपन्यायाधिवक्ता श्री राधिका सुवाल | अष्ट्रिया | २०१९ सेप्टेम्बर ९-१३ | १ |

## ३. कार्यशाला

### १. जातीय भेदभाव तथा छुवाछुत विरुद्धका कानून कार्यान्वयनको अवस्था विषयक राष्ट्रिय कार्यशाला

महान्यायाधिवक्ताको कार्यालयमा **"जातीय भेदभाव तथा छुवाछुत विरुद्धका कानून कार्यान्वयनको अवस्था विषयक"** राष्ट्रिय कार्यशाला मिति २०७६।०३।०७ गतेका दिन आयोजना भएको थियो । उक्त छलफल सत्रका निष्कर्षहरु निम्न रहेका छन् :

१. जातीय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव (कसूर र सजाय) ऐन, २०६८ लाई नेपालको संविधानले प्रत्याभूत गरेको दलितको हक र छुवाछुत विरुद्धको हक अनुकुल हुने गरी आवश्यक पुनरावलोकन गरिनुपर्ने । खासगरी जातीय छुवाछुत विरुद्धको कसूरको प्रमाण संकलन, प्रस्तुतीकरण, प्रमाणको भार, साक्षीको बकपत्र गराउने विधि, मुद्दाको सुनुवाई लगायतका कार्यविधिगत व्यवस्था र हदम्यादमा समेत पुनरावलोकन गर्नुपर्ने भनी छलफलमा उठेका विषयलाई सम्बद्ध सबै क्षेत्रबाट गम्भीरतापूर्वक लिनुपर्ने आवश्यकता देखिएको ।

२. जातीय भेदभाव तथा छुवाछुत विरुद्धको कसूर मानव मर्यादा विरुद्धको कसूर भएकाले यो कसुरको प्रकृति, स्वभाव र गाम्भीर्यताका आधारमा अनुसन्धान, अभियोजन र न्यायसम्पादन गर्ने कार्यमा क्रियाशील रहने अनुसन्धानकर्ता, अभियोजनकर्ता एवं न्याय सम्पादन गर्ने अधिकारीहरुको क्षमता विकासका लागि विशेष कार्यक्रम सञ्चालन गर्नु पर्ने । यी निकायहरू बीचको समन्वयलाई अझ प्रभावकारी बनाउनु पर्ने ।

३. जातीय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव कसूरको निवारणका लागि सरकारी निकाय र गैरसरकारी क्षेत्र, निजी क्षेत्र, संचार क्षेत्र, अधिकारकर्मी र नागरिक समाजको साझा सक्रियता आवश्यक पर्ने । सोही अनुसार जातीय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव (कसूर र सजाय) ऐनको व्यवस्थाको बारेमा प्रदेश र स्थानीय तह समेतसँग सहकार्य गर्दै सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनु आवश्यक रहेको । सरकारी वकील, प्रहरी र अदालतले सञ्चालन गर्ने सामुदायिक संवाद कार्यक्रममा यो विषयलाई प्राथमिकतापूर्वक समावेश गर्नु उपयुक्त देखिएको ।

४. संविधानले अपराध पीडितको हकको सुनिश्चितता गरी सो सम्बन्धी छुट्टै कानून समेत बनिसकेको अवस्थामा जातीय भेदभाव तथा छुवाछुत सम्बन्धी कसूरका पीडितको सहायता, सामाजिक समायोजन एवं सो विषयका

साक्षीको संरक्षणका लागि सरकारी, गैरसरकारी, निजी क्षेत्र र नागरिक समाज समेतका सबै पक्षबाट विशेष अग्रसरता प्रदर्शन गर्नु आवश्यकता देखिएको ।

५. जातीय भेदभाव तथा छुवाछुत विरुद्धको कसुरको अनुसन्धानको प्रारम्भदेखि फैसला कार्यान्वयनसम्म अपराध पीडितको सहायता र संरक्षण एवं प्रतिनिधित्व र प्रतिरक्षाको कामलाई प्रभावकारी बनाउन सरकारी वकिलले थप अग्रसरता लिनु पर्ने देखिएको ।

६. जातीय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव (कसूर र सजाय) ऐन, २०६८ को कार्यान्वयनमा हालसम्मको अवस्थाको बारेमा अनुसन्धानमूलक अध्ययन गरी प्राप्त नतिजाका आधारमा कानूनी, कार्यविधिगत एवं व्यावहारिक विषयमा सुधारको आवश्यकता रहेको । महान्यायाधिवक्ताको कार्यालयले यस विषयमा अग्रसरता लिनुपर्ने देखिएको ।

७. दलित तथा गैरदलित समुदायमा सचेतना कार्याक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न सरकारी, गैरसरकारी तहबाट विभिन्न कार्यक्रम संचालन गर्नुपर्ने, वितरणात्मक न्याय सम्बन्धी कानूनको कार्यान्वयनमा राज्यका सम्बद्ध निकायबाट विशेष पहल हुनपर्ने र पीडितलाई न्याय र पीडकलाई दण्ड दिने कुरामा थप प्रभावकारिता ल्याउन फौजदारी न्याय प्रणालीको कार्यान्वयनमा संलग्न निकाय र अधिकारीहरुको अझ सशक्त भूमिका हुन आवश्यक देखिएको ।

### २. सरकार वादी मुद्दामा प्रमाणका वैज्ञानिक परीक्षण समबन्धी विद्यमान अवस्था र भावी कार्यनीति विषयक राष्ट्रिय कार्यशाला

मिति २०७६ असार २५ गते सरकार वादी मुद्दामा प्रमाणको वैज्ञानिक परिक्षण सम्बन्धी विद्यमान अवस्था र भावी कार्यनीति विषयक राष्ट्रिय कार्यशाला महान्यायाधिवक्ताको कार्यालयमा सम्पन्न भयो । सो कार्यशालामा सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठी, विधिविज्ञान विशेषज्ञ डा. श्री हरिहर वस्ती, प्रहरी वरिष्ठ उपरीक्षक श्री भीमप्रसाद ढकाल र प्रहरी वरिष्ठ उपरीक्षक राकेशकुमार सिंहले कार्यपत्र प्रस्तुती गर्नु भएको थियो । कार्यक्रममा काठमाडौं उपत्यकका सरकारी वकीलहरू, प्रहरी अधिकृतहरू र विधिविज्ञानसँग सम्बन्धित विशेषज्ञहरू गरी ६० जनाको सहभागिता रहेको थियो ।

### ३. महिला सरकारी वकीलहरुका लागि एक दिवसीय नेतृत्व विकास सम्बन्धी कार्यशाला

२०७६ असार २८ गते महिला सरकारी वकीलहरूका लागि काठमाडौंमा एक दिवसीय नेतृत्व क्षमता विकास सम्बन्धी कार्यशाला सम्पन्न भयो । सो कार्यशालामा काठमाडौं उपत्यका ३५ जना महिला सरकारी वकीलहरूको सहभागिता रहेको थियो । उक्त कार्यशालामा माननीय न्यायाधीश श्री सपना प्रधान मल्लबाट नेतृत्व विकासः चुनौती र अवसरहरू विषयमा, डा. श्री केदार रायमाझीबाट सार्वजनिक प्रशासनमा नेतृत्व विकास गर्न लिनुपर्ने अग्रसरता विषयमा र श्री अनुप के. बरालबाट तनाव तथा समय व्यवस्थापन विषयका सम्बन्धमा कार्यपत्रहरू प्रस्तुती भएका थिए ।

## ४. मुख्य न्यायाधिवक्ताको काम, कारवाही एवम् महान्यायाधिवक्ताको कार्यालयसँगको अन्तरसम्बन्ध विषयक दोस्रो राष्ट्रिय कार्यशाला

मुख्य न्यायाधिवक्ताको काम, कारवाही एवम् महान्यायाधिवक्ताको कार्यालयसँगको अन्तरसम्बन्ध विषयक दोस्रो राष्ट्रिय कार्यशाला मिति २०७६।०८।०६ गते काठमाडौंमा सम्पन्न भयो । उक्त कार्यशालामा सातै प्रदेशका मुख्य न्यायाधिवक्ताहरु एवम् मुख्य न्यायाधिवक्ताको कार्यलयका उपन्यायाधिवक्ताज्यूहरुको समेत उपस्थिति रहेको थियो । महान्यायाधिवक्ताको कार्यालयका नायब महान्यायाधिवक्ताज्यूहरु, सहन्यायाधिवक्ताज्यूहरु, उपन्यायाधिवक्ताज्यूहरु तथा अन्य सरकारी वकिलज्यूहरुको उपस्थिति रहेको कार्यशालाको अध्यक्षता माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलज्यूले गर्नुभएको थियो । कार्यशालामा मुख्य न्यायाधिवक्ताको कार्य सम्पादनको अवस्था विषयमा गण्डकी प्रदेशका मुख्य न्यायाधिवक्ता डा. श्री राजेन्द्र घिमिरे र महान्यायाधिवक्ता र मुख्य न्यायाधिवक्ताको अन्तर सम्बन्धको विषयमा नायब महान्यायाधिवक्ता श्री पद्मप्रसाद पाण्डेज्यूले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने स्वागत मन्तव्य नायब महान्यायाधिवकता श्री नारायणप्रसाद पौडेलले दिनु भएको थियो ।

### ४. समुदायमा सरकारी वकील कार्यक्रम

### १. लैंगक तथा बाल न्याय सम्बन्धी समुदायमा सरकारी वकील कार्यक्रम

महान्यायाधिवक्ताको कार्यालयद्वारा आयोजित लैंगिक तथा बाल न्याय सम्बन्धी समुदायमा सरकारी वकील कार्यक्रम पहिलो पटक तराईका विभिन्न जिल्लाहरुमा सम्पन्न भएको थियो । २०७५ वैशाख र जेठ महिनामा सो कार्यक्रम संचालन

गरिएको थियो । तराईका सप्तरी देखि कञ्चनपुर सम्मका १२ वटा जिल्लाका प्रतिनिधिहरु, समुदायका व्यक्तिहरु र विद्यार्थीहरुको सहभागितामा वभिन्न २४ वटा स्थानमा उक्त कायाक्रम सञ्चालन भएको थियो । कार्यक्रममा ८३० महिला र १२७१ पुरुष गरी जम्मा २१०१ जनाको सहभागिता रहेको थियो ।

## २. समुदाय -प्रहरी साझेदारी तथा समुदायमा सरकारी वकील कार्यक्रम

मिति २०७६।०८।०४ गते बुधवार बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ (CRC) जारी भएको ३० वर्ष पूरा भएको उपलक्ष्यमा तथा अन्तर्राष्ट्रिय बाल अधिकार दिवसको अवसर पारी देशैभरका ९७ वटै सरकारी वकील कार्यालयहरु तथा सम्बन्धित प्रहरी कार्यालयहरुको संयुक्त आयोजनामा 'समुदाय-प्रहरी साझेदारी तथा समुदायमा सरकारी वकील कार्यक्रम' को आयोजना गरिएको थियो । सोही क्रममा महान्यायाधिवक्ताको कार्यालयको सभाहलमा कानून अध्ययन गरिरहेका १४० जना विद्यार्थीहरुको सहभागितामा 'समुदाय-प्रहरी साझेदारी तथा समुदायमा सरकारी वकील कार्यक्रम' को शुभारम्भ समारोहको आयोजना गरिएको थियो। माननीय महान्यायाधिवक्ता श्री अग्निप्रसाद खरेलज्यूको अध्यक्षता रहेको सो कार्यक्रममा नायब महान्यायाधिवक्ताज्यूहरु, प्रहरी महानिरीक्षक श्री सर्वेन्द्र खनाल, प्रहरी अतिरिक्त महानिरीक्षक श्री पुष्कर कार्की, सहन्यायाधिवक्ताज्यूहरु समेतको उपस्थिति रहेको थियो। सो कार्यक्रमको उद्घाटन माननीय महान्यायाधिवक्ताज्यूले पानसमा बत्ती बालेर गर्नु भएको थियो ।

प्रहरी महानिरीक्षक श्री सर्वेन्द्र खनालले मन्तव्य व्यक्त गर्ने क्रममा अपराध अनुसन्धानको कामलाई निष्ठाका साथ अघि बढाउन प्रहरीले सरकारी वकीलहरुसँग पनि सहकार्यको कामलाई अढि बढाएको स्पष्ट पार्नु भयो । प्रहरी महानिरीक्षक खनालले कसैको भनसुनमा नपरी नेपाल प्रहरी कानुनी शासन स्थापना गर्न दृढतापूर्वक लागि परेको दावी पनि गर्नु भयो । कार्यक्रममा बोल्दै महान्यायाधिवक्ता अग्निप्रसाद खरेलले अपराध अनुसन्धानको कामलाई प्रभावकारी बनाउन प्रहरी र सरकारी वकीलको कार्यालयबीच साझेदारी कार्यक्रम शुभारम्भ गरिएको बताउनु भयो। उहाँले अपराध अनुसन्धानको कामलाई प्रभावकारी बनाएर पीडितलाई न्याय दिन प्रहरी र सरकारी वकीलहरुको साझेदारी कार्यक्रमले सघाउ पुऱ्याउने विश्वास पनि व्यक्त गर्नु भयो ।

# ६. परिपत्र र निर्देशन

## योजना, अनुसन्धान तथा अनुगमन विभाग

०७६।०७७ २०७६।११।०५

विषय:- परिपत्र सम्बन्धमा।

श्री उच्च सरकारी वकील कार्यालय, सबै।

श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं।

श्री जिल्ला सरकारी वकील कार्यालय, सबै।

महान्यायाधिवक्ताको कार्यालयको पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनका लागि चालु आर्थिक वर्ष २०७६।०७७ मा सम्पन्न गरिने कार्यक्रमहरु समावेश गरी तयार पारिएको वार्षिक कार्ययोजनाले निर्धारण गरेका क्रियाकलापहरु कार्यान्वन गर्न देहाय बमोजिम गर्नु गराउनु हुन मिति २०७६।०५।०३ को निर्णयानुसार अनुरोध छ ।

तपसिलः

१. नेपालको संविधानको धारा २० को उपधारा (२) मा "पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानून व्यवसायीद्वारा पुर्पक्ष गर्ने हक हुनेछ । त्यस्तो व्यक्तिले आफ्नो कानून व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहनेछ" भन्ने व्यवस्था रहेको हुँदा सो बमोजिम शंकित व्यक्तिलाई आफ्नो कानून व्यवसायीसँग भेटघाटको व्यवस्था मिलाउन सम्बन्धित मुद्दाको अनुसन्धान गर्ने निकायहरुलाई निर्देशन दिइ सोको पालना भए नभएको अनुगमन गर्ने ।

२. नेपालको संविधानको धारा २० को उपधारा (७) तथा मुलुकी अपराध संहिता, २०७४ को दफा ११ मा "कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन बाध्य पारिने छैन" भन्ने व्यवस्था रहेको साथै संविधानको धारा २० को उपधारा (८) मा "प्रत्येक व्यक्तिलाई निज विरुद्ध गरिएको कारबाहीको जानकारी पाउने हक हुनेछ" भन्ने व्यवस्था रहेको हुँदा मुद्दाको अनुसन्धानको क्रममा बयान गराउँदा शंकितका अधिकारका बारेमा जानकारी दिई उल्लेखित संवैधानिक व्यवस्थाको पूर्ण रूपमा पालना गर्ने ।

३. विशेष प्रकृतिका मुद्दाहरूको कारवाहीमा पक्षहरूको गोपनीयता कायम राख्ने सम्बन्धी कार्यविधि निर्देशिका, २०६४ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १८३ र मुलुकी फौजदारी कार्यविधि

G:\New Buletin\paripatra\कार्यसम्पादन सुधारसम्बन्धमा.doc

योजना, अनुसन्धान तथा अनुगमन विभाग

०७६।०७७ २०७६।११।०५

नियमावली, २०७५ को नियम ६४ मा उल्लिखित विशेष प्रकृतिका मुद्दाहरूको कारवाहीमा पीडित वा साक्षीको परिचय गोप्य राख्नुपर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ ।अपराध अनुसन्धानको निमित्त सूचना प्राप्त भएदेखि अनुसन्धान, अभियोजन र न्याय सम्पादन प्रक्रियामा उल्लिखित व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने हुन्छ । सो क्रममा मुद्दाको प्रकृति र पीडित उपर पार्नसक्ने असरको आधारमा गोपनीयता कायम गर्नुपर्ने देखिएका जबरजस्ती करणी, गर्भपतन, यौन दुर्व्यवहार, मानव बेचबिखन, हाडनाता करणी एवम् महिला विरुद्धको हिंसा लगायतका मुद्दामा पीडितको रुपमा महिला भएका फौजदारी मुद्दाहरू, बाल अदालत वा बाल इजलासबाट हेरिने बालबालिका पक्ष भएका फौजदारी मुद्दाहरू, एच.आई.भी./ एड्सबाट प्रभावित वा संक्रमित व्यक्तिहरूसँग सम्बन्धित मुद्दाहरूमा पीडितको विवरणहरू गोप्य राखी अनुसन्धान र अभियोजनको क्रममा सो निर्देशिकाको पूर्णरुपमा प्रभावकारी कार्यान्वयन गर्ने गराउने ।

४. मुलुकी अपराध संहिता लागू भएसँगै अनुसन्धानका क्रममा वैज्ञानिक परीक्षण सम्बन्धी नयाँ फारामहरु प्रयोगमा ल्याउनुपर्नेमा अझै पनि पुरानै ढाँचामा घाजाँच केश फाराम, शव परीक्षण प्रतिवेदन, घटनास्थल लाशजाँच मुचुल्का लगायतका फारामहरु प्रयोगमा ल्याइएको पाइएको हुँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसुची १४, १५ र १६ बमोजिमका फारामहरु र कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ ले निर्धारण गरेका फारामहरु अनुसन्धानकर्ता र चिकित्सकहरुसँग समन्वय गरी प्रयोगमा ल्याउने व्यवस्थाका लागि सहजीकरण गर्ने ।

५. सरकार वादी मुद्दाका पीडित एवं साक्षीहरुलाई न्यायिक प्रक्रियामा संलग्न गराई न्याय सम्पादन कार्यमा सहयोग पुर्याउन तथा अदालतमा उपस्थित हुनका लागि उत्प्रेरित गर्ने उद्देश्यले हेलो साक्षी कार्यक्रमलाई निरन्तरता दिई सरकारी पक्षका साक्षीलाई टेलिफोन मार्फत सम्पर्क गरी बकपत्रका लागि उपस्थित हुन आग्रह गर्न आ आफ्नो कार्यालयमा साक्षी सम्पर्क व्यक्ति तोक्ने ।घटनाको सत्यता स्थापित गर्ने उद्देश्यले साक्षीसँग बकपत्र पूर्व समेत तोकिएको सरकारी वकीलले मुद्दाका सम्बन्धमा छलफल गर्ने तथा पीडित र साक्षीहरूको परिचयात्मक विवरणको अभिलेख व्यवस्थित गर्ने।

६. मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ९६ तथा सो नियमको अनुसुची ३० ले गरेको खास प्रकारका मुद्दाहरुमा लगातार कारवाही र सुनुवाइले मुद्दाको फर्छ्यौटका साथै प्रमाण परीक्षणमा सहयोग भई न्याय सम्पादनमा सहजता हुने हुँदा मिति २०७५।०८।१६ मा यस कार्यालयबाट जारी भएको परिपत्र समेतलाई मध्यनजर गरी निरन्तर सुनुवाइको पद्धति अवलम्बन गर्न जिल्लास्तरमा समन्वय गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

G:\New Buletin\paripatra\कार्यसम्पादन सुधारसम्बन्धमा.doc

योजना, अनुसन्धान तथा अनुगमन विभाग

०७६।०७७

२०७६।११।०५

७. अपराध अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन सम्बन्धित अनुसन्धान अधिकृत र सरकारी वकीलबीच मासिक रुपमा छलफल गर्ने र सोको अभिलेख राख्ने ।
८. उच्च तथा जिल्ला तहमा समेत समन्वय समितिमा समस्यामूलक विषयमा छलफल गर्ने, मुद्दासँग सम्बन्धित प्रमाण र कागजात प्राप्त गर्न सरोकारवाला निकायहरूसँग समन्वय गर्ने र मातहतका कार्यालयलाई समेत समन्वय गर्न लगाई मिसिल कागजात अध्यावधिक राख्न निर्देशन गर्ने ।
९. सरकारवादी मुद्दाको फैसला तथा आदेश कार्यान्वयनमा पीडितलाई सहयोग गर्ने वातावरण निर्माण गर्ने । पिडितमैत्री कक्ष व्यवस्थित गरी सो को प्रयोगकर्ताको विवरण अध्यावधिक गरी राख्ने ।

......................

शिव वाग्ले

शाखा अधिकृत

G:\New Buletin\paripatra\कार्यसम्पादन सुधारसम्बन्धमा.doc

# महान्यायाधिवक्ताको कार्यालय

(..................प्रशासन.................. शाखा)

पत्र संख्या :- ०७५।७६

चलानी नं. :- ३८६९

रामशाहपथ, काठमाडौं

मिति :- २०७६/०२/२८

**विषयः परिपत्र ।**

श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं ।
श्री उच्च सरकारी वकील कार्यालय, सबै ।
श्री जिल्ला सरकारी वकील कार्यालय, सबै ।

उपर्युक्त विषयमा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा ११७ ले मिलापत्र गर्ने कानूनी व्यवस्था गरेको सन्दर्भमा सो कानूनी व्यवस्थाका अधिनमा रही मिलापत्रको कार्यविधिलाई एक रुपता ल्याउन देहाय बमोजिम मिलापत्रको प्रकृयालाई व्यवस्थित गर्न सम्पूर्ण सरकारी वकील कार्यालयहरुलाई परिपत्र गर्ने भनि मिति २०७६/०२/२१ गते बसेको व्यवस्थापन समितिको बैठकवाट निर्णय भएको हुँदा सोहि अनुसार गर्न गराउन हुन अनुरोध छ ।

**देहाय**

१. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-३ र अनुसूची-४ अन्तर्गतका कसूरका अतिरिक्त सर्वसाधारणको ठगी वा सर्वसाधारणको सम्पत्तिको हानि नोक्सानी वा वैदेशिक रोजगारी सम्बन्धी मुद्दामा मुद्दाका पक्षहरुको मञ्जुरीले जुनसुकै अवस्थामा मिलापत्र गर्न सकिने कानूनी व्यवस्था रहेको छ ।
२. प्रकरण नं. १ मा उल्लिखित मुद्दामा मिलापत्र गर्नका लागि प्रतिवादी र पीडित सहमत भएमा दुवै पक्षले सम्बन्धित सरकारी वकील कार्यालय समक्ष निवेदन दिन सक्नेछन् ।
३. प्रकरण नं. २ बमोजिम निवेदन परेमा सम्बन्धित सरकारी वकीलले प्रतिवादी र पीडितको पहिचान एकीन गरी मिलापत्र गर्न मनासिब देखिएमा उक्त निवेदन तथा प्रतिवादी र पीडित दुवैको सनाखत समेत गराई आफ्नो राय सहित सम्वन्धित मिसिल महान्यायाधिवक्ता समक्ष पठाउनु पर्नेछ ।
४. सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयले मिलापत्रका लागि मिसिल सहित महान्यायाधिवक्ता समक्ष पठाउँदा सो को जानकारी उच्च सरकारी वकील कार्यलयलाई समेत दिनु पर्नेछ ।

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

D:\प्रशासन शाखा आ.व. २०७५।७६\विविध पत्रहरु\परिपत्र सम्बन्धी.docx

# महान्यायाधिवक्ताको कार्यालय

(........प्रशासन........ शाखा)

पत्र संख्या :- ०७५।७६

चलानी नं. :- ३६६१

रामशाहपथ, काठमाडौं

मिति :- २०७६/०२/२८

५. प्रकरण नं., ३ बमोजिम प्राप्त भएको मिलापत्र सम्बन्धी निवेदनमा महान्यायाधिवक्तबाट मिलापत्र गराउने आदेश भएमा सो आदेश कार्यान्वयनका लागि सम्बन्धित सरकारी वकील कार्यालयले मुद्दा हेर्ने अधिकारी समक्ष मिलापत्रका लागि सम्पूर्ण कागजात सहित निवेदन दिनु पर्नेछ ।

६. मिलापत्रका लागि सम्बन्धित उच्च सरकारी वकील कार्यालय तथा महान्यायाधिवक्ताको कार्यालय समक्ष निवेदन पर्न आएमा उक्त निवेदन आवश्यक कारवाहीका लागि सम्बन्धित सरकारी वकील कार्यालयमा पठाउनु पर्नेछ ।

७. प्रकरण नं. ६ बमोजिम प्राप्त निवेदन उपर सम्बन्धित सरकारी वकील कार्यालयले माथि उल्लिखित प्रक्रिया अनुसार कारवाही अगाडि बढाउनु पर्नेछ ।

८. प्रचलित कानून बमोजिम संरक्षकको रोहवर राख्नु पर्ने प्रकृतिका मुद्दाका संरक्षक राखी पेश गरेको निवेदन उपर मात्र कारबाही अगाडि बढाउनु पर्नेछ।

९. एक भन्दा बढी प्रतिवादी तथा पीडित भएका मुद्दामा मिलापत्र प्रयोजनका लागि सम्पूर्ण प्रतिवादी तथा पीडित उपस्थित भएमा मात्र मिलापत्रको प्रकृया अगाडि बढाउनु पर्नेछ।

(गजराज घिमिरे)
शाखा अधिकृत

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

D:\प्रशासन शाखा आ.व. २०७५।७६\विविध पत्रहरु\परिपत्र सम्बन्धी.docx

# महान्यायाधिवक्ताको कार्यालय

(................................ शाखा)

पत्र संख्या :-०७५।७६

चलानी नं. :- २४९१

रामशाहपथ, काठमाडौं

मिति :- २०७५।१२।२७

विषयः परिपत्र ।

श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं ।
श्री उच्च सरकारी वकील कार्यालय, सबै ।
श्री जिल्ला सरकारी वकील कार्यालय, सबै ।

उपर्युक्त विषयमा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा ३६ ले अभियोगपत्र संशोधन गर्न सकिने नयाँ व्यवस्था गरेको सन्दर्भमा यसका व्यवस्था र प्रक्रियाका विषयमा स्पष्ट हुनु पर्ने देखिन आएकाले उक्त दफाले गरेको व्यवस्था र प्रक्रियाका सम्बन्धमा देहाय बमोजिम गर्न गराउनको लागि सबै सरकारी वकील कार्यालयहरुलाई परिपत्र गर्ने भनी मिति २०७५।१२।२५ मा माननीय महान्यायाधिवक्ताज्यूको अध्यक्षतामा बसेको व्यवस्थापन समितिको बैठकबाट निर्णय भएको हुँदा सोही अनुसार गर्न गराउन हुन निर्णयानुसार अनुरोध छ ।

देहाय

१) अदालतमा एक पटक दायर भईसकेको मुद्दामा थप प्रमाण फेला परी अभियोग मागदावीमा सारभूत परिवर्तन गर्नु पर्ने देखिन आएमा शुरु अदालतबाट फैसला हुनु अगावै अभियोग मागदावी संशोधन गर्न गराउन पर्नेछ,

२) अभियोग मागदावी संशोधन गर्नु पर्ने देखिएमा मूल अभियोग मागदावी संशोधन गर्नु पर्ने आधार र कारण सहित यसैसाथ संलग्न पत्रको ढाँचामा स्वीकृतिका लागि महान्यायाधिवक्ताको कार्यालयमा पठाउनु पर्नेछ,

३) महान्यायाधिवक्ताबाट अभियोग मागदावी संशोधन गर्ने स्वीकृति प्रदान भएमा सरकारी वकीलले मूल अभियोग पत्र संशोधन गर्न सम्बन्धित अदालतमा आधार र कारण खुलाई निवेदन दिनु पर्नेछ,

४) अदालतबाट अभियोगपत्रमा मागदावी संशोधन गर्ने आदेश भएमा सो आदेशको प्रतिलिपि लिई सम्बन्धित मिसिलमा संलग्न गर्नु गराउनु पर्नेछ,

(गजराज घिमिरे)
शाखा अधिकृत

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेबसाइटः www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

(..................................... शाखा)

महान्यायाधिवक्ताको कार्यालय नेपाल

पत्र संख्या :- ०७५।७६

चलानी नं. :- ३४९१

संलग्नः

रामशाहपथ, काठमाडौं

२०७५।१२।२७

मिति :-...........................

मितिः

माननीय महान्यायाधिवक्ताज्यू,
महान्यायाधिवक्ताको कार्यालय,
सिंहदरबार, काठमाडौं ।

**विषयः अभियोग मागदावीमा संशोधन गर्ने स्वीकृति पाउँ ।**

उपर्युक्त विषयमा..................को जाहेरीले वादी नेपाल सरकार प्रतिवादी............................ भएको ............................मुद्दामा देहायका आधार र कारणले अभियोग मागदावीमा संशोधन गर्नु पर्ने भएको हुँदा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा ३६(१) बमोजिम स्वीकृतिका लागि प्रस्तुत मुद्दाको मूल अभियोग मागदावी र थप प्रमाण कागजातहरु यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

१) मुद्दाको संक्षिप्त तथ्यः
२) मूल अभियोग मागदावीको व्यहोराः
३) मुद्दाको हालको अवस्थाः
४) थप प्रमाण कागजातको व्यहोरा र अभियोग मागदावीमा संशोधन गर्नु पर्नाको आधार र कारणः
५) अभियोग मागदावीमा संशोधन गर्नका लागि दिईने निवेदनमा राखु पर्ने संशोधनको व्यहोराः

"..................................................................................................................................................................................................................................................................."

.......................................................................................................................

..................................
(......................................)
सहन्यायाधिवक्ता/उपन्यायाधिवक्ता
/जिल्ला न्यायाधिवक्ता

**बोधार्थः**
श्री उच्च सरकारी वकील कार्यालय, ...............।

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेबसाइटः www.attorneygeneral.gov.np

प्रशासन शाखा आ.व. २०७५।७६\विविध पत्रहरु\परिपत्र सम्बन्धी.docx

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(योजना, अनुसन्धान तथा अनुगमन विभाग)

रामशाहपथ, सिंहदरबार

पत्र संख्या :-

चलानी नं. :- ११०२४

मिति :- २०७६/०१/१६

विषय : भवन निर्माण एवम् पुँजीगत खर्च सम्बन्धमा ।

श्री उच्च सरकारी वकील कार्यालय, सबै
श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं
श्री जिल्ला सरकारी वकील कार्यालय, सबै

विगत आ.व.को अन्तिम महिनामा मात्र पुँजीगत खर्च धेरै भएको भन्ने विभिन्न सञ्चार माध्यमबाट प्रकाशित प्रशारित समाचार सबैको जानकारीमा आएको हुनु पर्दछ। स्वीकृत वार्षिक कार्यक्रम बमोजिमको खर्च व्यवस्थापनका लागि तालिकाबद्ध रुपमा कार्य गरी त्यस्तो अवस्था दोहोरिन नदिन सबैले सचेतता अपनाउनु पर्ने हुन्छ । महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकील कार्यालयहरुको भौतिक पूर्वाधारको अवस्था कमजोर रहेको सन्दर्भमा नेपाल सरकारबाट वार्षिक कार्यक्रममा स्वीकृत भएका योजनाहरुको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने दायित्व हामी सबैसँग रहेको छ । यस वर्षका लागि स्वीकृत वार्षिक कार्यक्रम र विनियोजित बजेटलाई लक्षित कार्यक्रम बमोजिम समयमा खर्च गरी भौतिक तथा वित्तीय प्रगतिलाई शत प्रतिशत पुऱ्याउन यहाँहरु क्रियाशील हुनुहुनेछ भन्ने महान्यायाधिवक्ताको कार्यालयको अपेक्षा रहेको छ । सो सन्दर्भमा देहाय बमोजिम गर्नु गराउनु हुन महान्यायाधिवक्ताको कार्यालयको मिति २०७६/१/१६ को निर्णयानुसार अनुरोध गर्दछु :

१)भवन निर्माणको प्रक्रियामा रहेका सरकारी वकील कार्यालयहरुका लागि यो वर्ष आवश्यक पर्ने थप बजेट समेत निकाशा भइसकेको छ । प्राप्त निकाशालाई प्रचलित सार्वजनिक खरिद ऐन नियमले निर्धारण गरेको प्रक्रिया पूरा गरी कार्य प्रगतिका आधारमा विल भुक्तान गर्नु हुनेछ ।

२) विल भुक्तानी गर्दा नियमानुसार पेश्की दिएको रकमबाट निश्चित रकम कट्टा गर्नु हुनेछ।

३)सम्झौतामा उल्लिखित अवधिभित्र कार्य सम्पन्न हुनेगरी कार्ययोजना अनुसारका कार्य सम्पन्न गर्ने गराउने वातावरण निर्माण गर्नु हुनेछ।

४)विल भुक्तान दिनु अघि सम्बन्धित ठेकेदारले पेश गरेको बैंक ग्यारेन्टी र परफरमेन्स बण्डको म्याद कायम रहे नरहेको एकीन गरी म्याद कायम भएको अवस्थामा मात्र भुक्तानी गर्नु हुनेछ।

५)प्रत्येक जिल्ला सरकारी वकील कार्यालयले भवन निर्माण कार्यको प्रगतिको त्रैमासिक विवरण सम्बन्धित उच्च सरकारी वकील कार्यालय र महान्यायाधिवक्ताको कार्यालयमा तथा उच्च सरकारी वकील कार्यालयले महान्यायाधिवक्ताको कार्यालयमा कार्तिक, माघ, वैशाख र साउनको ७ गते भित्र पठाउनु हुनेछ।

६) सम्बन्धित उच्च सरकारी वकील कार्यालयले आफ्नो र मातहतका कार्यालयका भवन निर्माणको अनुगमन गरी सोको प्रतिवेदन महान्यायाधिवक्ताको कार्यालयमा पठाउनु पर्नेछ।

७) सम्झौता बमोजिम यो आर्थिक वर्षको कार्ययोजना बमोजिम बजेट नपुग भएमा कार्यसम्पादनको प्रगति र विलको फोटोकपी समेत राखी जेष्ठ ७ गते भित्र थप निकाशाका लागि महान्यायाधिवक्ताको कार्यालयमा पठाउनु हुनेछ।

☎: ४२०००००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(योजना, अनुसन्धान तथा अनुगमन विभाग शाखा)

रामशाहपथ, सिंहदरबार

पत्र संख्या :-

चलानी नं. :- 99028

मिति :- २०७६/०१/१६

८) कार्ययोजना बमोजिमको कार्य सम्पन्न हुन नसकेको अवस्थामा सम्बन्धित प्राविधिक, निर्माण व्यावसायी र अन्य सरोकारवालाहरु सँग समन्वय गरी समयमा कार्य सम्पन्न हुने वातावरण निर्माण गर्नु हुनेछ ।

९) आफ्नो कार्यालयका लागि निकाशा भएको रकम खर्च हुन नसक्ने अवस्था देखिएमा सोको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई यथासक्य छिटो दिनु हुनेछ । यसले बजेट फ्रिज हुनबाट जोगिने र कार्य सम्पादन प्रभावकारी भएका कार्यालयहरुलाई थप निकाशा दिन सहज हुनेछ ।

१०) नयाँ भवन निर्माणका लागि बजेट निकाशा भएका कार्यालयहरुले निकाशा पत्रमा उल्लेख भए बमोजिम बोलपत्र आह्वान प्रक्रिया अविलम्ब प्रारम्भ गर्नु हुनेछ ।

११) नयाँ भवन निर्माण प्रारम्भ गर्ने अनुमति प्राप्त भएका कार्यालयहरुले महान्यायाधिवक्ताको कार्यालयबाट निर्धारित भवनको मापदण्ड बमोजिमको नक्सा तयार गरी लागत अनुमान सहित भवन निर्माणको गुरुयोजना स्वीकृतिका लागि महान्यायाधिवक्ताको कार्यालयमा यथासम्भव छिटो पठाउनु हुनेछ ।

१२) नयाँ भवनको नक्सा तयारी, आवश्यकता अनुसार माटो परीक्षण र लागत अनुमान तयार गर्न सम्बन्धित डिभिजन भवन कार्यालयलाई अनुरोध गर्नु हुनेछ । सो कार्यालयले नभ्याउने भएमा परामर्शदाताबाट सो कार्य गर्न महान्यायाधिवक्ताको कार्यालयमा भवन कार्यालयको पत्रसाथ निकाशार्थ पठाउनु हुनेछ । नयाँ भवनको गुरुयोजना र लागत अनुमान तयार गर्दा नयाँ निर्माण हुने भवनमा आवश्यक पर्ने फर्निचर र फर्निसिङका लागि समेत आवश्यक बजेट प्रक्षेपण गरी समावेश गर्नु हुनेछ ।

१३) कारणवस सम्झौतामा निर्धारित समयमा निर्माण कार्य सम्पन्न हुन नसकेको अवस्था देखिएमा सार्वजनिक खरिद ऐन नियमले निर्धारण गरेको प्रक्रिया अनुसार सम्बन्धित ठेकेदारको निवेदन, संशोधित कार्ययोजना, सम्बन्धित प्राविधिक कार्यालयको सिफारिस समेत राखी सम्बन्धित कार्यालयको आफ्नो राय सहित म्याद थपको निर्णय गर्नु वा निकाशार्थ पठाउनु हुनेछ । त्यसरी म्याद थप गरेको जानकारी तत्काल महान्यायाधिवक्ताको कार्यालयमा पठाउनु हुनेछ ।

१४) कन्टेन्जेन्सीका लागि रहेको रकमलाई निर्माण प्रक्रियासँग सम्बन्धित कार्य र कार्यालय व्यवस्थापनको अन्य उपयुक्त कार्यमा मात्र खर्च गर्नु हुनेछ । निर्माण कार्य सम्पन्न हुने अवधिसम्ममा त्यस्तो खर्च आवश्यक पर्ने प्रक्षेपण गरी कन्टेन्जेन्सी रकम खर्च गर्नु उपयुक्त हुन्छ ।

१५) स्वीकृत लागत अनुमान र निर्धारित मापदण्ड बमोजिम भवन निर्माण भए नभएको सम्बन्धमा नियमित रुपमा सुपरिवेक्षण गर्नु हुनेछ ।

१६) महत्वपूर्ण निर्माण कार्यहरु जस्तै वेसमेन्ट तयारी, पिलर भर्ने, ढलान गर्ने कार्यमा सम्बन्धित प्राविधिकको उपस्थिति अनिवार्य रुपमा हुने व्यवस्था गर्नु हुनेछ । लागत अनुमानमा नपरेको कार्य गर्न अनुमति दिनु हुनेछैन ।

१७) निर्धारित समयमा कार्य सम्पन्न गर्न नसक्ने र कानून बमोजिम म्याद थपको प्रक्रियामा पनि नआउने ठेकेदारहरुलाई प्रचलित सार्वजनिक खरिद ऐनले निर्धारण गरे बमोजिम कारवाही प्रक्रिया अगाडि बढाउनु हुनेछ । त्यस्तो कारबाही प्रक्रियालाई अन्तिम उपायको रुपमा प्रयोग गर्नु हुनेछ र सुनुवाईको मौका प्रदान गर्ने कार्यलाई प्राथमिकतामा राख्नु हुनेछ ।

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(योजना, अनुसन्धान तथा अनुगमन विभाग)

पत्र संख्या :-

रामशाहपथ, सिंहदरबार

चलानी नं. :-

मिति :- २०७६/०१/१६

१८) आगामी चार वर्षभित्र महान्यायाधिवक्ताको कार्यालय लगायत सबै सरकारी वकील कार्यालयहरु उपयुक्त भवनमा क्रियाशील रहनेछन् भन्ने महान्यायाधिवक्ताको कार्यालयको लक्ष्यलाई साकार बनाउन यहाँहरु सबैको सकारात्मक योगदान आवश्यक रहेको छ ।

१९) नयाँ भवन निर्माण गर्नु पर्ने अवस्थाका सरकारी वकील कार्यालयहरुले हाल कायम रहेको भवनको वस्तुगत अवस्था दर्शाई नयाँ भवनका लागि महान्यायाधिवक्ताको कार्यालयमा पठाउनु हुन समेत अनुरोध छ । त्यस्तो विवरण पठाउँदा भवनको हालको अवस्था र उक्त भवन निर्माण भएको साल समेत उल्लेख गरी सम्भव भए प्राविधिकको प्रतिवेदन समेत समावेश गरी पठाउनु हुनेछ । कुनै भवन भत्काएर नयाँ भवन वनाउनु पर्ने अवस्थामा भत्काउनु पर्ने भवनको समेत मूल्यांकन गरी पुरानो भवन भत्काउने र नयाँ भवन बनाउने कार्यलाई एकै साथ लैजानु उपयुक्त हुन्छ ।

२०) भेरिएसन वा मूल्य समायोजन गर्नु पर्ने बाध्यात्मक अवस्था आइपरेमा महान्यायाधिवक्ताको कार्यालयलाई लिखितरुपमा पूर्व सूचना दिई सार्वजनिक खरिद ऐनले निर्धारण गरेको प्रक्रिया पूरा गरी भेरिएसन तथा मूल्य समायोजनसम्बन्धी निर्णय भएमा स्रोत व्यवस्थापन गर्न सहज हुनेछ ।

२१) सरकारी वकील कार्यालयहरुको भवन निर्माणको विवरण यसप्रकार रहेको व्यहोरा सबैमा जानकारीका लागि अनुरोध छ । निर्माणाधीन भवनहरु निर्धारित समय सीमामा सम्पन्न गर्ने गरी कार्य सम्पादन गर्नका लागि सम्बद्ध सरकारी वकील कार्यालयहरुले विशेष सक्रियता प्रदर्शन गर्नुहुनेछ ।

| क.सं. | विवरण | उच्च सरकारी वकील कार्यालय | जिल्ला सरकारी वकील कार्यालय |
|---|---|---|---|
| १ | नयाँ भवन | विराटनगर, जनकपुर, बाग्लुङ्ग, सुर्खेत, नेपालगन्ज, जुम्ला,( पुनर्निमाणबाट), बुटवल (प्रदेश प्रमुखको कार्यालय रहेको), तुलसीपुर | संखुवासभा, सुनसरी, दोलखा, सिन्धुपाल्चोक, तनहुँ, कास्की, स्याङजा(पुनर्निमाणबाट), बाग्लुङ्ग, मुस्ताङ, पर्वत, म्याग्दी, रुपन्देही, बाँके, दैलेख, मुगु(पुनर्निमाणबाट), अछाम(पुनर्निमाणबाट), कञ्चनपुर, रसुवा, रामेछाप, धनकुटा, सोलुखुम्बु, लम्जुङ, नुवाकोट, उदयपुर, रोल्पा र गुल्मी |
| २ | निर्माणको अन्तिम चरणमा रहेका | हेटौंडा | ताप्लेजुङ, धादिङ्ग(पुनर्निमाणबाट), बाजुरा र दार्चुला |
| ३ | निर्माणाधीन | पोखरा | झापा, मोरङ, ओखलढुंगा(पुनर्निमाणबाट), सिराहा, सर्लाही, धनुषा, महोत्तरी (पुनर्निर्माणबाट), सिन्धुली(पुनर्निर्माणबाट), वारा, गोरखा( पुनर्निर्माणबाट), अर्घाखांची, सल्यान, प्युठान, रुकुम पश्चिम, बर्दिया, कालिकोट(पुनर्निमाणबाट), डडेल्धुरा, तेह्रथुम, कैलाली, भोजपुर बैतडी र हुम्ला(पुनर्निर्माणबाट) |

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय
नेपाल
(योजना, अनुसन्धान तथा अनुगमन विभाग)

रामशाहपथ, सिंहदरबार

पत्र संख्या :-

मिति :- २०७६/०१/१६

चलानी नं. :-

| | | | |
|---|---|---|---|
| ४ | निर्माणको प्रक्रियामा रहेका | विशेष सरकारी वकील कार्यालय काठमाडौं, उसवका इलाम, बुटवल | पाँचथर, रौतहट, चितवन, दाङ र काठमाडौं |
| ५ | अब प्राथमिकतापूर्वक बनाउनु पर्ने भवन | वीरगंज, पाटन, दिपायल, ओखलढुंगा | पर्सा, सप्तरी (जग्गा सहित), डोटी, बझाङ, भक्तपुर र जाजरकोट, कास्की (एनेक्स भवन), खोटाङ |
| ६ | जग्गा व्यवस्थापन गर्नु पर्ने | वीरगंज, पाटन, ओखलढुंगा | सप्तरी, भक्तपुर, नवलपरासी सुस्ता पूर्व, रुकुम पूर्व र जाजरकोट |
| ७ | उच्च सरकारी वकील कार्यालय, हेटौडा नयाँ भवनमा सरेपछि जिल्ला सरकारी वकील कार्यालय, मकवानपुर उच्च सरकारी वकील कार्यालयको हालको भवनमा सर्नेछ । उच्च सरकारी वकील कार्यालय, इलामको नयाँ भवन बनेपछि जिल्ला सरकारी वकील कार्यालय, इलाम हालको उच्च सरकारी वकील कार्यालयको भवनमा सर्नेछ । अन्य सरकारी वकील कार्यालयहरु चालु अवस्थामा रहेका छन् । | | |

बोधार्थः

**श्री शहरी विकास तथा भवन निर्माण विभाग, बबरमहल, काठमाडौं** : सरकारी वकील कार्यालयहरुको भवन निर्माणका लागि आवश्यक सहयोगको निरन्तरताका लागि ।

(श्यामकुमार भट्टराई)
सहन्यायाधिवक्ता
योजना, अनुसन्धान तथा अनुगमन महाशाखा

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल
प्रशासन
(.................................... शाखा)

२०७६/७७
पत्र संख्या :-
चलानी नं. :- 648

रामशाहपथ, काठमाडौं
मिति :- २०७६/०८/२९

विषय:- निर्देशन सम्बन्धमा।

श्री उच्च सरकारी वकील कार्यालय, सबै।
श्री जिल्ला सरकारी वकील कार्यालय, सबै।

उपर्युक्त सम्वन्धमा माननीय महान्यायाधिवक्ताज्यूको अध्यक्षतामा बसेको मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९४ बमोजिमको समन्वय समितिको मिति २०७६/०८/२३ को निर्णयानुसार केही घटनाका सम्बन्धमा लामो समयसम्म अनुसन्धान नगरी केवल अनुसन्धान अधिकृत मात्र परिवर्तन गर्ने कार्य गरी मुद्दाको हदम्याद समाप्त हुने अवस्था भएपछि अभियुक्तको मृत्यु पश्चात अनुसन्धान प्रतिवेदन पेश गरेको पाइएकोले कसूर कायम गर्ने तर करूरदारलाई निजको जीउज्यान हुँदासम्म कारवाही नगरी मृत्यु पछि मात्र मुद्दाको कारवाही अगाडि बढाउँदा दण्डहिनताले प्रश्रय पाउने र पीडितले न्याय नपाउने अवस्था हुँदा यस तर्फ अनुसन्धान र अभियोजनकर्ता सजग र संवेदनशिल हुनु पर्ने देखिन्छ । तसर्थ आगामी दिनमा यस्तो अवस्था हुन नदिन घटना घट्नासाथ आवश्यक अनुसन्धान गरी प्रमाण संकलन गर्न प्रर्याप्त सजगता अपनाउन मातहतका सरकारी वकील कार्यालयहरुलाई निर्देशन दिने निर्णय भएको हुँदा सोही अनुसार गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ।

२०७६/०८/२९

हरिहर तिमिल्सिना
शाखा अधिकृत

E:\आ.व. २०७६।७७\विविध\पत्रहरु (Repaired).rtf

फोन: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

(.................... शाखा)

२०७६/७७

पत्र संख्या :-

चलानी नं. :- ६८५

रामशाहपथ, काठमाडौं

मिति :- २०७६/०८/२९

विषय:- निर्देशन सम्बन्धमा।

श्री उच्च सरकारी वकील कार्यालय, सबै।
श्री जिल्ला सरकारी वकील कार्यालय, सबै।

उपर्युक्त सम्बन्धमा माननीय महान्यायाधिवक्ताज्यूको अध्यक्षतामा बसेको मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९४ बमोजिमको समन्वय समितिको मिति २०७६/०८/२३ को निर्णयानुसार मुलुकी अपराध संहिताको परिच्छेद १० ले भेदभाव तथा अन्य अपमानजन्य व्यवहार सम्बन्धी कसूर र सजायको व्यवस्था गरेकोमा सोही व्यवस्था अन्तर्गत महिलाको रजस्वला वा सुत्केरीको अवस्थामा छाउपडीमा राख्न वा त्यस्तै अन्य कुनै किसिमका भेदभाव, छुवाछुत वा अमानवीय व्यवहार गर्नु वा गराउनु हुदैन भनी अपराध संहिताले यस किसिमका कार्यहरुलाई निषेध गरी सजायको व्यवस्था गरेको हुँदा यी र यस्तै प्रकृतिका अपराधहरुको नियन्त्रणका लागि प्रभावकारी रुपमा अनुसन्धान र अभियोजन गरी कसूरदारलाई कानून बमोजिमको सजाय दिलाउन र पीडितलाई न्यायको महसुस गराउन मुलुकी अपराध संहिताले गरेका उल्लिखित कानूनी व्यवस्थाहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्न मातहतका सरकारी वकील कार्यालयहरुलाई देहाय बमोजिम गर्न निर्देशन दिने निर्णय भएको हुँदा सोही अनुसार गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ।

क. छाउपडी र अन्य भेदभाव तथा अपमानजन्य व्यवहारका विरुद्ध प्रदेश र स्थानीय तहका कार्यालयसँग समन्वयपूर्वक सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न अनुरोध गर्ने,

ख. छाउपडीका साथै भेदभाव तथा अपमानजनक व्यवहारका विरुद्ध प्रभावित क्षेत्रमा समुदायमा सरकारी वकील र समुदाय प्रहरी साझेदारी कार्यक्रम सञ्चालन गर्ने,

२०७६।०८।२९

हरिहर तिमिल्सिना
शाखा अधिकृत

E:\आ.व. २०७६।७७\विविध\पत्रहरु (Repaired).rtf

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल
प्रशासन
(............................... शाखा)

२०७६/७७

पत्र संख्या :-

चलानी नं. :- ६८६

रामशाहपथ, काठमाडौं

मिति :- २०७६/०८/२९

विषय:- निर्देशन सम्बन्धमा।

श्री उच्च सरकारी वकील कार्यालय, सबै।
श्री जिल्ला सरकारी वकील कार्यालय, सबै।

उपर्युक्त सम्बन्धमा माननीय महान्यायाधिवक्ताज्यूको अध्यक्षतामा बसेको मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९४ बमोजिमको समन्वय समितिको मिति २०७६/०८/२३ को निर्णयानुसार मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ र २ भित्र नपरेका मुद्दाको जाहेरी लिई अनुसन्धानको कारवाही गरेको सम्बन्धमा जानकारी हुन आयो। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले अनुसूची १ वा २ अन्तर्गतका मुद्दामा नेपाल सरकारलाई वादी कायम गरी मुद्दाको कारवाही चलाइने व्यवस्था रहेको छ । उक्त व्यवस्थालाई मध्यनजर गरी सरकारवादी मुद्दाको कारवाही गर्नु पर्ने जिम्मेवारी र दायित्व रहेको अवस्थामा अनुसूची १ वा २ अन्तर्गत पर्ने नदेखिएको अवस्थामा समेत जाहेरी लिई अनुसन्धान गरेकोले न्यायिक कारवाही अनिश्चित हुने र न्याय मर्न सक्ने अवस्था आउने हुँदा सोतर्फ सचेत रही कार्य सम्पादन गर्न सरकारी वकीललाई निर्देशन दिने निर्णय भएको हुँदा सोही अनुसार गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ।

२०७६।०८।२९

हरिहर तिमिल्सिना
शाखा अधिकृत

E:\आ.व. २०७६।७७\विविध\पत्रहरु (Repaired).rtf

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np वेबसाइट: www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

(............पुनरावेदन.... शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :- ०७५/७६

चलानी नं. :- ९८५३६

मिति : २०७६/०१/०८

विषयः– परिपत्र ।

श्री उच्च सरकारी वकील कार्यालय, सबै।

उपर्युक्त सम्बन्धमा वर्ष १७ का राजवहादुर भन्ने राजमान थामी उपर मुलुकी ऐन जवरजस्ती करणी को ३(३) नं. बमोजिम सजायको मागदाबी रहेकोमा दाबी बमोजिम कसूर ठहर भै ६ वर्ष कैदको सजाय हुनेमा प्रतिवादी १८ वर्ष मुनिको नाबालक देखिँदा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६(४) र मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(४) वमोजिम उमेर पुगेको कसूरदारलाई हुने सजायको (दुई तिहाई) अर्थात ४ बर्ष कैद सजाय हुने गरी शुरु दोलखा जिल्ला अदालतबाट फैसला भएको देखिन्छ। फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा "कुनै कसूरका सम्बन्धमा कसूर गर्दाका बखत भन्दा सजाय निर्धारण गर्दाका बखत कानून बमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नु पर्दछ" भन्ने व्यवस्था गरेकोले प्रस्तुत मुद्दाको फैसला कानून वमोजिम नै देखिँदा पुनरावेदन गर्नु पर्ने देखिएन।

अतः यसै प्रकृतिका मुद्दामा यही कानूनी व्यवस्था वमोजिम अभियोग दावी लिँदाका बखत कायम रहेको कानूनमा बढी सजाय हुने व्यवस्था भएको तर फैसला गर्दाका बखत कायम रहेको कानूनमा घटी सजाय हुने व्यवस्था भएको कारणले प्रतिवादीलाई मागदावी भन्दा कम सजाय भए उपर पुनरावेदन नगर्ने प्रस्ताव पठाई निकाशा लिईरहन औचित्य पूर्ण नदेखिँदा त्यस्ता मुद्दाहरुमा कसूर कायम जनाई मुद्दाको लगत कट्टा गर्न मातहतका सरकारी वकील कार्यालयहरुमा समेत परिपत्र गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध गरिन्छ।

(बासुदेव लम्साल)
उपन्यायाधिवक्ता

f:\letters\letter format softcopy.docx

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेबसाइटः www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल
प्रशासन
(........................................ शाखा)

२०७६/७७
पत्र संख्या :-
चलानी नं. :-५६

रामशाहपथ, काठमाडौं
२०७६/०४/१०
मिति :-...........................

विषय:- परिपत्र ।

श्री उच्च सरकारी वकील कार्यालय, सबै।
श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं।
श्री जिल्ला सरकारी वकील कार्यालय, सबै।

उपर्युक्त विषयमा माननीय महान्यायाधिवक्ताको अध्यक्षतामा मिति २०७६/०४/०३ मा बसेको व्यवस्थापन समितिको निर्णयानुसार देहाय बमोजिमको निर्देशन दिइएको छ। सो निर्देशन बमोजिम गर्नु गराउनु हुन अनुरोध छ।

तपसिल:

१. अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ को उपदफा (३) ले कसूरदारलाई कैद र जरिवाना दुबै सजाय भएकोमा कैद वा जरिवाना मध्येबाट उपदफा (१) वा (२) बमोजिम हिसाब गर्दा जुन रकम बढी हुन्छ त्यति रकम क्षतिपूर्ति शुल्क बुझाउनु पर्ने भन्ने व्यवस्था गरेको छ । यस किसिमको क्षतिपूर्ति क्षतिपूर्ति शुल्क कोषमा जम्मा गर्ने सम्वन्धमा सरकारी वकीलले दावी नलिएका कारण सो कानूनी व्यवस्थाको प्रचलन र अभ्यासमा प्रभावकारिता आउन नसकेको हुँदा त्यस किसिमको क्षतिपूर्ति शुल्कको मागदावी लिई अभियोजन गर्ने गराउने।

२. नेपालको संविधानको धारा १५२ को उपधारा २ ले एक वर्ष भन्दा बढी कैद सजाय हुने फौजदारी कसूर सम्बन्धी मुद्दा अदालत वा विशिष्टीकृत अदालत वा सैनिक अदालत वा न्यायिक निकाय वाहेक अन्य निकायको क्षेत्राधिकार भित्र नपर्ने भन्ने व्यवस्था छ । एक वर्षभन्दा कम कैद सजाय हुने विभिन्न सरकारवादी मुद्दाहरु अर्ध न्यायिक निकायले समेत हेर्ने गरी तोकिएको हुँदा अर्ध न्यायिक निकायले हेर्ने यस प्रकृतिका मुद्दाहरुमा संलग्न अभियुक्त उपर मुलुकी अपराध संहिता, २०७४ को दफा ४४ बमोजिम थप सजायको मागदावी लिई मुद्दा दायर गर्दा १ वर्ष भन्दा बढी सजाय हुन सक्ने मुद्दा कुन निकायमा दायर गर्ने भन्ने विषयमा कानूनमा स्पष्ट व्यवस्था रहेको देखिँदैन । तसर्थ उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्थाका आधारमा थप दावी लिंदा एक वर्ष भन्दा बढी कैद सजाय हुन सक्ने देखिएमा सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्न उपयुक्त हुने देखिएको हुँदा सोही बमोजिम गर्ने गराउने ।

३. भवन निर्माण भईरहेका सरकारी वकील कार्यालयहरुले निर्माणाधीन भवनको नियमित रेखदेख गरी तोकिएको समयमा निर्माण कार्य सम्पन्न गर्न नियमित ताकेता, अनुगमन गर्ने र भवनको लागि आवश्यक पर्ने आर्थिक, प्रशासनिक तथा अन्य विषयमा आवश्यक निर्देशन दिई भवनहरुको निर्माण कार्य यथाशिघ्र सम्पन्न गर्ने गराउने।

E:\आ.व. २०७६।७७\विविध\पत्रहरु.rtf

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५

# महान्यायाधिवक्ताको कार्यालय

(......प्रशासन...... शाखा)

२०७६/७७

पत्र संख्या :-

चलानी नं. :-४६

रामशाहपथ, काठमाडौं

२०७६/०४/१०

मिति :-.............................

४. कार्यालय भवनको सरसफाई, कार्यालयमा भएका फर्निचर, मेशिनरी औजार, विद्युतीय उपकरण समेतका सामाग्रीहरु चालू अवस्थामा राख्ने तथा सोको अभिलेख व्यवस्थित गर्ने, सवारी साधनहरुको समयमा सर्भिसिङ र मर्मत गरी नवीकरण, बीमा समेत तोकिएको समय भित्रै गर्ने गराउने।

५. कार्यालय परिसरको सरसफाई गरी रुख विरुवा, फूलहरु रोप्ने र त्यसको उचित संरक्षण गरी कार्यालय र कार्यालय परिसर आकर्षक बनाई राख्ने।

६. कार्यालय प्रमुख लगायत सबै कर्मचारीले अनिवार्य रुपमा तोकिएको पोशाक लगाई समयमै कार्यालयमा उपस्थित हुने।

७. मुद्दाको विवरण राख्नको लागि तोकिए बमोजिमका रजिष्ट्ररमा अनिवार्य रुपमा रेकर्ड व्यवस्थित गरी तोकिएको समय भित्र मासिक तथा वार्षिक प्रतिवेदन अनिवार्य रुपमा तयार गरी पठाउने।

८. मिसिलमा राख्नुपर्ने सबै कागजातका नक्कल अनिवार्य रुपमा समावेश गर्ने गराउने।

९. प्रहरीबाट प्रारम्भिक प्रतिवेदन समयमा प्राप्त हुने आवश्यक व्यवस्था मिलाई आवश्यकता अनुसार अनुसन्धान अधिकृतलाई निर्देशन दिने, जिल्ला तथा उच्च तहमा स्थापना भएका समन्वय समितिलाई क्रियाशील बनाई अपराध अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउने।

१०. तोकिएको ढाँचामा अभियोग पत्र तयार गर्ने, अभियोग पत्रमा खुलाउनुपर्ने कुराहरु अनिवार्य रुपमा खुलाउने।

११. न्यायिक निकायमा सरकारको तर्फबाट बहस पैरवी र प्रतिरक्षा गर्ने कार्यमा सबै सरकारी वकील पूर्ण तयारीका साथ समयमै अदालतमा उपस्थित हुने र बहस पैरवी गर्नु पर्ने मुद्दाको पेशी अपवादजनक अवस्थामा मात्र हटाउने र हटाउनु पर्ने अवस्था भएमा कार्यालय प्रमुखसँग परामर्श गरी कारण खोलेर मात्र हटाउने, सामान्यतया एउटा मुद्दामा २ पटक भन्दा बढी पटक पेशी स्थगीत नगर्ने।

१२. माथिल्लो निकायबाट मिसिलहरु माग गरिएको अवस्थामा वा कानून बमोजिम पठाउनु पर्ने अवस्थामा मिसिल संलग्न हुनुपर्ने कागजातहरु एक एक गरी रुजु गरिसकेपछि मात्र पठाउने। माग गरिएका मिसिलहरु सम्भव भएसम्म पत्र प्राप्त भएकै दिन पठाउने।

१३. कार्यालय प्रमुख जुनसुकै प्रकारको बिदामा रहनुपर्दा माथिल्लो निकायबाट अनिवार्य रुपमा बिदा स्वीकृत गराएर तथा अन्य कर्मचारीहरुले कार्यालय प्रमुखबाट बिदा स्वीकृत गराएर मात्र बिदामा बस्ने।

२०७६/०४/१०

हरिहर तिमिल्सिना

शाखा अधिकृत

E:\आ.व. २०७६।७७\विविध\पत्रहरु.rtf

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral...

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(............................ शाखा)

सचिवालय

रामशाहपथ, काठमाडौं

पत्र संख्या :- ०७६/०७७

चलानी नं. :- सचिवालय/८७

मिति :- २०७६।१२।०३

## विषयः- निर्देशन दिईएको।

श्री प्रहरी महानिरीक्षक,
प्रहरी प्रधान कार्यालय,
नक्साल, काठमाडौं।

उपरोक्त सम्बन्धमा हाल विश्वमा महामारीका रुपमा फैलिरहेको कोभिड-१९ (कोरोना भाइरस) बाट सुरक्षित हुन मास्क प्रयोग गर्नुपर्ने अवस्थाको फाइदा लिई बजारमा मास्कको अभाव देखाउन जम्मा खोरी गरी बढी मूल्यमा बिक्री गरेर कालोबजारी गर्ने व्यक्तिहरुलाई विभिन्न प्रहरी युनिटहरुबाट अनुसन्धानको दायरामा ल्याई मास्क बरामद गरेर अनुसन्धान भइरहेको जानकारी प्राप्त भयो। बरामद मास्कहरु मुद्दाको कारबाहीको क्रममा मुद्दा हेर्ने निकायमा दशी स्वरुप पेश गर्दा बजारमा मास्कको अभाव भईरहने र अहिलेको विषम परिस्थितिमा त्यसको प्रयोग गर्न नसकिने अवस्था हुने हुँदा बृहद सार्वजनिक हित एवं जनस्वाथ्यलाई ध्यानमा राखी मुद्दा हेर्ने अधिकारीको अनुमती लिई उक्त अपराध अनुसन्धानको क्रममा निम्नानुसार गर्न गराउनुहुन मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २७ अनुसार निर्देशन दिइएको छः-

१. बरामद मास्कहरुको मूल्य र नमूना सहितको अभिलेख एवं फोटो सहितको डिजिटल अभिलेख मिसिलमा राखे,
२. बरामद मास्कहरुको हालको वजार मूल्य अनुसारको रकम साझा स्वास्थ्य सेवा तथा यस्तै प्रकृतीका अन्य सार्वजनिक संस्थाबाट लिई सो रकम प्रहरीको धरौटी खातामा राखी उक्त मास्कहरु सो संस्थाले यकिन अभिलेख राखी अविलम्व बिक्री वितरण गर्ने व्यबस्था मिलाउने,
३. अनुसन्धान भएका मुद्दाहरुमा अभियोजन गर्ने निर्णय हुँदा प्रकरण २ मा उल्लेख भएको व्यवस्था अनुसार धरौटी खातामा जम्मा भएको रकम जफत हुन मागदावी लिने प्रवन्ध गर्ने।

अग्नि प्रसाद खरेल
महान्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१७, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(पुनरावेदन शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :-

मिति :- २०७५।११।२३

चलानी नं. :- ९०८५

श्री सवै उच्च सरकारी वकील कार्यालय

विषय: परिपत्र सम्बन्धमा ।

फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा *"कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका वखतभन्दा सजाय निर्धारण गर्दाका वखत कानून बमोजिम घटी साजय हुने रहेछ भने घटी सजाय हुने गरी सजाय निर्धारण गर्नु पर्नेछ ।"* भन्ने व्यवस्था गरिएको र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा २(ख) ले *"कुनै कानून अन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानुन बमोजिम नै गर्नु पर्नेछ । तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिए भन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुनेछ ।"* भनी कसुर गर्दाको वखत र सजाय निर्धारण गर्दाको वखत जुन सजाय घटी हुन्छ सोही सजाय हुने व्यवस्थाको सिद्धान्तलाई अंगिकार गरेको हुदा अभियोग दावी लिँदाको वखत कायम रहेको कानूनमा बढी सजाय हुने व्यवस्था भएको तर फैसला गर्दाका वखत कायम रहेको कानुनमा घटी सजाय हुने व्यवस्था भएको कारणले प्रतिवादीलाई मागदावी भन्दा कम सजाय भए उपर पुनरावेदन गर्न नपर्ने हुँदा सोही बमोजिम गर्नु गराउनु हुन र मातहत सरकारी वकिल कार्यालयहरुमा समेत परिपत्र गर्नु हुन निर्देशानुसार अनुरोध गरिन्छ ।

बासुदेव लम्साल

उपन्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फयाक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(......................... शाखा)

पत्र संख्या :- २०७६/७७

चलानी नं. :- ११०१

रामशाहपथ, काठमाडौं

मिति :-......२०७६/११/०८

विषयः- परिपत्र ।

श्री उच्च सरकारी वकील कार्यालय, सबै।
श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं।
श्री जिल्ला सरकारी वकील कार्यालय, सबै।

उपर्युक्त सम्बन्धमा यस विषयमा फैसला कार्यान्वयन निर्देशनालयको च.नं. ३८५ मिति २०७६/१०/५ को पत्रको प्रतिलिपि यसै साथ संलग्न छ।

तत् सम्बन्धमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १०४ तथा जिल्ला अदालत नियमावली, २०७५ को नियम ८७ मा अदालतबाट लागेको दण्ड जरिवाना वा सरकारी बिगो बुझाउन बाँकी रहेका व्यक्तिलाई सेवा सुविधा प्रदान गर्न रोक लगाउन सक्ने कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा त्यस कार्यालयबाट अदालतमा पेश गरिने अभियोग पत्रमा अनिवार्य रुपमा प्रतिवादीको ठेगानाको अतिरिक्त नागरिकता नं., जारी जिल्ला र जारी मिति समेत उल्लेख गर्नु हुन आदेशानुसार अनुरोध छ।

२०७६।११।०८

हरिहर निमिल्सिना
शाखा अधिकृत

E:\आ.व. २०७६।७७\विविध\पत्र.docx

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेबसाइटः www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(योजना, अनुसन्धान तथा अनुगमन विभाग)

पत्र संख्या ०७६।०७७

चलानी नं. :- ६८८८

रामशाहपथ काठमाडौं

मिति २०७६।११।०५

विषय : कार्य सम्पादनमा सुधार सम्बन्धमा।

श्री उच्च सरकारी वकील कार्यालय, सबै।

श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं।

श्री जिल्ला सरकारी वकील कार्यालय, सबै।

महान्यायाधिवक्ताको कार्यालयबाट यस वर्ष गरिएको सरकारी वकील कार्यालयहरुको कार्यालय निरीक्षण तथा अभियोजन परीक्षणबाट प्राप्त प्रतिवेदन समेतका विवरणको आधारमा कार्य सम्पादनमा सुधारका लागि देहायबमोजिम गर्नु गराउनु हुन सादर अनुरोध छ :

१. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८ मा निश्चित प्रकृतिका कसूरमा कम्तीमा प्रहरी निरीक्षक दर्जाका प्रहरी कर्मचारीले अपराधको अनुसन्धान गर्नु पर्ने व्यवस्था भएकोमा कतिपय स्थानमा सोभन्दा मुनिका प्रहरी कर्मचारीलाई समेत अनुसन्धान अधिकृत तोकिएको देखिएको हुँदा यो विषयमा कानूनले निर्धारण गरेको व्यवस्थाको पालना गर्न यथासमयमा निर्देशन दिन र आवश्यक समन्वय गर्न विशेष ध्यान दिनु होला।

२. कतिपय सरकारी वकील कार्यालयमा प्रारम्भिक प्रतिवेदनको अभिलेख व्यवस्थित भएको देखिएन। सो विषयलाई अध्यावधिक गर्नु होला। प्रारम्भिक प्रतिवेदन पठाउँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १० एंव फौजदारी कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ को नियम १५ अनुसार उल्लेख गर्नु पर्ने विषयको पालना भएको देखिएन। केवल जाहेरी दर्खास्तको प्रतिलिपि राखी पठाउने अभ्यासले निरन्तरता पाएको देखियो। अनुसन्धान गर्ने निकायसँग समन्वय गरी कानूनले निर्धारण गरेको प्रक्रिया पूरा गरी प्रारम्भिक प्रतिवेदन प्राप्त गर्ने र सो प्रतिवेदनका अधारमा अपराध दर्ता किताब खडा गरी अद्यावधिक गर्ने व्यवस्था गर्नु होला। प्रारम्भिक प्रतिवेदन प्राप्त नगरी म्याद थपको प्रक्रिया अगाडि नबढाउनु होला।

३. अपराध अनुसन्धानलाई मार्गदर्शन गर्नु पर्ने जिम्मेवारी सरकारी वकीलमा भएकोले सरकारी वकीलले दिएको निर्देशनको विवरण देखिने गरी अभिलेखीकरण गर्ने व्यवस्था गर्नु होला।

४. अनुगमन गरिएका मिसिलबाट अपराधको अनुसन्धानमा जरुरी पक्राउ पूर्जीको अभ्यास अधिक रुपमा गरेको देखियो। अपवादजनक अवस्थामा मात्र जरुरी पक्राउ पूर्जी जारी गर्नु पर्ने मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को मर्म अनुसार कार्यान्वयनमा ल्याउनका लागि अनुसन्धान गर्ने निकायहरुसँग समन्वय गर्नु होला।

५. धेरै कार्यालयमा अनुसन्धानको सिलसिलामा हिरासतमा राख्न म्याद थप माग गर्दा आधार र कारण खुलाउने गरेको देखिएन। सरकारी वकीलले समेत सो विषयमा विचार पुऱ्याएको देखिएन। यो विषयलाई गम्भीरतापूर्वक लिई प्रत्येक मिसिलको फरक तथ्य र आधार हुने कुरालाई विचार गरी आधार र औचित्य सहित कार्यविधिले निधारण गरें बमोजिम म्याद थप माग गर्ने गर्नु होला।

६. अपराध अनुसन्धानको क्रममा शंकित व्यक्तिलाई मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १५ र फौजदारी कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ को नियम २०, २१ र २५ अनुसार थुनामा नराखी धरौटीमा माग गरी वा तारेखमा राखी अनुसन्धान गर्न सकिने व्यवस्थाको कार्यान्वयन भएको देखिएन। नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता

D:\परिपत्रहरु\कार्यसम्पादन सुधारसम्बन्धमा.docx

☎: ४-२६२३९४, ४-२६२६९५, ४-२४०२७०, ४-२१८०४७, फ्याक्स :- ४-२६२५८२, ४-२१८०९१
एक्सचेन्ज :- ४-२१८०९७, ४-२१८०१९, ४-२६२४९४, ४-२६२५०६
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

योजना, अनुसन्धान तथा अनुगमन विभाग


पत्र संख्या ०७६।०७७ रामशाहपथ काठमाडौं

चलानी नं. :-

मिति २०७६।११।०५

सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलनले पारित गरेको प्रस्ताव समेतलाई विचार गरी उक्त कानूनी व्यवस्थाको कार्यान्वयन गर्ने गराउने तर्फ क्रियाशील हुनु होला ।

७. विशेष प्रकृतिका मुद्दामा पक्षको गोपनीयता कायम गर्ने विषयमा पटक पटक छलफल भए पनि कार्य सम्पादनको क्रममा पक्षको गोपनीयता कायम राख्ने कार्यविधिको समुचित पालना भएको देखिएन । अनुसन्धानको चरणदेखि नै सरकारी वकीलहरुले यो विषयमा विशेष संवेदनशीलतापूर्वक कार्य गर्नु होला ।

८. बालबालिका संलग्न भएका मुद्दाको अनुसन्धानमा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २१(७) अनुसार एक पटकमा ५ दिनमा नबढाई म्याद थप गरी बढीमा २१ दिन सम्ममात्र निगरानी कक्षमा राख्नु पर्ने कार्यविधिको कतिपय कार्यालयमा पालना भएको देखिएन । बालबालिकालाई नियन्त्रण लिँदा पालना गर्नु पर्ने अनिवार्य कार्यविधिको पालना भएको पनि मिसिलबाट देखिएन । बालबालिकालाई निगरानी कक्षमा राख्नु पर्ने व्यवस्थाको पालना भएको पनि धेरै जसो मिसिलबाट देखिएन । बालबालिकाको उमेर एकीन हुने प्रमाण समावेश गर्नका लागि बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७५ को व्यवस्थाको पालना भएको धेरै मिसिलमा देखिएन । सो नियमावलीले व्यवस्था गरेबमोजिम बालबालिकाको उमेर यकीन हुने विवरण अनिवार्य रुपमा समावेश गर्नु होला । तसर्थ यो विषयलाई गम्भीरतापूर्वक लिई बालबालिका संलग्न भएका मुद्दाको अनुसन्धान र अभियोजन समेतका प्रक्रियामा सुधार ल्याउनु होला । बालबालिका संलग्न मुद्दाको छुट्टै अभिलेख राख्न र बाल न्याय कार्यविधिले निर्धारण गरे बमोजिम छुट्टै मिसिल खडा गर्ने विषयमा समेत विशेष ध्यान दिनुहोला ।

९. कतिपय मुद्दामा प्रमाण परीक्षण प्रतिवेदन समयमा प्राप्त हुन नसक्दा लामो अवधिसम्म अभियुक्तलाई हिरासतमा राख्नु परेको अवस्था समेत देखियो । परीक्षण गर्ने प्रयोशालासँग समन्वय गरी परीक्षण प्रतिवेदन शीघ्र प्राप्त गर्ने प्रयास गर्नु होला ।

१०. सरकारी वकील कार्यालयमा रहने अभियोजन सम्बन्धी निर्णय किताबमा खुलाउनु पर्ने आवश्यक विवरण खुलेको देखिएको छैन । अभियोगपत्रमा उल्लेख हुनु पर्ने वारदातको विवरण, प्रतिवादीको विवरण, मूलभूत प्रमाणहरु, सम्बद्ध कानून र मागदावीको विवरण खुलाई निर्णय किताबमा उल्लेख गरेपछि मात्र अभियोग पत्र पठाउने व्यवस्था गर्नु होला ।

११. कतिपय सरकारी वकील कार्यालयहरुमा सबै मुद्दाको निर्णय किताव एउटै राखेको देखिदा फौजदारी कार्यविधि संहिताको अनुसूची १ र २ का मुद्दाको निर्णय किताव अलग अलग राख्नु होला ।

१२. नेपाल सरकारले २०७६।३।१६ मा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अभियोग पत्रको ढाँचा परिवर्तन गरेकोमा कतिपय कार्यालयले पुरानै ढाँचामा अभियोगपत्र पेश गरेको पाइएको हुँदा यो विषयमा गम्भीर भई परिवर्तित ढाँचा अनुसारको अभियोग पत्र पेश गर्नु होला ।

१३. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३३ ले गरेको व्यवस्था अनुसार अपराध अनुसन्धान तथा अभियोजनसमेतका प्रक्रियामा सहयोग पुर्‍याउने अभियुक्तलाई सजायमा छुट दिन सकिने व्यवस्थाको कार्यान्वयन अत्यन्त न्यून देखिएको छ । औचित्य र आधार खुलाई छुटसम्बन्धी दावी लिने विषयमा अनुसन्धाानकर्ताहरुसँग समेत समन्वय गरी कार्यान्वयनमा ल्याउनु होला ।

१४. अनुगमनको क्रममा अभियोगपत्रका प्रशस्त त्रुटीहरु देखिएका छन् । भाषिक शुद्धताको विषयमा समेत ख्याल गर्नु होला । सारभूत प्रभाव पर्ने विषयमा अभियोगपत्र संशोधन गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३६ अनुसार महान्यायाधिवक्ताबाट निकाशा लिनु पर्ने कानूनी व्यवस्थाप्रति विशेष सचेत रहनुहोला । विरुद्ध खण्डमा प्रतिवादी बनाएको



☎: ४-२६२३९४, ४-२६२६९५, ४-२४०२१०, ४-२१२०४७, फ्याक्स :- ४-२६२५८२, ४-२१८०९४

एक्सचेन्ज :- ४-२१८०९७, ४-२१८०११, ४-२६२४९४, ४-२६२५०६

इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय
## नेपाल
(योजना, अनुसन्धान तथा अनुगमन विभाग)

पत्र संख्या :- ०७६।०७७
चलानी नं. :-

रामशाहपथ, काठमाडौं
मिति :- २०७६।११।०५

तर अभियोग खण्डमा कुनै दावी नलिएको अवस्था समेत देखिएको हुँदा विषयको गम्भीरतालाई अभियोगपत्र प्रस्तुत गर्दा विचार गर्नुहोला ।

१५. कतिपय अभियोग पत्रमा क्षतिपूर्तिको दावी लिएको देखिएन । अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ अनुसारको क्षतिपूर्ति शुल्कको समेत दावी लिएको कतिपय मिसिलबाट देखिएन । अनुसन्धानबाट खुल्ने सम्मको विवरणबाट क्षतिपूर्तिको विषयलाई आधार खुलाई क्षतिपूर्ति र क्षतिपूर्ति शुल्क सहितको मागदावी लिई अभियोजन गर्नु होला ।

१६. मुलुकी अपराध संहिता, २०७४ को दफा ४३ बमोजिमको एकीकृत कसूरको सम्बन्धमा धेरैजसो कार्यालयले लगाएको अभियोगपत्रमा दावी गरिएको देखिएन । एकीकृत कसूर सम्बन्धी व्यवस्थाको अवधारणागत पक्षमा स्पष्ट भई कुनै व्यक्तिले एउटै वारदातमा एकभन्दा बढी कसूर गरेको अवस्थामा उक्त दफा बमोजिमको कसूर र सजायको मागदावी लिने गर्नु होला ।

१७. कतिपय नैतिक पतन देखिने मुद्दामा अभियोजन गर्दा नैतिक पतन सम्बन्धी दावी लिएको देखिएन । मुद्दाको गम्भीरता विचार गरी कानूनी व्यवस्थाको उल्लेखन गरी दावी लिने गर्नु होला ।

१८. निरन्तर सुनुवाइ गर्नु पर्ने प्रकृतिका मुद्दामा धेरै जसो मिसिलमा निरन्तर सुनुवाइका लागि अभियोगपत्रमा मागदावी लिएको देखिएन । महान्यायाधिवक्ताको कार्यालयबाट यसअघि जारी गरिएको परिपत्रलाई समेत मध्यनजर गरी सो दावी लिने व्यवस्था गर्नु होला ।

१९. आफूले प्रतिनिधित्व र प्रतिरक्षा गरेको मुद्दामा भएको थुनछेकको आदेश उपर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम निवेदन गर्नु पर्ने नपर्ने सम्बन्धमा सम्बन्धित कार्यालयले निर्णय गरी अभिलेख राख्ने प्रबन्ध गर्नु होला ।

२०. बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २७ को खण्ड (क) र (ख) ले क्रमश: अनुसन्धान अधिकारी र सरकारी वकीलले कसूरजन्य कार्यको अभियोग लागेका बालबालिकालाई दिशान्तर गर्न सक्ने व्यवस्था गरेको छ । बालबालिका संलग्न भएका केही मुद्दामा कुनै कुनै जिल्लमा दिशान्तर (डाइभर्सन) को अभ्यास भएको देखियो । उक्त ऐनको दफा २८ र २९ को व्यवस्था समेतलाई विचार गरी बालबालिकाको उमेर, कसूर गर्दाको अवस्था र दिशान्तर (डाइभर्सन) मा लान उपयुक्त हुने बस्तुगत आधार भएका मुद्दामा यस्तो अभ्यास विस्तार गर्नु होला ।

२१. मौलिक हकको रुपमा रहेको अपराध पीडितको हक कार्यान्वयन गर्नका लागि सबै पक्षको सकारात्मक अग्रसरता आवश्यक देखियो । अनुगमनको क्रममा पीडितलाई मुद्दाको अनुसन्धान, अभियोजन र कारवाही प्रक्रियाको जानकारी दिने अभ्यास न्यून देखियो । अपराध पीडित संरक्षण ऐन, २०७५ ले गरेका व्यवस्था बमोजिम अपराध पीडितलाई मुद्दाको कारबाहीका बारेमा जानकारी दिने र आवश्यक सहयोग गरी सोको अभिलेख व्यवस्थित राख्ने तर्फ प्राथमिकतापूर्वक कार्य गर्नु होला ।

२२. धेरैजसो सरकारी वकील कार्यालयहरुले हेलो साक्षी कार्यक्रम अन्तर्गत साक्षीलाई जानकारी दिएको विवरण अध्यावधिक गरेको पाइएन । यो विषयलाई गम्भीरतापूर्वक लिई साक्षीलाई जानकारी गराई सोको अभिलेख व्यवस्थित गर्नु होला ।

२३. सरकारी पक्षका साक्षीहरु उपस्थित गराउन नसकेको अवस्थामा फौजदारी कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ को नियम ३० अनुसार साक्षी उपस्थित गराउन नसकेको कारण सहितको मुचुल्का सहितको जानकारी अदालतलाई गराउनु पर्नेमा प्राय: सबै जसो कार्यालयका मिसिलबाट त्यस्तो गरेको अवस्था देखिएन । साक्षी उपस्थितिका लागि पुन:



☎: ४२००८००, ४२००८०१, ४२००८१६; ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

योजना, अनुसन्धान तथा अनुगमन विभाग)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :- ०७६।०७७

मिति :- २०७६।११।०५

चलानी नं. :-

उपस्थित गराउन माग गर्न त्यस्तो आधार आवश्यक पर्ने हुँदा प्रहरी तथा अपराध अनुसन्धान गर्ने अन्य कार्यालयसँग समन्वय गरी उक्त कानूनी व्यवस्थाको कार्यान्वयन गर्नु होला ।

२४. संघीय सरकारी निकायको तर्फबाट मात्र सरकारी वकीलले प्रतिनिधित्व र प्रतिरक्षा गर्ने हुँदा सरकारी वकील कार्यालयहरुले यो विषयमा स्पष्ट दृष्टिकोण बनाई प्रतिनिधित्व गर्नु नपर्ने निकायको बारेमा जानकारी आएमा सम्बन्धित निकायलाई जानकारी गराइदिनु होला ।

२५. धेरै जसो सरकारी वकील कार्यालयले मुद्दा व्यवस्थापन प्रणालीमा डाटा इन्ट्री नगरेका र गरेका कार्यालयहरुले पनि पूरा विवरण इन्ट्री नगरेको देखिएको हुँदा सबै तहका जनशक्तिले जिम्मेवारी लिई डाटा इन्ट्री गर्ने कार्य अध्यावधिक गर्ने र कार्य सम्पादनमा सो विवरण प्रयोग गरी मुद्दाको कारवाही प्रक्रिया छिटो र प्रभावकारी बनाउन सहयोग गर्नुहोला ।

२०७६।११।५

(श्यामकुमार भट्टराई)
सहन्यायाधिवक्ता

**बोधार्थ:**

श्री प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं:- *उल्लिखित विवरण कार्यान्वयनका लागि आवश्यक सहयोग हुन अनुरोध छ ।*

D:\परिपत्रहरु\कार्यसम्पादन सुधारसम्बन्धमा.docx

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

## ७. विविध

## १. माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल पद बहाली भएपछि दुई वर्षमा भएका संस्थागत सुधारका कार्यहरु र आगामी एक वर्षमा गरिने कार्यक्रमको रुपरेखा

### परिचय

सम्माननीय राष्ट्रपति श्री विद्यादेवी भण्डारीज्यूबाट नेपालको संविधानको धारा १५७ को उपधारा (२) बमोजिम श्री अग्नि प्रसाद खरेल महान्यायाधिवक्ताको पदमा नियुक्त भई मिति २०७४।११।८ गतेदेखि कार्य प्रारम्भ गर्नु भएको दुई वर्ष पूरा भएर तीन वर्ष प्रारम्भ भएको छ । उहाँ नेपालको २६ औं महान्यायाधिवक्ता हुनुहुन्छ । वि.स. २०४७ सालपछिका महान्यायाधिवक्ताहरु मध्ये दुई वर्षको कार्यकाल पूरा गर्ने वहाँ चौथो महान्यायाधिवक्ता हुनुहुन्छ । उहाँको कार्यकालमा सरकारी मुद्दाको अनुसन्धान अभियोजनलाई प्रभावकारी बनाउन, सरकारी वकीलको व्यावसायिकता विकास गर्न र महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयको संस्थागत सुधार गर्न महत्वपूर्ण प्रयासहरु भएकाछन् । हालसम्म भएका सुधारका प्रमुख कार्यक्रमहरु यसप्रकार रहेका छन् :

### सुधारका कार्यहरु

**१. संहिता कार्यान्वयनका लागि अग्रसरता :** मुलुकी अपराध संहिता समेतका नयाँ संहिताहरुको कार्यान्वयनका लागि सरकारी वकीलहरुलाई प्रशिक्षण प्रदान गर्नुका साथै अन्य सरोकारवाला निकायहरुलाई समेत ती कानूनहरुको कार्यान्वयन गर्ने दिशामा क्रियाशील गराउन अगुवाइ गरिएको छ । सरकारी वकील तथा सरकारी वकील कार्यालयका कर्मचारीहरुलाई लक्षित गरी विभिन्न चरणमा संहिताको बारेमा सबै तहका सरकारी वकील र सरकारी वकील कार्यालयका जनशक्तिलाई प्रशिक्षण प्रदान गरिएको छ । संहिता कार्यान्वयनका लागि पूर्व तयारीस्वरुप सबै सरकारी वकील कार्यालय प्रमुखहरुको उपस्थितिमा दुई दिवसीय राष्ट्रिय कार्यशालाको आयोजना गरियो । संहिता कार्यान्वयनका लागि सहजीकरण गर्न नायब महान्यायाधिवक्ताको नेतृत्वमा सहजीकरण समिति गठन गरी क्रियाशील रहेको छ ।

**संहिताले कसूर मानेका सामाजिक अपराधका विरुद्धमा सचेतना कार्यक्रम सञ्चालन गर्न र कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि अभियान सञ्चालन गरिएको छ । खास गरी छाउपडी प्रथा विरुद्धमा लक्षित स्थानमा सरकारको क्रियाशीलताका लागि माननीय महान्यायाधिवक्ताज्यूको अध्यक्षतामा रहेको समन्वय समितिले प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला सरकारी वकील कार्यालयका प्रमुख र जिल्ला प्रहरी प्रमुख सदस्य रहेको समिति गठन गरी अभियान सञ्चालन गरिएको छ ।**

**नियमावली र निर्देशिकाहरु** : संहिता कार्यान्वयनका लागि आवश्यक पर्ने देहाय बमोजिमका नियम, निर्देशिकाको मस्यौदा तयार पारी सरकारसमक्ष पेश गरियो :

- क. कसूरको अनुसन्धान नियमावली, २०७५ (जारी)
- ख. सरकारी वकील सम्बन्धी नियमावली (मन्त्रिपरिषद्मा विचाराधीन)
- ग. नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको बहस पैरवी, प्रतिरक्षा तथा कानूनी राय सम्बन्धी निर्देशिका, २०७५ (जारी)
- घ. माफी सम्बन्धी निर्देशिका
- ङ. मुद्दा फिर्ता सम्वन्धी निर्देशिका

**संहिता पुनरावलोकनका लागि सुझाव :** मुलुकी अपराध संहिता समेतका नयाँ संहिताहरुको कार्यान्वयनको क्रममा देखिएका विषयहरुलाई समेत समावेश गरी ती संहितामा आवश्यक परिमार्जनका लागि नेपाल सरकारलाई सुझाव प्रस्तुत गरिएको छ । सो अनुसार एक पटक संहिता संशोधन समेत भैसकेको छ । कार्यान्वयनको अवस्थाका आधारमा संहितामा अर्को चरणको संशोधनको प्रक्रिया अगाडि बढेको छ ।

**सजाय निर्धारण सम्बन्धी मार्गदर्शन** :फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को कार्यान्वयनमा सरकारी वकीलहरुलाई सहजीकरण गर्न सजाय निर्धारण प्रक्रियामा सरकारी वकीलको जिम्मेवारी सम्बन्धी मार्गदर्शन, २०७६ जारी भएको छ ।

**२. आचार संहिता र निर्देशिकाहरु जारी** : महान्यायाधिवक्ताको कार्यालयको सँस्थागत सुदृढीकरणका लागि देहायका निर्देशिकाहरु जारी भएका छन् :

क. सर्वोच्च अदालतले गरेका कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्त कार्यान्वयनको अनुगमन सम्बन्धी निर्देशिका, २०७५

ख. सरकारी वकीलको विशिष्टीकरण सम्बन्धी मापदण्ड, २०७५

ग. सरकारी वकील कार्यालयको निरीक्षण तथा अभियोजन परीक्षणसम्बन्धी निर्देशिका, २०७५

घ. सरकारी वकील तथा कर्मचारीहरुलाई पुरस्कार प्रदान गर्ने सम्बन्धी मापदण्ड, २०७५

ङ. सरकारी वकील तथा सरकारी वकील कार्यालयमा कार्यरत कर्मचारीहरुको आचार संहिता, २०७५

च. पुस्तकालय व्यवस्थापन तथा सञ्चालन निर्देशिका, २०७५

छ. शिशु स्याहार केन्द्र सञ्चालन निर्देशिका, २०७६

ज. सरकारी वकील कार्यालयमा अभ्यासबृत्ति (इन्टर्नशीप) गराउने सम्बन्धी निर्देशिका, २०७६

**३. हेलो साक्षी कार्यक्रम** : सरकार वादी मुद्दाका पीडित एवम् साक्षीहरुलाई न्यायिक प्रक्रियामा संलग्न गराई न्याय सम्पादन कार्यमा सहयोग पुऱ्याउनका लागि हेलो साक्षी कार्यक्रम अभियानका रुपमा सञ्चालन गरिएको छ । यसले साक्षीहरुलाई अदालतमा उपस्थित हुन र बकपत्र गर्नका लागि उत्प्रेरित गरेको छ ।

**४. नमुना सरकारी वकील कार्यालयको व्यवस्था** : प्रत्येक प्रदेशमा एउटा सरकारी वकील कार्यालयलाई नमुना सरकारी वकील कार्यालयको रुपमा विकास गर्ने कार्यक्रम अन्तर्गत **प्रदेश नं. १ को सुनसरी र झापा**, **प्रदेश नं. २ को धनुषा र बारा**, **प्रदेश नं. ३ को ललितपुरर धादिङ**, **प्रदेश नं. ४ को कास्की र तनहुँ**, **प्रदेश नं. ५ को रुपन्देही र बाँके**, **प्रदेश नं. ६ को सुर्खेत र जुम्ला** र **प्रदेश नं. ७ को कन्चनपुर र दार्चुला** जिल्ला सरकारी वकील कार्यालयलाई नमुना सरकारी वकील कार्यालयको रुपमा घोषणा गरी कार्यान्वयनमा ल्याइएको छ ।यी कार्यालयहरुमा सेवा प्रवाहको दृष्टिले उत्कृष्ट कार्यालय बनाउने प्रयास गरिएको छ ।

**५. समुदायमा सरकारी वकील** : सरकार वादी मुद्दाको कारवाही प्रक्रिया एवम् विद्यमान कानूनी व्यवस्थाको प्रचार प्रसार गर्नुका साथै कानून कार्यान्वयन र अपराधको रोकथाममा समुदायको भूमिकाका बारेमा जानकारी दिनका लागि समुदायमा सरकारी वकील कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिएको छ । २०७६ साल मंसिर ४ गते देशव्यापी रुपमा समुदाय प्रहरी साझेदारी र समुदायमा सरकारी वकील कार्यक्रम संयुक्त रुपमा आयोजना गरियो । नयाँ बनेका कानूनहरुको बारेमा जानकारी दिन र फौजदारी न्याय प्रशासनमा नागरिकको सहयोग प्राप्त गर्ने आधारको रुपमा यो कार्यक्रम रहेको छ ।

**६. कारागार तथा हिरासत अनुगमन** : महान्याायधिवक्तालाई संविधानले प्रदान गरेको जिम्मेवारी बमोजिम कारागार तथा हिरासतमा रहेका कैदी र थुनुवाहरु उपर मानवोचित व्यवहार भए नभएको सम्बन्धमा आ. व. २०७४।७५ मा ३१ वटा कारागार र ४२ वटा हिरासत कक्षको अनुगमन गरी सुधारका लागि सुझाव प्रस्तुत गरिएको थियो । आ.व. २०७५।०७६ मा ३७ जिल्लाका कारागार तथा हिरासत अनुगमन गरिएको थियो । सो अनुगमन प्रतिवेदनको विवरण प्रतिनिधि सभा राज्य व्यवस्था समितिमा समेत प्रस्तुत गरिएको थियो । अनुगमन प्रतिवेदनले औल्याएका विषयहरु कार्यान्वयनका लागि सरोकारवाला निकायका पदाधिकारीहरुसँग परामर्श गरिएको छ । यो वर्षको प्रतिवेदन प्रकाश गरी सार्वजनिक गरिसकिएको छ ।

**७. बाल सुधार गृहको अनुगमन, सुधार र विस्तार** : बाल सुधार गृहको विस्तार गरी प्रत्येक प्रदेशमा एउटा बाल सुधार गृह स्थापनाका लागि लाई सहजीकरण गरी विगतमा चार वटा (मोरङ, भक्तपुर, कास्की र बाँके) बाल सुधार गृह

रहेकोमा थप चार स्थान मकवानपुर, रुपन्देही, पर्सा, र डोटीमा बाल सुधार गृह थप भएका छन् । थप भएका बाल सुधार गृहमा रहेका बालबालिकाको अवस्था सन्तोषजनक नदेखिएकोले अनुगमनपछि आवश्यक सुधारका लागि देहाय बमोजिमको सुझाव प्रस्तुत गरिएको छ :

१. नेपालको संविधानले मौलिक हकमा बालबालिकाको हकको प्रत्याभूति गरेको र सो हकमा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वागींण व्यक्तित्व विकासको हकलाई सुनिश्चित गरेको सम्बन्धमा बाल सुधार गृहमा रहेका बालबालिकाका लागि समेत सो अनुसारको व्यवहार गर्नु पर्ने आवश्यकता रहेको छ । कानूनको द्वन्द्वमा परी राज्यको नियन्त्रणमा आएका बालबालिकाहरुलाई पनि उक्त हकको प्रयोग र पालना हुने व्यवस्था गर्नु पर्ने दायित्व हुँदा बाल सुधार गृहमा बालमैत्री वातावरण निर्माण गर्नु पर्ने आवश्यकता देखिन्छ ।

२. बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ ले समेत बालबालिकाको हित संरक्षण गर्नु पर्ने व्यवस्था गरेका छन् । सो बमोजिम बाल सुधार गृहमा रहेका बालबालिकाहरुलाई आधारभूत मानवोचित व्यवहारको प्रत्याभूति गर्नु राज्यको दायित्व हुन आउँछ । क्षमताभन्दा अधिक बालबालिकालाई सुधार गृहमा राख्दा कारागारभन्दा पनि असहज अवस्था देखिएको सन्दर्भमा आधारभूत मानवोचित व्यवहार हुन सक्ने गरी बाल सुधार गृहको क्षमता व्यवस्थापन गर्ने प्राथमिकतापूर्वक कार्य गर्नु पर्ने देखिन्छ ।

३. बालबालिका उपर गरिनु पर्ने मानवोचित व्यवहारभित्र बाल सुधार गृहमा उपयुक्त कक्ष, शिक्षा, स्वास्थ्य एवम् मनोरञ्जन समेतका लागि आवश्यक व्यवस्थापन हुन नसकेको र क्षमताभन्दा धेरैं संख्यामा बालबालिका राखेको कारणले बाल मनोविज्ञानमा नकारात्मक असर परेको देखिएको छ । बाल सुधार गृहमा रहेका बालबालिकाको संख्याका अनुपातमा उपयुक्त कक्ष, शौचालय, पानीको प्रबन्ध, प्रकाशको व्यवस्था समेतका आवश्यक न्यूनतम पूर्वाधारको व्यवस्था तत्काल गर्नु उपयुक्त हुन्छ ।

४. बाल सुधार गृहमा रहेका बालबालिकाका लागि निर्धारित खाना खर्च अपर्याप्त रहेको देखिएकोले हाल उपलव्ध गराइएको खाना खर्चका अतिरिक्त कम्तीमा प्रतिव्यक्ति प्रति दिन रु. ५०।- का दरले बाल सुधार गृहमा खाजा खर्चको निकाशा दिनु उपयुक्त हुने देखिन्छ ।

५. बाल सुधार गृहमा रहेका बालबालिकालाई उमेर समूहमा वर्गीकरण गरी सो अनुसारको पूर्वाधार, आधारभूत मनोरञ्जन र खेलकुदको प्रबन्ध गरिनु उपयुक्त हुन्छ । विद्यालय उमेरका बालबालिकाहरु बाल सुधार गृहमा रहेको अवस्था हुँदा राहत शिक्षक सरह शिक्षकको व्यवस्थापन गरी अध्ययन अध्यापनको कार्यलाई नियमित गर्नु पर्ने देखिन्छ । खासगरी अंग्रेजी, विज्ञान र गणित विषयका शिक्षकका लागि नेपाल सरकारले निर्धारण गरेको राहत दरबन्दी अनुसार आवश्यक पर्ने रकम बाल सुधार गृहलाई तत्काल उपलव्ध गराई पठन पाठन कार्य प्रारम्भ गर्नु उपयुक्त देखिन्छ ।

६. बालसुधार गृहमा नियमित रुपमा पत्रपत्रिका एवम् पुस्तकको प्रबन्ध गर्न तत्काल थप स्रोत व्यवस्थापन गर्नु पर्ने देखिन्छ । सो प्रयोजनका लागि प्रत्येक बाल सुधार गृहलाई पुस्तकालाय स्थापना र सञ्चालनका लागि वार्षिक रुपमा कम्तीमा तीन लाख रुपैया उपलव्ध गराउनु उपयुक्त देखिन्छ ।

७. बाल मनोविज्ञानमा सुधारका लागि नैतिक शिक्षा, योग, ध्यान, साधना, व्यावसायिक तालिम लगायतका सुधारका प्रक्रियाहरु तत्काल प्रारम्भ गरिनु पर्दछ । बाल सुधार गृहका लागि आवश्यक सुरक्षा व्यवस्था गर्न र बाल सुधार गृहमा रहेका बालबालिकाको आवश्यक उपचारको प्रबन्ध गर्नुपर्ने देखिन्छ । बाल सुधार गृहमा कम्तीमा हप्ताको एक दिन नजिकको अस्पतालका चिकित्सकबाट नियमित स्वास्थ्य परीक्षण गराई सोको अभिलेख व्यवस्थित राख्नु उपयुक्त हुन्छ ।

८. बाल सुधार गृहमा रहेका बालबालिकाहरुले आफन्त तथा अभिभावकहरुसँग कुराकानी गर्न टेलिफोन सुविधा समेत नभएको भनी गुनासो गरेको सन्दर्भमा निजहरुलाई अभिभावक वा आफन्तसँग सम्पर्क गर्नका लागि आवश्यक टेलिफोन सुविधा उपलव्ध गराउने व्यवस्था हुनु उपयुक्त देखिन्छ ।

## ८. सरकारी वकीलको विशिष्टीकरण

**क.** सरकारी वकीलहरूलाई विशिष्टीकरण गरी सरकारी पक्षको प्रतिनिधित्व र प्रतिरक्षालाई प्रभावकारी बनाउन महान्यायाधिवक्ताको कार्यालयले २०७५ जेठ १५ गते देखि लागू हुने गरी सरकारी वकीलको विशिष्टीकरण सम्बन्धी मापदण्ड, २०७५ स्वीकृत गरिएको छ ।

**ख.** संवैधानिक कानून, राजस्व कानून, संगठित अपराध निवारण कानून, सेवा कानून, सार्वजनिक सम्पत्ति सम्बन्धी कानून, भ्रष्टाचार निवारण कानून, बैंकिङ कसूर सम्बन्धी कानून,साइवर अपराध नियन्त्रण कानून र लैंगिक तथा बाल न्याय सम्बन्धी विभिन्न ९ वटा विषयका विशिष्टीकरण सम्वन्धी पाठ्यक्रम स्वीकृत गरिएको छ ।

**ग.** विभिन्न ७ वटा विषय (संवैधानिक कानून, राजस्व कानून, संगठित अपराध निवारण कानून, बैंकिङ कसूर, विद्युतीय अवराध, लैंगिक तथा बाल न्याय, सरकारी तथा सार्वजनिक सम्पत्ति संरक्षण) मा १० वटा विशिष्टीकरण सम्बन्धी प्रशिक्षण सम्पन्न भइसकेका छन् । जसमा २४४ जना सरकारी वकीलहरुको सहभागिता भएको छ ।

**घ.** विशिष्टीकरण सम्बन्धी मापदण्ड पुगेका **७२ जना सरकारी वकीलहरुलाई विशिष्टीकृत** सरकारी वकीलको रुपमा सूचीकरण गरिएको छ ।

९. **लगातार सुनुवाइका लागि निर्देशन :** मुद्दामा लगातार कारवाही र सुनुवाइले मुद्दाको फछ्र्यौटका साथै प्रमाण परीक्षणमा सहयोग भई न्याय सम्पादनमा सहयोग हुने हुँदा यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन सम्पूर्ण प्रहरी र सरकारी वकील कार्यालयहरूलाई निर्देशन दिइएको छ ।

१०. **सम्मेलन :**

**क.** नयाँ संहिता कार्यान्वयनमा केन्द्रित भई आ.व. २०७४।७५ मा अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको प्रादेशिक सम्मेलन **विराटनगर, बुटवल, नेपालगञ्ज र काठमाडौं**मा सम्पन्न भएको थियो । यसले संहिता कार्यान्वयनमा साझा धारणा विकास गराउन सहयोग पुगेको थियो ।

**ख.** आ.व. २०७५।७६ मा अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको प्रादेशिक सम्मेलन **जनकपुर, धनगढी, र काठमाडौं**मा सम्पन्न भएको थियो । यो सम्मेलनमा संहिता कार्यान्वयनको पहिलो वर्षको अवस्थाको मूल्यांकन भएको थियो ।

**ग. सरकारी वकीलको दोस्रो राष्ट्रिय सम्मेलन सम्पन्न :** सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलन, २०७५ साल पौष ८, ९ र १० गते काठमाडौंमा आयोजना गरिएको थियो । "**वैज्ञानिक र वस्तुनिष्ठ अभियोजन, अपराध संहिताको प्रभावकारी कार्यान्वयन"** भन्ने मूल नारा रहेको सो सम्मेलनमा देशभरका ३७५ सरकारी वकील र अन्य सरोकारवाला निकायका प्रतिनिधि समेत गरी ४४६ जना सहभागी रहेका थिए । सो सम्मेलनले ३० बुँदे घोषणापत्र समेत जारी गरेको थियो ।

**घ. प्रहरी र सरकारी वकीलको दोस्रो राष्ट्रिय सम्मेलन :** अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलन, २०७६ साल पौष ४, ५ र ६ गते काठमाडौंमा आयोजना गरिएको थियो । **"व्यवसायिक चरित्र, पारदर्शी व्यवहार निष्पक्ष अनसुन्धान र अभियोजन, न्यायको आधार"** भन्ने मूल नाराका साथ सम्पन्न सो सम्मेलनमा देशभरका ६२५ जना अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको सहभागिता रहेको थियो । सो सम्मेलनले फौजदारी न्याय प्रशासनमा सुधारका लागि ३३ बुँदे घोषणापत्रसमेत जारी गरेको छ । घोषणापत्र  कार्यान्वयनका लागि सम्बन्धित निकायहरुमा समेत पठाइसकिएको छ ।

११. **कानूनी राय प्रदान :** आर्थिक वर्ष २०७४।०७५ मा १०३ वटा विषयमा कानूनी राय माग गरिएकोमा विभिन्न ८७ वटामा राय प्रदान गरिएको र ११ वटा रीत नपुगेकोले फिर्ता गरिएको र पाँच वटा कानूनी राय प्रदान गर्न बाँकी रहेको थियो । आर्थिक वर्ष २०७५।०७६ मा ८४वटा राय माग भई आएकोमा ९ वटा रीत नपुगेकोले फिर्ता गरिएको र बाँकी ७५ वटा राय प्रदान गरिएको छ । चालु आर्थिक वर्षमा हालसम्म २८वटा राय माग भइ आएकोमा १० वटा राय प्रदान गरी १८ वटा रीत नपुगेको हुँदा फिर्ता गरिएको छ ।

१२. **सरकारी वकीलको सेवा शर्त सम्वन्धी कानून :** नेपालको संविधानको धारा १६१ ले निर्धारण गरे बमोजिम सरकारी वकील तथा महान्यायाधिवक्ताको मातहतमा रहने अन्य कर्मचारीहरुको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्वन्धी विधेयकको मस्यौदा तयार गरी नेपाल सरकार समक्ष प्रस्तुत गरिएको छ ।

**१३. सरकारी वकीलको नयाँ संरचना र दरबन्दी स्वीकृत :**

**क.**दुई वटा उच्च सरकारी वकील कार्यालय, ओखलढुंगा र वीरगञ्जको संगठन संरचना र दरवन्दी स्वीकृत भएको छ । मुख्य न्यायाधिवक्ताको कार्यालयका लागि दरबन्दी स्वीकृत भएको छ । पहिलो वर्षमा ४६ जना सरकारी वकील सहित २२५ जना कर्मचारीको दरबन्दी थप भएको थियो ।

**ख.** नेपाल सरकारको निर्णय अनुसार यस वर्ष ८२ सरकारी वकील सहित १३६ दरबन्दी स्वीकृत भएको छ । सरकारी वकीलको संख्या ५२० पुगेको छ । सरकारी वकील र कर्मचारीको संख्या १६३३ पुगेको छ ।

**१४. पुरस्कार :** महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलहरु र कर्मचारीहरुलाई महान्यायाधिवक्ताको कार्यालयबाट प्रदान गरिने पुरस्कार सम्वन्धी मापदण्ड, २०७५ स्वीकृत गरी सोही मापदण्डका आधारमा महान्यायाधिवक्ताको कार्यालयको स्थापना दिवसको अवसरमा गत वर्ष र यो वर्ष एटर्नी अफ दि इयर घोषणा गरी विभिन्न सरकारी वकील र कर्मचारीहरुलाई पुरस्कार प्रदान गरिएको छ ।

**क. एटर्नी अफ दि इयर, २०७५ : नायब महान्यायाधिवक्ता श्री किरण पौडेल**

**ख. एटर्नी अफ दि इयर, २०७६ : सहन्यायाधिवक्ता श्री मुरारीप्रसाद पौडेल**

